# देवानी संहिता, अपराध संहिता र कार्यविधि संहिताहरु :
# एक संक्षिप्त परिचय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२०७५ मंसीर

## विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | मुलुकी अपराध(संहिता) ऐन, २०७४ | |
| २. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ | |
| ३. | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ | |
| ४. | मुलुकी देवानी (संहिता) ऐन, २०७४ | |
| ५. | मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ | |

## मन्तव्य

सम्वत् २०७५ साल भदौं १ गते देखि कार्यान्वयनमा आएका मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, मुलुकी अपराध (संहिता) ऐन, २०७४ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ ले मुलुकको समग्र कानून प्रणालीमा आधारभूत परिवर्तन ल्याएका छन् । यी संहिताहरु देशको आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरुवीचको सु-सम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानूनहरुमा रहेका देवानी तथा फौजदारी कानून र सम्बद्ध कार्यविधि कानूनहरुलाई संशोधन र एकीकरण गरी समयानुकुल बनाउने गरी लागू भएका छन् । यी संहिताहरु फौज्दारी न्याय प्रणालीलाई समय सापेक्ष रुपमा सुधार गर्न तथा व्यक्तिको व्यक्तिगत, पारिवारिक, सामाजिक तथा व्यापारिक सम्बन्धहरुलाई आधुनिक विधिशास्त्रीय मान्यता बमोजिम परिभाषित गर्न महत्वपूर्ण आधारशिलाका रुपमा रहेकाछन् ।

लामो समयदेखिको अथक प्रयास र सवैको सहयोगबाट ल्याइएका संहिताका विषयवस्तुलाई समेटेर सरल भाषामा आम नागरिकलाई जानकारी लिन सजिलो होस् भन्ने उद्देश्यले यो पुस्तक तयार गरिएको छ । यस प्रकाशनबाट कानून तथा न्यायका क्षेत्रमा कार्यरत न्यायाधीश, कर्मचारी, कानून व्यवसायीका अतिरिक्त समाजसेवी, स्थानीय निकायका पदाधिकारी, आमजनता लगायत सवै सम्बद्ध पक्षहरु लाभान्वित हुन सक्नेछन् भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, संहिताहरुका मुख्य मुख्य व्यवस्थाहरुलाई समेटी सरलीकृत संस्करणका रुपमा यो पुस्तक तयार पार्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्पूर्ण कर्मचारीहरु र सम्बद्ध सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।
२०७५।०८।२५

भानुभक्त ढकाल
मन्त्री

## दुई शब्द

तत्काल प्रचलित मुलुकी ऐन लगायतका अन्य कानूनहरु, अदालतबाट प्रतिपादित सिद्धान्त, अन्तर्राष्ट्रिय कानून तथा कानून र न्यायको क्षेत्रमा विकसित नयाँ मान्यता समेतलाई समावेश गरी समय सापेक्ष रुपमा बनेका एकिकृत संहिताहरु मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ सम्वत २०७५ साल भाद्र १ गतेबाट लागू भएका छन्। सहिंताले पहिलेको कानूनले नसमेटेका कतिपय विषयलाई समेट्नुका साथै कतिपय विषयमा परिवर्तन तथा परिमार्जन गरेको छ। आम नागरिकसँग प्रत्यक्ष सम्वन्ध राख्ने यी संहिताहरुको वारेमा पक्ष वा सरोकारवालाहरुले जानकारी राख्नै पर्छ। कानूनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानूनको सर्वमान्य सिद्धान्त अनुसार कानून जानेको रहेनछ भनेर छुट दिन नमिल्ने भएकोले परिवर्तन भएको ऐन कानूनका कुराहरु पनि राज्यले आम नागरिकहरुको पहुँचमा पुर्याउनु उत्तिकै महत्वपूर्ण हुन्छ। सबै नागरिकले कानून पढ्न सक्ने, हेर्न सक्ने, यसबारेमा छलफल गर्न सक्ने गरी कानूनमा नागरिकको पहुँच बनाउनु जरुरी छ। प्रचलित कानूनको विषयमा नागरिक वा सरोकारवालाहरुले जति वढी जानकारी राख्छन कानूनको कार्यान्वयनमा त्यति नै प्रभावकारिता वढ्छ। प्रचलित कानून लामा र वृहत हुने, कानूनको भाषा सहज रुपले सवैले नबुझ्ने हुने जस्ता कारणले अक्षरश अध्ययन गर्न नागरिकहरुले झण्झट मान्ने गरेको पनि पाईन्छ। यिनै तथ्यलाई हृदयङ्गम गरी  सम्वत २०७५ साल भाद्र १ गतेबाट लागू भएका संहिताहरुको मुख्य मुख्य व्यवस्थालाई सरल र सहज भाषामा उल्लेख गरी नागरिक तथा सरोकारवालाहरुलाई आधारभूत ज्ञान दिलाई प्रभावकारी कार्यन्वयन गराउने उद्धेश्यले प्रस्तुत पुस्तक तयार भएको छ।

प्रस्तुत पुस्तकको अध्ययनबाट उल्लिखित संहिताहरुले गरेको मुख्य व्यवस्थाको मोटामोटी जानकारी प्राप्त गरी आफ्नो हक, अधिकार तथा दायित्वप्रति सचेत रहने अवस्थाको श्रृजना भई सवैको न्यायमा समान पँहुचको सुनिश्चिततामा सहयोग पुग्नुको साथै कानूनको परिपालनामा समेत सघाउ पुग्ने र यसबाट समाजमा अमन चयन कायम भई गतिशील समाजको निर्माण हुने विश्वास लिएको छु।

अन्त्यमा, प्रस्तुत पुस्तक तयार गर्ने क्रममा संलग्न हुने सवै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

मिति २०७५।०८।२५

राजीव गौतम

सचिव

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा रहेका व्यवस्थाहरु

मुलुकी ऐन, २०२० तथा अन्य कानूनहरुमा रहेका कसूर तथा कुनै पनि कानूनले नसमेटेका कसूर तथा सजाय सम्बन्धी व्यवस्थाहरुलाई समेत समेटी तयार भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा समावेश रहेका कसूर तथा सजाय सम्बन्धी व्यवस्थालाई संक्षेपमा उल्लेख गरिएको छ ।

### १. फौजदारी न्यायका सामान्य सिद्धान्तहरु

| फौजदारी न्यायका सामान्य सिद्धान्तहरु | |
|---|---|
| • कानून बमोजिमको काम कसूर नहुने<br>• कानून बमोजिम बाहेक सजाय नहुने<br>• तथ्यको भ्रममा परी गरेको काम कसूर नहुने<br>• एउटै कसूरमा दोहोरो सजाय नहुने<br>• स्वच्छ सुनुवाईबाट वञ्चित नहुने<br>• आफ्नो बिरुद्ध साक्षी हुन कर नलाग्ने<br>• कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने<br>• बालबालिकाले गरेको काम कसूर नहुने<br>• होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिने<br>• सम्बन्धित व्यक्तिको मञ्जुरी लिई भलाईका लागि गरेको काम कसूर नहुने<br>• संरक्षकको मञ्जुरी लिई भलाईका लागि गरेको काम कसूर नहुने<br>• विशेष अवस्थामा मञ्जुरी नलिई भलाईका लागि गरेको काम कसूर नहुने | • कानून बमोजिम अन्य कसूर मानिने भएमा मञ्जुरी लिएर गरेको भए पनि कसूर मानिने<br>• असल नियतले दिएको जानकारीबाट क्षति पुगेमा कसूर नहुने<br>• डर त्रासमा परी गरेको काम कसूर नहुने<br>• अन्य हानि, नोक्सानीबाट बचाउन असल नियतले गरेको काम कसूर नहुने<br>• निजी रक्षाको लागि गरेको काम कसूर नमानिने<br>• ज्यान लिने अधिकार नहुने<br>• मामुली हानि, नोक्सानी भएकोमा कसूर नहुने<br>• बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने<br>• निरपेक्ष दायित्व (स्ट्रीक्ट लायविलिटि) हुने कसूरमा आपराधिक मनसाय परीक्षण नहुने<br>• सङ्गठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने<br>• समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने<br>• अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने |

### २. सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**आजिवन (कसूरदार जीवित रहेसम्म) कैद हुने कसूर (दफा** ४१)

- क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको
- वायुयान अपहरण गरी वा वायुयान विष्फोट गरी ज्यान मारेको
- अपहरण गरी वा शरीरबन्धक लिई ज्यान मारेको
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको

- कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै लोप गर्ने जातिहत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसूर गरेको
- जबर्जस्ती करणी गरी ज्यान मारेको

**<u>एकीकृत कसूर बापत डेढी सजाय हुने</u> (दफा** ४३)

- अदालतबाट फैसला हुँदाका बखत कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेको वा भिन्नभिन्न वारदातमा भिन्नभिन्न कसूर ठहर भएमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ ।
- माथि उल्लेख भए बमोजिमको एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा अधिकतम सजाय हुने कसूर बापतको सजाय र त्यस्तो सजायको आधा सजाय थप गरी डेढी सजाय गर्नु पर्नेछ ।

**<u>जघन्य र पटके कसूरदारलाई थप सजाय हुने</u> (दफा** ४४)

- कुनै कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको वा माफी भएको पाँच वर्षको अवधि पूरा नहुँदै अर्को जघन्य वा गम्भीर कसूर गरेमा निजलाइ पटके कसूरदार मानिनेछ ।
- पटके कसूरदारलाई निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुनेछ ।

**<u>बालबालिकालाई हुने सजाय</u> (दफा** ४५)

- कानून बमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर त्यस्तो काम गर्दाका बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन ।
- दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई कैदको सजाय गर्दा बढीमा छ महिनासम्म कैदको सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ ।
- चौध वर्ष वा चौध वर्षभन्दा माथि र सोऱ्ह वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा सजाय हुनेछ ।
- सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ ।

**<u>जरिबाना बापत कैद गर्न सकिने</u> (दफा** ४६)

- कुनै कसूरदारले निजलाई तोकिएको जरिबाना तिर्न बुझाउन नसकेमा देहाय बमोजिम कैद गर्नु पर्नेछः-
  - (क) कैद र जरिबाना दुवै सजाय हुने कसूरमा जरिबाना नतिरे बापतको कैद निर्धारण गर्दा दश वर्षभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने,
  - (ख) कैद वा जरिबानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने कसूरमा जरिबाना मात्रको सजाय भई त्यस्तो जरिबाना नतिरे बापतको कैद निर्धारण गर्दा त्यस्तो कसूरमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने,
  - (ग) जरिबाना मात्र सजाय हुने कसूरमा जरिबानाको सजाय भई सो नतिरे बापत कैद सजाय निर्धारण गर्दा दुई वर्षभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने ।
- माथि जे सुकै लेखिएको भए तापनि अठार वर्ष उमेर नपुगेको बालबालिकाको हकमा जरिबाना बापत कैद गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-
  - (क) जरिबाना मात्र हुने वा कैद वा जरिबानामध्ये कुनै एक सजाय हुने कसूरमा जरिबाना नतिरेकोमा कैद नगरी जरिबाना मिनाह गर्नु पर्ने,
  - (ख) कैद वा जरिबाना वा दुवै सजाय हुने कसूरमा जरिबाना मात्र सजाय भएकोमा त्यस्तो जरिबाना नतिरे बापत कैद सजाय निर्धारण गर्नु पर्दा तीन महिनाभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने,

(ग) चौध वर्ष उमेर पुगेको तर अठार वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई कैद निर्धारण गर्दा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई गर्नु पर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नु पर्नेछ ।

**<u>सजाय छुट दिन सकिने</u>** (दफा ४७)

- कुनै कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन पक्ष वा अदालतलाई सघाउ पुऱ्याएकोमा कानून बमोजिम हुने सजायको बढीमा पचास प्रतिशतसम्म सजाय छुट दिन सकिनेछ ।

**<u>अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने</u>** (दफा ४८)

- कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम तिर्न अदालतले त्यस्तो कसूरको अभियोग लागेको व्यक्तिलाई आदेश दिन सक्नेछ ।
- औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम तिर्न अदालतले आदेश दिएकोमा त्यस्तो अभियोग लागेको व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा रकम पीडित वा निजमा आश्रित व्यक्तिलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।
- अदालतको आदेश बमोजिम क्षतिपूर्ति वा रकम उपलब्ध गराउन नसकेमा पीडित वा निजका आश्रित व्यक्तिलाई पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिनेछ र त्यसरी उपलब्ध गराइएको रकम त्यस्तो अभियोग लागेको व्यक्तिबाट असुल उपर गरी त्यस्तो कोषमा शोधभर्ना गर्नु पर्नेछ ।
- अदालतको आदेश बमोजिम क्षतिपूर्ति वा राहत रकम तिरेको व्यक्तिले अदालतबाट फैसला हुँदा अभियोगबाट सफाई पाएमा त्यस्तो क्षतिपूर्ति वा राहत रकम पाउने व्यक्तिले त्यस्तो रकम त्यसरी सफाइ पाएको पैंतीस दिनभित्र निजलाई वा उपदफा (३) बमोजिमको पीडित राहत कोषमा फिर्ता गर्नु पर्नेछ ।

  (५) उपदफा (४) बमोजिमको अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो रकम फिर्ता नगरेमा अदालतले त्यसरी सफाइ पाएको साठी दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट त्यस्तो रकम भराई दिनु पर्नेछ ।

## ३. <u>संहिता बमोजिमका कसूर गरे वापत हुने सजाय</u>

**<u>राज्य विरुद्धका कसूर</u>**

**<u>सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकता उपर खलल गर्ने सम्बन्धी कसूर गरेमा हुने सजाय</u> (दफा ४९)**

- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले मानिस, हातहतियार र खरखजाना जम्मा गरेमा, हातहतियार सहित सैनिक वा अर्धसैनिक सङ्गठन निर्माण गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा जन्मकैदको सजाय हुनेछ र कसैले त्यस्तो काम गर्न अरुलाई उक्साउने काम गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्न सक्ने गरी कुनै विदेशी राज्य, सरकार वा सङ्गठित शक्तिसँग मिली कुनै प्रकारको षड्यन्त्र गरे वा गराएमा जन्मकैदको सजाय हुनेछ र कसैले त्यस्तो काम गर्न अरुलाई उक्साउने काम गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा सङ्घीय इकाईबिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायीक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गरे वा गराएमा वा त्यस्तो गर्ने उद्योग गरेमा वा अरु कसैलाई उक्साउने काम गरेमा वा त्यस्तो काम

गर्ने षडयन्त्र गरेमा वा विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुसम्बन्ध खलल गरे वा गराएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**राजद्रोह सम्बन्धी कसूर गरेमा हुने सजाय** (दफा ५०)

- नेपाल सरकार वा संवैधानिक संरचनालाई पल्टाउने नियतले कसैले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गरेमा वा हातहतियार सहित सैनिक वा अर्धसैनिक सङ्गठन निर्माण गरेमा वा त्यस्तो काम गर्न षड्यन्त्र वा उद्योग गरे वा गराएमा वा अरु कसैलाई उक्साएमा पच्चीस वर्षसम्म कैद हुनेछ ।

- नेपाल सरकार वा नेपाल सरकारको काम कारबाहीको सम्बन्धमा कसैले लेखेर, वचनले, आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट निराधार वा अप्रमाणित कुरा देखाई नेपाल सरकारप्रति घृणा, द्वेष वा अवहेलना गरे वा गराएमा वा त्यस्तो उद्योग गरे वा गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

  तर नेपाल सरकारको स्वस्थ र मर्यादित आलोचना गर्दा कुनै सजाय हुने छैन ।

**राष्ट्रहित प्रतिकूल काम गरेमा हुने सजाय** (दफा ५१)

- कसैले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान वा नेपालको अन्तरराष्ट्रिय छवि उपर अपमान हुने, होच्याउने वा घृणा वा द्वैष फैलाउने काम गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो काम गर्दा कुनै रकम लेनदेन गरेको भएमा त्यसरी लेनदेन गरेको रकम समेत जफत हुनेछ ।

- कसैले नेपालको अन्तरराष्ट्रिय सीमा अतिक्रमण गर्ने वा छिमेकी मुलुकसँग सहमति भएको अवस्थामा बाहेक सीमास्तम्भ हटाएमा वा सीमास्तम्भ राखिएको ठाउँ परिवर्तन गरेमा वा नेपालको भौगोलिक वा प्रादेशिक अखण्डता उपर प्रतिकूल हुने गरी सीमास्तम्भ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो काम गर्दा कुनै रकम लेनदेन गरेको भएमा त्यसरी लेनदेन गरेको रकम समेत जफत हुनेछ ।

- नेपालको प्रतिनिधित्व गरी नेपालमा वा विदेशी मुलुकमा कुनै खेलाडी वा खेलाडीहरुसँग प्रतिस्पर्धा गर्न कुनै खेल खेल्ने नेपाली खेलाडी वा खेलाडीहरुको समूहले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वाभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलोमतोमा वा कसैको प्रलोभनमा वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेलेमा वा खेलाएमा वा त्यसो गर्न आदेश वा निर्देशन दिएमा वा त्यसो गर्न अरुलाई उक्साएमा वा मद्दत गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो काम गर्दा कुनै रकम लेनदेन गरेको भएमा त्यसरी लेनदेन गरेको रकम समेत जफत हुनेछ ।

- कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा नेपाललाई प्रतिनिधित्व गर्ने व्यक्तिले विदेशमा गएका बखत माथि उल्लेख गरे बमोजिमको काम गरेमा निजलाई तीन वर्षसम्म थप कैद हुनेछ ।

- कसैले राष्ट्रहित प्रतिकूलको कसूर गर्दा कुनै रकम लेनदेन गरेको भएमा लेनदेन गरेको रकम समेत जफत हुनेछ ।

- खेल मिलेमतो सम्बन्धी कसूर गर्ने आदेश वा निर्देशन दिने, त्यस्तो कसूर गर्न दुरुत्साहन दिने वा उक्साउने, त्यस्तो कसूर गर्न मद्दत गर्ने व्यक्तिलाई मुख्य कसूरदार सरह सजाय हुनेछ ।

**जातिहत्या गरेमा हुने सजाय (दफा** ५२)

- कसैले कुनै जात, जाति, सम्प्रदाय वा धर्मिक समूहको अस्तित्व पूर्ण वा आंशिक रुपमा विनाश गर्ने नियतले देहायको कुनै काम गरेमा वा त्यसको उद्योग वा षडयन्त्र गरेमा देहाय बमोजिम सजाय हुनेछ :

  (क) एकै पटक वा पटकपटक गरी त्यस्तो समूहका सदस्यहरुको योजनाबद्ध रुपमा आमहत्या गरेमा जन्मकैद (पच्चीस वर्ष कैद) को सजाय हुनेछ ।

  (ख) एकै पटक वा पटकपटक गरी योजनाबद्ध रुपमा त्यस्तो समूहका सदस्यहरुको शारीरिक अङ्गभङ्ग गरेमा वा निजहरुलाई शारीरिक वा मानसिक अशक्त बनाएमा शारीरिक अङ्गभङ्ग वा कुटपिट गरे बापत हुने सजायमा थप पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(ग) त्यस्तो समूहका सदस्यहरुको पूर्ण वा आंशिक रुपमा भौतिक विनाश हुने आँकलन गरी त्यस्ता सदस्यहरुले प्रयोग गर्ने पानी, खाद्यान्न, इन्धन, औषधि जस्ता अत्यावश्यक वस्तुको आपूर्ति वा आवागमनमा अवरोध गरी त्यस्ता समूहका सदस्यको जीवन यापनका शर्तहरुलाई नियोजित रुपमा कष्टप्रद बनाएमा दश वर्षसम्म कैद हुनेछ ।

(घ) स्वैच्छाले अपनाएको परिवार नियोजनका साधन प्रयोग गरेकोमा बाहेक त्यस्ता समूहभित्र शिशुहरुको जन्म रोक्ने नियतले त्यस्ता समूहका सदस्यहरुलाई जबरजस्ती गर्भ निरोधक उपाय अपनाउन बाध्य पारिएमा दश वर्षसम्म कैद हुनेछ ।

(ङ) त्यस्ता समूहबाट जन्मिएका बालबालिकालाई जबरजस्ती अर्को समूहमा हस्तान्तरण गरेमा दश वर्षसम्म कैद हुनेछ ।

**<u>नेपाल विरुद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहायता गरेमा हुने सजाय (दफा ५३)</u>**

- नेपाल बिरुद्ध हातहतियार उठाई युद्ध गरेमा वा युद्ध गर्ने घोषणा गरेमा, युद्ध गर्ने उद्योग गरेमा वा युद्धको धम्की दिएमा वा नेपाल बिरुद्ध युद्ध गर्ने नियतले हातहतियार, खरखजाना जम्मा गरेमा वा सैनिक वा अर्धसैनिक सङ्गठन निर्माण गरेमा जन्मकैद (पच्चीस वर्ष कैद) को सजाय हुनेछ ।
- युद्ध स्थितिको घोषणा भएको वा नभएको जुनसुकै अवस्थामा पनि नेपालसँग युद्धमा संलग्न रहेका कुनै विदेशी सेनालाई कुनै किसिमको सामरिक वा सैनिक सूचना दिएमा वा अन्य कुनै किसिमबाट सहायता गरेमा वा त्यसको उद्योग गरेमा जन्मकैद (पच्चीस वर्ष कैद) को सजाय हुनेछ ।
- नेपालसँग युद्धमा संलग्न रहेको राज्य, त्यस्तो राज्यका नागरिक वा सङ्गठित संस्थासँग सम्बन्ध राखेमा, कारोबार गरेमा वा त्यस्तो राज्यका वस्तु वा सेवा पैठारी वा प्राप्त गर्न नसक्ने गरी नेपाल सरकारबाट घोषणा भएकोमा कसैले त्यस्तो राज्य, नागरिक वा संस्थासँग त्यस्तो सम्बन्ध राखेमा, कारोबार गरेमा वा त्यस्ता वस्तु वा सेवा पैठारी वा प्राप्त गरेमा पच्चीस वर्षसम्म कैद र एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**<u>मित्र राष्ट्र बिरुद्ध युद्ध वा विद्रोह गरेमा हुने सजाय (दफा ५४)</u>**

- नेपालसँग दौत्य सम्बन्ध भएको मित्र राष्ट्र बिरुद्ध नेपालको भूमी प्रयोग गरी हातहतियार उठाई युद्ध गरेमा, त्यसको धम्की दिएमा वा युद्ध गर्ने उद्योग गरेमा वा बिद्रोह गरेमा वा सोको उद्योग गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**<u>सैनिक वा प्रहरीलाई भड्काएमा हुने सजाय (दफा ५५)</u>**

- कसैले नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालमा बहाल रहेका सैनिक, प्रहरी वा सशस्त्र प्रहरी जवान वा अधिकृतलाई नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल छाडी भाग्न वा भड्काउन वा अनुशासन भङ्ग गर्न दुरुत्साहन दिएमा (उक्साएमा) वा कर्तव्यबाट विचलित गराउने उद्योग गरेमा वा त्यसरी सेना वा प्रहरी वा बलबाट भागेको व्यक्ति हो भन्ने जानीजानी वा विश्वास गर्ने कारण भई त्यस्तो व्यक्तिलाई आश्रय दिएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**<u>जासूसी गरेमा हुने सजाय</u> (दफा** ५६)

- कसैले नेपालको सार्वभौमसत्ता, सुरक्षा वा भौगोलिक वा प्रादेशिक अखण्डतामा खलल पार्ने वा नेपालको हितमा कुनै प्रतिकूल असर पार्ने नियतले वा त्यस्तो हुन सक्छ भन्ने जानीजानी वा कुनै विदेशी राज्य वा अन्तरराष्ट्रिय संघ, संस्थाको प्रलोभनमा परी कसैलाई नेपालको सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको विषय वा नेपाल सरकारले राजनीतिक, आर्थिक वा कूटनीतिक दृष्टिकोणले गोप्य राख्न पर्ने विषय वा गोप्य लिखत वा कानून बमोजिम गोप्य रहेको वा राख्नु पर्ने विषयको सूचना दिएमा वा त्यसको षड्यन्त्र वा उद्योग गरेमा वा दुरुत्साहन दिएमा (उक्साएमा) वा त्यस्तो सूचना दिने नियतले अन्य कुनै काम गरेमा देहाय बमोजिम सजाय हुनेछ :-

  (क) नेपालको सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको विषयका सम्बन्धमा जासूसी गरे वा गराएमा पच्चीस वर्षसम्म कैद सजाय हुनेछ,

  (ख) नेपाल सरकारले राजनीतिक, आर्थिक वा कूटनीतिक दृष्टिकोणले गोप्य राख्नु पर्ने विषय वा अन्य कुनै गोप्य लिखतका सम्बन्धमा जासूसी गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद सजाय हुनेछ,

(ग) अन्य कुराको जासूसी गरे वा गराएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँ जरिबाना हुनेछ,

(घ) कसैले जासूसी गर्न लागेको थाहा पाएर पनि नेपाल सरकारलाई त्यस्तो कुराको जनाउ नदिएमा एक वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिबाना हुनेछ ।

**राष्ट्रपति वा संसदलाई धम्की दिएमा हुने सजाय (दफा ५८)**

- कसैले नेपालको राष्ट्रपति वा संघीय संसद वा प्रदेश सभालाई संविधान तथा कानून बमोजिम गर्नु पर्ने कार्य सम्पादन गर्नबाट रोक लगाएमा वा बञ्चित गरेमा वा कुनै खास तरिकाबाट कार्य सम्पादन गर्न वाध्य गराउन कुनै किसिमको बल प्रयोग गरी वा नगरी कुनै किसिमको धम्की दिएमा, डर वा त्रास देखाएमा वा अन्य कुनै किसिमले दबाव दिएमा सात वर्षसम्म कैद वा सत्तरी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक शान्ति विरुद्धको कसूर**

**गैरकानूनी भेला गरेमा हुने सजाय (दफा ६०)**

- कसैले बलको प्रयोग वा प्रदर्शन गरी वा जोखिमी हातहतियार प्रदर्शन गरी गैरकानूनी भेला गरेमा वा त्यस्तो भेलामा सहभागी भएमा वा अरुलाई सहभागी गराएमा हातहतियार नलिई सहभागी भएको भए छ महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिबाना र हातहतियार लिएर सहभागी भएको भए एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**गैरकानूनी भेला रोक्ने वा भङ्ग गर्ने आदेश उल्लङ्घन गरेमा हुने सजाय (दफा ६१)**

- अधिकार प्राप्त अधिकारीले कुनै गैरकानूनी भेलालाई रोक्न वा भङ्ग गर्न आदेश दिएकोमा त्यस्तो भेलामा रही रहने, सहभागी हुने वा सहभागी हुन आउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**हूलदङ्गा गरेमा हुने सजाय (दफा ६३, ६४)**

- कुनै गैरकानूनी भेलाले वा त्यस्तो भेलाको सहभागीले त्यस्तो भेलाको उद्देश्य प्राप्त गर्ने सिलसिलामा बल प्रयोग गरेमा वा सार्वजनिक वा निजी सम्पत्ति तोडफोड वा हानि, नोक्सानी गरेमा त्यस्तो भेलाको प्रत्येक सहभागीलाई जोखिमी हातहतियार लिई त्यस्तो गरेको भए दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना र जोखिमी हातहितयार नलिई गरेको भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कसैले माथि उल्लेख भए बमोजिम हूलदङ्गा गर्न अरुलाई उक्साएमा हूलदङ्गा भइसकेकोमा एक वर्षसम्म र हूलदङ्गा भइसकेको रहेनछ भने छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक शान्ति खलल पारेमा हुने सजाय (दफा ६५)**

- कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरुका बिचको सुसम्बन्धमा खलल पार्ने काम गरे वा गराएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कसैले माथि उल्लेख भए बमोजिमको काम कुनै देवस्थल वा पूजा वा प्रार्थना गर्ने ठाउँ वा धार्मिक, साँस्कृतिक चाड वा समारोह भइरहेको ठाउँमा गरेमा थप एक वर्षसम्म कैद हुनेछ ।

**राष्ट्रसेवकलाई बाधा विरोध गरेमा हुने सजाय (दफा ६६)**

- कुनै राष्ट्रसेवकले आफ्नो कर्तव्य पालन गर्ने सिलसिलामा गैर कानूनी भेला रोक्ने, भङ्ग गर्ने वा हूलदङ्गा रोक्ने कुनै काम गर्दा कसैले बाधा विरोध पुऱ्याएमा वा पुऱ्याउने उद्योग गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई हुने सजाय (दफा** ६७)

- कसैले सार्वजनिक सडक, बाटो घाटो, रज्जुमार्ग, केबुलकार मार्ग, विमानस्थल, रेल्वे वा जलपरिवहन मार्ग वा हुलाक र कुनै सार्वजनिक सेवाको सञ्चालनमा कुनै किसिमको डर, त्रास, भय देखाई बन्द गरेमा वा कुनै किसिमबाट त्यस्तो मार्ग अवरुद्ध गरी पैदल यात्री, सवारी साधन वा पशुको आवागमनलाई बाधा पुऱ्याएमा वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले बाहेक सार्वजनिक ठाउँमा कसैलाई प्रवेश गर्न कुनै किसिमले बाधा, अवरोध गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई सजाय (दफा** ६८)

- कसैले सार्वजनिक विद्युत वा दूरसञ्चार वा त्यस्तै प्रकृतिका अन्य सार्वजनिक सेवा वा कानून बमोजिमको सार्वजनिक सेवा सञ्चालनमा कुनै किसिमको डर, त्रास, देखाई बन्द गरेमा वा कुनै किसिमले अवरुद्ध गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**कर्फ्यू उल्लङ्घन गर्नेलाई सजाय (दफा** ६९)

- गैरकानूनी भेला वा हूलदङ्गा वा शान्ति भङ्ग हुने अन्य कुनै कामलाई रोक्न कानून बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको कर्फ्यू आदेशलाई कसैले जानीजानी उल्लङ्घन गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**झुठ्ठा अफबाह फैलाउनेलाई सजाय (दफा** ७०)

- कसैले सार्वजनिक शान्ति भङ्ग गर्ने, हूलदङ्गा गर्ने वा नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई खलल पार्ने नियतले कसैलाई उक्साउने गरी नभए नगरेको अफबाह फैलाएमा, प्रचार प्रसार गरेमा वा नारा जुलुश गरेमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**शान्ति भङ्ग गर्न घर, जग्गा वा सवारी साधन दिनेलाई सजाय (दफा** ७१)

- कुनै व्यक्तिले सार्वजनिक शान्ति भङ्ग गर्न वा हूलदङ्गा गर्न लागेको कुरा थाहा पाउँदा पाउँदै वा थाहा पाउनु पर्ने मनासिब कारण हुँदा हुँदै त्यस्तो व्यक्तिलाई कसैले पनि आफ्नो घर, जग्गा, सवारी साधन वा हातहतियार उपलव्ध गराएमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**संवेदनशील सार्वजनिक क्षेत्रमा मशाल जुलुश गरेमा सजाय (दफा** ७२)

- नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, सुरक्षा, सार्वजनिक शान्ति वा शिष्टाचारको कारणले अधिकार प्राप्त अधिकारीको आदेशबाट संवेदनशील सार्वजनिक क्षेत्र भनी तोकिएको कुनै ठाउँमा कसैले सार्वजनिक शान्ति भङ्ग गर्ने नियतले मशाल जुलुश, आगोजन्य वा प्रज्वलनशील वस्तु लिई जुलुश, सभा गरे वा गराएमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**आवश्यक वस्तु तोडफोड वा हानि, नोक्सानी गरेमा सजाय (दफा** ७३)

- कसैले कुनै कसूर गरी कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै वस्तु वा सार्वजनिक वा निजी सम्पत्ति हानि, नोक्सानी तोडफोड वा आगजनी गरे वा गराएमा, अरु कसैलाई प्रयोग गरी वा आफैँले त्यस्तो वस्तु वा सम्पत्ति विगारेमा, चोरी गरेमा वा चोरी गरी प्राप्त गरेको बस्तु वा सम्पत्ति जानीजानी किनेमा बेचेमा त्यस्तो कसूर गर्दा हुने सजायमा थप एक वर्ष कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र त्यस्तो कार्यबाट कुनै वस्तु वा सम्पत्तिको हानि, नोक्सानी भइसकेको रहेछ भने त्यसको विगो बमोजिमको क्षतिपूर्ति समेत भराइनेछ ।

**सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसूर**

**समाह्वान, इतलायनामा इत्यादिको तामेलीमा बाधा पुऱ्याएमा हुने सजाय (दफा ७५)**

- कानून बमोजिम जारी भएको समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश तामेल गर्दा वा खानतलासी, बरामद वा नाप नक्सा वा सर्जमिन गर्दा वा वारेन्ट बमोजिम कसैलाई पक्राउ गर्दा कसैले

पनि बाधा बिरोध गरे वा गराएमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र कुनै राष्ट्रसेवकले त्यस्तो कार्य गरेमा निजलाई तीन महिनासम्म थप कैद सजाय हुनेछ ।

**समाह्वान, इतलायनामा, सूचना वा आदेश नबुझी फर्काएमा हुने सजाय (दफा** ७६)

- कुनै व्यक्तिलाई निजका नाममा कानून बमोजिम जारी भएको समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बुझाउन ल्याएकोमा निजले त्यस्तो समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बदनियतपूर्वक नबुझी फर्काएमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**समाह्वान, इतलायनामा, सूचना वा आदेश तामेल हुन नदिई छली हिँडेमा हुने सजाय (दफा** ७७)

- अधिकार प्राप्त अधिकारीले जारी गरेको समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बुझनु पर्ने व्यक्तिले त्यस्तो समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश तामेल हुन नदिनको लागि बद्नियतपूर्वक छली हिँडेमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**समाह्वान, इतलायनामा इत्यादि च्यातेमा वा उप्काएमा हुने सजाय (दफा** ७८)

- कसैले कानून बमोजिम टाँसेको समाह्वान, इतलायानामा, पक्राउ पूर्जी, सूचना वा आदेश त्यसको प्रयोजन बाँकी छँदै बदनियतपूर्वक च्यातेमा वा उप्काएमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**झुट्ठो तरिकाले म्याद तामेल गरेमा हुने सजाय** (दफा ७९)

- कानून बमोजिम म्याद तामेल गराउनु पर्ने कर्तव्य भएको व्यक्तिले झुट्टो तरिकाले म्याद तामेल गराएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**लिखत पेश गर्न इन्कार गरेमा हुने सजाय (दफा** ८०)

- कानून बमोजिम कुनै अड्डा, अदालत वा राष्ट्रसेवक समक्ष कुनै लिखत पेश गर्नु पर्ने वा पठाउनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले त्यस्तो लिखत पेश गर्न वा पठाउन इन्कार गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**शपथ लिएको व्यक्तिले झुट्ठा कुरा व्यक्त गरेमा हुने सजाय (दफा** ८१)

- अधिकार प्राप्त अधिकारी समक्ष साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तव्य भएको वा शपथ लिएको व्यक्तिले वा कानून बमोजिम शपथ लिई सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो हैसियतमा झुट्ठा कुरा व्यक्त गरेमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**शपथ गर्न इन्कार गरेमा हुने सजाय (दफा** ८२)

- अधिकार प्राप्त अधिकारी समक्ष साँचो कुरा व्यक्त गर्न उपस्थित भएको व्यक्तिले त्यस्तो कुरा व्यक्त गर्ने प्रयोजनको लागि शपथ लिन आदेश दिएकोमा त्यस्तो शपथ लिन इन्कार गरेमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**जवाफ दिन इन्कार गरेमा हुने सजाय (दफा** ८३)

- अधिकार प्राप्त अधिकारी समक्ष कुनै विषयमा साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तव्य भएको व्यक्तिले त्यस्तो विषयमा त्यस्तो अधिकारीले सोधेको प्रश्नको जवाफ दिन इन्कार गरेमाछ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  तर कसैलाई पनि आफ्नो विरुद्ध बयान दिन कर लाग्ने छैन ।

**झुट्ठा जानकारी दिएमा हुने सजाय (दफा** ८४)

- कसैले कुनै राष्ट्रसेवकलाई निजले कानून बमोजिम गर्नु पर्ने काम गर्नबाट रोक लगाएमा वा गर्न नपर्ने वा गर्न नहुने काम गर्न लगाउने नियतले कसैलाई झुट्ठा जानकारी दिएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**बाधा विरोध गरेमा हुने सजाय (दफा** ८५)

- आफ्नो पदीय कर्तव्यको पालना गर्न लागेको कुनै राष्ट्रसेवकलाई कसैले जोर जुलुम वा हूल हुज्जत गरी वा अन्य कुनै किसिमले बाधा विरोध गरी कर्तव्य पालन गर्न अवरोध पुऱ्याएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कसैले कानून बमोजिम हुन लागेको कुनै सम्पत्तिको जायजात, तायदाती, रोक्का, लिलाम वा बिक्रीको प्रक्रियामा जानीजानी बाधा विरोध गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**राष्ट्रसेवकलाई मद्दत दिन इन्कार गरेमा हुने सजाय (दफा** ८६)

- कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्य पालन गर्दा त्यस्तो काममा मद्दत दिनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले त्यस बमोजिम मद्दत दिन ईन्कार गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक न्याय विरुद्धका कसूर**

**झुट्टा प्रमाण बनाएमा हुने सजाय** (दफा ८९)

- कसैले न्यायिक वा अन्य कानूनी कारबाहीमा प्रमाणको रुपमा प्रयोग गराउने नियतले कुनै झुट्टा प्रमाण बनाउन वा झुट्टा परिस्थितिको सिर्जना गर्न वा कुनै झुट्टा लिखत वा विद्युतीय अभिलेख बनाउन वा कुनै लिखत वा विद्युतीय अभिलेखमा झुट्टा कुरा जनाएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

  तर त्यस्तो झुट्टा प्रमाणको आधारमा कुनै व्यक्तिलाई जन्मकैदको सजाय भएको रहेछ भने सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**झुट्टा प्रमाण पत्र बनाएमा र दिएमा हुने सजाय (दफा** ९०)

- कुनै कुराको सम्बन्धमा कानून बमोजिम पेश गर्ने, प्रमाणित गर्ने, प्रमाणीकरण गर्ने, सत्यतथ्ययुक्त विवरण (एफिडेभिट) पेश गर्ने वा प्रमाणपत्र दिने अख्तियारी वा कर्तव्य भएको व्यक्तिले जानीजानी झुट्टा कुरा उल्लेख गरी पेश गरेमा, प्रमाणित गरेमा, प्रमाणीकरण गरेमा वा प्रमाणपत्र दिएमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**झुट्टा प्रमाण वा प्रमाण पत्र प्रयोग गरेमा हुने सजाय (दफा** ९१)

- कसैले कुनै प्रमाण वा प्रमाणपत्र झुट्टा हो भन्ने जानीजानी त्यस्तो प्रमाण वा प्रमाणपत्रलाई साँचो प्रमाण वा प्रमाणपत्रको रुपमा प्रयोग गरेमा वा गराएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**लिखत नष्ट गरेमा हुने सजाय** (दफा ९२)

- कुनै न्यायिक वा अन्य कानूनी कारबाहीमा कुनै लिखत वा विद्युतीय अभिलेख प्रमाणको रुपमा पेश गर्ने कानूनी कर्तव्य भएको व्यक्तिले जानीजानी त्यस्तो लिखत वा अभिलेख नष्ट गरेमा, केरमेट गरी नबुझिने पारेमा वा अन्य कुनै प्रकारले प्रमाणमा प्रयोग गर्न नमिल्ने बनाएमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कुनै न्यायिक वा अन्य कानूनी कारबाहीमा पेश भएको कुनै लिखत वा विद्युतीय अभिलेख कसैले कानून विपरीत जानीजानी नष्ट गरेमा, केरमेट गरी नबुझिने पारेमा वा अन्य कुनै प्रकारले प्रमाणमा प्रयोग गर्न नमिल्ने बनाएमा वा गैरकानूनी रुपमा हटाएमा वा अनधिकृत रुपमा कसैलाई दिएमा चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको कार्य कुनै राष्ट्रसेवकले गरेमा निजलाई त्यस्तो सजायको दोब्बर सजाय हुनेछ ।

**कसूरको प्रमाण दबाएमा हुने सजाय (दफा ९३)**

- कसैले कुनै कसूरदारलाई बचाउने नियतले निजले गरेको कसूर सम्बन्धी कुनै प्रमाण दबाएमा, नष्ट गरेमा वा त्यसलाई प्रमाणको रुपमा प्रयोग गर्न नसकिने गरी बिगारेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**सूचना दिन अवरोध पुऱ्याएमा हुने सजाय (दफा ९४)**

- कुनै कसूर भएको वा हुन लागेको छ भन्ने थाहा पाई त्यस्तो कसूरको विषयमा प्रहरी वा अधिकार प्राप्त अधिकारी समक्ष खबर वा सूचना दिन जाने व्यक्तिलाई कसैले छेकथुन गरेमा वा अन्य कुनै किसिमले बाधा अवरोध पुऱ्याएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**कसूरदारलाई आश्रय दिएमा हुने सजाय (दफा ९५)**

- पति वा पत्नी वा बाबु, आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी, बाजे, बज्यै, नाति, नातिनी, सासु, ससुरा, बुहारी, ज्वाइँले आश्रय दिएकोमा बाहेक कसैले कुनै कसूरमा शङ्कास्पद रहेको, अभियुक्त बनाइएको वा अदालतबाट दोषी ठहर भएको अन्य व्यक्तिलाई जानीजानी पक्राउ हुनबाट वा कानून बमोजिम हुने सजायबाट बचाउने नियतले आश्रय दिएमा देहाय बमोजिम सजाय हुनेछ :-
    - (क) जन्मकैद वा बीस वर्षसम्म कैद सजाय हुन सक्ने व्यक्तिलाई आश्रय दिएको भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,
    - (ख) दश वर्षसम्म कैदको सजाय हुन सक्ने व्यक्तिलाई आश्रय दिएको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना,
    - (ग) अन्य कसूरको कसूरदारलाई आश्रय दिएको भए त्यस्तो कसूरमा हुन सक्ने कैद वा जरिबानाको उपल्लो हदको चार खण्डको एक खण्डसम्म कैद वा जरिबाना वा दुवै ।

**कसूर भएको जानकारी नदिएमा वा झुठ्ठा जानकारी दिएमा हुने सजाय (दफा ९६)**

- कुनै कसूर भएको वा हुन लागेको छ भन्ने थाहा पाई त्यस्तो कसूरको जानकारी दिनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले जानकारी नदिई बसेमा वा कुनै कसूर भएको थाहा पाएको व्यक्तिले जानीजानी झुट्टा जानकारी दिएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सम्पत्ति दबाएमा वा सम्पत्तिमा झुट्टा दाबी गरेमा हुने सजाय (दफा ९७)**

- कसैले अदालत वा अधिकार प्राप्त अधिकारीको निर्णय बमोजिम जफत हुने भएको वा तायदाती, रोक्का, लिलाम वा बिक्री हुने वा चलन चलाई दिनु पर्ने भएको सम्पत्ति वा त्यस्तो सम्पत्ति वा जायजात उपरको अधिकार बदनियत साथ जफत, तायदाती, जायजात, रोक्का, लिलाम वा बिक्री हुनबाट वा चलन चलाउनबाट रोक्नको लागि त्यस्तो सम्पत्ति वा त्यस उपरको अधिकार दबाएमा, कसैलाई हस्तान्तरण गरेमा वा गराएमा वा त्यस्तो सम्पत्ति वा अधिकार उपर दाबी गरेमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**झुट्टा उजुरी दिएमा हुने सजाय (दफा ९८)**

- कसैले कसैलाई क्षति पुऱ्याउने वा हैरान गर्ने नियतले कुनै न्यायिक कारबाही गर्ने अधिकारी समक्ष झुट्टा कुराको दाबी लिएमा वा अभियोग लगाई कुनै व्यक्तिका बिरुद्ध उजुरी वा सूचना दिएमा जुन कसूरको झुठो अभियोग लगाएको हो त्यस्तो कसूरमा हुन सक्ने सजायको उपल्लो हदको आधासम्म सजाय हुनेछ ।

    तर नेपाल सरकार वादी हुने मुद्दाको हकमा यस दफाको व्यवस्था लागू हुने छैन ।

- माथि उल्लेख भए बमोजिमको कसूरबाट पीडित व्यक्तिलाई कुनै किसिमको हानि, नोक्सानी पुगेको भए निजलाई त्यस बापतको क्षतिपूर्ति कसूरदारबाट भराई दिनु पर्नेछ ।

**बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेमा हुने सजाय (दफा ९९)**

- कानून बमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी भएको अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गरेमा वा अभियोग लगाएमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको कसूरबाट कुनै व्यक्तिलाई कुनै किसिमको हानि, नोक्सानी भएमा निजले त्यस्तो कसूरदारबाट क्षतिपूर्ति भराई लिन सक्नेछ ।

**जमानतको शर्त विपरीत अनुपस्थित भएमा हुने सजाय (दफा १००)**

- कुनै कसूरको अभियोग लागि जमानतमा छुटेको व्यक्ति मनासिब कारण विना जमानतको शर्त विपरीत जमानत दिएको कार्यालय वा अदालतमा अनुपस्थित भएमा  एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कानून बमोजिम हाजिर जमानीमा छुटेको व्यक्ति त्यस्तो जमानत बमोजिम कार्यालय वा अदालतमा उपस्थित नभएमा त्यसरी हाजिर जमानी दिने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिम अनुपस्थित भएको व्यक्ति निजलाई आरोप लागेको कसूरको कसूरदार ठहरिएमा निजलाई त्यस्तो कसूरमा हुने सजायमा यस दफा बमोजिमको सजाय समेत थप हुनेछ ।
- माथि उल्लेख भए बमोजिम सजाय पाएको व्यक्ति तीन वर्षसम्म हाजिर जमानी हुन योग्य हुने छैन ।

**पक्राउको बाधा विरोध गरेमा वा थुनाबाट भागेमा हुने सजाय (दफा १०१)**

- कुनै व्यक्तिलाई पक्राउ गर्न कानून बमोजिम पक्राउ पूर्जी जारी भएकोमा  त्यस्तो व्यक्तिले पक्राउको सिलसिलामा वा पक्राउ पर्दा वा पक्राउ परिसकेको भए पक्राउबाट बच्नको लागि जानीजानी बल प्रयोग गरी बाधा विरोध गरेमा वा कानून बमोजिम थुनामा रहेको व्यक्ति थुनाबाट भागेमा वा भाग्ने उद्योग गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**पक्राउबाट उम्काएमा वा थुनाबाट भगाएमा हुने सजाय (दफा १०२)**

- कानून बमोजिम पक्राउ गर्न पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई पक्राउको सिलसिलामा वा पक्राउ गर्दा वा निजलाई पक्राउ गरिसकेको भए निजलाई पक्राउबाट उम्काउनको लागि कसैले जानीजानी बाधा बिरोध गर्न वा कानून बमोजिम थुनामा रहेको व्यक्तिलाई जानीजानी भगाएमा वा भाग्नको लागि मद्दत गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको कसूर कुनै राष्ट्रसेवकले गरे वा गराएमा निजलाई सो सजायको दोब्बर सजाय हुनेछ ।

**सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता बिरुद्धका कसूर**

**सङ्क्रामक रोग फैलाएमा हुने सजाय (दफा १०४)**

- कसैले कसैको ज्यानलाई खतरा पुऱ्याउन सक्ने कुनै किसिमको सङ्क्रामक रोग फैलाएमा वा फैलिन सक्ने कुनै काम गरेमा नियतपूर्वक वा जानीजानी गरेको भए दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना, लापरवाहीपूर्वक गरेको भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना र हेलचक्र्याइँपूर्वक गरेको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**मानव रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) को रोग फैलाएमा हुने सजाय (दफा १०५)**

- कसैले आफनो वा अरु कसैको शरीरमा रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आइ.भी.) वा हेपाटाइटिस् बी को जिवाणु रहेको थाहा पाँउदा पाउँदै कसैलाई त्यस्तो रोग सार्ने नियतले आफ्नो रगत दिएमा वा त्यस्तो व्यक्तिको रगत दिन लगाएमा वा कुनै किसिमको पूर्व सावधानी नलिई कसैसँग यौन सम्पर्क कायम गरेमा वा कुनै किसिमबाट आफ्नो वा त्यस्तो व्यक्तिको रगत, वीर्य, ऱ्याल, थुक वा कुनै मानव अङ्ग अर्काको शरीरभित्र पठाएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

  तर त्यस्तो रोग सार्ने नियत नभई लापरबाही वा हेलचक्र्याइँबाट सर्न गएको रहेछ भने तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- पीडित आफैँ मानव रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु वा हेपाटाइटिस् बी को जिवाणु रहेको व्यक्तिसँग यौन सम्पर्क गर्न गएको रहेछ भने त्यस्तो जिवाणु रहेको व्यक्तिले यस दफा बमोजिमको कसूर गरेको मानिने छैन ।

**<u>सरुवा रोग सम्बन्धी कानूनको उल्लङ्घन गरेमा हुने सजाय (दफा १०६)</u>**

- कसैले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले सरुवा रोगको सम्बन्धमा जारी गरेको नियम, निर्देशन वा आदेश उल्लङ्घन गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  तर त्यस्तो नियम, निर्देशन वा आदेश उल्लङ्घन गरेको कारणबाट कसैको ज्यान जान सक्ने अवस्था रहेछ भने नियतपूर्वक वा जानीजानी गरेको भए दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना, लापरवाहीपूर्वक गरेको भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना र हेलचक्र्याइँपूर्वक गरेको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**<u>खाद्य पदार्थमा मिसावट गरेमा हुने सजाय (दफा १०७)</u>**

- कसैले सर्वसाधारणले खाने, पिउने वा सेवन गर्ने पदार्थमा खान, पिउन वा सेवन गर्न नहुने कुनै हानिकारक पदार्थ वा खान पिउन वा सेवन गर्न हुने कमसल पदार्थ वा हानिकारक रासायनिक पदार्थ मिसावट गरी उत्पादन गरेमा, बिक्री वितरण गरेमा, म्याद नाघेको वा मिसावट भएको खाद्य पदार्थ बिक्री वितरण गरेमा, निर्धारित स्तरभन्दा न्यून स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ बिक्री वितरण गरेमा, पैठारी गरेमा वा बिक्री वितरणको लागि राखेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**<u>झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गरेमा हुने सजाय (दफा १०८)</u>**

- कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा निम्न स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गरे वा गराएमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**<u>झुक्यानमा पारी कुनै वस्तु बिक्री-वितरण गरेमा हुने सजाय (दफा १०९)</u>**

- कसैले खाद्य पदार्थ बाहेक कमसल वस्तुलाई असल वस्तु हो भनी वा एक वस्तुलाई अर्को वस्तु हो भन्ने भान पारी वा कुनै वस्तुमा त्यस्तो वस्तुको गुणस्तर घट्ने गरी मिसावट गरी बिक्री गरेमा वा कुनै वस्तुमा रहेको लेवल साटेमा वा म्याद नाघेको वस्तु बिक्री गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**<u>बिक्री गर्ने उपभोग्यवस्तु बिक्री नगरी जम्माखोरी गरेमा हुने सजाय (दफा ११०)</u>**

- कसैले कुनै उपभोग्य वस्तुको बजारमा कृत्रिम अभाव खडा गरी त्यस्तो वस्तुको मूल्य वृद्धि गरेमा वा त्यस्तो वस्तु बढी मूल्यमा बिक्री गरे वा गराएमा वा त्यस्तो वस्तुको बिक्रीबाट अनुचित नाफा लिने उद्देश्यले त्यस्तो वस्तु बिक्री वितरण नगरी थुपारेमा वा सञ्चित गरी राखेमा वा जम्माखोरी गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**<u>पानी दुषित पारेमा हुने सजाय (दफा १११)</u>**

- कसैले सर्वसाधारणले पिउने पानी वा पिउने पानीको मुहानलाई पिउन नहुने गरी दुषित गरेमा वा पिउने बाहेक अन्य कुनै काममा प्रयोग हुने पानीलाई त्यस्तो काममा प्रयोग गर्न नहुने गरी दुषित पारेमा देहाय बमोजिमको सजाय हुनेछ :-

  (क) पिउने पानी वा पानीको मुहान दुषित गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

  (ख) अन्य प्रयोजनका लागि प्रयोग हुने पानी दुषित पार्ने वा पार्न लगाउने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।

**वातावरण प्रदुषित गरेमा हुने सजाय (दफा** ११२)

- कसैले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पुऱ्याउने गरी फोहोरमैलाको उत्पादन, प्रसारण वा निष्काशन गरेमा वा थुपारेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।
- कसैले सर्वसाधारणको स्वास्थ्यमा हानि पुऱ्याउने गरी वा जीउ ज्यानको लागि खतरा हुन सक्ने गरी प्रदुषण गरेमा वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीको इजाजत विना यान्त्रिक साधनबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण वा जोखिमपूर्ण फोहर मैलाको उत्पादन, प्रसारण वा निष्काशन गरेमा वा थुपारेमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक बाटो, नदी वा स्थलमा खतरा वा बाधा पुऱ्याएमा हुने सजाय (दफा** ११३)

- कसैले कुनै काम गरी वा आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मामा रहेको सम्पत्तिको स्याहार सम्भार नगरी सार्वजनिक बाटो, नदी वा अन्य कुनै सार्वजनिक स्थलमा कसैलाई कुनै खतरा, बाधा वा अबरोध पुऱ्याएमा पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**विषालु वा विष्फोटक पदार्थ प्रयोग गर्दा लापरबाही गरेमा हुने सजाय (दफा** ११४)

- कसैले विषालु पदार्थ, आगोजन्य पदार्थ, प्रज्वलनशील पदार्थ, विष्फोटक पदार्थ वा जोखिमी हतियार वा यन्त्र चलाउँदा वा प्रयोग गर्दा कसैको शरीर वा ज्यानमा खतरा वा क्षति पुग्न सक्ने गरी लापरबाही गरेमा वा आफ्नो वा आफ्नो कब्जा वा जिम्मा रहेको त्यस्तो बस्तुबाट कसैको ज्यान जान सक्ने खतरालाई रोक्ने आवश्यक बन्दोबस्त जानीजानी नगरेमा वा त्यस्तो बन्दोवस्त गर्नमा लापरबाही गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरबाही गरेमा हुने सजाय (दफा** ११५)

- कसैले घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा त्यस्तो कार्यबाट वा त्यस्तो घर वा त्यसको केही भाग ढली वा खसी कसैको ज्यान जान वा अङ्गभङ्ग हुन सक्ने खतरालाई रोक्न वा टार्न आवश्यक बन्दोबस्त नगरी वा त्यस्तो बन्दोबस्त गर्न लापरबाही गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**पशुपंक्षी राख्दा लापरबाही गरेमा हुने सजाय** (दफा ११६)

- कसैले आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मामा रहेको हिंस्रक वा अन्य कुनै पशुपंक्षी राख्दा वा पाल्दा त्यस्तो कार्यबाट वा त्यस्तो पशुपंक्षीबाट कसैको ज्यान जान सक्ने वा कसैलाई चोट पुग्न सक्ने खतरालाई रोक्न आवश्यक पूर्वसावधानीको बन्दोवस्त नगरी वा लापरबाही गरी त्यस्तो पशुपंक्षी राखेमा वा पालेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**पशुपंक्षी छाडा छाडेमा हुने सजाय (दफा** ११७)

- कसैले आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मा रहेको कुनै पशुपंक्षी अर्काको घर, जग्गामा वा सार्वजनिक बाटो घाटो वा सार्वजनिक स्थलमा छाडा छोडेमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**अभद्र व्यवहार गरेमा हुने सजाय** (दफा ११८)

- कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गरेमा वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रुपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गरेमा वा त्यसको उद्योग गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**वेश्यागमनको प्रचार गरेमा हुने सजाय (दफा** ११९)

- कसैले वेश्यागमनको लागि प्रचार, प्रसार गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**वेश्यावृति वा वेश्यागमनका लागि घर, जग्गा प्रयोग गर्न दिएमा हुने सजाय (दफा** १२०)

- कसैले वेश्यावृत्ति वा वेश्यागमनको लागि जानीजानी आफ्नो घर, जग्गा, सवारी साधन उपलव्ध गराएमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**अश्लिल किताब, पर्चा इत्यादि बनाएमा वा बिक्री गरेमा (दफा** १२१)

- कसैले सार्वजनिक रुपमा अश्लिल किताब, पर्चा बनाउने लगायतका देहायको कुनै काम गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ :-
  - (क) शारीरिक कामोत्तेजना बढाउने वा काम वासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै अश्लील किताब, पर्चा, रेखाचित्र, चलचित्र, तस्वीर, रेकर्ड वा अरु कुनै वस्तु बनाउन, मुद्रण गरेमा, प्रकाशित गरेमा वा विद्युतीय सञ्चार माध्यमबाट प्रचार प्रसार गरेमा,
  - (ख) त्यस्तो अश्लील वस्तु खरीद बिक्री वा वितरण गरेमा, भाडामा दिएमा, सर्वसाधारणलाई देखाएमा वा त्यस्तो गर्ने नियतले आफ्ना साथमा राखेमा,
  - (ग) कुनै व्यक्तिबाट त्यस्तो अश्लिल वस्तु यस प्रकार प्राप्त हुन सक्छ भनी विज्ञापन दिएमा,
  - (घ) त्यस्तो अश्लिल वस्तु बिक्री वितरण गर्ने उद्देश्यले निकासी वा पैठारी गरेमा वा आफूसँग बोकेमा ।
- वैज्ञानिक, शैक्षिक, कलात्मक, साहित्यिक, अनुसन्धानमूलक, ज्ञानवर्द्धक महत्व वा अभिरुचीको वा धार्मिक प्रयोजनको लागि राखिएको वा कुनै कृति बनाइएकोमा त्यस्तो सजाय हुने छैन ।

**सार्वजनिक स्थानमा यौनाङ्ग देखाएमा हुने सजाय (दफा** १२२)

- दश वर्षभन्दा माथिको व्यक्तिले स्वास्थ्य विज्ञान वा चिकित्सा सम्बन्धी उपचारको प्रयोजनका लागि बाहेक सार्वजनिक स्थानमा अश्लील कृयाकलाप वा व्यवहार गरेमा, यौनाङ्ग देखाएमा वा कसैलाई अश्लिल शब्द बोलेमा वा इशारा गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक स्थानमा यौन क्रिया गरेमा हुने सजाय (दफा** १२३)

- कसैले सार्वजनिक स्थानमा वा अरु मानिसले देख्ने गरी अन्य कुनै स्थानमा कसैसँग यौन क्रिया गरेमा वा कुनै किसिमको अप्राकृतिक मैथुन गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक उपद्रयाईं गरेमा हुने सजाय (दफा** १२४)

- कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले कुनै काम गरी वा कानून बमोजिम गर्नु पर्ने कुनै काम नगरी छरछिमेक वा सर्वसाधारणलाई कुनै प्रकारको हानि, नोक्सानी, क्षति वा खतरा पुऱ्याएमा वा झिझ्याहट गरेमा पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**जुवा खेलेमा वा सट्टाबाजी गरेमा हुने सजाय (दफा** १२५)

- कसैले जुवा खेलेमा, खेलाएमा वा बाजी वा च्याँखे थापेमा देहाय बमोजिमको सजाय हुनेछ :-
  - (क) पहिलो पटक भए तीन महिनासम्म कैद वा तीसहजार रुपैयाँसम्म जरिबाना,
  - (ख) दोस्रो पटकदेखि भए एक वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना र त्यसपछि भए पटकै पिच्छे थप तीन महिनासम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना ।
- जुवा खेल्न प्रयोग भएको साधन र जुवाबाट प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेछ ।
- कसैले कानून बमोजिम खेल्न खेलाउन हुने कुनै खेल वा प्रक्रियामा खास पक्षले हारेमा वा जितेमा कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी बाजी थापेमा सट्टाबाजी गरेको मानिनेछ र त्यस्तो गरेमा विगो जफत गरी एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**भिक्षा मागेमा वा माग्न लगाएमा हुने सजाय (दफा** १२६)

- कुनै साधु, सन्त, जोगी वा भिक्षुले सनातनदेखि चली आएको परम्परा अनुसार घर घरमा पुगी भिक्षा मागेको वा कुनै धार्मिक वा साँस्कृतिक कार्यमा भिक्षा मागिएकोमा बाहेक कसैले कुनै सार्वजनिक स्थानमा भिक्षा मागेमा वा बालबालिकालाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने वहानामा वा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला दिई भिक्षा माग्न लगाएमा वा भिक्षा माग्न दुरुत्साहन दिएमा देहाय बमोजिमको सजाय हुनेछ र भिक्षाको बिगो जफत समेत हुनेछ :-
  - (क) पहिलो पटक भिक्षा मागेको भए एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना र दोस्रो पटकदेखि प्रत्येक पटक दुई महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिबाना,

(ख) पहिलो पटक भिक्षा माग्न लगाएको भए एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै र दोस्रो पटकदेखि प्रत्येक पटक तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै ।

**हातहतियार तथा खरखजाना सम्बन्धी कसूर**

**इजाजत पत्र प्राप्त नगरी हातहतियार उत्पादन गरेमा हुने सजाय (दफा १२९)**

- कसैले इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र प्राप्त गरेको भए पनि इजाजतपत्रमा उल्लिखित शर्त तथा बन्देज विपरीत हुने गरी हातहतियार वा खरखजानाको उत्पादन गरेमा वा त्यसको मर्मत संभार गरेमा हातहतियार वा खरखजानाको जोखिमको गम्भीरता हेरी दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**इजाजत पत्र प्राप्त नगरी हातहतियारको कारोबार गरेमा हुने सजाय (दफा १३०)**

- कसैले इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र प्राप्त गरेको भएपनि इजाजत पत्रको शर्त तथा बन्देज विपरीत हुने गरी हातहतियार तथा खरखजानाको कारोबार गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**खास किसिमका हातहतियार प्राप्त गरेमा हुने सजाय (दफा १३१)**

- कसैले देहायका हातहतियार खरिद बिक्री गरी वा दान, उपहार, पुरस्कार, अंश, अपुतालीबाट वा अन्य कुनै किसिमबाट प्राप्त गरेमा, राखेमा, सञ्चय गरेमा, भण्डारण गरेमा र अधिकार प्राप्त अधिकारीको आदेश विना प्रयोग गरेमा, ओसार पसार गरेमा वा निकासी वा पैठारी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ :-
  (क) बख्तरबन्द गाडी (ट्याङ्क) तथा त्यसको खरखजाना,
  (ख) तोप वा मोर्टार तथा त्यसको खरखजाना,
  (ग) मेशिनगन तथा त्यसको खरखजाना,
  (घ) जुनसुकै प्रकारको राइफल तथा त्यसको खरखजाना,
  (ङ) सर्वसाधारणले प्राप्त गर्न वा राख्न नहुने भनी अधिकार प्राप्त अधिकारीले तोकेका अन्य हातहतियार तथा त्यसको खरखजाना ।
- माथि उल्लिखित हातहतियार प्राप्त गर्ने व्यक्तिले त्यस्तो हातहतियार प्राप्त भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउनु पर्नेछ ।
- सुरक्षाको कामसँग सम्बन्धित सुरक्षाकर्मीले आफनो कर्तव्य पालनको सिलसिलामा त्यस्ता हातहतियार राखेमा वा प्रयोग गरेमा त्यस्तो सजाय हुने छैन ।

**इजाजतपत्र विना हातहतियार राखेमा वा लिएर हिडेमा हुने सजाय (दफा १३२)**

- सुरक्षाको कामसँग सम्बन्धित सुरक्षकर्मीले कर्तव्य पालनको सिलसिलमा राख्न, लिएर हिँड्न र बोक्न बाहेक कसैले कानून बमोजिम प्राप्त गर्न, राख्न, भण्डारण गर्न, प्रयोग गर्न वा लिएर हिड्न सकिने हातहतियार इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र प्राप्त गरेको भए पनि इजाजतपत्रको शर्त तथा बन्देज विपरीत हुने गरी प्राप्त गरेमा, राखेमा, भण्डारण गरेमा, प्रयोग गरेमा वा लिएर हिँडेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**हातहतियार खरखजानाको कारोबारको अभिलेख नराखेमा हुने सजाय (दफा १३३)**

- इजाजतपत्र प्राप्त गरी हातहतियार वा खरखजानाको कारोबार गर्ने व्यक्तिले आफूले कारोबार गरेको हात हतियार वा खरखजानाको छुट्टै अभिलेख नराखेमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- हातहतियार वा खरखजानाको कारोबार गर्ने व्यक्तिले राखेको अभिलेख हातहतियार तथा खरखजानाको नियन्त्रण वा प्रशासन गर्ने अधिकारी, मुद्दाको अनुसन्धान गर्ने अधिकारी वा अदालतले मागेको बखत नदेखाएमा वा पेश नगरेमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- इजाजतपत्र प्राप्त गरी हातहतियार वा खरखजानाको व्यावसायिक कारोबार गर्ने व्यक्ति बाहेक अन्य कसैले जिल्ला प्रशासन कार्यालयको स्वीकृति नलिई हातहतियार वा खरखजानाको कारोबार गरेमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**आणविक, रासायनिक, जैविक (जिवाणुयुक्त) वा विषालु हातहतियार उत्पादन वा कारोबार गरेमा हुने सजाय (दफा** १३४)

- कसैले कुनै पनि प्रकारको आणविक, रासायनिक, जैविक (जिवाणुयुक्त) वा विषालु हातहतियारको निर्माण, उत्पादन, खरिद, बिक्री, प्राप्ति, स्वामीत्व धारण, हस्तान्तरण, भण्डारण, सञ्चय, ओसार पसार वा निकासी वा पैठारी वा त्यसको लागि लगानी वा व्यवस्थापन गरे वा गराएमा बीस वर्षसम्म कैद र दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**हातहतियार तथा खर खजाना सम्बन्धी कसूरसँग सम्बन्धित चल अचल सम्पत्ति जफत हुने** (दफा १३५)

- हातहतियार तथा खर खजाना सम्बन्धी कसूर भएकोमा त्यस्तो कसूरसँग सम्बन्धित हातहतियार र खरखजाना र त्यस्ता हातहतियारको उत्पादन गर्ने, निर्माण गर्ने, राख्ने वा ओसार पसार गर्ने, यन्त्र, उपकरण, औजार वा सवारी साधन र त्यस्तो हातहतियार वा खरखजानाको खरिद बिक्रीबाट प्राप्त रकम र त्यसबाट बढे बढाएको रकम जफत हुनेछ ।

  तर ढुवानीको साधन वा सवारी साधनको धनीले हातहतियार वा खरखजाना ढुवानी भएको कुरा निजलाई थाहा नभएको प्रमाणित गरेमा त्यस्तो सवारी साधन जफत हुने छैन ।

**क्षतिपूर्ति (दफा** १३६)

- कसैले हातहतियार तथा खरखजाना सम्बन्धी कुनै कसूर गरेको कारणबाट कसैको जीउ वा सम्पत्तिको हानि, नोक्सानी भएको रहेछ भने कसूरदारबाट पीडित व्यक्तिलाई त्यसको मनासिब क्षतिपूर्ति भराइनेछ ।

**विष्फोटक पदार्थ सम्बन्धी कसूर**

**विष्फोटक पदार्थ उत्पादन गरेमा हुने सजाय (दफा** १३८)

- कसैले इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र प्राप्त गरेको भए पनि इजाजतपत्रमा उल्लेख भएका शर्त र बन्देज विपरीत हुने गरी कुनै पनि किसिमको विष्फोटक पदार्थ बनाएमा, तयार गरेमा वा उत्पादन गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

  (क) डाइनामाइट, नाइट्रोग्लिसरिन, टि.एन.सी., जेलेग्नाइट, मर्नक्टनरलाव, पारोको फुल्यूनेट, आर.डी. एक्स, एमाटोल, बारोटोल, पेन्टोलाइट, स्टेमाइट, सेल्साइटल, ब्लाष्टिक एक्स्पोलिभस बम र त्यस्तै प्रकृतिका कडा विष्फोटक पदार्थ (हाइ एक्सप्लोसिभ) भए दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,

  (ख) ब्लाष्टिक पाउडर, गन पाउडर, गन कटन, पारो, बारुद वा अन्य कुनै धातुको फुल्यूनेट र त्यस्तै प्रकृतिका नरम विष्फोटक पदार्थ विष्फोटक पदार्थ (लो एक्स्प्लोसिभ) भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,

  (ग) डिटोनेटर, ब्लाष्टिक क्याप, विद्युतीय ब्लाष्टिक क्याप, फ्यूज, आतिसवाजी, पटाका र त्यस्तै प्रकृतिका सामान्य विष्फोटक पदार्थ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना,

  (घ) विष्फोटक पदार्थ उत्पादन वा निर्माण गर्ने संयन्त्र, मेशीन वा ज्यावलको उत्पादन गर्ने, प्रयोग गर्ने, राख्ने वा अन्य कारोबार गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना ।

**विष्फोटक पदार्थको कारोबार गरेमा हुने सजाय (दफा** १३९)

- कसैले इजाजतपत्र प्राप्त नगरी वा इजाजत पत्र प्राप्त गरेको भएपनि इजाजतपत्रमा उल्लेख भएका शर्त र बन्देज विपरीत हुने गरी विष्फोटक पदार्थको कारोबार गरेमा वा गराएमा देहाय बमोजिम सजाय हुनेछ :-

  (क) कडा विष्फोटक पदार्थ भए दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,

  (ख) नरम विष्फोटक पदार्थ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) सामान्य विष्फोटक पदार्थ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना।

**कृत्रिम विष्फोटक पदार्थ बनाएमा वा प्रयोग गरेमा हुने सजाय (दफा** १४०)

- कसैले सर्वसाधारणले प्रयोग वा उपभोग गर्ने सामान्य उपभोग्य वस्तुको वा त्यस्तो वस्तुको भौतिक वा रासायनिक तत्वमा कुनै भौतिक वा रासायनिक प्रक्रिया, फर्मूला, उपाय वा विधिबाट हेरफेर, परिवर्तन गरी वा त्यसको रुप, बनौट वा आकारमा परिवर्तन गरी कुनै किसिमको बम वा अन्य कुनै विष्फोटक पदार्थको रुपमा प्रयोग गरे वा गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

**बारुदी सुरुङ्ग बनाएमा वा विष्फोटक पदार्थ ओछ्याएमा हुने सजाय (दफा** १४१)

- कसैले सार्वजनिक रुपमा प्रयोग हुने सडक वा बाटो, स्थल, भवन, पुल, सुरुङ्ग वा सर्वसाधारणले हिडडुल गर्ने अन्य कुनै ठाउँमा विष्फोटक पदार्थ ओछ्याएमा वा राखेमा वा कुनै प्रज्वलनशील पदार्थ वा विद्युतीय धराप (एम्बुस) राखेमा वा त्यस्तो पदार्थ राखी वा धराप ओछ्याई आवागमनमा वा सार्वजनिक उपयोगका अन्य कुनै कुराको प्रयोगमा अवरोध पुऱ्याएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको कसूर गरेको कारणबाट कसैको जीउ, ज्यान वा सम्पत्तिमा क्षति पुगेमा कसूरदारलाई त्यस बापत हुने सजायमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना थप हुनेछ ।

**उत्पादन वा कारोबारको अभिलेख नराखेमा हुने सजाय (दफा** १४२)

- विष्फोटक पदार्थको उत्पादन वा कारोबार गर्न इजाजत पत्र प्राप्त गरेको व्यक्तिले त्यस्तो पदार्थको उत्पादन, निर्माण, तयारी वा कारोबार गर्दा प्रत्येक पटक उत्पादन वा कारोबार गरेको प्रत्येक विष्फोटक पदार्थको छुट्टै अभिलेख नराखेमा वा त्यसरी राखेको अभिलेख विष्फोटक पदार्थ नियन्त्रण वा प्रशासन गर्ने अधिकार प्राप्त अधिकारी, मुद्दाको तहकिकात वा अभियोजन गर्ने अधिकारी वा अदालतले मागेका बखत उपलब्ध नगराएमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**विष्फोटक पदार्थको ओसार पसार, ढुवानी वा भण्डारण गर्दा होसियारी नअपनाएमा हुने सजाय (दफा** १४३)

- विष्फोटक पदार्थको कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्तिले त्यस्ता वस्तुको प्रयोग गर्दा, ढुवानी वा ओसार पसार गर्दा वा भण्डारण गर्दा त्यस्तो पदार्थको प्रकृति अनुसार पर्याप्त सुरक्षा नहुने गरी प्रयोग गरेमा वा उपयुक्त म्यागजिनमा राखी ढुवानी वा ओसार पसार वा भण्डारण नगरेमा पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**कसूरसँग सम्बन्धित चल वा अचल सम्पत्ति जफत हुने** (दफा १४४)

- विस्फोटक पदार्थ सम्बन्धी कसूर भएकोमा त्यस्तो कसूरसँग सम्बन्धित सम्पूर्ण विष्फोटक पदार्थ, त्यस्तो पदार्थ उत्पादन, तयारी वा निर्माण गर्न प्रयोग हुने मालसामान, उपकरण, औजार वा कच्चा पदार्थ, त्यस्तो पदार्थ ओसार पसार वा ढुवानी गर्ने सवारी साधन वा ढुवानी साधन र त्यस्तो पदार्थको उत्पादन, तयारी, निर्माण वा कारोबार गरी प्राप्त गरेको रकम र त्यसबाट बढे बढाएको रकम जफत हुनेछ ।

  तर ढुवानीको साधन वा सवारी साधनको धनीले विष्फोटक पदार्थ ढुवानी भएको कुरा निजलाई थाहा नभएको प्रमाणित भएमा त्यस्तो ढुवानीको साधन वा सवारी साधन जफत हुने छैन ।

**क्षतिपूर्ति (दफा** १४५)

- कसैले विस्फोटक पदार्थ सम्बन्धी कुनै कसूर गरेको कारणबाट कसैको जीउ, धनको हानि, नोक्सानी भएको रहेछ भने कसूरदारले पीडित व्यक्तिलाई त्यसको मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**राष्ट्रिय तथा सार्वजनिक सम्पदा बिरुद्धका कसूर**

**सार्वजनिक घर, जग्गा आफ्नो बनाएमा हुने सजाय (दफा** १४७)

- कसैले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको नाममा रहेको सरकारी घर जग्गा वा परापूर्वदेखि सामुदायिक वा सार्वजनिक भोग चलनमा रहेको सामुदायिक वा सार्वजनिक घर

जग्गा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्वस्वीकृति विना दर्ता गरी वा नगरी आफ्नो बनाएमा वा कुनै किसिमले कब्जा, आवाद वा अतिक्रमण गरेमा वा त्यस्तो घर वा जग्गाको भोग चलनमा कुनै किसिमको बाधा अबरोध गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

- माथि उल्लेख गरिए बमोजिमको घर, जग्गा कुनै व्यक्ति विशेषको नाममा दर्ता वा नामसारी भइसकेको भए त्यस्तो दर्ता समेत स्वतः बदर हुनेछ ।

**व्यक्ति विशेषले सार्वजनिक सम्पदा आफ्नो बनाएमा हुने सजाय (दफा** १४८)

- कसैले कुनै सार्वजनिक सम्पदा दर्ता गरी वा नगरी निजी बनाएमा वा त्यस्तो सम्पदाको सार्वजनिक भोग चलनमा कुनै किसिमले बाधा अवरोध गरेमा वा अन्य कुनै किसिमले कब्जा, आवाद वा अतिक्रमण गरेमा वा त्यस्तो सम्पदालाई कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याएमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैँयासम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कुनै सार्वजनिक सम्पदा कसैको नाममा दर्ता वा नामसारी भइसकेको भए सो समेत स्वतः बदर हुनेछ ।

**प्राकृतिक सम्पदामाथि अतिक्रमण गरेमा हुने सजाय (दफा** १४९)

- कसैले कानून बमोजिम बाहेक प्राकृतिक सम्पदामाथि कुनै किसिमले अतिक्रमण वा कब्जा गरेमा वा त्यस्तो सम्पदा बिक्री वितरण गरेमा वा त्यसको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याएमा दश वर्षसम्म कैद र विगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा दशलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक भौतिक संरचनाको अनधिकृत कब्जा वा विनाश गरेमा हुने सजाय** (दफा १५०)

- कानून बमोजिम बाहेक कसैले कुनै सार्वजनिक भौतिक संरचना अनधिकृत रुपमा कब्जा गरेमा, त्यस्तो संरचना प्रयोग हुन नदिएमा, कुनै किसिमले हानि, नोक्सानी वा विनाश गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको कसूर गरेको कारणबाट भएको हानि, नोक्सानी बापत कसूरदारबाट मनासिब क्षतिपूर्ति भराईनेछ ।

**राष्ट्रिय गान, झण्डा वा निशान छापको अपमान वा क्षति गरेमा हुने सजाय (दफा** १५१)

- कसैले नेपाल वा नेपाल सरकार बिरुद्ध घृणा फैलाउने नियतले नेपालको राष्ट्रिय गानको अपमान गरेमा, नेपालको झण्डा जलाएमा, त्यसको जानीजानी अपमान गरेमा वा सार्वजनिक नैतिकता, शिष्टाचार वा सदाचारको दृष्टिकोणले प्रयोग गर्न नहुने ठाउँ, वस्तु वा अवस्थामा त्यस्तो गान, झण्डा वा नेपालको निशाना छाप प्रयोग गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कसैले नेपालसँग मैत्री सम्बन्ध भएको मुलुक विरुद्ध घृणा फैलाएमा वा त्यस्तो मुलुकको अपमान गर्ने नियतले त्यस्तो मुलुकको राष्ट्रिय झण्डा जलाएमा, त्यसको जानीजानी दुरुपयोग गरेमा वा त्यस्तो झण्डा वा त्यस्तो मुलुकको निशान छापको दुरुपयोग गरेमा वा सार्वजनिक नैतिकता र शिष्टाचारको दृष्टिकोणबाट प्रयोग गर्न नहुने वस्तु, ठाउँ वा अवस्थामा त्यस्तो झण्डा वा छापको प्रयोग गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कसैले संयुक्त राष्ट्र संघ वा संयुक्त राष्ट्र संघसँग सम्वद्ध संस्था वा विशिष्टीकृत निकाय वा नेपाल सदस्य रहेको कुनै अन्तरराष्ट्रिय वा क्षेत्रीय संस्थालाई घृणा वा अपमान गर्ने नियतले त्यस्ता संस्थाको झण्डा वा निशान छाप कुनै किसिमले दुरुपयोग गरेमा वा त्यस्ता संस्थाको स्वीकृति विना त्यस्तो झण्डा वा त्यस्तो संस्थाको चिह्न, सवारी साधन वा अन्य कुनै वस्तु प्रयोग गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**राष्ट्रिय विभूतिको अपमान गरेमा हुने सजाय (दफा** १५२)

- कसैले नेपाल सरकारले तोकेका राष्ट्रिय विभूतिलाई जानीजानी घृणा, अपमान वा बदनाम गरेमा, त्यस्ता विभूतिको शालिक, स्तम्भ वा स्मारक भत्काएमा वा हानि, नोक्सानी गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**धर्म सम्बन्धी कसूर**

**धार्मिकस्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुऱ्याएमा हुने सजाय (दफा १५५)**

- कसैले कुनै जात, जाति, सम्प्रदाय वा वर्गको धार्मिक आस्था वा धर्मको घृणा गरेमा वा अपमान गर्ने नियतले वा सो हुन सक्छ भन्ने जानीजानी कुनै धार्मिक पूजा, प्रार्थना वा कर्म गर्ने स्थान वा पवित्र मानिएको कुनै स्थान, वस्तु, मशानघाट वा चिहानलाई हानि, नोक्सानी वा क्षति पुऱ्याएमा वा कुनै किसिमले दुषित गरेमा, बिगारेमा, फोहरमैला गरेमा वा यस्तै अन्य कार्य गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको कार्य कुनै विदेशीले गरे गराएमा निजलाई लागेको कैद भुक्तान भएको सात दिनभित्र निजलाई नेपालबाट बाहिर पठाइनेछ ।

**धार्मिक भावनामा आघात पुऱ्याएमा हुने सजाय (दफा १५६)**

- कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट कुनै जात, जाति सम्प्रदाय वा वर्गको धार्मिक भावनामा आघात पुऱ्याएमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**धार्मिक रीति-स्थितिमा बाधा पुऱ्याएमा हुने सजाय (दफा १५७)**

- कसैले सनातनदेखि अपनाउदै वा चली आएको अरुको धार्मिक रीति-स्थितिमा जानीजानी बाधा पुऱ्याएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**धर्म परिवर्तन गराएमा हुने सजाय (दफा १५८)**

- कसैले कसैको धर्म परिवर्तन गराएमा वा सो कुराको उद्योग गरेमा वा दुरुत्साहन दिएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कसैले कुनै जात, जाति वा सम्प्रदायमा सनातनदेखि चली आएको धर्म, मत वा आस्थामा खलल पार्ने कुनै काम वा व्यवहार गरेमा वा खलल हुने गरी कुनै प्रलोभन देखाई वा नदेखाई अन्य कुनै धर्ममा परिवर्तन गराएमा वा धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको कार्य कुनै विदेशीले गरे गराएमा निजलाई लागेको कैद भुक्तान भएको सात दिनभित्र निजलाई नेपालबाट बाहिर पठाइनेछ ।

**भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर**

**भेदभावपूर्ण व्यवहार गरेमा हुने सजाय (दफा १६०)**

- (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**भेदभाव गरी बस्तु वा सेवा खरिद बिक्री वा वितरण गरेमा हुने सजाय (दफा १६१)**

- कसैले कुनै बस्तु वा सेवाको खरिद वा बिक्री वितरण गर्दा गराउँदा कुनै खास जात, जाति वा सम्प्रदायको व्यक्तिबाट मात्र वा त्यस्ता व्यक्तिलाई मात्र खरिद वा बिक्री वितरण गरेमा वा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई उपलब्ध नगराएमा बिक्री वितरण नगरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  तर आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको हित संरक्षण वा विकासका लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई कुनै खास वस्तु वा सेवा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई मात्र उपलब्ध गराउन वा बिक्री वितरण गर्न सकिनेछ ।

**जवर्जस्ती काममा लगाएमा हुने सजाय (दफा १६२)**

- कसैले कसैलाई निजको इच्छा बिरुद्ध काममा लगाएमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

तर सार्वजनिक कामको लागि कानून बमोजिम श्रममा लगाउन सकिनेछ ।

**दास बनाएमा हुने सजाय (दफा** १६३)

- कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाएमा, त्यस्तो हैसियतमा राखेमा, काममा लगाएमा वा सो सरहको अन्य कुनै पनि व्यवहार गरे वा गराएमा पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**बन्धक बनाएमा वा बाँधा राखेमा हुने सजाय (दफा** १६४)

- कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राखेमा वा बन्धक बनाएमा वा बाँधा राखेमा वा बाँधाको हैसियतमा काममा लगाएमा वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार तीन वर्षदेखि सात वर्षसम्म कैद  र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**सामाजिक रीति स्थितिमा खलल पारेमा हुने सजाय (दफा** १६५)

- कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गरेमा हुने सजाय (दफा** १६६)

- कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गरेमा वा सार्वजनिक स्थलमा उपस्थित भएमा वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोकेमा वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न बञ्चित गरेमा वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले त्यस्तो कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ ।

**यातना दिएमा हुने सजाय (दफा** १६७)

- प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले देहायको उद्देश्यले कसैलाई शारीरिक वा मानसिक यातना दिएमा वा दिन लगाएमा वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेमा वा गराएमा कसूरको गम्भीरता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  (क) कुनै विषयमा जानकारी हासिल गर्ने,

  (ख) कुनै कसूरमा साबित गराउने,

  (ग) कुनै कार्यको लागि दण्ड दिने,

  (घ) जोर जुलुम वा त्रास देखाउने, वा

  (ङ) कानून विपरीतका अन्य कुनै कार्य गर्ने ।

- माथि उल्लेख भए बमोजिम बमोजिमको कार्य गर्न आदेश दिने व्यक्ति वा यस दफा बमोजिमको कसूर गर्न सहयोग गर्ने मतियारलाई तथा आफूभन्दा माथिका अधिकारीको आदेशमा त्यस्तो काम गर्ने व्यक्तिलाई समेत सोही बमोजिम सजाय हुनेछ ।

**अपमानजनक वा अमानवीय व्यवहार गरेमा हुने सजाय (दफा** १६८)

- कसैले कसैलाई देहाय बमोजिमको अपमानजनक वा अमानवीय व्यवहार गरे वा गराएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ :-

  (क) बोक्सा बोक्सीको आरोप लगाउने,

  (ख) बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने,

  (ग) सामाजिक बहिष्कार गर्ने, वा

  (घ) अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गर्ने ।

- महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राखेमा वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गरे वा गराएमा तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- राष्ट्रसेवकले माथि उल्लेख भए बमोजिमको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ ।

**क्षतिपूर्ति (दफा १६९)**

- माथि उल्लेख भए बमोजिमको कसूर गर्ने व्यक्तिले पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**विवाह सम्बन्धी कसूर**

**मञ्जुरी विना विवाह गरेमा हुने सजाय (दफा १७१)**

- विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी विना कसैले कसैलाई विवाह गरे वा गराएमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- विवाह गर्ने व्यक्तिको मञ्जुरी विना भएको विवाह बदर हुनेछ ।
- बीस वर्ष उमेर पूरा नभएको व्यक्तिले विवाह गर्न दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**हाडनातामा विवाह गरेमा हुने सजाय (दफा १७२)**

- कसैले परम्परा अनुसार चली आएको अवस्थामा बाहेक जानी जानी हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्नेलाई हाडनाता करणी गरे वापत हुने सजाय हुनेछ र त्यसरी विवाह गराउनेलाई गराएमा तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- हाडनातामा भएको विवाह बदर हुनेछ ।

**बाल विवाह गरेमा हुने सजाय (दफा १७३)**

- विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गरे वा गराएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- बीस वर्ष पुरा नभएको व्यक्तिको विवाह स्वतः बदर हुनेछ ।

**विवाहमा लेनदेन गरेमा हुने सजाय (दफा १७४)**

- आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गरे वा गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कसैले विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गरेमा वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पारेमा, सताएमा वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गरेमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- माथि उल्लेख भए बमोजिम विवाहमा कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

**वहुविवाह गरेमा हुने सजाय (दफा १७५)**

- कानून बमोजिम पत्नीसँग अंशवण्डा भएको व्यक्ति बाहेक विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गरेमा त्यस्तो पुरुष र पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग विवाह गर्ने महिलालाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- कानून बमोजिम पत्नीसँग अंशवण्डा भएको व्यक्ति बाहेक विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह स्वतः बदर हुनेछ ।

**ज्यान सम्बन्धी कसूर**

**ज्यान मार्ने नियतले कुनै काम गरमा हुने सजाय (दफा** १७७)

- कसैले कसैको नियतपूर्वक ज्यान मारेमा वा ज्यान मार्ने कुनै काम गरेमा वा गराएमा जन्म कैद (पच्चीस वर्ष कैद) को सजाय हुनेछ ।

**ज्यान जान सक्ने काम गरेमा हुने सजाय (दफा** १७८)

- कसैले कुनै काम गर्दा साधारणतया मानिसको ज्यान जान सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कारण हुँदा हुँदै त्यस्तो काम गर्दा कसैको ज्यान मरेमा कसूरदारलाई जन्मकैद (पच्चीस वर्ष कैद) को सजाय हुनेछ ।

**गम्भीर उत्तेजना वा रीसको आवेशबाट ज्यान लिएमा हुने सजाय (दफा** १७९)

- कसैले देहायको अवस्थामा ज्यान लिने व्यक्तिलाई दशदेखि पन्ध्र वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ :-

    (क) कसैले तत्काल गम्भीर उत्तेजना दिलाउने कुनै काम गरेबाट कसूरदारले आत्मसंयम्को शक्ति गुमाई त्यस्तो उत्तेजना दिलाउने व्यक्तिको ज्यान मारेकोमा,

    तर देहायको अवस्थामा यो व्यवस्था लागू हुने छैन :-

    (१) कसैले कानूनको पालना गर्दा, निजी रक्षाको अधिकारको प्रयोग गर्दा, कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालन गर्दा वा पालन गर्न लागेको कुनै कामबाट कसूरदार उत्तेजित हुन गएमा,

    (२) कसैलाई कुनै क्षति पुऱ्याउने नियतले कसूरदार स्वयंले उत्तेजित गराएको र त्यसरी उत्तेजित भई त्यस्तो व्यक्तिले गरेको कामबाट कसैको ज्यान गएकोमा,

    (ख) इवी लिएर वा सोच विचार गरेर ज्यान लिएकोमा बाहेक निजी रक्षाको अधिकार असल नियतले प्रयोग गर्दा त्यस्तो अधिकारको सीमा नाघ्न गई जसको बिरुद्ध त्यस्तो अधिकार प्रयोग भएको हो सो व्यक्तिको ज्यान मरेकोमा,

    (ग) इवी लिएर वा सोच विचार गरेर ज्यान लिएकोमा बाहेक एकाएक भएको झगडामा उठेको रीसको आवेशमा तत्काल कसैको ज्यान मरेकोमा,

    तर यस खण्ड बमोजिमको काम गर्दा कसूरदारले अनुचित लाभ हासिल गरेको वा क्रुर वा अस्वभाविक तवरबाट काम गरेको हुनु हुँदैन ।

**मार्न चाहेको व्यक्ति नमरी अर्को व्यक्ति मरेमा हुने सजाय (दफा** १८०)

- कसैले कसैलाई मार्ने नियतले वा कुनै व्यक्ति मर्न सक्छ भन्ने जानीजानी वा त्यसको विश्वास गर्नु पर्ने कारण भई कुनै काम गर्दा त्यस्तो व्यक्ति नमरी अर्को व्यक्ति मर्न गएमा निजलाई ज्यान मार्दा हुने सजाय हुनेछ ।

**लापरवाहीपूर्ण काम गरी ज्यान मारेमा हुने सजाय (दफा** १८१)

- कसैले लापरवाहीपूर्ण काम गरी कसैको ज्यान मारेमा तीनदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**हेलचक्र्याइँ गरी ज्यान मारेमा हुने सजाय (दफा** १८२)

- कसैले हेलचक्र्याइपूर्ण कुनै काम गरी कसैको ज्यान मारेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कसैको ज्यान मर्न सक्छ जस्तो नदेखिएको अवस्थामा कसैले कुनै काम गर्दा भवितव्यमा परी कसैको ज्यान गएमा निजलाई छ महिनादेखि दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**ज्यान मार्ने उद्योग गरेमा हुने सजाय (दफा** १८३)

- कसैले कसैको ज्यान मार्ने नियतले त्यसको उद्योग गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिलाई फालेमा वा वा परित्याग गरेमा हुने सजाय (दफा** १८४)

- कुनै नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई आफूले हेरचाह वा स्याहार सम्भार गर्ने कर्तव्य भएको व्यक्तिले निजको जिउ, ज्यानमा खतरा पुग्न सक्ने गरी फालेमा, परित्याग गरेमा वा वेवास्ता गरी छोडेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- (३) माथि उल्लेख गरिए बमोजिमको कार्यबाट बालबालिका, अशक्त, रोगी वा बृद्ध व्यक्तिको मृत्यु भएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना तथा नवजात शिशुको मृत्य भएमा जन्म कैद ( पच्चीस वर्ष कैद) को सजाय हुनेछ ।

**आत्महत्या गर्न दुरुत्साहन दिएमा हुने सजाय (दफा** १८५)

- कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गरेमा वा गराएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**क्षतिपूर्ति (दफा** १८६)

- माथि उल्लेख भए बमोजिमको कसूरबाट कसैको जिउ, ज्यान वा  सम्पत्तिमा हानि, नोक्सानी वा क्षति भएमा कसूरदारले पीडित व्यक्ति र निज नभए निजको हकवालालाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**गर्भ संरक्षण बिरुद्धको कसूर**

**गर्भपतन गरेमा हुने सजाय (दफा** १८८)

- कसैले गर्भपतन गरेमा वा गर्भपतन गराउने नियतले वा गर्भ पतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराएमा वा गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराएमा देहाय बमोजिमको सजाय हुनेछ :-
    - (क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना,
    - (ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना,
    - (ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना ।
- गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरुप जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराए सरह सजाय हुनेछ ।
- कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने व्यक्तिलाई ज्यान लिने उद्योग गर्दा हुने सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ ।
- कसैले कुनै गर्भवती महिला बिरुद्ध कुनै रिस इवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुनेछ :-
    - (क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,
    - (ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,
    - (ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद ।
- कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गरे वा गराएमा र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गरे वा गराएमा देहाय बमोजिमको सजाय हुनेछ  :-

(क) गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद, र

(ख) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई उपदफा (३) मा लेखिएको सजायमा थप एक वर्षसम्म कैद ।

**<u>गर्भ पतन गराउन सक्ने</u>** (दफा १८९)

- निर्धारित योग्यता पुगी गर्भपतन गराउन इजाजत प्राप्त गरेको चिकित्सक वा स्वास्थ्यकर्मीले देहायको अवस्थामा गर्भपतन गराएकोमा सजाय हुने छैन :-

  (क) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराएकोमा,

  (ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

  (ग) जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

  (घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा ।

**<u>कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसूर</u>**

**<u>कुटपिट गरेमा हुने सजाय</u>** (दफा १९१)

- कसैले कसैलाई देहायको कुनै कार्य गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ :-

  (क) कुनै किसिमको शारीरिक पीडा पुऱ्याएमा,

  (ख) कुनै काम गरी रोग सारेमा,

  (ग) अन्य कुनै कार्य गरी शरीरको कुनै अङ्ग सामान्य रुपमा काम गर्न नसक्ने गरी अशक्त बनाएमा वा मानसिक अशक्त बनाएमा ।

**<u>अङ्गभङ्ग गरेमा हुने सजाय (दफा</u>** १९२)

- कसैले कसैको देहाय बमोजिम अङ्गभङ्ग गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ :-

  (क) आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहीन बनाइदिएमा,

  (ख) नाकको सुँघ्ने शक्ति नाश गरिदिएमा,

  (ग) कानको सुन्ने शक्ति नाश गरिदिएमा,

  (घ) जिब्रोको बोल्ने शक्ति नाश गरिदिएमा,

  (ङ) महिलाको स्तन काटिदिएमा,

  (च) महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाएमा,

  (छ) मेरुदण्ड, डँडाल्नु, हात खुट्टा वा त्यस्ता अङ्गको जोर्नी भाँची, फोरी, फुकाली बेकम्मा पारिदिएमा,

  (ज) कुटपिटको कारणबाट आफ्नो पेशाको काम गर्न नसक्ने गरी असक्षम बनाइदिएमा ।

- एउटै किसिमको काम दिने एउटाभन्दा बढी अङ्ग हुनेमा त्यसमध्ये एउटा अङ्गमात्र बेकम्मा पारी दिएको भए माथि उल्लेखित सजायको आधा सजाय हुनेछ र अङ्गभङ्ग भएको खत निको भई कामलाग्ने भएमा तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पारेमा हुन सजाय (दफा** १९३)

- कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराएमा वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गरे वा गराएमा कसूरको प्रकृति हेरी अनुहार कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुऱ्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**गम्भीर उत्तेजना वा रीसको आवेशबाट कुटपिट वा अङ्गभङ्ग गरेमा हुने सजाय** (दफा १९४)

- देहायको अवस्थामा कुटपिट गरी अङ्गभङ्ग गरेको रहेछ भने दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र अन्य कुनै किसिमले चोट पुऱ्याएको रहेछ भने एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ :-

  (क) कसैले तत्काल गम्भीर उत्तेजना दिलाउने कुनै काम गरेबाट कसूरदारले आत्मसंयम्को शक्ति गुमाई त्यस्तो उत्तेजना दिलाउने व्यक्तिलाई वा भ्रमवस अरु कसैलाई कुटपिट गरेमा वा संयोगवश अरु कसैलाई चोट पुग्न गएकोमा ।

  तर देहायको अवस्थामा यो खण्ड लागू हुने छैन :-

  (१) कसैले कानूनको पालन गर्दा, निजी रक्षाको अधिकारको प्रयोग गर्दा, कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालन गर्दा वा पालन गर्न लागेको कुनै कामबाट उत्तेजित हुन गई कुटपिट गरेकोमा,

  (२) कसैलाई कुनै क्षति पुऱ्याउने नियतले कसूरदार स्वयंले कसैलाई उत्तेजित गराएको र त्यसरी उत्तेजित भई त्यस्तो व्यक्तिले गरेको कामबाट कसूरदार आफैँ उत्तेजनामा परी कुटपिट गरी चोट पुऱ्याएकोमा ।

  (ख) निजी रक्षाको लागि आवश्यक पर्ने बलभन्दा बढी बल प्रयोग गरी कसैलाई क्षति पुऱ्याएकोमा,

  (ग) एकाएक उठेको झगडाको रीसको आवेशमा तत्काल कसैलाई चोट पुऱ्याएकोमा ।

  तर यस खण्ड बमोजिमको काम गर्दा कसूरदारले अनुचित लाभ हासिल गरेको वा क्रुर वा अस्वभाविक तवरबाट काम गरेको हुनु हुँदैन ।

- माथि जेसुकै लेखिएको भए तापनि इवी लिएर वा सोच विचार गरेर कुटपिट वा अङ्गभङ्ग गरेकोमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**लापरवाहीपूर्ण काम गरी वा हेलचक्र्याई गरी कुटपिट गरेमा वा अङ्गभङ्ग वा अन्य चोट पुऱ्याएमा हुने सजाय (दफा** १९५)

- कसैले लापरवाहीपूर्ण काम गरी वा हेलचक्र्याइँ गरी कसैलाई कुटपिट गरेमा, अङ्गभङ्ग गरेमा वा अन्य चोट पुऱ्याएमा देहाय बमोजिमको सजाय हुनेछ :–

  (क) लापरवाहीपूर्ण काम गरी अङ्गभङ्ग भएकोमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र अन्य किसिमको चोट पुगेको रहेछ भने एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

  (ख) हेलचक्र्याइँ गरी त्यस्तो कसूर गरेको रहेछ भने छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।

**आपराधिक बल प्रयोग गरेमा हुने सजाय (दफा** १९६)

- कसैले कसै उपर देहाय बमोजिमको कार्य गरी आपराधिक बल प्रयोग गरेमा हतियार लिई गरेको बल प्रयोग गरेको भए तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र हतियार नलिई गरेको भए एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ :–

  (क) कुनै कसूर गर्ने नियतले कुनै व्यक्ति उपर कुनै किसिमको बल प्रयोग गरेमा,

(ख) कुनै व्यक्ति वा निजको परिवार वा सम्पत्तिलाई क्षति पुऱ्याउने डर, त्रास उत्पन्न गराउने वा झिझ्याउने नियतले वा त्यस्तो हुन सक्छ भन्ने जानीजानी निज उपर बल प्रयोग गरेमा,

(ग) कसैलाई आफू उपर बल प्रयोग हुन लागेको भन्ने त्रसित पारेमा वा धम्की दिएमा वा जोर जुलुम गरेमा वा अरु कुनै किसिमले त्यसको उद्योग गरेमा ।

- माथि जे सुकै लेखिएको भए तापनि क्षति पुऱ्याउने बदनियतले बल प्रयोग गरेकोमा बाहेक सम्बन्धित विषयको शिक्षण, प्रशिक्षण वा तालिम दिँदा, कुनै किसिमको अभिनय गर्दा, उपचार गर्दा वा भलाई हुने किसिमले कसैको मञ्जुरी लिई कुनै बल प्रयोग गरेकोमा वा कुनै किसिमको खेल हुँदा स्वभाविक प्रकृतिको बल प्रयोग गरेकोमा आपराधिक बल प्रयोग गरेको मानिने छैन ।

**कसूर गर्ने नियतले वेहोस पारेमा हुने सजाय (दफा** १९७)

- कसैले कुनै कसूर गर्न सजिलो पार्ने नियतले अरुलाई वेहोस तुल्याउने, लठ्याउने वा अस्वस्थ पार्ने पदार्थ खुवाएमा वा अन्य कुनै प्रकारले सेवन गराएमा वा कुनै प्रकारले वेहोस गराएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिमको काम गरी कुनै कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत हुने सजायमा यस दफा बमोजिमको सजाय थप हुनेछ ।

**क्षतिपूर्ति** (दफा १९८)

- माथि उल्लिखित कसूरबाट कसैको जीउ वा ज्यानमा चोटपटक वा हानि, नोक्सानी भएको रहेछ भने कसूरदारले पीडित व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**गैरकानूनी थुना सम्बन्धी कसूर**

**बदनियतपूर्वक थुनछेक गरेमा हुने सजाय (दफा** २००)

- कसैले कुनै व्यक्तिलाई कानून बमोजिम बाहेक बदनियतपूर्वक अन्य कुनै किसिमले थुनामा राखेमा वा राख्न लगाएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- अधिकार प्राप्त व्यक्तिले बाहेक अरु कसैले कसैको आवागमनमा अवरोध गरेमा वा गराएमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**मानवोचित न्यूनतम सुविधा नदिई थुनामा राखेमा हुने सजाय (दफा** २०१)

- कानून बमोजिम थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई पनि कानून बमोजिम उपलब्ध गराउनु पर्ने सुविधा नदिई वा थुनामा राखिएको ठाउँमा उपलब्ध न्यूनतम मानवोचित सुविधा नदिई थुनामा राखेमा वा राख्न लगाएमा डेढ वर्षसम्म कैद र पन्ध्र हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**छाड्ने आदेश भएकोमा थुनी राखेमा हुने सजाय (दफा** २०२)

- कानून बमोजिम थुनामा रहेको कुनै व्यक्तिलाई थुनाबाट छाड्न कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट आदेश प्राप्त भएपछि त्यस्तो व्यक्तिलाई थुनाबाट नछाडी थुनी राखेमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म हुनेछ ।

**गोप्य तरिकाले थुनामा राखेमा हुने सजाय (दफा** २०३)

- अधिकार प्राप्त अधिकारीले कुनै व्यक्तिलाई थुनामा राख्दा निज थुनिएको कुरा वा थुनिएको ठाउँको जानकारी नहुने वा पत्ता नलाग्ने गरी गोप्य रुपमा थुनामा राखेमा चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**क्षतिपूर्ति (दफा** २०४)

- माथि उल्लेख भए बमोजिमको कसूर गर्ने वा गराउने कसूरदारले पीडित व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसूर**

**व्यक्ति बेपत्ता पार्ने काम गरेमा हुने सजाय (दफा** २०६)

- कसैले कसैलाई देहाय बमोजिम बेपत्ता पार्ने कार्य गरेमा वा गराएमा बेपत्ता पारेको अवधि र अवस्थालाई समेत विचार गरी मुख्य कसूरदारलाई पन्ध्र वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ :-
  - (क) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष त्यसरी पक्राउ गरेको वा नियन्त्रणमा लिएको मितिले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र उपस्थित नगराई वा सरोकारवालालाई भेटघाट गर्न नदिई निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,
  - (ख) कुनै व्यक्ति, सङ्गठन वा सङ्गठित वा असङ्गठित समूहको नामबाट कुनै व्यक्तिलाई अपहरण गरी, कब्जा वा नियन्त्रणमा लिई वा अन्य कुनै किसिमले निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरेकोमा त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा सरोकारवालालाई जानकारी नदिने ।
- कुनै व्यक्तिलाई जुन व्यक्तिको आदेशले पक्राउ गरी, थुनामा राखी वा नियन्त्रणमा लिई वेपत्ता पारेको हो त्यस्तो आदेश दिने र त्यस्तो आदेशको कार्यान्वयन गर्ने व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार मानिनेछ ।
- व्यक्ति बेपत्ता पार्ने कार्य कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा सङ्गठन वा सङ्गठित वा असङ्गठित समूहको जिम्मेबार व्यक्तिको आदेश वा निर्देशन बमोजिम भए गरेको रहेछ भने त्यस्तो आदेश वा निर्देशन दिने व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार मानिनेछ ।
- कसैले आफू मातहतको पदाधिकारी, निकाय वा समूहद्वारा व्यक्ति बेपत्ता पार्ने कार्य गर्न वा गराउन लागेको कुरा थाहा पाएर पनि त्यसको उपेक्षा गरेमा वा त्यस्तो कार्य रोक्ने सम्बन्धमा आवश्यक उपाय नअपनाएमा निजले समेत व्यक्ति बेपत्ता पार्ने कसूर गरेको मानिनेछ ।
- कुनै व्यक्तिलाई एकभन्दा बढी व्यक्तिले सामूहिक रुपमा बेपत्ता पारेमा त्यस्तो कार्यमा संलग्न प्रत्येक व्यक्ति समान रुपमा कसूरदार मानिनेछ ।
- व्यक्ति बेपत्ता पार्न मतियार बन्ने वा षड्यन्त्र गर्नेलाई व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार सरह र सोको उद्योग गर्ने वा परिपञ्च मिलाउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
- महिला वा बालबालिकालाई बेपत्ता पार्नेलाई थप दुई वर्ष कैद सजाय हुनेछ ।
- कसैले कुनै व्यक्तिलाई बेपत्ता पारिएको अवस्थामा वेपत्ता पारिएको व्यक्तिको विरुद्ध कानून बमोजिम सजाय हुने अन्य कुनै कसूर गरेको रहेछ भने निजलाई त्यस्तो कसूर बापत कानून बमोजिम हुने सजायमा व्यक्ति बेपत्ता पारे वापत हुने सजाय थप हुनेछ ।
- सरकारी साधन, भवन, हातहतियार वा मालसामान प्रयोग गरी व्यक्ति बेपत्ता पार्ने व्यक्तिलाई यस दफामा हुने सजायमा थप एक वर्ष कैद हुनेछ ।

**कसूरसँग सम्बन्धित मालसामान जफत हुने (दफा** २०७)

- व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसूर गर्दा सम्बन्धित धनीले जानीजानी प्रयोग गर्न दिएको वा धनीको सहमतिले प्रयोग गरिएका घर जग्गा, सवारी साधन, हातहतियार तथा अन्य सबै मालसामान जफत हुनेछन् ।

**क्षतिपूर्ति (दफा** २०८)

- बेपत्ता पारिएको व्यक्ति पछि सार्वजनिक भएमा वा गरिएमा निजले र निजको मृत्यु भइसकेको भएमा निजको हकवालाले बेपत्ता पार्ने व्यक्तिबाट मनासिब क्षतिपूर्ति पाउनेछ ।

**अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर**

**अपहरण गरेमा वा शरीर बन्धक लिएमा हुने सजाय (दफा २११, २१२, २१३, २१४)**

- कसैले कुनै व्यक्तिलाई अपहरण गरे वा गराएमा वा शरीर बन्धक लिएमा देहाय बमोजिम सजाय हुनेछ :-
  - (क) ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जवर्जस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा बिरुद्ध जवर्जस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले अपहरण गरे वा गराएको वा शरीर बन्धकमा लिएको भए सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना
  - (ख) अन्य उद्देश्यले अपहरण गरे वा गराएको वा शरीर बन्धक लिएको भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रुपैयाँ सम्म जरिबाना ।
  - (ग) कसैले कसैलाई अपहरण गरी शरीर बन्धक लिएमा दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
  - (घ) कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस ऐन वा कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसूर बापतको सजायमा माथि उल्लेखित सजाय थप हुनेछ ।
  - (ङ) कसैले सङ्गठित रुपमा अपहरण वा शरीर बन्धक लिने सम्बन्धी कसूर गरे गराएको रहेछ भने थप दुई वर्ष कैद सजाय हुनेछ ।
  - (च) कसैले अपहरण गर्न वा शरीर बन्धक लिन कसैलाई दुरुत्साहन दिएमा वा आदेश दिएमा मुख्य कसूरदारलाई भए सरह सजाय हुनेछ ।
  - (छ) कसैले अपहरण गर्ने वा शरीर बन्धक लिने उद्योग वा षड्यन्त्र गरेमा वा मतियार भएमा आधा सजाय हुनेछ ।

**आत्मसमर्पण गरेमा सजाय कम हुने** (दफा २१६)

- अपहरण गर्ने वा शरीर बन्धकमा लिने व्यक्तिले कसूर गर्दा गर्दैको बखत सुरक्षाकर्मी समक्ष आत्मसमर्पण गरेमा वा अन्य कसूरदार वा सो कसूर गर्ने गिरोहका सदस्यलाई पक्राउ गर्न सहयोग पुऱ्याएमा अवस्था हेरी अदालतले निजलाई सजाय कम गर्न सक्नेछ ।

**क्षतिपूर्ति (दफा** २१७)

- अपहरण गरेको वा शरीर बन्धक लिएको ठहरेमा कसूर गर्ने वा गराउने व्यक्तिले पीडित व्यक्ति वा निजको नजिकको हकदारलाई क्षतिपूर्ति दिनु पर्नेछ ।

**करणी सम्बन्धी कसूर**

**जबर्जस्ती करणी गरेमा हुने सजाय** (दफा २१९)

- कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ :-
  - (क) दश वर्षभन्दा कम उमेरकी बालिका भए सोह्र वर्षदेखि बीस वर्षसम्म,
  - (ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए चौध वर्षदेखि सोह्र वर्षसम्म,
  - (ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,
  - (घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,
  - (ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म ।

● बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुनेछ ।

तर देहायको अवस्थालाई वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैन :-

(क) पतिसँग मानो छुट्टिई अंश मुद्दा चलेको,

(ख) पतिसँग अड्श लिई छुट्टै बसेको,

(ग) पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको ।

● आफूलाई मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.पोजिटिभ) वा सरुवा यौनरोग ( सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेमा देहाय बमोजिमको थप सजाय समेत हुनेछ :-

(क) मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,

(ख) अन्य सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना ।

● सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ ।

● कसैले हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ ।

**हाडनातामा करणी गरेमा हुने सजाय (दफा २२०)**

● कसैले आफ्नो जात वा कुलमा चली आएको चलन, परम्परा वा मान्यता अनुसार विवाह गर्न नहुने नाताको व्यक्ति हो भन्ने जानीजानी करणी लिनु दिनु गरेमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) जन्माउने आमा छोराको वा बाबु छोरीको करणी भएमा जन्मकैद,

(ख) सौतेनी आमा छोरा वा बाबु छोरी, सहोदर दिदी भाइ वा दाजु बहिनी, एकै हाँगाको ससुरा बुहारी, एकै हाँगाको बाजे नातिनी वा पनातिनी, एकै हाँगाका जेठाजु र भाइ बुहारी वा देवर भाउजूको करणी भएमा चार वर्षदेखि दश वर्षसम्म कैद र चालीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) एकै हाँगाको तीन पुस्तासम्मको बज्यै, नाति वा पनाति, एकै हाँगाको ठूलो बाबु वा काका भतिजी, एकै हाँगाको भतिजो ठूली आमा वा काकी, एकै हाँगाको ससुरो भतिजी बुहारी, साख्यै मामा भाञ्जी वा भानिज माइजु, आमा तर्फका ठूली आमा वा सानी आमा र छोरा र आफ्नी श्रीमती तर्फकी सासू र ज्वाँइको करणी भएमा तीन वर्षदेखि छ वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (क), (ख) वा (ग) मा लेखिएदेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो, नाता र पुस्ता समेत विचार गरी एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना ।

**थुनामा रहेको व्यक्तिसँग करणी गरेमा हुने सजाय (दफा २२१)**

● कैद वा थुनामा रहेको कुनै व्यक्तिसँग सरकारी कर्मचारीले करणी गर्न वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाई दिई करणी गराएमा तीन वर्षसम्म कैद सजाय हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिमको सजायमा यस दफा बमोजिमको सजाय थप हुनेछ ।

**आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गरेमा हुने सजाय (दफा २२२)**

● कसैले आफूले संरक्षण वा सुरक्षा दिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसँग करणी गरेमा वा करणी गर्न अरुलाई सहयोग गरेमा वा होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनर्स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाका पदाधिकारी वा

कर्मचारीले करणी गरेमा तीन वर्षसम्म कैद हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ ।

**कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गरेमा हुने सजाय (दफा २२३)**

- सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यावसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी वा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा वा करणी गर्न अरुलाई सहयोग गरेमा चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ ।

**यौन दुर्व्यवहार गरेमा हुने सजाय (दफा २२४)**

- कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी विना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**बालयौन दुरुपयोग गरेमा हुने सजाय (दफा २२५)**

- कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**अप्राकृतिक मैथुन गरेमा हुने सजाय (दफा २२६)**

- कसैले कसैको मञ्जुरी विना अप्राकृतिक मैथुन गरे वा गराएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कसैले बालबालिका बिरुद्ध अप्राकृतिक मैथुन गरेमा जबरजस्ती करणी गरे सरह सजाय हुनेछ ।

**पशु करणी गरेमा हुने सजाय (दफा २२७)**

- कसैले गाईको करणी गरे वा गराएको भए दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना र अन्य पशु करणी गरे वा गराएको भए एक वर्षसम्म कैद र दश हजार रुपैंयाँसम्म जरिबाना हुनेछ ।

**क्षतिपूर्ति (दफा २२८)**

- हाडनाता करणी र पशु करणी बाहेक करणी सम्बन्धी अन्य कसूरबाट पीडित व्यक्तिलाई कसूरदारले मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**इलाज सम्बन्धी कसूर**

**इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा हुने सजाय (दफा २३०)**

- चिकित्सा सम्बन्धी विषयमा निर्धारित शैक्षिक योग्यता प्राप्त गरेपछि कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट इलाज गर्नको लागि इजाजत प्राप्त गरेको व्यक्तिले बाहेक कसैले कसैलाई चिकित्सा सेवा दिएमा, कसैको मानव शरीरको कुनै अङ्गको चिरफार गरेमा, कुनै प्रकारको औषधि खुवाएमा वा खान सिफारिस गरेमा वा अन्य कुनै प्रकारले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ र यसरी चिकित्सा सेवा दिँदा, चिरफार गर्दा वा औषधि खुवाउँदा कसैको ज्यान मर्न गएमा जन्मकैद हुनेछ र अङ्गभङ्ग भएमा पन्ध्र वर्षसम्म कैद हुनेछ ।

- लामो अनुभवबाट इलाज सम्बन्धमा जानकारी राख्ने व्यक्तिले उचित होसियारी अपनाई सानो तिनो रोग लागेको विरामीको मानव अङ्गलाई कुनै खास प्रतिकूल असर नपर्ने मामुली प्रकृतिको औषधि खुवाउन वा सानोतिनो घाउ, खटिरा चिरफार गरी उपचार गर्न सक्नेछ ।

**बद्नियत चिताई इलाज गरेमा हुने सजाय (दफा** २३१)

- कसैले कसैको ज्यान मार्ने वा अङ्गभङ्ग गर्ने नियतले उपचार गरेमा, एक किसिमको इलाज गर्नु पर्नेमा अर्को किसिमको इलाज गरेमा वा कुनै औषधि खुवाउँदा वा खान सिफारिस गर्दा कसैको ज्यान मर्न वा अङ्गभङ्ग हुन सक्छ भन्ने जानीजानी वा सो थाहा पाउनु पर्ने मनासिब कारण भई त्यस्तो औषधि खुवाएमा वा खान सिफारिस गरेमा वा चिरफार गरेमा वा मानव शरीरको कुनै एक अङ्गको चिरफार गर्नु पर्नेमा अर्को अङ्ग चिरफार गरेमा वा त्यस्तो अङ्ग बेकम्मा बनाएमा वा शरीरबाट त्यसलाई अलग गर्ने काम गरेमा वा गराएमा देहाय बमोजिमको सजाय हुनेछ :-

  (क) कसैको ज्यान गएकोमा ज्यान मारे सरह,

  (ख) कसैको अङ्गभङ्ग भएकोमा अङ्गभङ्ग गराए सरह ।

**लापरबाही वा हेलचक्र्याइँ गरी इलाज गरेमा हुने सजाय (दफा** २३२)

- कानून बमोजिम इलाज गर्न पाउने व्यक्तिले कसैको इलाज गर्दा पर्याप्त होसियारी वा सावधानी नअपनाई लापरबाही गरी इलाज गरेमा, औषधि खान दिएमा वा खान सिफारिस गरेमा वा चिरफार गरेमा र त्यस्तो कार्यबाट कसैको ज्यान मर्न गएमा वा अङ्गभङ्ग भएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- कानून बमोजिम इलाज गर्न पाउने व्यक्तिले कसैको इलाज गर्दा पर्याप्त होसियारी वा सावधानी नअपनाई हेलचक्र्याइँ गरी इलाज गरेमा, औषधि खान दिएमा वा खान सिफारिस गरेमा वा चिरफार गरेमा र त्यस्तो कार्यबाट कसैको ज्यान मर्न गएमा वा अङ्गभङ्ग भएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**मञ्जुरी विना मानव शरीरमा परीक्षण गरेमा हुने सजाय (दफा** २३३)

- कानून बमोजिम इलाज गर्न पाउने व्यक्तिले सम्बन्धित व्यक्ति र बालबालिका वा होस ठेगानमा नभएको व्यक्ति भए निजको बाबु आमा वा संरक्षकको मञ्जुरी नलिई र त्यस्तो व्यक्ति वा बाबु आमा वा संरक्षकलाई जानकारी नदिई मानव शरीरमा कुनै इलाज सम्बन्धी विधि, चिरफार वा औषधि परीक्षण गरेमा वा गराएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- कसैले माथि उल्लेख भए बमोजिम परीक्षण गर्दा त्यस्तो विधि, चिरफार वा औषधिको मानव शरीरमा हुन सक्ने असर समेतलाई विचार गरी होसियारी पूर्वक गर्नु पर्नेमा त्यस्तो नगरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- कसैले अनुचित आर्थिक लाभ लिने वा महिलाको गोपनियता भङ्ग गर्ने वा अन्य कुनै नियतले कसैको शारीरिक परीक्षण गरेमा वा अङ्ग परिवर्तन गरेमा वा गराएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ । ।

- कसैले माथि उल्लेख भए बमोजिमको काम गर्दा कसैको ज्यान मरेकोमा ज्यान मारे सरह र अङ्गभङ्ग भएकोमा अङ्गभङ्ग गरे सरह सजाय हुनेछ ।

**जोखिमपूर्ण औषधि बिक्री वितरण गरेमा हुने सजाय (दफा** २३४)

- कानून बमोजिम औषधि बिक्री वितरण गर्न पाउने व्यक्तिले इलाज गर्न पाउने इजाजत प्राप्त व्यक्तिको सिफारिस विना कसैलाई मानव शरीरमा गम्भीर असर हुने कुनै लागू औषध, विषादी वा जोखिमपूर्ण औषधि बिक्री वितरण गरेमा वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**औषधिमा मिसावट गरेमा वा मिसावट गरेको औषधि बिक्री गरेमा हुने सजाय दफा** २३५)

- कसैले जानीजानी औषधिको असर शुन्य वा घटी वा बदलिने वा हानिकारक हुने गरी कुनै औषधिमा मिसावट गरेमा वा त्यसरी मिसावट भएको औषधि वा अन्य कुनै बस्तुलाई औषधि भनी बिक्री गरेमा वा

उपचारको निमित्त कसैलाई दिएमा वा कुनै व्यक्तिलाई त्यस्तो औषधि सेवन गराएमा वा गराउन लगाएमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) त्यस्तो औषधि सेवन गरेको कारणले ज्यान मरिसकेकोमा ज्यान मारेको सरह,

(ख) त्यस्तो औषधि सेवन गरेको कारणले ज्यान मर्न सक्ने गरी खतरा पुगेको वा पुग्ने सम्भावना भएकोमा ज्यान मार्ने उद्योग गरे सरह,

(ग) त्यस्तो औषधि सेवन गरेको कारणले शरीरको कुनै अङ्गभङ्ग हुने वा सोको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,

(घ) अन्य अवस्थामा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना ।

**म्याद नाघेको वा पूर्व सावधानी नलिई औषधि बिक्री, वितरण गरेमा हुने सजाय (दफा** २३६)

- कसैले कुनै निश्चित समयावधिभित्र प्रयोग गरिसक्नु पर्ने औषधि सो म्याद नाघेपछि बिक्री गरेमा वा कुनै औषधि बिक्री वितरण गर्दा कुनै खास पूर्व सावधानी लिनु पर्नेमा त्यस्तो नलिई बिक्री वितरण गरेमा वा गराएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**एक औषधिलाई अर्को औषधि भनी बिक्री वितरण गरेमा हुने सजाय (दफा** २३७)

- कानून बमोजिम औषधि बिक्री गर्न पाउने व्यक्तिले औषधि बिक्री वितरण गर्दा एक किसिमको औषधिलाई तात्विक रुपमा भिन्न अर्को किसिमको औषधि हो भन्ने जानीजानी वा थाहा पाउनु पर्ने मनासिब कारण भई बिक्री वितरण गरेमा वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**झुट्ठा प्रतिवेदन दिएमा हुने सजाय (दफा** २३८)

- कानून बमोजिम मानव रगत, मूत्र वा खकार आदि प्रयोगशाला परीक्षण (प्याथोलोजिकल टेष्ट) गर्न इजाजतपत्र प्राप्त व्यक्तिले त्यसरी परीक्षण गर्दा झुट्ठा वा गलत प्रतिवेदन दिएमा वा परीक्षणबाट प्राप्त तथ्यभन्दा फरक तथ्य उल्लेख गरी प्रतिवेदन दिएमा वा दिन लगाएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेख भए बमोजिम झुठ्ठा प्रतिवेदनको आधारमा कसैलाई औषधि सिफारिस गरी सेवन गर्दा, चिरफार गर्दा वा उपचार गर्दा कसैको ज्यान मरेमा ज्यान मारे सरह वा अङ्गभङ्ग भएमा अङ्गभङ्ग गरे सरह सजाय हुनेछ ।

**क्षतिपूर्ति (दफा** २३९)

- माथि उल्लेख भए बमोजिम इलाज सम्बन्धी कसूर गरेको कारणबाट कसैको ज्यान मरेमा वा अङ्गभङ्ग भएमा वा अन्य हानि, नोक्सानी वा क्षति पुगेकोमा कसूरदारले सम्बन्धित पीडितलाई र पीडितको मृत्यु भएकोमा निजको हकवालालाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**चोरी तथा डाँका सम्बन्धी कसूर**

**चोरी गरेमा हुने सजाय** (दफा २४२)

- देहाय बमोजिमको अवस्थामा चोरी गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षदेखि सात वर्षसम्म कैद र बीस हजार रुपैयाँदेखि सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ :-

(क) कुनै सरकारी वा सार्वजनिक सम्पत्ति वा कुनै धार्मिक स्थान वा देवालयको सम्पत्ति चोरी गरेमा,

(ख) कुनै व्यक्तिलाई मादक पदार्थ खुवाई वा लागू पदार्थ सेवन गराई वा अरु किसिमले वेहोस गराई कुनै सम्पत्ति चोरी गरेमा,

(ग) भूकम्प, आगलागी, बाढी, हूलदङ्गा वा यस्तै प्रकृतिको अरु कुनै सङ्कटापन्न स्थिति वा कुनै दुर्घटनाको मौका छोपी कुनै सम्पत्ति चोरी गरेमा,

(घ) आफू जुन कार्यालय वा व्यक्तिको सेवामा रहेको छ त्यस्तो कार्यालय वा व्यक्तिको सम्पत्ति चोरी गरेमा,

(ङ) मानिस वा वस्तु परिवहनको लागि उपयोग भएको कुनै सवारीमा चोरी गरेमा ।

- अन्य अवस्थामा चोरी गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**नकवजनी चोरी गरेमा हुने सजाय (दफा** २४३)

- कसैले कुनै घरमा सो घरको मूल ढोका फोरी वा मूल ढोका बाहेक अन्य कुनै बाटो, स्थान वा तरिका वा साधनबाट प्रवेश गरी चोरी गरेमा वा चोरी गरिसकेपछि मूल ढोका फोरी वा मूल ढोका बाहेक अन्य कुनै बाटो, स्थान वा तरिका वा साधनबाट बाहिर निस्केमा वा निस्कने उद्योग गरेमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**डाँका गरेमा हुने सजाय (दफा** २४४)

- कसैले चोरी गर्नाका लागि वा चोरी गर्दा वा चोरी गरेको सम्पत्ति लैजान वा चोरी गरेपछि पक्राउबाट बच्नका लागि कुनै व्यक्तिको ज्यान लिएमा वा निजलाई कुटपिट गरी चोट पुऱ्याएमा वा बाँधछाँद वा थुनछेक गरेमा वा सो कुराको उद्योग गरेमा वा तत्कालै कुनै व्यक्तिको ज्यान लिने वा निजलाई कुटपिट गरी चोट पुऱ्याउने डरत्रास देखाएमा वा जोखिमी हातहतियार साथमा लिई चोरी गरेमा सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँदेखि एक लाख चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कसैले तत्कालै कसैको ज्यान लिने वा कसैलाई चोट पुऱ्याउने वा नियन्त्रणमा लिने डरत्रास देखाई वा आपराधिक लाभ लिई कुनै रकम वा आर्थिक लाभ प्राप्त गरेमा सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँदेखि एक लाख चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कसैले बाटो घाटो, एकान्त स्थल वा जङ्गलमा ढुकी डर, त्रास देखाई जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा चोरी गरेमा पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- तीन जना वा तीन जनाभन्दा बढीको जमात भई चोरी गरेमा पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

**चोरीमा प्रयोग हुने औजार लिई हिँडेमा हुने सजाय (दफा** २४५)

- कसैले चोरी गर्ने वा डाँका गर्ने नियतले चोरी वा डाँकामा प्रयोग हुन सक्ने औजार, मालसामान, हातहतियार, नक्कली साँचो, पञ्जा, भऱ्याङ्ग आदि साधन लिई कसैको घर परिसरमा हिँडेमा, प्रवेश गरेमा वा प्रवेश गर्ने उद्योग गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कसैले चोरी वा डाँकामा प्रयोग हुन सक्ने औजार, मालसामान, हातहतियार, नक्कली साँचो, पञ्जा, भऱ्याङ्ग आदि साधन लिई कसैको घर परिसरमा हिँड्ने, प्रवेश गर्ने वा प्रवेश गर्ने उद्योग गर्ने व्यक्तिले अन्यथा प्रमाणित भएकोमा बाहेक चोरी गर्ने नियतले हिँडेको, प्रवेश गरेको वा प्रवेश गर्न उद्योग गरेको मानिनेछ ।

**बगली मारेमा हुने सजाय (दफा** २४६)

- कसैले पैदल हिँडिरहेको, सवारी साधनमा यात्रा गरिरहेको वा कुनै सार्वजनिक स्थानमा रहेको व्यक्तिले थाहा पाउने वा नपाउने गरी निजको बगली वा निजको साथमा रहेको थैली, झोला वा अन्य कुनै किसिमको साधनमा रहेको नगद वा धनमाल लिएमा देहाय बमोजिम सजाय हुनेछ :-
  - (क) पहिलो पटक भए एक महिनासम्म कैद वा विगो बमोजिम जरिबाना वा दुवै सजाय,
  - (ख) दोस्रो पटकदेखि पटक्कै पिच्छे दुई महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना कैद वा दुवै सजाय ।
- दश हजार रुपैयाँ नगद वा दश हजार रुपैयाँभन्दा बढी मूल्य भएको धनमाल बगली मारेको भए चोरी गरे वापत हुने सजाय (तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना) हुनेछ ।

**बिगो भराउनु पर्ने (दफा** २४७)

- चोरी सम्बन्धी कसूर गर्ने कसूरदारबाट त्यस्तो कसूरको बिगो भएमा बिगो जफत भई सम्पत्ति धनीले पाउनेछ । कसूरदारले बिगोको सम्पत्ति मासिसकेको भए त्यस्तो बिगोको मूल्य बराबरको सम्पत्ति चारी गर्ने व्यक्तिबाट असूल उपर गरी धनीलाई उपलब्ध गराइनेछ ।

**<u>ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर</u>**

**<u>ठगी गरेमा हुने सजाय</u>** (दफा २४९)

- कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई, फुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानि, नोक्सानी वा क्षति पुऱ्याएमा वा आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गरेमा देहाय बमोजिम सजाय हुनेछ :-
  - (क) भ्रष्टाचार हुनेमा बाहेक नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको कुनै संस्थालाई ठगी गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,
  - (ख) आफनो नाम, दर्जा, पदवी, योग्यता ढाँटी ठगी गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,
  - (ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना ।
- ठगीबाट पीडित व्यक्तिले ठगी गर्ने व्यक्तिबाट कुनै लिखत गराएको रहेछ भने त्यस विषयमा लिखत बमोजिम हुनेछ ।
- बालबालिका, होस ठेगानमा नरहेको व्यक्ति, असहाय, निरक्षर वा पचहत्तर वर्ष माथिको व्यक्तिलाई ठगी गरेकोमा थप एक वर्षसम्म कैद सजाय हुनेछ ।

**<u>ठेक्का वा करारको काममा फरक पारेमा हुने सजाय (दफा</u>** २५०)

- निर्माण सम्बन्धी काम वा अन्य कुनै काम गर्ने जिम्मेवारी लिएको व्यक्तिले वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले बेइमानीका नियतले निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी वा प्रयोग हुने मालको परिमाण घटीबढी पारी वा अन्य कुनै किसिमबाट निर्धारित गुणस्तरभन्दा फरक पारी निर्माण कार्य वा अन्य काम गरेमा वा गराएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कुनै माल, वस्तु वा सेवा आपूर्ति गर्ने जिम्मेवारी भएको व्यक्ति वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले बेइमानीका नियतले कमसल वा घटी परिमाणका माल, वस्तु वा सेवा आपूर्ति गरेमा वा अन्य कुनै किसिमबाट तोकिएको भन्दा फरक गुणको माल, वस्तु वा सेवा उपलब्ध गरेमा वा गराएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**<u>सम्पत्तिको आपराधिक उपयोग गरेमा हुने सजाय (दफा २५१)</u>**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-
  - (क) कुनै व्यक्तिको मृत्यु हुँदाको बखत निजको कव्जामा रहेको सम्पत्ति निजको कानून बमोजिमको हकवालाको कव्जामा नपर्दै त्यस्तो सम्पत्तिको आपराधिक उपयोग गरेमा वा बालबालिका, मानसिक वा शारीरिक अस्वस्थताले होस ठेगानमा नरहेको व्यक्ति वा पचहत्तर वर्ष माथिका व्यक्तिको सम्पत्तिको आपराधिक उपयोग गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,
  - (ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा सम्पत्तिको आपराधिक उपयोग गरेको भए एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।
- कसैले देहायको काम गरेमा निजले सम्पत्तिको आपराधिक उपयोग गरेको मानिनेछ :-
  - (क) अर्काको सम्पत्ति बेइमानीको नियतले कब्जा गरी उपयोग गरेमा, हानि, नोक्सानी वा हिनामिना गरेमा वा सम्बन्धित व्यक्तिको मञ्जुरी विना भाडामा लगाएमा वा बेचबिखन गरेमा,

तर कुनै जग्गाको वास्तविक सँधियारले भुलवस सामान्य रुपमा साँध सीमाना मिच्ने गरी कसैको सम्पत्ति उपयोग गरेकोमा यस खण्ड बमोजिमको कसूर मानिने छैन ।

(ख) वेवारिसी सम्पत्ति पाउने व्यक्तिले त्यस्तो सम्पत्तिको धनी थाहा भएर वा त्यस्तो सम्पत्तिको धनी थाहा हुँदा हुँदै वा थाहा पाएपछि पनि मनासिब समयभित्र त्यस्तो धनीलाई त्यस्तो सम्पत्ति फिर्ता नगरी वा सम्पत्ति फिर्ता लिन सूचना नदिई वा त्यस्तो सम्पत्तिको धनीलाई उचित म्यादसम्म नपर्खी बेइमानीपूर्वक त्यस्तो सम्पत्ति आफ्नो निमित्त उपयोग गरेमा वा कुनै प्रकारले रुपान्तरण गरेमा ।

तर उचित प्रयास गर्दा पनि सम्पत्तिको धनी पत्ता नलागेमा वा सूचना दिएको उचित म्यादभित्र सम्पत्ति धनी सम्पत्ति फिर्ता लिन नआएमा सम्पत्ति पाउने व्यक्तिले सो सम्पत्ति आफ्नो निमित्त असल नियतले उपयोग गरेमा यस दफा बमोजिमको कसूर गरेको मानिने छैन ।

- आपराधिक उपयोग गरेको सम्पत्ति फिर्ता गर्न सकिने अवस्थामा रहेछ भने त्यसरी उपयोग गर्ने व्यक्तिले त्यस्तो सम्पत्तिको धनी वा निजको मृत्यु भइसकेको भए निजको नजिकको हकवालालाई फिर्ता गर्नु पर्नेछ।

**<u>आपराधिक विश्वासघात गरेमा हुने सजाय (दफा</u>** २५२)

- कसैले आपराधिक विश्वासघात गरे वा गराएमा देहाय बमोजिमको सजाय हुनेछ :-
  - (क) कुनै संस्थाको व्यवस्थापक, प्रबन्धक, कर्मचारी वा प्रतिनिधिको हैसियतले कुनै व्यक्तिले वा कुनै सम्पत्ति एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याइदिने वा गोदाम वा अन्य कुनै ठाउँमा सुरक्षित साथ राख्ने जिम्मा लिएको वा त्यस्तो गर्ने कानूनी कर्तव्य भएको व्यक्तिले आपराधिक विश्वासघात गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,
  - (ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अरु कसैले आपराधिक विश्वासघात गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।
- कसैले देहायको कुनै काम गरेमा निजले आपराधिक विश्वासघात गरे वा गराएको मानिनेछ :-
  - (क) आफ्नो जिम्मा वा संरक्षणमा रहेको अर्काको सम्पत्ति बेइमानीपूर्वक आफ्नो निमित्त प्रयोग गरेमा वा कुनै प्रकारले रुपान्तरण गरेमा वा त्यस्तो सम्पत्तिको उपयोग तत्सम्बन्धी करार वा शर्तनामा वा कानून विपरीत बेइमानीपूर्वक आफ्नो निमित्त उपयोग गरेमा वा अरु कसैलाई उपयोग गर्न दिएमा वा हक टुटाई अरुलाई दिएमा वा दिलाएमा,
  - (ख) अर्काको कुनै काम कारोवार गर्ने जिम्मा लिएको वा कानूनी कर्तव्य पालन गर्नु पर्ने जिम्मेवारी भएको व्यक्तिले वा कुनै काम कारोवारका सम्बन्धमा अर्काको प्रतिनिधिको रुपमा काम गर्ने व्यक्तिले आफू वा अरु कसैलाई फाइदा पुऱ्याउनको लागि आफ्नो कर्तव्यको विपरीत कुनै काम गरी त्यस्तो व्यक्तिलाई कुनै हानि, नोक्सानी वा क्षति पुऱ्याएमा ।

**<u>आपराधिक लाभ (एक्सटर्सन) लिएमा हुने सजाय (दफा</u>** २५३)

- कसैले आपराधिक लाभ (एक्टर्सन) लिए वा लिन लगाएमा देहाय बमोजिम सजाय हुनेछ :-
  - (क) आपराधिक लाभ लिने नियतले कसैको ज्यान लिने, अङ्गभङ्ग गर्ने वा गम्भीर चोट पुऱ्याउने डर वा त्रास देखाएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना,
  - (ख) कसैको व्यवसायमा गैर कानूनी तरिकाले कुनै क्षति पुऱ्याउने वा चरित्रमा झुठो दोष लगाउने नियतले डर, त्रास देखाई आपराधिक लाभ लिएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना,
  - (ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा आपराधिक लाभ लिएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना ।
  - कसैले कुनै व्यक्तिलाई निजको वा अरु कसैको कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा आपराधिक लाभ लिएको मानिनेछ ।

**<u>क्षतिपूर्ति</u>** (दफा २५४)

- माथि उल्लेख भए बमोजिम ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूरबाट कसैलाई हानि, नोक्सानी पुगेको रहेछ भने त्यस्तो कसूरदारबाट विगो खुलेकोमा बिगो असूल गरी पीडितलाई भराईनेछ र विगो नखुलेकोमा पीडितलाई मनासिब क्षतिपूर्ति भराईनेछ।

**मुद्रा सम्बन्धी कसूर**

**खोटा मुद्रा बनाएमा हुने सजाय (दफा** २५६)

- कसैले खोटा मुद्रा बनाएमा वा बनाउने उद्योग गरेमा वा गराएमा मुद्राको परिमाण र मूल्य विचार गरी पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

**खोटा मुद्रा चलन गरेमा हुने सजाय (दफा** २५७)

- कसैले खोटो मुद्रा हो भन्ने जानीजानी सद्दे सरह चलन गर्ने नियतले त्यस्तो मुद्रा खरिद वा बिक्री गरेमा, निकासी वा पैठारी गरेमा, लेनदेन गरेमा, सद्दे सरह चलनमा ल्याएमा वा त्यसको उद्योग गरेमा वा आफूसँग राखेमासात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**खोटा मुद्रा बनाउने सामान बनाउने, राख्ने वा मर्मत गर्नेलाई हुने सजाय (दफा** २५८)

- खोटा मुद्रा बनाउन वा बनाउने काममा प्रयोग हुन्छ भन्ने जानीजानी वा विश्वास गर्ने मनासिब कारण भई कसैले कुनै औजार वा अन्य कुनै सामान बनाएमा, मर्मत गरेमा, खरिद बिक्री गरेमा, दिए लिएमा वा निकासी वा पैठारी गरेमा वा आफूसँग राखेमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**मापदण्ड विपरीत मुद्रा बनाएमा हुने सजाय (दफा** २५९)

- प्रचलित कानून बमोजिम मुद्रा बनाउने अधिकार पाएको कुनै अधिकारी वा व्यक्तिले जानीजानी कानूनद्वारा निर्धारित मापदण्ड तथा शर्त बन्देज विपरीत हुने गरी मुद्रा बनाएमा, बनाउनु पर्नेभन्दा बढी परिमाणमा मुद्रा बनाएमा वा त्यसरी फरक पारी बनाउने नियतले कुनै काम गरेमा वा त्यसबाट आफूलाई वा अरु कसैलाई लाभ पुऱ्याएमा वा त्यस्तो काममा सहयोग पुऱ्याएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**मुद्रा बनाउने औजार बाहिर लगेमा हुने सजाय (दफा** २६०)

- कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले बाहेक कसैले मुद्रा बनाउने यन्त्र वा उपकरण वा अन्य सामग्री मुद्रा बनाउने ठाउँबाट बाहिर लगेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**मुद्राको तौल घटाएमा वा रुप बदलेमा हुने सजाय (दफा** २६१)

- सद्दे सरह व्यवहारमा चलाउने नियतले वा सो हुन सक्छ भन्ने जानीजानी कसैले धातुबाट बनेको मुद्राको तौल घटाएमा वा धातुको अंश फरक पारेमा वा एक किसिमको मुद्रालाई अर्को किसिमको मुद्रा हो भन्ने भान पार्ने गरी निकासी वा पैठारी गरेमा वा आफूसँग राखेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**रोक लगाइएको मुद्रा चलन चल्तीमा ल्याएमा हुने सजाय (दफा** २६२)

- चलन चल्तीमा रहेको मुद्रालाई चलन चल्तीमा ल्याउन रोक लगाउने गरी कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेश भएकोमा त्यस्तो आदेश प्रतिकूल हुने गरी त्यसरी रोक लगाइएको मुद्रा चलन चल्तीमा ल्याएमा, लेनदेन गरेमा वा राखेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र त्यसरी चलन चलाएको, लेनदेन गरेको वा राखेको मुद्रा समेत जफत हुनेछ ।

**बैङ्क नोट वा सिक्का जलाएमा, गालेमा, च्यातेमा वा बैङ्क नोटमा लेखेमा हुने सजाय (दफा** २६३)

- अधिकार प्राप्त अधिकारीको आदेश विना कसैले मुद्राको रुपमा ग्राह्य भएको बैङ्क नोट वा सिक्कालाई जलाएमा वा त्यसलाई काम नलाग्ने गरी गालेमा, च्यातेमा तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- कसैले बैङ्क नोटमा लेखेमा वा कोरेमा तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**झुत्रो बैङ्क नोट दुरुपयोग गरेमा हुने सजाय (दफा २६४)**

- मुद्राको रुपमा ग्राह्य भएको बैङ्क नोट झुत्रो भई वा अक्षर, चिह्न वा आकार नचिनिने भई वा अन्य कुनै कारणले चलन चल्तीमा ल्याउन नहुने भई सडाउने वा जलाउने ठहर भएका झुत्रा नोटहरु कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले जलाउने वा सडाउने कर्तव्य भएको व्यक्तिले त्यस्तो बैङ्क नोट चलन चल्तीमा ल्याएमा वा त्यसबाट कुनै किसिमको लाभ पाउने बदनियतले नजलाई वा नसडाई राखेमा वा कसैलाई दिएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**जफत हुने (दफा २६५)**

- माथि उल्लेख भए बमोजिम मुद्रा सम्बन्धी कसूर गर्न प्रयोग भएको मुद्रा, औजार, उपकरण वा यन्त्र र त्यससँग सम्बन्धित सामग्री जफत हुनेछ ।

**टिकट सम्बन्धी कसूर**

**खोटा टिकट बनाएमा वा चलन गरेमा हुने सजाय (दफा २६७)**

- कसैले सट्टे सरह चलन गर्ने नियतले खोटा टिकट बनाएमा वा बनाउने उद्योग गरेमा, खरिद बिक्री गरेमा, लेनदेन गरेमा, निकासी वा पैठारी गरेमा, सट्टे सरह चलन गरेमा वा त्यस्तो गर्न उद्योग गरेमा वा आफूसँग राखेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**खोटा टिकट बनाउने औजार खरिद, बिक्री, मर्मत इत्यादी गरेमा हुने सजाय (दफा २६८)**

- खोटा टिकट बनाउने काममा प्रयोग हुन्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने मनासिब कारण भई कसैले कुनै औजार वा अन्य कुनै सामान बनाएमा, मर्मत गरेमा, खरिद बिक्री गरेमा, लेनदेन गरेमा वा आफूसँग राखेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**प्रयोग भएको टिकट पुनः प्रयोगमा ल्याएमा हुने सजाय (दफा २६९)**

- एक पटक प्रयोग भइसकेको टिकट हो भन्ने जानीजानी त्यस्तो टिकट कसैले पुनः सट्टे सरह प्रयोग गरेमा, सट्टे सरह प्रयोग गर्ने नियतले टिकटमा लागेको छाप वा चिह्न मेटेमा, खुर्केमा, उडाएमा वा त्यसको उद्योग गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**सार्वजनिक लिखतमा प्रयोग भएको टिकट उप्काएमा हुने सजाय (दफा २७०)**

- कसैले कुनै सार्वजनिक लिखतमा प्रयोग भएको कुनै टिकट उप्काएमा वा उप्काउने उद्योग गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**जफत हुने (दफा २७१)**

- माथि उल्लेख भए बमोजिम टिकट सम्बन्धी कसूर गर्न प्रयोग भएको टिकट, औजार, उपकरण वा त्यससँग सम्बन्धित सामग्री जफत हुनेछ ।

**नापतौल सम्बन्धी कसूर**

**नाप्ने वा तौलने साधन नक्कली बनाएमा वा चलन गरेमा हुने सजाय (दफा २७३)**

- कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तरभन्दा घटी बढी हुने गरी बनाएमा वा बनाउन लगाएमा, त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गरेमा, चलन गर्ने नियतले राखेमा, बिक्री गरेमा वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाएमा वा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा बिगारेमा वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पारेमा वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाएमा वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- माथि उल्लेख भए बमोजिम बनाएको, चलन चल्तीमा ल्याएको साधन, त्यसलाई बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुनेछ ।

**नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गरेमा हुने सजाय (दफा** २७४)

- कसैले कुनै व्यवसाय, कारोबार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानून बमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी बढी हुने गरी कपटपूर्ण रुपमा प्रयोग गरेमा, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पारेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**लिखत सम्बन्धी कसूर**

**कीर्ते गरेमा हुने सजाय (दफा** २७६)

- कीर्ते गर्ने प्रयोजनको लागि कसैले सर्वसाधारण वा कसैलाई कुनै हानि, नोक्सानी वा क्षति पुऱ्याउने वा आफू वा कसैलाई कुनै लाभ पुऱ्याउने नियतले कुनै झुट्टा लिखत वा झुट्टा विद्युतीय अभिलेख वा लिखत वा विद्युतीय अभिलेखको झुट्टा अंश वा भाग बनाउने काम गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-
  - (क) राष्ट्रपतिबाट प्रमाणीकरण भएको लिखत कीर्ते गर्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,
  - (ख) अदालतको फैसला वा आदेश कीर्ते गर्नेलाई आठ वर्षसम्म कैद र असी हजार रुपैयाँसम्म जरिबाना,
  - (ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक अन्य सरकारी वा सार्वजनिक लिखत कीर्ते गर्नेलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना,
  - (घ) खण्ड (क), (ख) र (ग) मा लेखिएदेखि बाहेक अन्य कुरा कीर्ते गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना ।
- कसैले कीर्ते गरी प्राप्त गरेको सम्पत्ति लिई मासिसकेको रहेछ भने निजलाई उल्लिखित सजायको अतिरिक्त विगो बमोजिमको थप जरिबाना समेत हुनेछ ।
- कसैले कीर्ते गरी कुनै सम्पत्ति प्राप्त गरेको रहेछ भने निजले त्यस्तो सम्पत्ति सम्बन्धित धनीलाई फिर्ता गर्नु पर्नेछ र त्यस्तो सम्पत्ति मासिसकेको रहेछ भने कसूरदारको अन्य जायजातबाट त्यसको बिगो धनीलाई भराई दिनु पर्नेछ ।

**कीर्ते लिखत सद्दे सरह राखेमा वा व्यवहारमा ल्याएमा हुने सजाय (दफा** २७७)

- कीर्ते लिखत हो भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने मनासिब कारण भई कसैले बेइमानीपूर्वक त्यस्तो लिखत सद्दे सरह व्यवहार गर्ने नियतले साथमा राखेमा वा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कीर्ते लिखत हो भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने मनासिब कारण भई कसैले त्यस्तो लिखत सद्दे सरह व्यवहारमा ल्याएमा त्यस्तो लिखत कीर्ते गरे सरहको सजाय हुनेछ ।

**कीर्ते लिखत बनाउने औजार बनाएमा हुने सजाय (दफा** २७८)

- कसैले कीर्ते लिखत खडा गर्ने वा बनाउने काममा प्रयोग गर्ने नियतले वा त्यस्तो काममा प्रयोग हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने मनासिब कारण भई कीर्ते लिखत बनाउने छाप वा अन्य कुनै औजार बनाएमा, मर्मत गरेमा, खरीद गरेमा, दिएमा, लिएमा वा आफूसँग राखेमा चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**जालसाजी गरेमा हुने सजाय** (दफा २७९)

- कसैले जालसाजी गर्ने प्रयोजनको लागि कीर्ते मानिने कसूर बाहेक कसैको हक मेट्ने, हदम्याद, तारेख जाने, कुनै किसिमले हानि, नोक्सानी गर्ने वा कसैलाई क्षति वा लाभ पुऱ्याउने नियतले जानीजानी नभए

वा नगरेको कुरा भए गरेको हो भनी वा झुट्टा मिति, अङ्क वा व्यहोरा उल्लेख गरी लिखत बनाएमा वा त्यस्तो लिखतमा सहीछाप गरे वा गराएमा वा आफ्नो हक नभएको कुरामा हक भएको देखाई कुनै काम गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

- कसैले जालसाजी गरी प्राप्त गरेको सम्पत्ति लिई मासिसकेको रहेछ भने निजलाई माथि उल्लिखित सजायको अतिरिक्त बिगो बमोजिमको थप जरिबाना समेत हुनेछ ।
- कसैले जालसाजी गरी कुनै सम्पत्ति प्राप्त गरेको रहेछ भने निजले त्यस्तो सम्पत्ति सम्बन्धित धनीलाई फिर्ता गर्नु पर्नेछ र त्यस्तो सम्पत्ति मासिसकेको रहेछ भने कसूरदारको अन्य जायजातबाट त्यसको बिगो धनीलाई भराई दिनु पर्नेछ ।

**जालसाजी लिखत सद्दे सरह व्यवहारमा ल्याएमा हुने सजाय (दफा २८०)**

- कसैले जालसाजी लिखत हो भन्ने थाहा पाई वा थाहा पाउनु पर्ने मनासिब कारण भई त्यस्तो लिखत सद्दे सरह व्यवहारमा ल्याएमा जालसाजी गरे सरहको सजाय हुनेछ ।

**मतियार मानी सजाय हुने (दफा २८१)**

- कीर्ते कागज हो भनी जानीजानी साक्षी बस्ने वा लिखत लेख्ने व्यक्तिलाई कीर्ते कसूरको मतियार कीर्ते गरे वापत हुने सजायको आधा सजाय हुनेछ ।

**क्षतिपूर्ति (दफा २८२)**

- माथि उल्लेख भए बमोजिम लिखत सम्बन्धी कसूरबाट कसैलाई हानि, नोक्सानी, भएकोमा कसूरदारबाट त्यस्तो हानि, नोक्सानी भएको व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई दिइनेछ ।

**आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसूर**

**आपराधिक प्रवेश गरेमा हुने सजाय (दफा २८४)**

- कसैले कसैको सम्पत्तिमा आपराधिक प्रवेश गर्ने प्रयोजनको लागि कसैले कुनै कसूर गर्ने वा जुन व्यक्तिको स्वामित्व वा कब्जामा सम्पत्ति रहेको छ त्यस्तो व्यक्तिलाई डरत्रास देखाउने, अपमान गर्ने वा झिझ्याउने नियतले हूल हुज्जत गरी वा नगरी अनधिकृत रुपमा अर्काको स्वामित्व वा कब्जामा रहेको कुनै सम्पत्तिमा त्यस्तो व्यक्तिको अनुमति नलिई प्रवेश गरेमा वा अनुमति लिई प्रवेश गरेकोमा त्यस्तो कुनै काम गर्ने नियतले सो सम्पत्तिमा बसिरहेमा, ओगटेमा वा सम्पत्ति उपभोग गरी रहेमा देहाय बमोजिमको सजाय हुनेछ :-

  (क) कुनै कसूर गर्ने प्रयोजनका लागि आपराधिक प्रवेश गर्नेलाई त्यस्तो कसूरको उद्योग गरे सरहको सजाय,

  (ख) सम्पत्तिको स्वामित्व वा कब्जामा रहेको व्यक्तिलाई डरत्रास देखाउने, अपमान गर्ने वा झिझ्याउने उद्देश्यले कुनै सरकारी कार्यालय वा मानिस बसोबास गरेको घरमा प्रवेश गरेको भए छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।

**आपराधिक उपद्रव गरेमा हुने सजाय (दफा २८५)**

- कसैले आपराधिक उपद्रव गर्ने प्रयोजनको लागि देहायको कुनै काम गरेमा देहाय बमोजिम सजाय हुनेछ :-

  (क) नेपाल सरकारले संरक्षण गरेको वा कानून बमोजिम संरक्षित कुनै वन्यजन्तु वा वनस्पतिको प्रजातिको अस्तित्व नै विनाश गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज वा आरक्ष वा संरक्षित क्षेत्र, विश्व सम्पदा सूचीमा समावेश भएका ऐतिहासिक वा पुरातात्विक स्मारक वा स्तम्भ, ऐतिहासिक वा पुरातात्विक महत्वका वस्तु सङ्कलन गरी राखिएको स्थान वा सङ्ग्रहालय, ऐतिहासिक लिखतहरु राखिएको अभिलेखालय, जङ्गी वा प्रहरीको हातहतियार तथा खरखजाना राखिएको सैनिक वा

अर्धसैनिक घर वा ठाउँ, सुरक्षण छापाखाना, सिक्का टकमारी गर्ने टक्सार, कारखाना, बैङ्क नोट छाप्ने वा थुपार्ने नेपाल राष्ट्र बैङ्कको गोदाममा आगो लगाएमा वा विष्फोटक पदार्थ प्रयोग गरेमा जन्मकैदको सजाय र विगो बमोजिम जरिबाना,

(ख) माथि खण्ड (क) मा लेखिए बाहेकका ऐतिहासिक, पुरातात्विक वा धार्मिक स्मारक वा स्तम्भ, सार्वजनिक वा सरकारी महत्वका कागजात रहेको भवन वा तहविल रहेको अदालत, संवैधानिक निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण रहेको संस्था, विदेशी कूटनीतिक नियोग वा अन्तरराष्ट्रिय वा अन्तरसरकारी संस्थाको कार्यालयमा आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी आपराधिक उपद्रव गरेको भए पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद र विगो बमोजिम जरिबाना,

(ग) माथि खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै काम गरी कुनै सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याई आपराधिक उपद्रव गरेको भए चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना,

(घ) कसैको घर, कार्यालय वा कुनै सम्पतिमा आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी आपराधिक उपद्रव गरेकोमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद र बीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना,

(ङ) माथि खण्ड (क), (ख), (ग) वा (घ) मा लेखिएदेखि बाहेक अरु कुनै काम गरी आपराधिक उपद्रव गरेको कारणले कसैलाई कुनै हानि, नोक्सानी भएकोमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना ।

- माथि उल्लेख भए बमोजिम आपराधिक उपद्रव सम्बन्धी कसूरबाट कसैलाई हानि, नोक्सानी भएमा हानि, नोक्सानी भएको विगो बराबरको क्षतिपूर्ति कसूरदारबाट पीडितलाई भराई दिइनेछ ।

**लुटपिट गरेमा हुने सजाय (दफा** २८६)

- लुटपिट गर्ने प्रयोजनका लागि कसैले आफ्नो हक नपुग्ने वा अन्य कसैको स्वामित्व, जिम्मा वा नियन्त्रणमा रहेको सम्पत्ति चोरी वा ठगी गरेको अवस्थामा बाहेक अरु कुनै किसिमले जबर्जस्ती गरी वा नगरी खोसी, धरपकड वा लछार पछार गरी वा त्यस्तो गर्ने धम्की दिई लैजाने वा हानि, नोक्सानी गर्ने नियतले कुनै काम गरेमा तीन महिनासम्म कैद वा लुटपिट गरेको विगोको पच्चीस प्रतिशतसम्म जरिबाना वा दुवै सजाय हुनेछ र लुटपिट भएको सम्पत्तिको विगो कसूरदारबाट पीडितलाई भराई दिइनेछ ।

**कसूर गरी प्राप्त गरेको सम्पत्ति लिएमा हुने सजाय (दफा** २८७)

- कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास हुने कुनै मनासिब कारण भई कसैले कुनै सम्पत्ति लिएमा, राखेमा वा खरीद-बिक्री गरेमा पाँच वर्ष कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- माथि उल्लेख भए बमोजिम लिए राखेको वा खरिद बिक्री गरेको सम्पत्ति सो सम्पत्तिको धनीलाई फिर्ता गर्नु पर्नेछ ।

**पशुपक्षी सम्बन्धी कसूर**

**गाई, गोरु मारेमा वा कुटेमा हुने सजाय (दफा** २८९)

- कसैले गाई वा गोरु मार्ने वा कुनै चोट पुऱ्याउने नियतले कुनै काम गर्दा गाई वा गोरु मर्न गएमा तीन वर्ष सम्म कैद हुनेछ ।

- कसैले गाई वा गोरुलाई कुटी अङ्गभङ्ग पारेमा छ महिनासम्म कैद र अन्य चोट पुऱ्याएमा पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- कुनै गाई वा गोरुले आफ्नो वा अरुको जिउ वा ज्यानमा पुऱ्याउन लागेको क्षति बचाउन आवश्यक परेको कुनै काम गर्दा त्यस्तो गाई वा गोरु मर्न गएमा वा त्यस्तो गाई वा गोरुलाई कुनै चोट पुग्न गएको रहेछ भने सजाय हुने छैन ।

**पशुपक्षी प्रति निर्दयी व्यवहार गरेमा हुने सजाय (दफा २९०)**

- कसैले कुनै पशुपक्षीलाई कुटी, हिर्काई वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाई वा सामर्थ्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक बस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिएमा वा आफूले पालेको पशुपक्षी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाडेमा वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गरेमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  तर पशुपक्षीलाई कुनै काम गर्न सिकाउँदा, तालिम दिँदा, त्यसलाई आफ्नो कामप्रति निपुण बनाउने उद्देश्यले न्यूनतम बल प्रयोग गरी कुनै काम गर्दा वा पशुपक्षीलाई त्यसको शारीरिक क्षमता अनुसार कुनै भारी बोकाउँदा वा दौडाउँदा सजाय हुने छैन ।

**सार्वजनिक स्थलमा पशु वा पक्षी मारेमा हुने सजाय (दफा २९१)**

- कसैले परम्परादेखि बली दिँदै आएको धार्मिक स्थल वा परम्परादेखि नै पशु वा पक्षीको बध गर्न चली आएको मेला, जात्रा, हाट वा महोत्सव वा स्थानमा बाहेक अन्य कुनै पनि सार्वजनिक स्थलमा कुनै पशु वा पक्षीलाई मारेमा एक महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- परम्परागत रुपमा धार्मिक स्थल वा मेला, जात्रा, हाट वा महोत्सव वा स्थानमा बली दिनुपर्दा सम्बन्धित धार्मिक स्थलका व्यवस्थापकले निर्धारण गरेको ठाँउमा र निर्धारण गरेको विधि बमोजिम बली दिने काम गर्नु पर्नेछ ।

**गोपनीयता विरुद्धका कसूर**

**अर्काको कुरा सुन्न वा ध्वनी अङ्कन गरेमा हुने सजाय (दफा २९३)**

- कसैले दुई वा दुईभन्दा बढी व्यक्तिहरुका बिचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरुको मञ्जुरी विना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनी अङ्कन गरे वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  तर सार्वजनिक रुपमा गरिएको भाषण वा वक्तव्यको हकमा यो व्यवस्था लागू हुने छैन ।

**गोप्य कुरा प्रकट गरेमा हुने सजाय (दफा २९४)**

- कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको कुनै गोप्य कुरा कानूनले वाध्य गराएको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक कसैलाई पनि प्रकट गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**अनुमति विना कुनै व्यक्तिको तस्वीर खिचेमा वा तस्वीरको स्वरुप बिगारेमा हुने सजाय (दफा २९५)**

- कसैले कुनै व्यक्तिको अनुमति विना निजको तस्वीर खिच्न वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा वा बनाउन लगाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  तर कसैले कुनै सार्वजनिक स्थानको तस्वीर खिच्दा त्यस्तो स्थानमा रहेको कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएको रहेछ भने यो व्यवस्था लागू हुँदैन ।
- कसैले एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपको तस्वीर बनाएमा वा प्रकाशन गरेमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**अनुमति विना एकको तस्वीर अरुलाई दिएमा वा बिक्री गरेमा हुने सजाय दफा** २९६)

- कसैले कुनै व्यक्तिको तस्वीर निजको अनुमति विना अरुलाई दिन वा बिक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने  नियतले प्रकाशन, प्रचार वा खरिद बिक्री गरे वा गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुनेमा हुने सजाय (दफा** २९७)

- अधिकार प्राप्त अधिकारी वा सम्बन्धित व्यक्तिको अनुमति विना कसैको चिठ्ठी खोल्न वा अरुले टेलिफोनमा गरेको कुरा कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर बिचमा सुने वा सुनाएमा वा ध्वनी अङ्कन गरे वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गरेमा हुने सजाय (दफा** २९८)

- कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृत रुपमा प्राप्त गरे वा गराएमा, त्यसको गोपनीयता भङ्ग गरे वा गराएमा वा अनधिकृत रुपमा कसैलाई हस्तान्तरण गरे वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गरेमा हुने सजाय (दफा** २९९)

- कसैले आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गरे वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**हैरान पार्ने बद्नियतले चिठ्ठी पत्र लेखेमा हुने सजाय (दफा** ३००)

- कसैलाई डर, त्रास वा दुःख वा हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठ्ठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गरे वा गराएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**अरुको शरीर खानतलासी गरेमा हुने सजाय (दफा** ३०१)

- कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेश वा सुरक्षाको प्रयोजनका लागि खटिएको व्यक्तिले अधिकार प्राप्त अधिकारीको अनुमतिले बाहेक कसैले सम्बन्धित व्यक्तिको स्वीकृति विना अरुको शरीर, सवारी साधन वा निजी प्रयोगका वस्तुहरुको खानतलासी गरे वा गराएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

**अरुको आवासमा अनाधिकृत प्रवेश गरेमा हुने सजाय (दफा** ३०२)

- कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरुको घरमा सम्बन्धित घर धनीको स्वीकृति विना अनधिकृत रुपमा प्रवेश गरे वा गराएमा, घर धनी वा निजको परिवारको गोप्यता भङ्ग गरे वा गराएमा वा त्यस्तो घरको खानतलासी गरे वा गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

  **स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि “घर” भन्नाले कुनै व्यक्तिले बसोबास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात विताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ ।

**क्षतिपूर्ति भराई दिनु पर्ने (दफा** ३०३)

- माथि उल्लेख भए बमोजिमको कसूर गरी कसैले कुनै लाभ प्राप्त गरेको वा कसैलाई कुनै किसिमको हानि, नोक्सानी, हैरानी वा क्षति पुर्‍याएको रहेछ भने कसूरबाट त्यस्तो लाभ, हानि, नोक्सानी, हैरानी वा क्षतिको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।

**गाली बेइज्जती सम्बन्धी कसूर**

**गाली गरेमा हुने सजाय (दफा** ३०५)

- कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरी गाली गरे वा गराएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

बे**इज्जती गरेमा हुने सजाय (दफा** ३०६, ३०७)

- कसैले देहाय बमोजिमको काम गरी कसैको बेइज्जती गरे वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ :-
  - (क) अरुको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्न सक्छ भन्ने जानीजानी वा विश्वास गर्ने मनासिब कारण भई लेखेर, आचरण वा आकार वा चिह्न वा प्रचार प्रसारद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले त्यस्तो व्यक्तिलाई अरुको दृष्टिमा निजको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेमा वा निजको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरुलाई विश्वास पर्ने गरी दोष लगाएमा वा त्यस्तो दोष लगाएको कुरा प्रचार, प्रसार वा प्रकाशन गरेमा वा कसैको बेइज्जती हुने साधनको रुपमा प्रयोग गरिएको कुनै चिज जानीजानी बिक्री वा बितरण गरेमा,
  - (ख) मृतकलाई कुनै आक्षेप लगाइएकोमा त्यस्तो आक्षेप लगाउँदाका बखत निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ भन्ने जानीजानी निजको परिवार वा नजिकको अन्य नातेदारहरुको भावनामा चोट पुऱ्याउने नियतले कुनै आक्षेप लगाएकोमा,
  - (ग) व्यङ्ग्य गरी वा अरु कुनै घुमाउरो तवरले कुनै आक्षेप लगाएमा ।

    तर विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- माथि जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कामलाई बेइज्जती मानिने छैन :-
  - (क) सर्वसाधारणको हितको लागि प्रमाण र आधार सहित कुनै व्यक्तिसँग सम्बन्धित साँचो कुरा प्रकाशन वा प्रशारण गर्नु,
  - (ख) कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको कर्तव्य पालना गर्दा निजको आचरणलाई लिएर वा त्यस्तो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले मर्यादित ढङ्गबाट कुनै कुरा प्रकाशन गर्नु,
  - (ग) कुनै व्यक्तिको सार्वजनिक पद वा ओहोदाको महत्वसँग सम्बन्ध राख्ने आचरण र त्यस्तो आचरणबाट बुझिनेसम्मको निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,
  - (घ) कुनै कुरा गर्ने व्यक्तिले सर्वसाधारणको रायको लागि कुनै कुरा पेश गरेकोमा त्यस्तो कुराको गुण वा दोषलाई लिएर वा सो हदसम्म मात्र त्यस्तो कुरा गर्ने व्यक्तिको चरित्रलाई लिएर असल नियतले मर्यादित ढङ्गबाट कुनै विचार प्रकट गर्नु,
  - (ङ) कुनै व्यक्तिको अर्को कुनै व्यक्ति उपर कानूनद्वारा वा निजसँग भएको करारद्वारा कुनै अधिकार भएकोमा निजले सो अधिकार सम्बन्धी काम कुरामा त्यस्तो व्यक्तिको आचरणमा असल नियतले कुनै खोट लगाउनु,
  - (च) कानून बमोजिम कुनै कसूरको अनुसन्धान गर्नु वा त्यस्तो आधारमा निजलाई कानून बमोजिम अभियोग लगाउनु,
  - (छ) कसैलाई निजको हितको लागि, निजको स्वार्थ भएको व्यक्तिको हितको लागि वा सर्वसाधारणको हितको लागि अरु कुनै व्यक्तिको विरुद्ध सतर्क पार्नु ।

- कसैले कसैलाई बेइज्जती गरे वा गराएको ठहरिएमा बेइज्जती गरिएको व्यक्तिलाई कसूरको गम्भीरता, त्यस्तो व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट

बेइज्जती गरेको भएमा त्यस्तो कुरा समेतलाई विचार गरी कसूरदारबाट मनासिब क्षतिपूर्ति र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनु पर्नेछ ।

- मरिसकेको कुनै व्यक्तिलाई यस परिच्छेद बमोजिम बेइज्जती गरेको ठहरिएमा कसूरदारबाट त्यस्तो बेइज्जतीबाट भावनामा चोट लागेको निजको नजिकको हकवालालाई त्यस्तो क्षतिपूर्ति र मुद्दामा लागेको खर्चको रकम भराई दिनु पर्नेछ ।

**आपराधिक षड्यन्त्र, उद्योग, दुरुत्साहन र मतियार भएमा हुने सजाय**

**आपराधिक षड्यन्त्र गरेमा हुने सजाय** (दफा ३३)

- दुई वा दुईभन्दा बढी व्यक्तिहरुले कुनै जघन्य (जन्मकैद वा दश वर्षभन्दा बढी कैद सजाय हुने कसूर) वा गम्भीर (तीन वर्षभन्दा बढी दश वर्षसम्म कैद सजाय हुने कसूर) प्रकृतिको गर्न वा गराउन मन्जुर गरी कुनै एक जना मात्र वा दुवै जनाले कुनै कार्य गरेमा आपराधिक षड्यन्त्र गरेको मानिने छ र त्यस्तो कार्यलाई यस ऐन मा अन्यत्र छुट्टै सजायको व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा देहाय बमोजिम सजाय हुनेछ :-

  (क) आपराधिक षड्यन्त्र बमोजिमको कसूर गरेको भए त्यस्तो कसूर गरे सरहको सजाय,

  (ख) आपराधिक षड्यन्त्र बमोजिमको कसूर नभई अन्य कसूर भएकोमा त्यस्तो कसूर त्यस्तो षड्यन्त्र कार्यान्वयनको सिलसिलामा वा त्यसैको सम्भावित परिणामस्वरुप भएको रहेछ भने त्यस्तो कसूर बापत हुने सजाय,

  (ग) आपराधिक षड्यन्त्र बमोजिमको कसूरको अतिरिक्त अन्य कसूर पनि भएकोमा त्यस्तो कसूर पनि सोही षडयन्त्र कार्यान्वयनको सिलसिलामा वा त्यसैको सम्भावित परिणामस्वरुप भएको रहेछ भने त्यस्तो कसूरको समेत थप सजाय,

  (घ) आपराधिक षडयन्त्र गर्ने कार्य पूरा भई नसकेको भएमा त्यस्तो कसूरमा हुने सजायको आधा सजाय।

**कसूर गर्ने उद्योग गरेमा हुने सजाय** (दफा ३४)

- अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक कसूर गर्न उद्योग गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कसूरको लागि तोकिएको सजायको आधा सजाय हुनेछ ।

**दुरुत्साहन दिएमा हुने सजाय** (दफा ३५)

- कसैले कसैलाई कुनै कसूर गर्न दुरुत्साहन दिएमा (कसूर गर्न उक्साएमा) छुट्टै सजायको व्यवस्था गरिएकोमा सोही बमोजिम र नगरिएकोमा देहाय बमोजिम सजाय हुनेछ :-

  (क) दुरुत्साहन दिए बमोजिम कसूर भएको भए निज स्वयंले कसूर गरे सरहको सजाय,

  (ख) दुरुत्साहन दिए बमोजिम कसूर भई नसकेकोमा सो कसूरका लागि तोकिएको सजायको आधा सजाय ।

- कुनै व्यक्तिलाई एउटा कसूर गर्न दुरुत्साहन दिएकोमा त्यस्तो व्यक्तिले त्यस्तो दुरुत्साहनको प्रभाव वा सम्भावित परिणाम स्वरुप कुनै अर्को कसूर गरेमा दुरुत्साहन दिने व्यक्तिलाई त्यस्तो कसूर पनि निज स्वयंले गरे सरह सजाय हुनेछ ।

**मतियार भएमा हुने सजाय** (दफा ३६)

- कुनै कसूर गर्ने नियतले त्यस्तो कसूर वा अन्य कसूर गर्न सहयोग पुऱ्याउने वा कसूर गरिसकेपछि कसूरदारलाई भगाउने, लुकाउने वा कसूर गर्न वा गराउन साधन उपलब्ध गराउने वा अन्य कुनै किसिमले सहयोग पुऱ्याउने व्यक्ति मतियार मानिन्छ र मतियारलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) आपराधिक षड्यन्त्रमा संलग्न भई कसूर गर्ने, साधन वा ठाँउ उपलव्ध गराइदिने, जसको बिरुद्ध कसूर गरिएको हो त्यस्तो व्यक्तिलाई निजी रक्षाको अधिकारबाट बञ्चित गराउने वा कसूर गर्न आदेश वा सल्लाह दिनेलाई त्यस्तो कसूर निजले गरे सरहको सजाय,

(ख) खण्ड (क) मा लेखिएको बाहेक अन्य मतियार भए कसूर भए गरेको काममा निजको संलग्नताको मात्रा अनुसार त्यस्तो कसूर गरे बापत हुने सजायको बढीमा आधासम्म सजाय ।

## मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाई र किनार तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यान्वयन सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ (यसपछि “संहिता” भनिएको) मा भएको कानूनी व्यवस्थालाई संक्षेपमा प्रस्तुत गरिएकोछ ।

## फौजदारी मुद्दा

फौजदारी कार्यविधि संहिताको अनुसूची-१, अनुसूची-२, अनुसूची-३ वा अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा फौजदारी मुद्दा हुन् ।

## कसूरको सूचना तथा अनुसन्धान

१. **कसूरको जाहेरी दरखास्त वा सूचना दिनु पर्ने** (दफा ४) :

- संहिताको अनुसूची-१_मा उल्लिखित फौजदारी कसूर भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले आफूसँग भएको वा आफूले देखे जानेसम्मको सवुद प्रमाण खुलाई कानूनले तोकेको ढाँचामा नजिकको प्रहरी कार्यालयमा लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यम (फ्याक्स, इमेल वा एस. एम. एस. आदि) को सूचना बमोजिमको ढाँचामा दिनु पर्छ ।
- संहिताको अनुसूची-२ मा उल्लिखित कुनै कसूर सम्बन्धी सूचना दिन चाहने व्यक्तिले अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारी समक्ष तोकिएको ढाँचामा सूचना दिनु पर्छ ।
- संहिताको अनुसूची-२ बमोजिमका अपराधको सूचना सम्बन्धित कार्यालय वा अधिकारी समक्ष दर्ता गर्न तत्काल सम्भव नभएमा त्यस्तो सूचना नजिकको प्रहरी कार्यालयमा पनि दिन सकिन्छ र त्यसरी कुनै सूचना प्राप्त हुन आएमा सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो सूचना दर्ता गरी तीन दिनभित्र कारबाहीका लागि सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउनु पर्छ ।

२. **जाहेरी दरखास्त वा सूचना दर्ता नगरेमा उजुर गर्न सक्ने** (दफा ५):

- अनुसूची-१ मा उल्लिखित कुनै अपराधको सम्बन्धमा प्रहरीसमक्ष जाहेरी दरखास्त वा सूचना दिंदा प्रहरी कार्यालयले त्यस्तो दरखास्त वा सूचना दर्ता गर्न इन्कार गरेमा सम्बन्धित व्यक्तिले सो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्नेछ ।
- अनुसूची-२ बमोजिमको कसूरमा सूचना दर्ता गर्न सम्बन्धित कार्यालय वा अधिकारीले इन्कार गरेमा त्यस्तो सूचना दिने व्यक्तिले सोही व्यहोरा खुलाई कसूरको सूचना सहित सम्बन्धित जिल्लाका **प्रमुख जिल्ला अधिकारी** समक्ष उजुर दिन सकिन्छ ।

  तर प्रमुख जिल्ला अधिकारी नै अनुसन्धान अधिकारी तोकिएको रहेछ र निजले त्यस्तो सूचना दर्ता गर्न इन्कार गरेमा **गृह मन्त्रालयमा** त्यस्तो उजुर दिन सकिन्छ ।

३. **अनुसन्धान अधिकारी तोक्नु पर्ने** (दफा ८):

देहायका कसूरको अनुसन्धान गर्न कम्तीमा **प्रहरी निरीक्षक दर्जा**को अधिकृतलाई र अन्य फौजदारी कसूरमा कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको कर्मचारीलाई अनुसन्धान अधिकारी तोक्नु पर्छः-

(क) राज्य विरुद्धका कसूर
(ख) ज्यान सम्बन्धी कसूर
(ग) अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर
(घ) करणी सम्बन्धी कसूर
(ङ) इलाज सम्बन्धी कसूर
(च) चोरी तथा डाँका सम्बन्धी कसूर
(छ) मुद्रा सम्बन्धी कसूर
(ज) लागू औषध, मानव बेचबिखन तथा ओसार पसार र विदेशी विनिमय सम्बन्धी कसूर,

(झ) नेपाल सरकारले कसूरको गम्भीरता हेरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कसूर ।

४. **कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्न सकिने** (दफा ९) :

- कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसूर गर्दा गर्दैको अवस्थामा रहेमा पक्राउ गर्न सकिन्छ।
- कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको सिलसिलामा तत्कालै पक्राउ गर्नु पर्ने भएमा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिनु पर्छ ।
- पक्राउ गर्नु पर्ने व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गर्न हुँदैन ।
- कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबूद नष्ट गर्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गर्न सकिन्छ ।
- महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।

५. **हिरासतमा राख्न सक्ने** (दफा १३) :

- पक्राउ भएको व्यक्तिलाई हिरासतमा राख्दा हिरासतमा राख्नुपर्ने कारण सहितको थुनुवा पूर्जी दिएर मात्र हिरासतमा राख्नु पर्छ ।
- हिरासतमा राखिएको व्यक्तिको पूरा विवरण खुलाई निजको परिचय खुल्ने कागजातको प्रतिलिपि तथा आवश्यकता अनुसार तस्वीर र दुवै हातको हत्केला सहितको औँठा छापसमेत लिई अभिलेख तयार गर्नु पर्छ ।
- पक्राउ गरिएको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई त्यस्तो कानून व्यवसायीसँग सल्लाह लिन दिनु पर्छ ।

६. **अनुसन्धानको लागि हिरासतमा राख्न सकिने अवधि र कार्याविधि** (दफा १४) :

- कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि पक्राउ गरेपछि **चौबीस घण्टा** ( पक्राउ गरिएको ठाउँबाट प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधि बाहेक) भित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ ।
- मुद्दा हेर्ने अधिकारीले एकै पटक वा पटकपटक गरी बढीमा **पच्चीस दिनसम्म** र गम्भीर प्रकृतिका अपराधमा थप पन्ध्र दिन गरी **चालीस दिन**सम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।
- सात महिनाभन्दा बढी अवधिको **गर्भवती महिला, बालबालिका र पचहत्तर वर्ष नाघेको व्यक्तिलाई** कसूरको प्रकृति हेरी थुनामा नराखी अनुसन्धान गर्न मनासिब देखेमा सोको कारण खुलाई पर्चा खडा गरी तारिखमा राखी अनुसन्धान गर्न सकिन्छ ।

७. **जमानीमा वा तारिखमा छाड्न सकिने** (दफा १५):

- अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्छ ।
- हाजिर जमानी दिने व्यक्तिले हाजिर जमानीमा छोडिएको व्यक्तिलाई अनुसन्धान अधिकारी वा सरकारी वकिल कार्यालयले तोकेको समयमा उपस्थित गराउनु पर्नेछ ।

८. **बयान लिने र सोधपूछ गर्ने** (दफा १६):

- अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूरको सम्बन्धमा अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष अभियुक्तको बयान लिनेछ र बयान लिंदा कसूरको सम्बन्धमा खुलाउनु पर्ने आवश्यक कुरा सोध्ने अधिकार सरकारी वकिललाई हुनेछ ।
- बालबालिका वा शारीरिक रुपमा असमर्थ व्यक्तिबाट कुनै कागज गराउनु पर्ने भएमा निजको संरक्षक वा उपलब्ध अन्य व्यक्तिको रोहबरमा गराउनु पर्नेछ ।
- बयान या शोधपुछ गर्नु पर्ने व्यक्तिलाई शारीरिक अस्वस्थताको कारणले वा सुरक्षाको कारणले सरकारी वकिल समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य

दृष्य सम्वाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ ।

९. **खानतलासी गर्न सकिने** (दफा १८):

- अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कुनै कसूरको अनुसन्धान गर्दा कुनै व्यक्ति वा ठाउँको खानतलासी लिनुअघि खानतलासी लिनु पर्नाको कारण सहितको लिखित सूचना दिई, मुचुल्का खडा गरी त्यस्तो व्यक्तिलाई समेत रोहबरमा समेत राखी अनुसन्धान अधिकारीले सम्बन्धित व्यक्तिलाई आफ्नो समेत तलासी लिन दिई सूर्योदयदेखि सूर्यास्त हुनुअघिसम्मको समयभित्र खानतलासी गर्नुपर्छ ।
- महिला मात्र रहने वा बस्ने गरेको घर कोठाको खानतलासी लिनु परेमा सम्भव भएसम्म अन्य महिलालाई समेत साथमा लिई घरभित्र प्रवेश गरी खानतलासी लिनु पर्नेछ ।
  तर कुनै महिलाको शरीरको तलासी लिनु पर्दा महिला प्रहरी वा त्यस्तो महिला प्रहरी तत्काल उपलब्ध नभएमा अन्य कुनै महिलाद्वारा तलासी लिन लगाउन सकिनेछ ।

१०. **मुचुल्का खडा गर्दा रोहबरमा राख्नु पर्ने** (दफा १९):

- घटनास्थल मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति, वस्तु वा ठाउँको खानतलासी लिँदा वा ज्यान मरेको कसूर भएकोमा लाश जाँच गर्दा वा अन्य कुनै कसूर भएकोमा त्यस्तो कसूरको प्रकृति अनुसार आवश्यक मुचुल्का खडा गर्दा त्यस्तो ठाउँमा तत्काल उपलब्ध कम्तीमा दुई जना स्थानीय व्यक्ति र स्थानीय तहका एक जना सदस्य वा त्यस्तो सदस्य उपलब्ध नभए कुनै सरकारी कार्यालयको एक जना कर्मचारी भए निजलाई र फेला परेसम्मका अभियुक्त र कसूरको सूचना दिने व्यक्तिलाई समेत रोहबरमा राख्नु पर्छ ।
- कुनै व्यक्तिको स्वामित्व वा जिम्मामा रहेको कुनै ठाउँको खानतलासी लिँदा उपलब्ध भएसम्म त्यस्तो व्यक्तिलाई समेत रोहबरमा राख्नु पर्नेछ ।

११. **लाश जाँच गर्नु पर्ने** (दफा २०):

- कुनै व्यक्ति कसैको कर्तव्यबाट वा कुनै दुर्घटना भई वा आत्महत्या गरी वा अस्वभाविक रुपमा वा अन्य कुनै शङ्कास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा अनुसन्धान अधिकारीले तुरुन्त लाश रहेको ठाउँमा गई लाश जाँच गर्नु पर्छ ।
- लाश जाँच गर्दा लाशको अवस्था, लाश रहेको ठाउँ, लाशमा देखिएका कुनै घाउ, चोट, नील डामको विवरण र त्यसको आकारसमेत खुलाई मुचुल्का तयार गरी लाशको र सम्बन्धित ठाउँको तस्बिर समेत खिच्नु पर्छ ।
- लाशको कुनै अंशको अन्य परीक्षणबाट मृत्यूको कारण पत्ता लगाउन सकिने भएमा अन्य वैज्ञानिक परीक्षण गराउन सकिनेछ ।

१२. **भौतिक प्रमाण परीक्षण गर्नु पर्ने** (दफा २१) :

कुनै कसूरको प्रकृतिबाट सम्बन्धित व्यक्तिको रगत, वीर्य, रौं वा शरिरको कुनै अङ्ग, हातहतियार वा चीज वस्तु वा डि.एन.ए. वा अन्य कुनै कुरा परीक्षण गर्दा कसुरदार पत्ता लगाउन सकिन्छ भन्ने लागेमा अनुसन्धान अधिकारीले कसूरदारबाट सोको नमूना लिई अन्य मान्यता प्राप्त प्रयोगशालामा त्यस्तो कुराको वैज्ञानिक परीक्षण गराउन सक्नेछ ।

१३. **घा जाँच गराउनु पर्ने** (दफा २२) :

- कुटपिटको कारणबाट कुनै वारदात भई घा, चोट, नील वा डाम, इत्यादि भएकोमा सो जाँची पाउँ भनी सम्बन्धित व्यक्तिले निवेदन दिएमा वा अनुसन्धान अधिकारीबाट लेखी आएमा सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीले निजको घाउ, चोटपटक, नील वा डाम जाँची अनुसूची-१६ बमोजिमको ढाँचामा घा जाँच केश गरी दिनु पर्छ ।
- अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको व्यक्तिलाई कुटपिट गरिएको, यातना दिएको वा निजको विरुद्ध अरु कुनै कसूर भएको प्रमाण निजको शारीरिक जाँचबाट उपलब्ध हुन सक्ने मनासिब आधार देखाई निज वा निजको तर्फबाट अरु कसैले निवेदन दिएमा अदालतले सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मीबाट त्यस्तो व्यक्तिको शारीरिक जाँच गराउन आदेश दिन सक्नेछ ।
- हिरासतमा लिएको व्यक्तिलाई कुटपिट गर्ने वा यातना दिएको देखिएमा त्यसरी कुटपिट गरिएको वा यातना पाएको व्यक्तिको उपचार गराई निजलाई अन्तरिम राहत उपलब्ध गराउन र त्यसरी

कुटपिट गर्ने वा यातना दिने व्यक्तिलाई कानून बमोजिम विभागीय कारबाही गर्न अदालतले सम्बन्धित प्रहरी कार्यालयलाई आदेश दिनु पर्नेछ ।

१४. **सनाखत गराउनु पर्ने** (दफा २४):
कुनै मुद्दामा कुनै व्यक्ति वा मुद्दासँग सम्बन्धित दसी वा चीज वस्तुको सनाखत गराउनु पर्ने भएमा कम्तीमा **प्रहरी नायब निरीक्षक** दर्जाको प्रहरी कर्मचारीले सनाखत गराउनु पर्नेछ ।

१५. **अनुसन्धान प्रतिवेदन पठाउनु पर्ने** (दफा ३१):

- अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कुनै कसूरको सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले कसूर गरेको शङ्का गरिएका सबै वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा निजलाई कुन कानून अन्तर्गत सजाय हुनु पर्ने हो सो कुरा खुलाई मिसिल कागजको सक्कल तथा नक्कल प्रति र दसी प्रमाण सहितको अनुसन्धान प्रतिवेदन तयार गरी मुद्दा दायर गर्ने दिनभन्दा सामान्यतया कम्तीमा तीन दिन अगाडि सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।
- अनुसन्धान अधिकारीले कुनै व्यक्ति उपर मुद्दा चलाउन नसकिने कारण सहितको प्रतिवेदन सरकारी वकिल समक्ष पेश गरेकोमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति हिरासतमा रहेको भए त्यस्तो व्यक्तिलाई सरकारी वकिलले मुद्दा चल्ने वा नचल्ने निर्णय नगरेसम्म हिरासतमा राख्नु पर्नेछ ।

## अभियोजन तथा मुद्दाको दायरी

१६. **अभियोग पत्र दायर गर्ने** (दफा ३२):

- अभियोगपत्र पेश गर्दा कसूरका सम्बन्धमा सङ्कलित सवुद प्रमाण, दसी तथा वस्तु र अभियुक्त हिरासतमा रहेको भए निज सहित पेश गर्नु पर्छ ।
- मुद्दा नचल्ने निर्णय गरेकोमा त्यस्तो कसूरमा कुनै व्यक्तिको निजी सम्पत्ति वा बिगो हानि, नोक्सानी सम्बन्धी देवानी दायित्वका विषय समेत समावेश भएको रहेछ भने सरकारी वकिलले सोको सूचना जाहेरवाला वा त्यस्तो कसूरबाट पीडित व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारी मार्फत दिनुपर्छ ।
- नेपाल सरकार वादी भई चल्न सक्ने अवस्था नभई अन्य कानून अन्तर्गत मुद्दा चल्न सक्ने निर्णय भएमा वा व्यक्तिवादी भई चल्न सक्ने भएमा सम्बन्धित सरकारी वकिलले त्यसको जानकारी सम्बन्धित उच्च सरकारी वकिल कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तुरुन्त पठाउनु पर्छ ।
- उच्च सरकारी वकिल कार्यालयले त्यस्तो विषय अध्ययन गरी मुद्दा चलाउनु पर्ने वा नचलाउनु पर्ने निर्णय गर्नु पर्छ र मुद्दा चलाउनु पर्ने मनासिब कारण देखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकिललाई मुद्दा चलाउने निर्देशन दिनेछ र त्यस्तो निर्देशन प्राप्त भएमा त्यस्तो सरकारी वकिलले अभियोगपत्र वा पूरक अभियोग पत्र दायर गरी मुद्दा नचलाइएका व्यक्ति उपर मुद्दा चलाउनु पर्छ ।
- मुद्दा नचलाउने निर्णय गरेकोमा त्यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्छ ।
- मुद्दा नचल्ने निर्णय भएमा धरौटी वा जमानत राखेको भए त्यस्तो धरौटी वा जमानत सम्बन्धित व्यक्तिलाई फिर्ता गरिदिनु पर्छ ।

१७. **सजाय कम गर्ने माग दावी लिई अभियोग पत्र दायर गर्न सकिने** (दफा ३३) :
कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस बापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गरेमा देहायका कसूरका सम्बन्धमा वा अवस्थामा बाहेक सरकारी वकिलले त्यस्तो सिफारिसलाई समेत विचार गरी त्यस्तो अभियुक्तलाई हुने सजायमा पचास प्रतिशतसम्मको सजाय छुटको प्रस्ताव गरी अभियोगपत्र दायर गर्न सक्छ:

(क) एकपटक यस अन्तर्गतको सुविधा पाइसकेको,
(ख) कैद सजाय पाएकोमा त्यस्तो कैद भुक्तान गरेको अवधि तीन वर्ष पूरा नगरेको,
(ग) जुन कसूरमा अभियोग लगाइने हो त्यस्तै कसूरमा एक पटक सजाय पाइसकेको ।

**१८. पिडीत पक्षले मुद्दा दायर गर्न सक्ने** (दफा ३४):
सानातिना कसूरमा मुद्दा दायर गर्नु व्यवहारिक नभएको वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएमा सरकारी वकिलले महान्यायाधिवक्ताको स्वीकृति लिई त्यस्तो व्यक्ति विरुद्ध मुद्दा दायर नगर्ने निर्णय गरेमा त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पीडित पक्षले आफ्नो तर्फबाट मुद्दा दायर गर्न सक्नेछ ।

**१९. थप दावी लिन सक्ने** (दफा ३५) :
कुनै मुद्दा अदालतमा दायर भैसकेपछि त्यस्तो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरुबाट अन्य अभियुक्तहरु उपर समेत दाबी लिन पर्ने भएमा वा मुद्दा दायर भई अभियुक्त कायम भई सकेका व्यक्ति उपर थप अभियोग लगाउनु पर्ने देखिएमा थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दावी लिई सरकारी वकिलले मुद्दा दायर गर्न सक्नेछ ।

**२०. अभियोगपत्र संशोधन गर्न सक्ने** (दफा ३६) :
अदालतमा एकपटक दायर भैसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको माग दावी संशोधन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकिलले अभियोगपत्रमा संशोधन गर्न शुरु तहको सम्बन्धित अदालतमा कारण खुलाई फैसला हुनु अघि नै निवेदन दिन सक्नेछ ।

**२१. प्रतिलिपि वा जानकारी दिनु पर्ने** (दफा ४०) :
सरकारी वकिलले मुद्दा नचल्ने गरी निर्णय गरेकोमा त्यस्तो निर्णयको प्रतिलिपि र मुद्दा चल्ने निर्णय भएकोमा अभियोगपत्रको प्रतिलिपि सम्बन्धित अनुसन्धान अधिकारी र अभियुक्तलाई दिनु पर्नेछ र मुद्दा नचलाउने निर्णय भएमा अनुसन्धान अधिकारीले त्यसको कारण सहितको सूचना जाहेरवाला वा पीडितलाई यथाशीघ्र दिनु पर्नेछ ।

**२२. मुद्दाको दायरी** (दफा ४३):
देहायको मुद्दा देहायको अधिकारी वा व्यक्तिले सम्बन्धित अदालतमा दायर गर्न सक्नेछ :-

- अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा अभियोगपत्रका रुपमा सम्बन्धित सरकारी वकिलले,
- अनुसूची-३ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा उजुरी वा प्रतिवेदनको रुपमा नेपाल सरकार, संवैधानिक निकाय, अदालत वा कुनै सार्वजनिक अधिकारीले,
- अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा फिरादपत्रका रुपमा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला व्यक्तिले ।

## अदालतको अधिकार क्षेत्र

**२३. कसूर भएको क्षेत्रको अदालतबाट मुद्दा हेरिने** (दफा ४५):

- कुनै कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार त्यस्तो कसूर भएको क्षेत्रको अदालतलाई हुनेछ । तर नेपाल सरकारले कानून बमोजिम कुनै जिल्लामा छुट्टै फौजदारी अदालत वा फौजदारी इजलाश गठन गरी त्यस्ता कसूरको कारबाही र किनारा गर्न गराउन सक्नेछ ।
- देहायको अवस्थामा कुनै क्षेत्रको अदालतले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ :-
  - (क) कसूर ठहरिने कुनै काम केही एउटा क्षेत्र र केही अर्को इलाकामा भएकोमा त्यस्तो क्षेत्रहरुमध्ये कुनै क्षेत्रको अदालतले,
  - (ख) कुनै काम एउटा क्षेत्रमा भएको र त्यसको परिणाम कसूरको रुपमा अर्को क्षेत्रमा प्रकट भएकोमा त्यसमध्ये कुनै क्षेत्रको अदालतले,
  - (ग) एकै घटनाको सिलसिलामा विभिन्न कसूरहरु विभिन्न क्षेत्रमा भएकोमा त्यस्तो कसूरहरुमध्ये कुनै कसूर भएको क्षेत्रको अदालतले,
  - (घ) कुनै कसूर विभिन्न क्षेत्रहरुमा भई कुन क्षेत्रमा कसूर हुने काम पूरा भएको हो भन्ने यकीन हुन नसकेमा त्यस्ता क्षेत्रहरुमध्ये कुनै क्षेत्रको अदालतले,

(ङ) मानिसको अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर भएकोमा त्यस्तो कसूर जुन क्षेत्रमा भएको छ वा जुन क्षेत्रमा अपहरण वा बन्धक बनाइएको व्यक्ति राखिएको वा लुकाइएको वा थुनिएको छ त्यसमध्ये कुनै क्षेत्रको अदालतले,

(च) यात्रा गरिरहेको कुनै व्यक्तिले गरेको वा यात्रा गरिरहेको कुनै व्यक्तिको विरुद्ध वा एक क्षेत्रबाट अर्को क्षेत्रमा लैजान लागेको मालसामानको सम्बन्धमा गरिएको कसूर भए कसूर प्रारम्भ भएको वा त्यस्तो व्यक्ति यात्राकालमा जुनजुन क्षेत्रमा गएको छ वा त्यस्तो मालसामान बरामद भएको वा जुनजुन क्षेत्र भएर लगिएको छ सोमध्ये कुनै क्षेत्रको अदालतले,

(छ) कुनै कसूरको तयारी वा आपराधिक षडयन्त्र एक क्षेत्रमा भई कसूर हुने काम अर्को क्षेत्रमा पूरा भएकोमा तयारी वा षड्यन्त्र भएको क्षेत्र वा कसूर हुने काम पूरा भएको क्षेत्रको अदालतमध्ये कुनै अदालतले,

(ज) कुनै कसूर चिठ्ठी वा अन्य कुनै सञ्चार वा सूचना प्रविधिको माध्यमबाट भएकोमा त्यस्तो चिठ्ठी, सञ्चार वा सूचना जुन क्षेत्रबाट सम्प्रेषण भएको वा जुन क्षेत्रमा प्राप्त गरिएको छ त्यसमध्ये कुनै क्षेत्रको अदालतले,

(झ) कुनै कसूर दुई मुलुकको सिमानामा भएकोमा त्यस्तो सिमाना जोडिएको अदालतले,

(ञ) सम्पत्ति सम्बन्धी कसूरको हकमा त्यस्तो कसूर भएको क्षेत्र वा कसूरबाट प्राप्त सम्पत्ति लुकाएको, किनेको, बेचेको वा अन्य कुनै प्रकारले लिए दिएको क्षेत्रको अदालतले,

(ट) नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धि वा कानून बमोजिम विश्वव्यापी अधिकार क्षेत्र (युनिभर्सल जुरिस्डिक्शन) कायम हुने कसूर सम्बन्धी मुद्दाको हकमा नेपाल सरकारले तोकेको अदालतले ।

**२४. <u>नेपाल बाहिर भएको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार क्षेत्र</u>** (दफा ४७):
नेपालमा दर्ता भएको वायुयान वा पानीजहाजमा भएको वा नेपाल बाहिर भएको कुनै कसूरको सम्बन्धमा प्रचलित कानूनले सजाय हुने व्यवस्था भएकोमा त्यस्तो कसूरको अभियुक्त नेपालभित्रको जुन जिल्लामा फेला परेको छ सोही जिल्लाको अदालतमा र फेला नपरेकोमा निजको स्थायी बासस्थान भएको क्षेत्रको जिल्ला अदालतमा त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गरिनेछ ।

**२५. <u>दुई अदालत वा निकायमा परेका मुद्दाको कारबाही र किनारा</u>** (दफा ४८):

- कुनै कसूर सम्बन्धी मुद्दा एकभन्दा बढी अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई एकभन्दा बढी अदालतमा मुद्दा दायर भएको रहेछ भने जुन अदालतमा पहिले मुद्दा दायर भएको हो सोही अदालतले र एकै दिन दायर भएकोमा एकै पुनरावेदन सुन्ने अदालतको अधिकार क्षेत्रभित्र पर्ने अदालतमा भए त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतले तोकेको अदालतले र भिन्नभिन्न पुनरावेदन सुन्ने अदालतको अधिकार क्षेत्रभित्र पर्ने भए सर्वोच्च अदालतले तोकेको अदालतले त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।
- एक कसूर सम्बन्धी मुद्दा अदालत र अर्ध न्यायिक निकायको अधिकार क्षेत्रभित्र पर्ने भई अदालत र अर्धन्यायिक निकायमा मुद्दा दायर भएको रहेछ भने त्यस्तो मुद्दाको कारबाही र किनारा अदालतबाट गर्नु पर्नेछ ।
- संयुक्त रुपमा कारबाही हुन सक्ने अवस्था भए तापनि भिन्नभिन्न प्रकारका अदालत वा न्यायीक निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने मुद्दा रहेछ भने कानून बमोजिम अधिकार प्राप्त तत्तत् अदालत वा निकायबाट कारबाही र किनारा गर्नु पर्नेछ ।

**२६. <u>अधिकार क्षेत्र र हदम्याद सम्बन्धमा पहिला निर्णय गर्नु पर्ने</u>** (दफा ५१):
कुनै मुद्दाका सम्बन्धमा अभियुक्तले बयान गर्दा वा प्रतिवादीले प्रतिउत्तर पत्र पेश गर्दा अदालतको अधिकार क्षेत्र नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा अदालतले पहिले त्यस्तो प्रश्नका सम्बन्धमा निर्णय गरेर मात्र त्यस्तो मुद्दाको अन्य कारबाही अगाडि बढाउनु पर्नेछ ।

## <u>मुद्दाको प्रारम्भिक कारबाही</u>

**२७. <u>मुद्दा दायर भएपछि अदालतले कारबाही प्रारम्भ गर्नुपर्ने</u>** :

- कुनै कसूरका सम्बन्धमा अदालतमा मुद्दा दायर भएपछि अदालतले त्यस्तो मुद्दाको कारबाही प्रारम्भ गर्नु पर्नेछ ।

  तर,

  (क) अदालतको अवहेलना गरेको कसूरमा अदालतले अभियुक्तको ठाडो बयान लिएर वा लिखित स्पष्टीकरण मागेर वा अन्य कुनै निवेदन वा प्रतिवेदनबाट पनि मुद्दाको कारबाही प्रारम्भ गर्न सक्नेछ ।

  (ख) कुनै मुद्दामा अदालतले प्रमाण बुझ्दा कुनै पक्षले कुनै प्रमाणलाई जालसाँजी वा कीर्ते भनी बयान गरेकोमा सोही बयानको आधारमा लिखत कीर्ते वा जालसाजीको कसूरमा वा सो कसूर गर्न दुरुत्साहन दिएको, आपराधिक षडयन्त्र गरेको वा मतियार भएको कसूरमा सोही मिसिलबाट मुद्दाको कारबाही प्रारम्भ गर्न सकिनेछ ।

- देहायका कसूरमा अदालतले सम्बन्धित व्यक्तिको निवेदन, प्रतिवेदन, बयान वा कुनै छुट्टै उजुरीको आधारमा आदेश पर्चा खडा गरी मुद्दाको कारबाही प्रारम्भ गर्न सक्नेछः

  (क) शपथ लिएको व्यक्तिले झुट्टा कुरा व्यक्त गरेको,

  (ख) शपथ गर्न इन्कार गरेको,

  (ग) झुट्टा प्रमाण बनाएको वा बनाउन दिएको,

  (घ) लिखत नष्ट गरेको,

  (ङ) कसूरको प्रमाण दवाएको,

  (च) सम्पत्ति दवाएको वा सम्पत्तिमा झुट्टा दावी गरेको,

  (छ) झुट्टा उजुरी दिएको,

  (ज) बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको,

  (झ) जमानतको शर्त विपरीत अनुपस्थित भएको ।

- कुनै कर्मचारीले आफ्नो ओहदाको कर्तव्यभन्दा बाहिरको कुनै काम गरी कुनै कसूर गरेकोमा बाहेक नेपाल सरकार वा सम्बन्धित विभागीय प्रमुखको लिखित स्वीकृति नलिई निजले आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कुनै कामको सम्बन्धमा निज उपर कुनै कसूरको अभियोग लगाई मुद्दा चल्ने छैन ।

- अनुसूची-१ र अनुसुची-२ अन्तर्गतका कसूरको सम्बन्धमा सरकारी वकिलबाट अभियोगपत्र पेश नगरी कुनै व्यक्ति उपर मुद्दा चल्ने छैन ।

- कुनै कसूरबाट हुन गएको क्षति पूर्तिका लागि देहायको व्यक्तिले छुट्टै उजुरी दिन सक्नेछ :-

  (क) कसूरबाट क्षति पुगेको व्यक्ति,

  (ख) आफ्नो नोकरीको सिलसिलामा अन्यत्र खटिएको वा विदेशमा रहेको राष्ट्रसेवकले उजुर गर्न पर्ने कुराको सम्बन्धमा निजको नजिकको कुनै हकवाला,

  (ग) कुनै व्यक्तिले कुनै पद, ओहदा वा अन्य कुनै हैसियतले गर्नु पर्ने कुनै काम वा संरक्षण गर्नु पर्ने कुनै कुराको सम्बन्धमा त्यस्तो पद, ओहदा वा हैसियतमा रहेको व्यक्ति,

  (घ) अपाङ्गता भएको व्यक्ति, बालबालिका वा पचहत्तर वर्ष उमेर नाघेको व्यक्ति वा शारीरिक वा मानसिक रोगले असमर्थ भएको व्यक्तिले उजुर गर्न पाउने कुराको सम्बन्धमा निजको एकाघरको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनै हकवाला वा संरक्षक,

  (ङ) कुनै सङ्गठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकार प्राप्त सञ्चालक वा सदस्य, प्रशासक वा प्रमुख कार्यकारी अधिकृत ।

**२८. <u>उजुरी गर्न सक्ने</u>** (दफा ५३):

सामान्यतया कुनै कसूरको सम्बन्धमा अदालतमा देहायको व्यक्तिले उजुरी दिन सक्नेछः-

(क) कसूरबाट क्षति पुगेको व्यक्ति,

(ख) आफ्नो नोकरीको सिलसिलामा अन्यत्र खटिएको वा विदेशमा रहेको राष्ट्रसेवकले उजुर गर्न पर्ने कुराको सम्बन्धमा निजको नजिकको कुनै हकवाला,

(ग) कुनै व्यक्तिले कुनै पद, ओहदा वा अन्य कुनै हैसियतले गर्नु पर्ने कुनै काम वा संरक्षण गर्नु पर्ने कुनै कुराको सम्बन्धमा त्यस्तो पद, ओहदा वा हैसियतमा रहेको व्यक्ति,

(घ) बहिरा, दृष्टिविहीन बालबालिका वा पचहत्तर वर्ष उमेर नाघेको व्यक्ति वा शारीरिक वा मानसिक रोगले असमर्थ भएको व्यक्तिले उजुर गर्न पाउने कुराको सम्बन्धमा निजको एकाघरको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनै हकवाला वा संरक्षक,

(ङ) कुनै सङ्गठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकार प्राप्त सञ्चालक वा सदस्य, प्रशासक वा प्रमुख कार्यकारी अधिकृत ।

## पक्राउ पूर्जी र समाह्वान

**२९. पक्राउ गर्ने वा समाह्वान जारी गर्ने** (दफा ५७):

- उजुरी परेपछि अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा उजुरीसाथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन अदालतले आवश्यकता अनुसार पक्राउ पूर्जी वा समाह्वान जारी गर्नेछ ।
- देहायको कसूरको अभियुक्तलाई उपस्थित गराउन अदालतले पक्राउ पूर्जी जारी गर्नेछ :-

  (क) जघन्य कसूर वा गम्भीर कसूर,

  (ख) जघन्य कसूर वा गम्भीर कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएको कसूर ।

  तर अभियुक्त भागी पक्राउ हुन नसक्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा समाव्हानमा तोकिएको म्यादमा अभियुक्त अदालतमा उपस्थित नभएमा त्यस्तो अभियुक्तका हकमा अदालतले पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।
- अदालतमा दाखिल गर्नु पर्ने कुनै लिखत वा दसी प्रमाण अदालतबाट जारी भएको समाह्वानमा तोकिएको म्यादभित्र दाखिल नगरेमा अदालतले त्यस्तो लिखत वा दसी प्रमाण दाखिल गर्नु पर्ने कर्तव्य भएको व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।

**३०. समाह्वानको तामेली** (दफा ६१) :

- समाह्वान तामेल गर्न पठाउँदा जुन व्यक्तिको नाममा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई तामेल गराउन पठाउनु पर्नेछ ।
- समाह्वान जारी गरिएको व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले बुझी नलिएमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगिसकेको कुनै व्यक्तिलाई बुझाउन सकिनेछ ।
- समाह्वान जारी गरिएको व्यक्ति वा एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजको एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुई जना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरुको समेत सहीछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिमा बुझाई एक प्रति तामेली समाह्वान अदालतमा दाखिला गर्नु पर्नेछ ।
- नेपाल सरकार वा कुनै सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीका नाममा समाह्वान तामेल गर्नु परेमा त्यस्तो पदाधिकारी वा कर्मचारी वहाल रहेको कार्यालयमा समाह्वान तामेल गर्न सकिनेछ ।
- कुनै सङ्गठित संस्थाको नाममा समाह्वान तामेल गर्नु परेमा त्यस्तो समाह्वानको एक प्रति त्यस्तो संस्थाको प्रधान वा स्थानीय कार्यालयमा बुझाई सोको भरपाई अदालतमा बुझाउनु पर्नेछ ।
- कुनै अदालतले आफ्नो क्षेत्रभन्दा बाहिरको अन्य कुनै क्षेत्रमा बसोबास गरिरहेको कुनै व्यक्तिलाई समाह्वान तामेल गर्नु पर्ने भएमा त्यस्तो क्षेत्रको अदालतमा समाह्वान पठाई सो अदालत मार्फत तामेल गराउनु पर्नेछ ।

**३१. छापा वा विद्युतीय सञ्चार माध्यमबाट समाह्वान तामेल गर्न सकिने (दफा ६२):**

कुनै समाह्वान तामेल गर्न नसकिएकोमा अदालतले त्यस्तो समाह्वानको व्यहोरा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रियस्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यमबाट प्रसारण गरी तामेली गर्न सक्नेछ र त्यसरी समाह्वान प्रकाशन वा प्रसारण भएकोमा त्यस्तो समाह्वान रीतपूर्वक तामेल भएको मानिनेछ ।

**३२. <u>पक्राउ पूर्जीको तामेली</u>** (दफा ६३):

- पक्राउ पूर्जी जसको नाममा जारी गरिएको हो त्यस्तो व्यक्तिले बुझिलिनु पर्नेछ ।
- पक्राउ पूर्जी बुझाउन जाँदा सम्बन्धित व्यक्ति फेला नपरेमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगिसकेको कुनै व्यक्तिलाई बुझाउन सकिनेछ ।
- सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजको एकाघरको व्यक्तिले समेत बुझी नलिएमा एक प्रति निजको घर दैलामा टाँसी एक प्रति स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई एक प्रति तामेली पक्राउ पूर्जी अदालतमा दाखिला गर्नु पर्नेछ ।
- जारी भएको पक्राउ पूर्जी बमोजिम पक्राउ गर्नु पर्ने व्यक्तिको उल्लिखित ठेगानामा बसोबास नभएको कुरा त्यस्तो ठाउँमा बसोबास गर्ने कम्तीमा दुई जना व्यक्तिहरु र स्थानीय तहको सम्बन्धित वडा समितिको कम्तीमा एक जना सदस्यले प्रमाणित गरेमा निजको बसोबास भएको ठाउँ खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई पक्राउ पूर्जी अदालतमा फिर्ता बुझाइदिनु पर्नेछ ।
- पक्राउ पूर्जी फिर्ता भएकोमा अदालतले निज बसोबास गरेको ठेगानामा वा त्यस्तो ठेगाना नखुले वादी पक्षलाई खुलाउन मौका दिई आवश्यकता अनुसार अर्को पक्राउ पूर्जी जारी गर्नु पर्नेछ ।
- पक्राउ पूर्जी तामेल गर्दा तामेल भएको मिति र व्यहोरा उल्लेख गरी तामेल गर्ने कर्मचारीले अदालतमा प्रतिवेदन दिनु पर्नेछ ।
- कुनै अदालतले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरको अन्य कुनै क्षेत्रमा बसोबास गरी रहेको कुनै व्यक्तिलाई पक्राउ पूर्जी तामेल गर्नु पर्ने भएमा त्यस्तो क्षेत्रको अदालतमा पक्राउ पूर्जी पठाई त्यस्तो अदालत मार्फत तामेल गराउनु पर्नेछ र त्यस्तो अदालतले पनि यस परिच्छेद बमोजिम पक्राउ पूर्जी तामेल गराई त्यसको एक प्रति पक्राउ पूर्जी जारी गर्ने अदालतमा फिर्ता पठाइदिनु पर्नेछ ।
- कर्मचारीले पक्राउ पूर्जी तामेल हुन नसकेको कारण खुलाई प्रतिवेदन दिएमा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिको नाममा जारी भएको पक्राउ पूर्जी नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गरी तामेल गर्न सकिनेछ र त्यसरी तामेल भएको पक्राउ पूर्जी रीतपूर्वक तामेल भएको मानिनेछ ।
- पक्राउ पूर्जी तामेली गर्दा अभियुक्तलाई पठाइएको सूचना पनि पक्राउ पूर्जी साथै बुझाउन वा अवस्था अनुसार निजको घर दैलोमा टाँस्नु पर्नेछ ।

**३३. <u>फरार रहेको व्यक्ति निलम्बन हुने र सम्पत्ति रोक्का हुने:</u>** (दफा ६५):

पक्राउ पूर्जी जारी भई फेला पर्न नसकी पक्राउ हुन नसकेको वा फरार रही अदालतमा उपस्थित नहुने व्यक्तिका हकमा निज अदालतमा उपस्थित नभएसम्म देहायका कुरामा देहाय बमोजिम हुनेछ :-

(क) त्यस्तो व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भए निज आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ ।

(ख) त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का भएको रहेनछ भने निजको नाममा रहेको अचल सम्पत्ति सोही उपदफा बमोजिम रोक्का राखिनेछ ।

(ग) त्यस्तो व्यक्तिको नाममा वा एकल स्वामित्वमा रहेको उद्योग, व्यापार वा व्यवसाय वा आयकर दर्ता सम्बन्धी फर्म, उद्योग, इजाजत पत्र इत्यादि नवीकरण गर्नु पर्ने भएमा नवीकरण गर्ने कार्य स्वतः मुलतबी रहनेछ ।

(घ) त्यस्तो व्यक्तिको नाममा रहेको धितोपत्रको कारोबार स्वतः रोक्का हुनेछ।

(ङ) त्यस्तो व्यक्तिले कानून बमोजिम प्राप्त गर्न सक्ने तलब, भत्ता, उपदान, निवृत्तिभरण जस्ता सुविधाहरु स्वतः रोक्का रहेको मानिनेछ ।

(च) त्यस्तो व्यक्तिले प्रचलित कानून बमोजिम पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपी अधिकार जस्ता बौद्धिक सम्पत्तिबाट प्राप्त गर्ने रोयल्टी लाभ वा सुविधा स्वतः रोक्का रहेको मानिनेछ ।

(छ) त्यस्तो व्यक्तिको नाममा बैङ्क खाता रहेको जानकारी भए त्यस्तो खाताको सञ्चालन रोक्का राख्न लेखी आएमा बैङ्क खाता रोक्का राख्नु पर्नेछ ।

(ज) त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गाधनी प्रमाणपूर्जा उपलब्ध नगराउन लेखी आएमा सम्बन्धित निकायले नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउन हुँदैन ।

(झ) त्यस्तो व्यक्ति नेपाल बाहिर रहे बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने त्यस सम्बन्धी कारबाही र त्यस्तो अवस्था नभएमा कसूरको गम्भीरता हेरी निजलाई पक्राउ गर्न कूटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा सम्बद्ध अन्तरराष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिनेछ ।

## थुनछेक, धरौट तथा जमानत सम्बन्धी व्यवस्था

**३४. अभियुक्तलाई थुनामा राख्ने** (दफा ६७) :

- देहायको कुनै कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्नेछ :
  - जन्म कैदको सजाय हुन सक्ने कसूर,
  - तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर, वा
  - खण्ड (क) वा (ख) मा उल्लिखित कसूरको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर ।
- कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तलाई देहायको अवस्थामा अदालतले पुर्पक्षको लागि थुनामा राख्न सक्नेछ :-
  - एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेकोमा,
  - जारी भएको पक्राउ पूर्जी बमोजिम म्यादभित्र हाजिर नभई अभियुक्त पक्राउ भई आएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा,
  - अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा ।
- दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागी अशक्त भएको वा सात महिनाभन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौट वा जमानतमा छोड्न सक्नेछ ।

**३५. अभियुक्तसँग धरौट वा जमानत वा बैङ्क जमानत लिने** (दफा ६८):

तीन वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा  बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले निजसँग धरौट, जमानत वा बैङ्क जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ । अदालतले धरौट, जमानत वा बैङ्क जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्नेछ ।

**३६. कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने** (दफा ७१):
मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्था अनुसार अदालतले निजसँग धरौट, जमानत वा बैङ्क जमानत माग्न वा थुनामा राख्न वा निजसँग धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्नेछ ।

**३७. धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्ने आधार** (दफा ७२):

- धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्दा देहायको कुरा विचार गरी मनासिब किसिमले तोक्नु पर्छ :-

  (क) कसूरको प्रकृति र गम्भीरता,

  (ख) अभियुक्त वा कसूदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,

  (ग) अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,

  (घ) निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,

  (ङ) निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,

  (च) निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,

  (छ) कसूरबाट सृजित परिणाम,

  (ज) कसूरमा साबिती भए वा नभएको,

  (झ) असहाय वा अशक्त ब्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएकी महिला अभियुक्त रहेको ।

- कुनै व्यक्तिसँग मागिएको धरौट, जमानत वा बैङ्क जमानतको रकम घटी वा बढी भई मनासिब नभएको कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो विषयमा सुनुवाई गरी त्यस्तो धरौट, जमानत वा बैङ्क जमानत रकम थप घट गर्ने वा परिवर्तन गर्ने आदेश दिन सक्नेछ ।

**३८. थुनामा राख्न सकिने अधिकतम अवधि** (दफा ७८):
अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन ।

**३९. थुनुवा पूर्जी दिनु पर्ने** : कुनै व्यक्तिलाई जुनसुकै व्यहोराले हिरासतमा राख्दा हिरासतमा राख्नु पर्ने कारण र त्यसरी हिरासतमा राख्न सकिने कानूनी आधार र कारण खुलाई अधिकार प्राप्त अधिकारीले थुनछेकको आदेश गरी थुनुवा पूर्जी दिई थुनामा राख्नु पर्नेछ ।

## तारिख सम्बन्धी व्यवस्था

**४०. कारण खुलाई तारिख तोक्ने** (दफा ८३):

- अदालतले तारिख तोक्दा मुद्दाका पक्षहरुको उपस्थितिमा गर्नु पर्ने प्रत्येक काम खुलाई तोक्नु पर्नेछ र प्रत्येक तारिखका दिन सम्पादन हुने काम तारिख पर्चामा खुलाउनु पर्नेछ ।
- नेपाल सरकार वादी वा प्रतिवादी भएको मुद्दामा अदालतले मुद्दाको सुनुवाई वा कारबाहीको लागि तारिख तोकिएको सूचना सम्बन्धित सरकारी वकिलको कार्यालयलाई दिनु पर्नेछ ।

**४१. पक्राउ पूर्जी जारी गर्न र सम्पत्ति रोक्का राख्न सकिने** (दफा ८७):
कुनै अभियुक्त पहिले तोकिएको तारिखमा अनुपस्थित रहेछ र निजलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन पर्ने अदालतलाई लागे पक्राउ पूर्जी जारी गरी त्यस्तो अभियुक्तलाई पक्राउ गर्न र त्यस्तो अभियुक्तको सम्पत्ति रोक्का गर्न समेत अदालतले आदेश दिन सक्नेछ ।

**४२. प्रमाण बुझिसकेपछि तारिखमा नबसे पनि हुने** (दफा ८८) :
प्रमाण बुझिसकेपछि कुनै पक्ष तारिखमा बस्न नचाहेमा अदालतको अनुमति दिएमा तारिख टुटाउन सकिने ,

## वारिस सम्बन्धी व्यवस्था

**४३. वारिस नियुक्त हुन सक्ने व्यक्तिको योग्यता** (दफा ८९) :

- देहायको योग्यता पुगेको व्यक्ति वारिस हुन सक्नेछ :-
  (क) प्रचलित कानून बमोजिम करार गर्न योग्य,
  (ख) किर्ते, जालसाजी, भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,
  (ग) फैसला बमोजिम सरकारी बिगो, फैसला कार्यान्वयन गरे बापत अदालतलाई तिर्नु पर्ने कुनै दस्तूर, अदालती शुल्क वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको ।
- देहायको अवस्थामा वारिस नियुक्त गर्न सकिने छैनः-
  (क) अनुसूची-१ र अनुसूची-२ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा भएमा,
  (ख) यस ऐन बमोजिम बयान दिनु पर्ने अवस्थाको अभियुक्त अदालतमा आफै उपस्थित भै बयान दिनु पर्ने भएमा,
  (ग) यस ऐन बमोजिम पुर्पक्षका लागि थुनामा वस्नु पर्ने वा धरौटी वा जमानत माग भएको अवस्थामा त्यस्तो धरौटी वा जमानत दिन नसकी थुनामा वसेको व्यक्ति भएमा,
  (घ) वारिस रहेको वा राख्न पाउने अवस्था भएपनि कुनै मनासिब कारण भई अदालतले मुद्दाको पक्षलाई आफैं अदालतमा उपस्थित हुन आदेश दिएमा,
  (ङ) थुनामा रहेको वा पहिले नै धरौट वा जमानत दिइसकेकोमा बाहेक विदेशी नागरिक वा नागरिकताको ठेगाना नभएको व्यक्तिले मुद्दाको फैसला हुँदा कानून बमोजिम आफूलाई हुन सक्ने सजाय बराबरको रकम धरौटी नराखेमा वा त्यस बापत जमानत नदिएमा,
  (च) अदालतको आदेश बमोजिम लागेको दण्ड, जरिबाना, दशौंद, बिसौंद नतिरी बाँकी रहेको भएमा, वा
  (छ) अदालतले कुनै मनासिब कारण देखाई वारिस राख्न नपाउने भनी आदेश दिएकोमा ।

**४४. <u>पक्ष वारिस हुन सक्ने</u>** (दफा ९१):
कुनै मुद्दामा एकभन्दा बढी वादी वा प्रतिवादी भएकोमा त्यस्ता व्यक्तिहरुमध्ये कुनै व्यक्तिलाई वारिस नियुक्त गर्न सकिनेछ । तर एक पक्षको वारिस सोही मुद्दामा विपक्षीको वारिस हुन सक्ने छैन ।

**४५. <u>वारिस नियुक्त गर्न अनुमति दिन सकिने विशेष व्यवस्था</u>** (दफा ९५):
देहायका अवस्थाको व्यक्तिले सोही व्यहोरा खुलाई वारिस नियुक्त गर्न अनुमतिको लागि अदालतमा निवेदन दिन सक्नेछ :-
  (क) तीन वर्ष वा तीन वर्षभन्दा घटीको कैद सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्त थुनामा बसेको रहेनछ र काबू बाहिरको परिस्थितिले तोकिएको तारिखमा उपस्थित हुन नसक्ने अवस्था सृजना भएमा,
  (ख) पाँच वर्षसम्म कैदको सजाय हुन सक्ने कसूरको अभियोग लागेको महिला सुत्केरी भएको वा अन्य कुनै कारणले गर्दा तोकिएको तारिखमा अदालतमा उपस्थित हुन नसक्ने भएमा ।

## <u>मुद्दाको स्थानान्तरण र मुलतवी सम्बन्धी व्यवस्था</u>

**४६. <u>अभियुक्त उपस्थित नभएकोमा मुद्दा मुलतवी राख्ने</u>** (दफा ९८) :
- पक्राउ पूर्जी जारी भएको अभियुक्त पक्राउ पूर्जी जारी भएको मितिले पैंतीस दिनभित्र पनि अदालतमा उपस्थित नभएमा वा निजलाई उपस्थित गराउन नसकिएमा अदालतले निजको हकमा मुद्दा मुलतवी राखी त्यस्तो मुद्दामा संलग्न अन्य अभियुक्तहरुको हकमा प्रमाण बुझी मुद्दाको किनारा गर्नु पर्नेछ ।

  तर,

  (क) अदालतमा बयान वा प्रतिउत्तर दिइसकेपछि अनुपस्थित रहेको अभियुक्त वा प्रतिवादीको हकमा मुद्दा मुलतवी राखिने छैन र वादी प्रतिवादीले पेश गरेको सवुद प्रमाण र अदालतले मनासिब सम्झेको अन्य प्रमाण बुझी मुद्दाको किनारा गर्नु पर्नेछ,

(ख) तीन वर्ष वा तीन वर्षभन्दा घटी कैदको सजाय हुने मुद्दामा अदालतमा हाजिर नभएको अभियुक्त वा प्रतिवादीहरुको हकमा समेत ठहरे बमोजिम फैसला गर्नु पर्नेछ ।

- मुलतवी रहेकोमा मुद्दाको किनारा गर्नुभन्दा अगाडि अभियुक्त अदालतमा उपस्थित भएमा वा गराइएमा अदालतले मुलतवी जगाई उजुरवालालाई त्यस्तो कुराको सूचना दिई मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।
- मुद्दा मुलतवी रहेको मितिले तीन वर्षको अवधिभित्र अभियुक्त अदालतमा उपस्थित भएन वा गराइएन भने अदालतले त्यस्तो अभियुक्तको सम्बन्धमा मुलतवी रहेको मुद्दा जगाई कारबाही र किनारा गर्नु पर्नेछ ।
- मुद्दाको किनारा हुनुभन्दा पहिले नै अभियुक्त अदालतमा उपस्थित भएको वा गराइएको र निजले आफ्नो विरुद्ध मुद्दा चलेको कुरा थाहै नपाएकोले उपस्थित हुन नसकेको भनी अदालतलाई विश्वास हुने कुनै प्रमाण पेश गरेमा अदालतले देहाय बमोजिमको खर्चहरु कटाई वा असुल गरी रोक्का रहेको सम्पत्ति निजलाई फुकुवा गर्ने आदेश दिनु पर्नेछ :-

(क) सम्पत्ति बिक्री भई नसकेकोमा त्यस्तो सम्पत्ति रोक्का राख्दा लागेको खर्च,

(ख) अदालतमा उपस्थित हुन निजका नाममा वा मुद्दाको कारबाही सम्बन्धी कुनै विषयमा निजको हकमा सार्वजनिक सूचना प्रकाशन गर्दा लागेको खर्च ।

- एउटा अदालतमा दायर भएको मुद्दा मुलतवी रहेकोमा सोही अदालत वा अन्य कुनै अदालतमा दायर भएको अर्को कुनै मुद्दामा अभियुक्त वादी वा प्रतिवादीको हैसियतमा उपस्थित भएको भन्ने प्रतिवेदन वा जानकारी प्राप्त भएमा त्यस्तो मुद्दा मुलतवी रहेको मानिने छैन र अदालतले त्यस्तो मुद्दाको कारबाही अगाडि बढाउनको लागि त्यस्तो अभियुक्तलाई अदालतमा उपस्थित हुने आदेश दिन सक्नेछ ।

## प्रमाण परीक्षण सम्बन्धी व्यवस्था

४७. **प्रमाण पेश गर्नु पर्ने** (दफा ९९):

- वादीले उजुरीमा, अभियुक्तले बयानमा र प्रतिवादीले प्रतिउत्तरपत्रमा आफ्ना सबै साक्षी, लिखत र दसी प्रमाण खुलाउनु पर्नेछ ।
- दसी प्रमाण खुलाएको लिखत वा दसी प्रमाणको प्रकृतिबाट आफूसँग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत वा दसी प्रमाण वादीले उजुरीका साथ, प्रतिवादीले प्रतिउत्तरपत्रका साथ र अभियुक्तले बयान गर्दाका बखत पेश गर्नु पर्नेछ ।

४८. **पक्षले साक्षी उपस्थित गराउनु गर्ने** (दफा १०१):

- अदालतमा दायर भएका मुद्दाका साक्षी अदालतले तोकेको दिन सम्बन्धित पक्षले उपस्थित गराउनु पर्नेछ ।
- कुनै खास मुद्दामा त्यस्तो मुद्दा दायर गर्दा कै बखत प्रतिवादीहरु उपस्थित भएमा वादी, प्रतिवादी वा दुवै पक्षले मुद्दा दायर गर्दा कै बखत आ-आफनो साक्षी प्रमाणहरु अदालतमा पेश गर्न सक्ने छन् ।
- साक्षी पेश गर्दा अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाका सरकारी पक्षको साक्षीलाई सम्बन्धित अनुसन्धान अधिकारी वा निजको कार्यालयले सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराउनु पर्नेछ ।

४९. **नवुझी नहुने साक्षीलाई समाह्वान वा पक्राउ पूर्जी जारी गर्न सकिने**(दफा ११२):

- अदालतले तोकेको दिन उपस्थित नभएको तर मुद्दाको गम्भीरता हेरी नबुझी नहुने नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग सम्बन्धित साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा दसी प्रमाण दाखिला गराउन समाह्वान जारी होस् भनी कारण खुलाई मुद्दाको पक्षले निवेदन दिएमा अदालतले त्यस्तो साक्षीलाई बढीमा पन्ध्र दिनको म्याद दिई समाह्वान जारी गरी बुझ्न सक्नेछ ।
- तोकिएको म्यादभित्र उपस्थित नहुने साक्षीलाई अदालतले दुई हजार रुपैयाँसम्म जरिबाना गरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी वकपत्र गराउन सक्नेछ । त्यस्तो साक्षी फेला परेन वा

पक्राउ हुन सकेन भने त्यस्तो साक्षी पक्राउ परेका वा फेला परेका बखत सजाय कार्यान्वयन गर्ने गरी पैंतालीस दिनसम्म कैद गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गर्नु पर्नेछ ।

**५०. साक्षीलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनु पर्ने** (दफा ११३):

- अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनङ्कित प्रथम श्रेणीका सरकारी कर्मचारीले र विशेषज्ञको रुपमा उपस्थित भएको साक्षी भए राजपत्राङ्कित तृतीय श्रेणीको सरकारी कर्मचारीले कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।
- कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज बहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।
- नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीको आवश्यक सुरक्षाको व्यवस्था नेपाल सरकारले गर्नु पर्नेछ ।

**५१. साक्षी वा पीडितको संरक्षण गर्ने** (११४):

- अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूर सम्बन्धी कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा वकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजको अनुरोधमा अदालतले सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।
- साक्षी संरक्षण गर्न अदालतले गरेको आदेश बमोजिम अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।

## मुद्दा फिर्ता लिने, मिलापत्र र मेलमिलाप सम्बन्धी व्यवस्था

**५२. मुद्दा फिर्ता लिन नहुने** (दफा ११६):

देहायको मुद्दा बाहेक अन्य मुद्दा फिर्ता लिन सकिनेछ :-

(क) झुट्टा राहदानी वा नागरिकता, अध्यागमन, भ्रष्टाचार, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध ओसार पसार वा कारोबार, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, सार्वजनिक उपभोगका वस्तुमा विष मिसाएको, विष प्रयोग गरी वा क्रुर, अमानवीय तवरले वा नियन्त्रणमा लिई ज्यान मारेको, सम्पत्ति शुद्धीकरण, प्राचीन स्मारक संरक्षण सम्बन्धी मुद्दा,

(ख) अपराध संहिताको भाग-२ को परिच्छेद-२ को दफा ५६, परिच्छेद-६ को दफा १२९, १३० १३१ र १३४, परिच्छेद-७ को दफा १३८, १३९ र १४१, परिच्छेद-८, परिच्छेद-१० को दफा १६७, परिच्छेद-१६ को दफा २०६, परिच्छेद-१७, परिच्छेद-१८ को दफा २१९ को उपदफा (१), (२) र (३), परिच्छेद-१९ को दफा २३० र २३१ तथा परिच्छेद-२२ को दफा २५६ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा,

(ग) मुद्दा फिर्ता लिँदा कुनै व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा त्यस हदसम्मको कुरामा त्यस्तो व्यक्तिको स्वीकृति नभएको मुद्दा ।

## मुद्दाको कारबाही, सुनुवाई र फैसला सम्बन्धी व्यवस्था

**५३. अभियुक्तलाई अभियोग सुनाउनु पर्ने** (दफा १२१):

अभियुक्त अदालतमा उपस्थित भएपछि अदालतले अभियुक्त उपर लगाइएको अभियोगपत्र, अभियोग प्रमाणित गर्न उजुरवालाले पेश गरेको प्रमाण तथा अभियोग प्रमाणित भएमा हुन सक्ने सजाय स्पष्ट रुपमा पढेर सुनाउनु पर्ने र अभियुक्तले त्यस्ता सवुद, प्रमाण वा लिखत हेर्न वा त्यसको प्रतिलिपी लिन चाहेमा निजलाई त्यसको मौका दिनु पर्नेछ ।

**५४. अभियुक्तको बयान गराउनु पर्ने** (दफा १२२):

- अभियुक्तलाई अभियोगपत्र  तथा त्यस्तो अभियोगमा हुन सक्ने सजाय सुनाई सकेपछि अदालतले त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नु पर्नेछ ।
- अदालतमा उपस्थित भई सकेको अभियुक्तसँग बयान लिनु अगाडि नै निजले कुनै कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई त्यसको मौका दिनु पर्नेछ ।
- श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत बयान लिएकोमा न्यायाधीशले त्यस्तो कुरा प्रमाणित गरी राख्नु पर्नेछ ।
- बयान गराउँदा अभियुक्तसँग बुझ्नु पर्ने कुनै कुरा छुट हुन गएमा अदालतले त्यस्तो अभियुक्तलाई उपस्थित गराउन लगाई निजसँग छुट कुराको ततिम्बा बयान लिन सक्नेछ ।

**५५. <u>अभियुक्तले कसूर स्वीकार गरे मुद्दाको फैसला तत्काल गर्नु पर्ने</u>** (१२३):

- कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरी अदालतमा साविती बयान गरेमा अदालतले त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी तत्काल उक्त मुद्दाको फैसला गर्न सक्नेछ ।
- कुनै अभियुक्तले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारी समक्ष गरेकोभन्दा फरक जिकिर लिएमा निजले पेश गरेको प्रमाण वा जिकिरको विषयमा वादी पक्षले पुनः अनुसन्धान गरी वा गराई अदालतमा थप सवुद प्रमाण पेश गर्न माग गरेमा अदालतले त्यस्तो थप सवुद प्रमाण पेश गर्ने अनुमति दिन सक्नेछ । त्यस्तो आदेश भएकोमा त्यस्तो थप प्रमाण पेश नभई अदालतले उक्त मुद्दा फैसला गर्न हुँदैन ।

**५६. <u>कैद वा थुनामा परेको पक्ष वा साक्षीलाई उपस्थित गराउनु पर्ने</u>** (दफा १२६):

- मुद्दाको कुनै पक्ष वा साक्षी कैद वा थुनामा रहेको भए निजको बयान वा वकपत्र गराउनको लागि वा निजसँग सम्बद्ध भएको अन्य मुद्दामा निजलाई उपस्थित गराउनु पर्ने भए त्यसको लागि तोकिएको तारिखको दिन निजलाई उपस्थित गराउन कारण खोली अदालतले सम्बन्धित कार्यालयलाई आदेश दिनु पर्नेछ ।
- अदालतको आदेश प्राप्त भएपछि सम्बन्धित कार्यालयले सुरक्षाकर्मीको साथ लगाई त्यस्तो पक्ष वा साक्षीलाई अदालतमा उपस्थित गराउनु पर्नेछ ।
- कुनै पक्ष वा साक्षीलाई सुरक्षाको कारणले वा शारीरिक अशक्तताको कारणले अदालत समक्ष उपस्थित गराउन नसकिने मनासिब कारण भए त्यस्तो कार्यालयले अदालतको अनुमति लिई श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत निजलाई बुझ्ने व्यवस्था गर्न सक्नेछ ।
- मुद्दाको कुनै पक्ष वा साक्षीलाई श्रव्य दृष्य सम्वाद  (भिडियो कन्फरेन्स) मार्फत बुझिएकोमा निजले भनेको कुरा अभिलेख राख्नु पर्नेछ ।

**५७. <u>प्रमाण बुझ्ने क्रम</u>** (दफा १२७):

- प्रमाण बुझ्न तोकिएको तारिखको दिन अदालतले अन्यथा आदेश दिएकोमा बाहेक प्रमाण सम्बन्धी कानूनको अधीनमा रही पहिले वादीको र त्यसपछि प्रतिवादीको साक्षी प्रमाण बुझ्नु पर्नेछ ।
- कुनै पक्षद्वारा प्रस्तुत गरिएको कुनै प्रमाण वा कुनै साक्षीले बकेको कुनै कुरा प्रमाणमा नलाग्ने वा प्रमाणको रुपमा लिन नहुने वा असान्दर्भिक विषय भनी अर्को पक्षले तत्काल कुनै आपत्ति जनाएमा त्यस्तो आपत्ति मनासिब हो वा होइन भनी न्यायाधीशले तत्काल निर्णय दिनु पर्नेछ ।

**५८. <u>मुद्दाको पुर्पक्ष खुला इजलासमा गर्नु पर्ने</u>** (दफा १२९):

अदालतले मुद्दाको पुर्पक्ष गर्दा खुला इजलासमा गर्नु पर्नेछ । तर जासुसी, मानव बेचबिखन तथा ओसार पसार, यौनजन्य कसूर, बालबालिका अभियुक्त वा पीडित भएको मुद्दा, महिला बिरुद्धको हिंसा, जवर्जस्ती करणी, हाडनाता करणी वा पती पत्नीबिच चलेको मुद्दा वा अदालतले बन्द इजलासमा सुनुवाई गर्न उचित देखी आदेश गरेको अन्य मुद्दाको पुर्पक्ष बन्द इजलासमा हुन सक्नेछ ।

**५९. <u>अभियुक्तले आफ्नो प्रतिरक्षाको लागि कानून व्यवसायी नियुक्त गर्न सक्ने</u>** (दफा १३०):

- कुनै कसूरको अभियोग लागेको अभियुक्तले आफू उपर लागेको आरोप खण्डन गर्न वा आफ्नो प्रतिरक्षाको लागि आफूले रोजेको कानून व्यवसायी नियुक्त गरी बहस पैरवी गराउन सक्नेछ ।
- जन्म कैदको सजाय वा दश वर्ष वा दश वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने कसूरको आरोप लागेको अभियुक्तले आफ्नो कानून व्यवसायी नियुक्त नगरेमा अदालतले त्यस्तो अभियुक्तको

हकमा अदालतको तर्फबाट नियुक्त कानून व्यवसायीबाट निजको प्रतिरक्षा गर्न आदेश दिन सक्नेछ ।

६०. **फैसला गर्नु पर्ने** (दफा १३१):

- मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया एक महिनाभित्र न्यायाधीशले मुद्दाको फैसला गर्नुपर्छ । सो अवधिभित्र फैसला गर्न नसकिएमा त्यसको कारण खुलाई पुनरावेदन सुन्ने अदालतमा त्यसको जानकारी गराउनु पर्नेछ ।
- उक्त अवधिभित्र फैसला नलेखिएमा त्यस्तो म्याद समाप्त भएको तीन दिनभित्र सम्बन्धित पक्षले उच्च अदालत र मातहत अदालतको फैसलाको हकमा सम्बन्धित उच्च अदालतका मुख्य न्यायाधीश समक्ष र सर्वोच्च अदालतको फैसलाको हकमा प्रधान न्यायाधीश समक्ष उजुर गर्न सक्नेछ ।

६१. **मृत्यु भएमा मुद्दा खारेज हुने** (दफा १३३):

- कुनै मुद्दाको अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा अदालतले त्यस्तो मुद्दा खारेज गरिदिनु पर्नेछ । तर एकभन्दा बढी अभियुक्त वा प्रतिवादी भएकोमा कुनै एक अभियुक्तको मृत्यु हुँदैमा मुद्दा खारेज गर्न सकिने छैन ।
- बिगो समावेश भएको मुद्दामा अभियुक्त वा प्रतिवादीको मृत्यु भएपनि अदालतले मिसिल संलग्न प्रमाण र बुझ्न आवश्यक देखिएको अन्य प्रमाणहरु समेत बुझी बिगो कायम गर्ने निर्णय गर्न सक्नेछ ।

## पुनरावेदन र साधक सम्बन्धी व्यवस्था

६२. **फैसला गर्ने अदालत वा कैदमा रहेको कारागार मार्फत पुनरावेदन दर्ता गर्न सकिने** :

पुनरावेदन गर्न चाहने व्यक्तिले फैसला गर्ने अदालत मार्फत वा त्यस्तो फैसलाबाट कसूरदार ठहरिएको व्यक्ति कैदमा रहेको भए कैदमा रहेको कारागार मार्फत पनि पुनरावेदन गर्न सक्नेछ । त्यसरी पुनरावेदन दर्ता भएकोमा त्यस्तो अदालत वा कारागारले पुनरावेदकले निजलाई भएको सजाय भोगेको वा बुझाएको वा त्यस बापत धरौट वा जमानत दिएको भए त्यस्तो व्यहोरा खोली पुनरावेदन सुन्ने अदालतमा यथासम्भव चाँडो पुनरावेदन पठाई पुनरावेदकलाई त्यस कुराको जानकारी दिनु पर्नेछ ।

६३. **पुनरावेदन दिँदा कैदमा बस्नु पर्ने** (दफा १३७):

- देहायको कुनै व्यक्तिले पुनरावेदन दिँदा कैदमा बसेर दिनु पर्नेछ :-
  - (क) जन्मकैदको सजाय भएको व्यक्ति,
  - (ख) दश वर्षभन्दा बढी कैद सजाय भएको व्यक्ति,
  - (ग) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूरमा कसूरदार ठहरी तीन वर्षभन्दा बढी कैदको सजाय पाएको व्यक्ति,
  - (घ) पुर्पक्षको लागि थुनामा वसेकोमा कसूरदार ठहरी कैद सजाय पाएको व्यक्ति,
  - (ङ) कैदको सजाय पाएको र नेपालभित्र स्थायी बसोबास नभएको व्यक्ति ।
- पचहत्तर वर्ष माथिको व्यक्ति वा निको नहुने वा अत्यन्त कडा रोग लागी थुनामा बस्न नसक्ने भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट सिफारिस भएको व्यक्ति वा अदालतबाट पुर्पक्षको लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको कसूरदारले थुनामा नबसी पुनरावेदन दिने अनुमतिको लागि कारण खुलाई निवेदन गरेमा र त्यस्तो कारण मनासिब देखिएमा पुनरावेदन सुन्ने अदालतले निजसँग धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ ।
- धरौट वा जमानत दिनु पर्ने व्यक्तिले सो नदिए बापत कैद सजाय भएको रहेछ भने निजले त्यस्तो सजाय बापत कैदमा बसेर मात्र पुनरावेदन गर्न सक्नेछ ।
- धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदन उपर त्यस्तो पुनरावेदन दर्ता भएको मितिले छ महिनाभित्र फैसला हुन नसकेमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले निजलाई त्यस्तो अवधिपछि कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्नु पर्नेछ ।

**६४. तारिखमा बस्न नपर्ने** (दफा १४२):
पुनरावेदनको कारबाहीको सिलसिलामा तारिखमा बस्न नचाहेमा पुनरावेदक वा प्रत्यर्थीलाई अदालतले खोजेको बेलामा उपस्थित हुने कागज गराई तारिख टुटाई दिन सक्नेछ ।

## फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था

**६५. फैसला कार्यान्वयन गर्ने निकाय** (दफा १५२):
मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भएको भए पनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन अभियोगपत्र वा उजुरी दायर भएको जिल्ला अदालतले गर्नेछ । तर प्रतिवादीको सङ्ख्या निजहरुको बसोबास वा निजको सम्पत्तिको अवस्थितिको कारण फैसला कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको जिल्ला अदालतले मुद्दाको फैसला कार्यान्वयन गर्नु पर्नेछ ।

**६६. कैद बापत रकम तिर्न सकिने** (दफा १५५) :
कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस बापत एक दिन कैदको तीन सय रुपैयाँका दरले र विदेशी नागरिकको हकमा प्रति दिन पाँचसय रुपैयाँका दरले रकम लिई कैदबाट छाडिदिन आदेश दिन सक्नेछ ।

**६७. सजाय पाएको व्यक्तिको मृत्यु भएमा सजाय मिनाहा हुने** (दफा १५८):
अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिबाना स्वतः मिनाहा हुन्छ । सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भर्नु पर्ने व्यक्तिको त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भराउनु अगावै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट असुल उपर हुनेसम्म असुल उपर गरी भराई दिनु पर्नेछ ।
बिगो, क्षतिपूर्ति वा रकम भराउँदा त्यस्तो व्यक्तिको सम्पत्तिले खामेसम्म क्रमशः सरकारी बिगो, क्षतिपूर्ति, निजी क्षतिपूर्ति र बिगोलाई प्राथमिकता दिई क्रमशः भराउनु पर्नेछ ।

**६८. सजाय माफी दिन सकिने** (दफा १५९):
अदालतको फैसला बमोजिम ठेकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी पाउन, त्यसलाई मुलतवी राख्न, परिवर्तन गर्न वा कम गर्न गृह मन्त्रालय मार्फत राष्ट्रपति समक्ष निवेदन दिन सक्नेछ।
तर देहायका कसूरका कसूरदारलाई भएको सजाय माफी गर्ने, मुल्तवी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्न सकिने छैन :-

(क) भ्रष्टाचार,
(ख) यातना,
(ग) जबरजस्ती करणी,
(घ) क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको,
(ङ) जाति हत्या,
(च) विष्फोटक पदार्थ,
(छ) अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता,
(ज) मानव बेचविखन तथा ओसारपसार,
(झ) सम्पत्ति शुद्धीकरण, र
(ञ) तीन वर्षभन्दा बढी कैद सजाय हुने लागूऔषधको ओसारपसार वा कारोबार ।

**६९. जरिबानाको सजायको कार्यान्वयन** (दफा १६२):
अदालतको आदेशले जरिबाना तिर्नु पर्ने व्यक्तिले जरिबानाको रकम तत्काल बुझाउनु पर्नेछ । त्यस्तो व्यक्तिले जरिबाना तत्काल बुझाउन नसकी त्यस बापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक

वर्षभित्र त्यस्तो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा जरिबाना बुझाउने आदेश दिन सक्नेछ ।

**७०. सरकारी बिगो बापत कैद गर्न सकिने** (दफा १६४):

अदालतबाट फैसला हुँदा असूल उपर हुनु पर्ने गरी ठहर भएको सरकारी बिगो वा अन्य कुनै रकम सम्बन्धित व्यक्तिले नबुझाएमा निजलाई कैद गर्न सकिनेछ र सरकारी बिगो बापत कैद गर्नु पर्दा सात वर्षभन्दा बढी हुने गरी कैद ठेक्न सकिने छैन ।

**७१. निजी बिगो वा क्षतिपूर्ति भराउने** (दफा १६५):

- अदालतको फैसला बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने ठहरेको निजी बिगो, पीडित वा निजको हकवालाले पाउने क्षतिपूर्ति वा अन्य कुनै रकम त्यसरी फैसला बमोजिम तिर्नु पर्ने व्यक्तिलाई फैसला भएको छ महिनाभित्र बुझाउनु पर्नेछ । सो अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम नबुझाएमा निजलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- तोकिएको अवधिभित्र बिगो, क्षतिपूर्ति वा त्यस्तो रकम बुझाउनु पर्ने व्यक्तिले नबुझाएमा त्यस्तो बिगो क्षतिपूर्ति वा रकम भरी पाउने व्यक्तिले अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भर्नु पर्ने व्यक्तिको हकको सम्पत्ति देखाई निवेदन दिन सक्नेछ ।
- बिगो असुल सम्बन्धमा कुनै व्यक्तिलाई कैद गर्दा व्यक्ति विशेषको बिगोको हकमा दुई वर्ष र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको बिगोको हकमा चार वर्षभन्दा बढी कैद गर्न सकिने छैन ।

  तर क्षतिपूर्ति असूल उपर नभए बापत कैद गराउन पर्दा चार वर्षसम्म कैद गर्न सकिनेछ ।

१६७. **स्वार्थ बाझिने मुद्दा हेर्न नहुने** (दफा १७६) :

न्यायाधीशले देहायका मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न हुँदैन :-

(क) आफ्नो वा आफ्नो नजिकको नातेदारको हक हित वा सरोकार भएको मुद्दा,
(ख) कुनै बखत आफू वारिस, कानून व्यवसायी वा साक्षी भएको मुद्दा,
(ग) आफूले न्यायाधीशको हैसियतमा कुनै अदालतमा निर्णय गरेको वा अन्तिम आदेश गरेको मुद्दा,
(घ) कुनै बखत आफूले मुद्दा चल्ने वा नचल्ने विषयमा राय दिएको मुद्दा,
(ङ) अन्य कुनै कारणले आधारभूत रुपमा आफ्नो र आफ्नो एकासगोलका परिवारका सदस्यको स्वार्थ गाँसिएको मुद्दा ।

## फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा रहेका व्यवस्थाहरु

फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्थाहरुलाई समेटी तयार भएको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा समावेश रही हाल लागू भएका मुख्य व्यवस्थालाई संक्षेपमा उल्लेख गरिएको छ ।

**कसूरदार ठहर भएपछि सजाय निर्धारण गर्नु पर्ने (दफा ८)**

- कुनै व्यक्ति कुनै कसूरका सम्बन्धमा अदालतबाट कसूरदार ठहर भइसकेपछि कसूरदार ठहरिएको तीस दिनभित्र त्यस्तो कसूरको सम्बन्धमा सजाय निर्धारण गर्नु पर्नेछ ।

**छुट्टै सुनुवाई गर्नु पर्ने** (दफा ९)

- तीन वर्षभन्दा बढी कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना हुने कसूरको कसूरदारलाई कसूर ठहर भई सकेपछि सजाय निर्धारण गर्दा छुट्टै सुनुवाई गरी निर्धारण गर्नु पर्नेछ ।

**खुल्ला इजलासमा सुनुवाई गरी सजाय निर्धारण गर्नु पर्ने** (दफा १०)

- कानून बमोजिम बन्द इजलासमा सुनुवाई हुने बाहेकका मुद्दामा कसूरदारलाई सजाय निर्धारण गर्दा खुल्ला इजलासमा निर्धारण गर्नु पर्नेछ । यसरी सजाय निर्धारण गर्दा सम्बन्धित कसूरदार वा निजको कानून व्यवसायी समेतको उपस्थितिमा गर्नु पर्नेछ ।

**सजाय पूर्वको प्रतिवेदन तयार गर्न लगाउन सक्ने (दफा** १२)

- तीन वर्षभन्दा बढी कैद वा तीस हजार रुपैयाँभन्दा बढी जरिबाना हुन सक्ने कसूरका सम्बन्धमा सजाय निर्धारण गर्नुअघि अदालतले आवश्यक ठानेमा कसूरदारको सम्बन्धमा सजाय पूर्वको प्रतिवेदन तयार गर्न आदेश दिन सक्नेछ ।

**बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरु (दफा** १६)

- निजको सर्वोत्तम हित,
- कसूरको गम्भीरता र दोषको मात्रा,
- निजको व्यक्तिगत परिस्थिति,
- अपराधप्रतिको पश्चाताप,
- असल र उपयोगी जीवन जिउने चाहना ।
- अदालतले उपयुक्त ठानेको अन्य आवश्यक कुरा ।

**जरिबानाको सजाय निर्धारण गर्ने आधार (दफा** १८)

- कसूरदारको आर्थिक हैसियत र आय आर्जन क्षमता,
- कसूरदारले गरेको कसूरको कारणबाट अरु व्यक्तिलाई हुन गएको आर्थिक हानी नोक्सानी,
- कसूरदारले गरेको कसूरको कारणबाट कसूरदार वा निजको परिवारले प्राप्त गरेको लाभ,
- जरिबानाबाट कसूरदारले पालन पोषण गर्नु पर्ने परिवारलाई पर्ने असर,
- पीडितलाई तिर्नु पर्ने क्षतिपूर्ति रकम,
- जरिबाना नतिरेको कारणबाट सरकारलाई पर्न सक्ने दायित्व,
- कसूरदार सङ्गठित संस्था भएमा त्यस्तो संस्थाको आर्थिक हैसियत र कारोबार,

- पीडित राहत कोषमा रकम जम्मा गराउनु पर्ने भए त्यस्तो रकम,
- बिगो खुलेकोमा बिगो रकम ।

**<u>क्षतिपूर्तिलाई असर नपर्ने गरी जरिबाना निर्धारण गर्नु पर्ने</u>** (दफा १९)

- कुनै कसूरदारलाई जरिबाना गर्दा कसूरदारले कसूरबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति समेत तिर्नु पर्ने गरी जरिबाना गरिने भए निजले त्यस्तो क्षतिपूर्ति तिर्न नसक्ने गरी जरिबाना गर्नु हुँदैन ।

**<u>जरिबाना तत्काल बुझाउनु पर्ने</u>** (दफा २०)

- अदालतबाट लागेको जरिबाना कसूरदारले तत्काल बुझाउनु पर्नेछ ।
- कुनै कसूरदारले त्यस्तो जरिबाना तत्काल बुझाउन नसकी त्यस बापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्ष भित्र त्यस्तो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा जरिबाना बुझाउने गरी आदेश दिन सक्नेछ ।

**<u>प्रत्येक कसूरदारले जरिबाना व्यहोर्नु पर्ने (दफा</u>** २१)

- कुनै कसूरमा एकभन्दा बढी कसूरदारले कसूर गरेको ठहरेमा प्रत्येक कसूरदारले कसूरको मात्रा अनुसार जरिबाना तिर्नु पर्नेछ ।

**<u>कैद कट्टा हुन सक्ने</u>** (दफा ३७)

- कैदमा रहँदा कसूरदारको चालचलनमा सुधार आएमा र निजले तीन चौथाई कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद सजाय कारागारले कट्टा गर्न सक्नेछ ।
- देहायका कसूरदारको कैद कट्टा हुने छैन :-
    - जन्म कैदको सजाय पाएको,
    - जबरजस्ती करणी सम्बन्धी कसूरमा सजाय पाएको,
    - भ्रष्टाचार सम्बन्धी कसूरमा सजाय पाएको,
    - मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरमा सजाय पाएको,
    - अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा सजाय पाएको,
    - लागू औषधको ओसारपसार  तथा कारोबार सम्बन्धी कसूर,
    - सङ्गठित अपराध सम्बन्धी कसूरमा सजाय पाएको,
    - सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा सजाय पाएको,
    - यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार सम्बन्धी कसूरमा सजाय पाएको,
    - मानवता विरुद्धको अपराध सम्बन्धी कसूरमा सजाय पाएको ।

**<u>क्षतिपूर्ति भराई दिनु पर्ने</u>** (दफा ४१)

- कुनै कसूरको परिणाम स्वरुप पीडितको जीउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति बापत अदालतले कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।
- क्षतिपूर्ति निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरु :-
    - पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति,
    - पीडितको मृत्यु भइसकेको भए निजको हकवालालाई पर्न गएको क्षति,
    - कसूरदारको आर्थिक श्रोत र अवस्था,
    - पीडित तथा निजमा आश्रित व्यक्तिको अवस्था,
    - अदालतले उपयुक्त ठहऱ्याएका अन्य कुरा ।

**<u>क्षतिपूर्ति तत्काल बुझाउनु पर्ने</u>** (दफा ४२)

- अदालतले निर्धारण गरेको क्षतिपूर्ति कसूरदारले तत्काल बुझाउनु पर्नेछ ।

- कुनै कसूरदारले ले क्षतिपूर्ति तत्काल बुझाउन नसकी त्यस बापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्षभित्र त्यस्तो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा क्षतिपूर्ति बुझाउने आदेश दिन सक्नेछ ।

**प्रत्येक कसूरदारले क्षतिपूर्ति व्यहोर्नु पर्ने (दफा** ४३)

- कुनै कसूरमा एकभन्दा बढी कसूरदार भए क्षतिपूर्ति भराउन आदेश दिँदा प्रत्येक कसूरदारले कसूरको मात्रा अनुसार क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

**क्षतिपूर्ति सम्बन्धमा पीडित र कसूरदारले सहमति गर्न सक्ने (दफा** ४४)

- कुनै कसूरका सम्बन्धमा क्षतिपूर्ति लिने दिने सम्बन्धमा पीडित र कसूरदारले कुनै सहमति गर्न सक्नेछन् र यसरी गरिएको सहमति मनासिब देखिए अदालतले त्यस्तो सहमति बमोजिमको क्षतिपूर्तिको आदेश गर्न सक्नेछ ।

**क्षतिपूर्ति नतिरे कैद हुने (दफा** ४५)

- क्षतिपूर्ति तिर्नु पर्ने कसूरदारले क्षतिपूर्ति तिर्नु पर्ने अवधिभित्र क्षतिपूर्तिको रकम नबुझाएमा त्यस्तो कसूरदारको सम्पत्ति जायजात गरी पीडितलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ ।
- कसूरदारको सम्पत्ति जायजात गर्दा क्षतिपूर्ति रकम असूल नभएमा वा क्षतिपूर्ति तिर्नु पर्ने कसूरदारले क्षतिपूर्ति नतिरेमा निजलाई एक दिनको तीन सय रुपैयाँको दरले क्षतिपूर्ति रकमलाई कैदमा परिणत गरी बढीमा चार वर्ष कैद गर्नु पर्नेछ ।

**पीडित राहत कोष खडा गर्नु पर्ने** (दफा ४८)

- कसूरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष खडा गरिनेछ ।

## मुलुकी देवानी (संहिता) ऐन, २०७४ का मुख्य मुख्य विशेषताहरु

### १. हाल सम्मकै लामो ऐन

मुलुकी देवानी संहिता नेपालको हालसम्मको सबैभन्दा लामो ऐन भएको छ । यो संहितामा ६ भाग, ५२ परिच्छेद र ७२१ वटा दफा रहेका छन् ।

### २. सामान्य कानूनको रुपमा संहिता (दफा ३)

यो संहितालाई सामान्य कानूनको रुपमा व्यवस्था गरिएकोछ र कुनै विषयमा बेग्लै विशेष कानूनको व्यवस्था भएमा सोही ऐनको व्यवस्था लागू हुने गरी दफा ३ मा व्यवस्था गरिएको छ ।

### ३ नागरिक अधिकार सम्बन्धी व्यवस्था (दफा १७-२९)

- ✓ यस अन्तर्गत कसै उपर भेदभाव गर्न नपाईने, विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने, गोपनियताको अधिकार अतिक्रमण गर्न नपाइने जस्ता व्यवस्थाको साथै कसैले कसैको नागरिक अधिकार उल्लंघन गरी क्षति पुऱ्याएमा वा क्षति पुऱ्याउन लागेको देखेमा सम्बन्धित उच्च अदालतमा उजूर गर्न सक्ने व्यवस्थालाई कायमै राखी जिल्ला अदालतमा पनि उजूर गर्न सक्ने र आवश्यक देखेमा सम्बन्धित अदालतले निषेधात्मक वा आदेशात्मक/निर्देशात्मक आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ ।
- ✓ कसैले कसैलाई दुःख दिने वा हानि, नोक्सानी पुर्‍याउने नियतले झुट्टा उजुरी दिएको ठहरेमा सम्बन्धित अदालतले त्यसरी झुट्टा उजुरी दिने उजुरीकर्ताबाट प्रत्यर्थीलाई अदालतमा लागेको खर्च, अदालती दस्तुर र कानून व्यवसायीको खर्च समेत गरी मनासिब क्षतिपूर्ति भराई दिने व्यवस्था गरिएको छ । (दफा २८)

### ४ प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था

**व्यक्तिको सक्षमता र असक्षमताः**

असक्षम व्यक्ति (दफा ३३)
दश वर्ष उमेर पूरा नभएको वा त्यस्तो उमेर पुगेको भए पनि होस ठेगानमा नरहेको कारण आफ्नो हक र हित संरक्षण गर्न नसक्ने व्यक्ति कानूनी रूपमा असक्षम मानिनेछ । यस प्रयोजनको लागि "होस ठेगानमा नरहेको" भन्नाले शारीरिक वा मानसिक अस्वस्थताका कारण सामान्य समझमा आफूले गरेको काम र त्यसको परिणाम बुझ्न नसक्ने अवस्थामा रहेको व्यक्ति सम्झनु पर्छ ।

असक्षम व्यक्तिले कुनै किसिमको कानूनी दायित्व व्यहोर्नु पर्दैन र कुनै अधिकार उपयोग गर्दा संरक्षक वा माथवरको मञ्जुरी लिई वा संरक्षक वा माथवर मार्फत उपयोग गर्नु वा गराउनु पर्नेछ । असक्षम व्यक्तिको तर्फबाट कुनै कागज गराउनु पर्दा निजको संरक्षक वा माथवर मार्फत गराउनु पर्नेछ ।

अर्ध सक्षम व्यक्तिः (दफा ३४)
दश वर्ष पूरा भई अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति अर्धसक्षम मानिनेछ । अर्धसक्षम व्यक्तिले कानूनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्नेछ । अर्धसक्षम व्यक्तिले कुनै अधिकारको उपयोग गर्दा संरक्षक वा माथवरको मञ्जुरी लिई वा संरक्षक वा माथवर मार्फत गराउनु पर्नेछ । अर्धसक्षम व्यक्तिको कुनै कागज गराउँदा संरक्षक वा माथवरको रोहवरमा गराउनु पर्नेछ ।

सक्षम व्यक्तिः (दफा ३२)
अठार वर्ष उमेर पूरा गरेको व्यक्ति सक्षम मानिनेछ। सक्षम व्यक्तिले कानूनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्नेछ।

सक्षमताको निर्णय (दफा ३५)
कुनै व्यक्तिको सक्षमता, असक्षमता वा अर्धसक्षमताको सम्बन्धमा विवाद उत्पन्न भएमा अदालतको निर्णय बमोजिम हुनेछ।

- ✓ प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउने, जन्मनासाथ नामको अधिकार र आफ्नो नाम, इज्जत र प्रतिष्ठाको रक्षा गर्ने अधिकार हुनेछ र अरु कसैले पनि अन्य व्यक्तिको नाम दुरूपयोग गर्न नपाउने व्यवस्था गरिएको छ। (दफा ३० र ३१)

- ✓ **मृत्यु भएको अनुमान र मृत्युको न्यायिक घोषणा :** (दफा ४०)

  असी बर्ष भन्दा बढी उमेर पूरा भएको, युद्धमा खटिएको र दुर्घटनामा परेको व्यक्तिको हकमा निज जीवित भएको सामान्य जानकारी प्राप्त नभएमा क्रमशः पाँच बर्ष, चार बर्ष र तीन बर्ष पछि वेपत्ता भएको व्यक्तिको मृत्यु भएको अनुमान गरिने व्यवस्था छ। साथै वेपत्ता भएको, विपद् वा दुर्घटनामा परेको कुनै व्यक्तिको मृत्यु भएको घोषणा गरी पाउन सरोकारवालाले निवेदन दिएमा अदालतले मृत्युको न्यायिक घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ।

- ✓ **शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन गर्न सक्ने**: कुनै पनि व्यक्तिले कानूनको अधीनमा रही आफ्नो शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन वा शरीरको कुनै अङ्गको कुनै अंश वा त्यसको कुनै नमूना सङ्कलन गर्न वा गराउन सक्ने व्यवस्था गरिएको छ । (दफा ३६)

- ✓ **आफ्नो दाह संस्कारको विधि आफै निर्धारण गर्न सक्ने** : कुनै पनि व्यक्तिले जीवित छँदै आफ्नो दाह संस्कार, काजकिरिया वा सदगतको विधि आफै निर्धारण गर्न सक्ने र त्यसरी विधि निर्धारण गरेकोमा हकवालाले पनि मर्ने व्यक्तिको इच्छा बमोजिम निजको दाह संस्कार, काजकिरिया वा सदगत गर्नु पर्ने व्यवस्था छ। (दफा ३७)

- ✓ **मृत्युपछि आफ्नो शव, शरीरको कुनै अङ्ग दान गर्न सक्ने** : कुनै पनि व्यक्तिले लिखित रूपमा इच्छा व्यक्त गरी आफ्नो मृत्युपछि आफ्नो शव, शरीरको कुनै अङ्ग वा त्यसको कुनै अंश खास कामको लागि प्रयोग गर्न वा गराउन कसैलाई दान दिन सक्ने व्यवस्था गरिएको छ। ( दफा ३८)

- ✓ **बसोबासको ठेगाना निर्धारणको लागि स्पष्ट व्यवस्था :** व्यक्तिको बसोबासको ठेगानाको निर्धारण देहाय बमोजिम हुने : (दफा ३९)

  - कुनै व्यक्तिले बसोबासको लागि लागि कुनै ठेगाना दिएकोमा सोही ठेगाना,
  - बसोबासको लागि ठेगाना दिएको रहेनछ भने नेपालभित्र निजले स्थायी रूपमा बसोबास गरेको ठाउँ,
  - नेपालभित्र स्थायी बसोबास पनि नभएमा वा बसोबास पत्ता नलागेमा त्यस्तो व्यक्ति तत्काल बसोबास गर्दै आएको ठाउँ,

- तत्काल बसोबास गर्दै आएका ठाउँ पनि पत्ता नलागेमा निजले कुनै व्यापार, व्यवसाय, रोजगार वा कारोबार गरेको रहेछ भने त्यस्तो व्यापार, व्यवसाय, रोजगार वा कारोबार गरेको ठाउँ ।

## ५. दामासाही कानूनमा नयाँ अवधारणा

✓ **दामासाही सम्बन्धी कारबाहीको प्रारम्भः** कुनै व्यक्तिको ऋण तथा निजले व्यहोर्नु पर्ने अन्य दायित्व निजको जायजेथाभन्दा बढी भएमा त्यस्तो जायजेथाबाट ऋण भुक्तानी वा असुल गर्न वा दायित्व फछ्र्यौट गर्न दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न सकिने व्यवस्था गरिएको छ । नियमित आम्दानी भएको वा भविष्यमा आम्दानी हुने निश्चितता भएको व्यक्तिले आफ्नो आम्दानीबाट निश्चित अवधिमा ऋण वा अन्य दायित्व भुक्तानी वा फछ्र्यौट गर्न सक्ने कुरा निजले प्रमाणित गरेमा वा त्यस्तो कुरामा साहू सन्तुष्ट भएमा दामासाही प्रारम्भ नगरिने व्यवस्था गरिएको छ । (दफा ५४)

✓ **दामासाहीको कारबाही प्रारम्भ गर्नको लागि आफैले निवेदन दिन सक्ने**: दामासाहीमा पर्न लागेको व्यक्ति आफैंले वा ऋण सार्वजनिक भएको भए कम्तीमा पच्चीस प्रतिशत वा सोभन्दा बढी ऋण दाबी भएको र ऋण सार्वजनिक नभएको भए पाँचलाख रुपैयाँभन्दा बढी ऋण दाबी भएका साहू वा साहूहरूको समूहले दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्नको लागि अदालतमा निवेदन दिन सक्ने व्यवस्था गरिएको छ । (दफा ५५)

✓ **दामासाही गर्नु अघि छुट्याई पर्ने जेथा वा सम्पत्ति :** दामासाहीमा पर्न लागेको व्यक्ति बाहेक अन्य व्यक्तिको निजी सम्पत्तिको रूपमा रहेको कुनै सम्पत्ति, कूल मूल्य एक लाख रूपैयाँभन्दा बढी नहुने गरी दामासाहीमा पर्न लागेको व्यक्तिको एकाघरका परिवारले लगाएको र लगाउने तीन जोरसम्मको कपडा तथा जुत्ता, बढीमा तीन महिनाको लागि आवश्यक खाद्यान्न, आवश्यक खाना पकाउने तथा खाने एकसरो भाडा, थाल कचौरा, एकसरो ओड्ने ओछ्याउने तथा मनासिब सङ्ख्याका फर्निचर, दामासाहीको कारबाही प्रारम्भ हुनुभन्दा अगावै खरिद गरिसकेको औषधि तथा स्वास्थ्य सम्बन्धी उपकरण, पठन पाठन गर्न आवश्यक पुस्तक, व्यक्तिको पेशा वा रोजगारसँग सम्बन्धित एकसरो ज्यावल वा औजार दामासाही गर्नु गराउनु अघि छुट्याई बाँकी रहेको जायजेथाबाट दामासाहीको कारबाही गर्नु गराउनु पर्छ । (दफा ६३)

✓ **दामासाही परेको हैसियतको समाप्ति :** अदालतको आदेश बमोजिम एकपटक दामासाहीमा परेको व्यक्ति १२ वर्षको अवधि भुक्तान भए पछि निज दामासाहीमा परेको अवस्था भन्दा अघिको अवस्थामा पुनर्बहाली हुने गरी व्यवस्था गरिएको छ । (दफा ६५)

## ७. विवाह सम्बन्धी व्यवस्था

✓ **विवाह गर्नको लागि बीस वर्ष उमेर पूरा गर्नु पर्ने** : विवाह गर्नको लागि बीस वर्ष उमेर पुगेको हुनु पर्ने व्यवस्था गरिएको छ । बीस वर्ष भन्दा कम उमेरमा गरिने विवाहले कानूनी मान्यता पाउँदैन । पुरुष र महिला हाडानातामा पर्ने, बैबाहिक सम्बन्ध कायम रहेका र विष वर्ष उमेर पूरा नभएका पुरुष र महिला बीचमा विवाह गर्न गराउन निषेध गरेकोछ । (दफा ७०, ७३)

✓ **विवाह सार्वजनिक गर्नु पर्ने** : कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। जुनसुकै किसिमबाट विवाह भएको भए तापनि विवाह सार्वजनिक गर्नु वा गराउनु पर्ने र विवाहलाई पति पत्नीले दर्ता गराउनु पर्ने अनिवार्यता गरिएको छ। व्यवस्था गरिएको छ। विवाहलाई एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धनको रुपमा व्यवस्था गरिएकोछ। (दफा ६७,६८,६९,७६)

✓ **स्वतः बदर हुने विवाह** : पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह, हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू बीच भएको विवाह त्यस्तो विवाह भएको दिनबाटै स्वतः बदर हुने व्यवस्था गरिएको छ। (दफा ७२)

✓ **बदर गराउन सकिने विवाहः** झुक्याई विवाह गरे वा गराएको अवस्थामा विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सकिने व्यवस्था गरिएको छ। झुक्याई विवाह गराउनेबाट क्षतिपूर्ति दावि गर्न सकिने व्यवस्था गरिएको छ। तर विवाह पछि महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र त्यस्तो विवाह बदर हुन सक्ने व्यवस्था छ। (दफा ७१, ७३)

| *विवाह भएको मानिने* | *विवाह भएको नमानिने* |
|---|---|
| • *कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा,*<br>• *पुरुषसँगको शारिरिक सम्पर्कबाट गर्भधारण गरी शिशु जन्मिएको प्रमाणीत भएमा,*<br>• *अदालतमा दर्ता गरी विवाह गरेकोमा* | • *जवरजस्ती करणीबाट गर्भ रहेकोमा,*<br>• *हाडनातमा विवाह भएकोमा,* |

✓ **स्वतः विवाह भएको मानिने** : जवरजस्ती करणीको कारण, हाडनाता करणीमा सजाय हुने नाता परेकोमा बाहेक कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिला बीच स्वतः विवाह भएको मानिनेछ। (दफा ७४)

✓ **दर्ता गरेर गरिने विवाहः** दर्ता गरेर विवाह गर्दा जिल्ला अदालतमा दर्ता गराउनु पर्ने व्यवस्था गरिएको छ। यसरी दर्ता गरेर विवाह गर्दा गर्न चाहेमा कम्तीमा दुई जना साक्षीको नाम समेत खुलाई नेपालभित्र भए सम्बन्धित जिल्ला अदालत र नेपाल बाहिर भए नेपालको राजदूताबास वा महावाणिज्य दूताबास समक्ष निवेदन दिनु पर्छ । यसरी परेको निवेदन उपर जाँचबुझ गरी

विवाह गर्न मिल्ने देखिएमा सहमतिपत्रमा सहीछाप गरी गराई विवाह दर्ता गरी त्यसको प्रमाणपत्र दिने व्यवस्था गरिएको छ । (दफा ७७,७८,७९,८०)

- ✓ **विवाहिता महिलाले थरको प्रयोग**: विवाहिता महिलाले विवाह पछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्ने र विवाहिता महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिने व्यवस्था गरिएकोछ ।  पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ । (दफा ८०)
- ✓ **वैवाहिक सम्बन्धको अन्त्य र पुनः विवाह** : विवाह बदर भएमा, सम्बन्ध विच्छेद भएमा, पत्नीले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा बैबाहिक सम्बन्ध अन्त्य भएको मानिने त्यसरी पति पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भएमा, पति वा पत्नीको मृत्यु भएमा, पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा पुनः विवाह गर्न सकिने व्यवस्था गरिएकोछ । (दफा ८२,८३)

| *वैवाहिक सम्बन्धको अन्त्य भएको मानिने अवस्था* | *पुनः विवाह गर्न पाउने अवस्था* |
|---|---|
| ✓ *विवाह स्वतः बदर भएकोमा,*<br>✓ *विवाह बदर गराएमा*<br>✓ *कानून बमोजिम पति पत्नीबीच सम्बन्ध विच्छेद भएकोमा*<br>✓ *पतिले कानन बमोजिम सम्बन्ध* | ✓ *पति र पत्नी विचको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा*<br>✓ *पति वा पत्नीको मृत्यु भएकोमा*<br>✓ *पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा ।* |

✓ ।

**विवाहको परिणामः** (दफा ८५-९२)

कुनै पुरुष र महिला बीच विवाह भएमा त्यस्तो वैवाहिक सम्बन्ध कायम रहेसम्म निजहरू एक अर्काको पति र पत्नीको रुपमा रहेको मानिने, पति र पत्नीले एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्ने व्यवस्था गरिएको छ । आपसी समझदारीबाट छुट्टै वासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिने र सामान्य घर व्यवहारको काममा पति वा पत्नी एक अर्काको प्रतिनिधि रहेको मानिने व्यवस्था छ ।

पति पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउनु पर्ने, एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने, पति र पत्नीले आफ्नो नाममा रहेको सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक एक अर्कोको मञ्जुरी लिनु पर्ने व्यवस्था गरिएको छ । पति वा पत्नी वा परिवारका सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुने गरी संहितामा व्यवस्था गरिएको छ ।

✓ **सम्बन्ध विच्छेद** (दफा ९३-१०४)

पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्ने र सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्ने हुन्छ । पति र पत्नीले मेलमिलाप गर्न मञ्जुर नगरेमा निवेदन परेको एक वर्षपछि अदालतले सम्बन्ध विच्छेद गराई दिनु पर्ने व्यवस्था गरिएको छ । सम्बन्ध विच्छेद गर्न पाउने आधारहरु पति र पत्नीको लागि फरक फरक व्यवस्था गरिएको छ ।

| ***पतिले सम्बन्ध विच्छेद गर्न सक्ने अवस्था*** | ***पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने अवस्था*** |
|---|---|
| ✓ *पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,* | ✓ *पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,* |
| ✓ *पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,* | ✓ *पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,* |
| ✓ *पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,* | ✓ *पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,* |
| ✓ *पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।* | ✓ *पतिले अर्को विवाह गरेमा,* |
| | ✓ *पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,* |

✓ पतिको कारणबाट पति पत्नी बीच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नु अघि पति पत्नी बीच अंशबण्डा गर्न लगाउने व्यवस्था छ । त्यसरी अंशबण्डा गर्दा लामो समय लाग्ने भएमा अदालतले पति पत्नी बीच सम्बन्ध विच्छेद गरी अंशबण्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्छ ।

✓ अंशबण्डा नहुँदै महिलाले अर्को विवाह गरेमा अंश नपाउने तथा पत्नीको कारणबाट सम्बन्ध विच्छेद भएकोमा पत्नीलाई यस परिच्छेद बमोजिम अंश दिन वा खर्च भराउन पति बाध्य नहुने व्यवस्था रहेको छ । पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा पत्नीले पाउने अंश वा खर्चको सम्बन्धमा पति पत्नी बीच कुनै लिखित सहमति भएकोमा सोही बमोजिम हुनेछ । सम्बन्ध विच्छेद गरेकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजका छोरा, छोरी भए त्यस्ता छोरा, छोरीले र छोरा, छोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माइतीपट्टिका हकवालाले पाउँछ ।

- ✓ सम्बन्ध विच्छेदको लागि मर्का पर्ने व्यक्तिले मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले वा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस गर्न सक्छ ।

## ८. आमा, बाबु तथा छोरा, छोरीको सम्बन्ध

- **विवाहिता पतिबाट शिशु जन्मिएको अनुमान गरिने** : अन्यथा प्रमाणित भएकोमा बाहेक विवाह भएको मितिबाट एक सय असी दिन पछि र पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र जन्मिएको शिशु विवाहित पतिबाट जन्मिएको अनुमान गरिने व्यवस्था गरिएको छ । पति पत्नी बीच अन्यथा सहमति भएको वा विवाह गर्नु अगाडि कुनै महिला गर्भवती भएको थाहा पाएर वा थाहा पाउनु पर्ने मनासिब कारण भई कुनै पुरुषले त्यस्तो महिलासँग विवाह गरेकोमा बाहेक विवाह भएको एक सय असी दिन अगाडि नै पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भइसकेको रहेछ भने निजको हकवालाले इन्कार गर्न सक्ने व्यवस्था छ । (दफा १०६, १०७)
- **छोरा छोरी दावी गर्नेअवधि : बु**बा वा आमाको ठेगान नभएको शिशुलाई आफ्नो छोरा वा छोरी हो भनी दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको वा पहिचान भएको मितिले दुई वर्षभित्र र बुवाको ठेगान नभई जन्मिएको शिशुको बुबा हो भनि दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको मितिले दुई वर्षभित्र गरिसक्नु पर्छ । पति पत्नीको मञ्जुरीले अन्य कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिने र सोही बमोजिम निजको पितृत्व निर्धारण हुने व्यवस्था छ । (दफा १०८, १०९)
- **नाम थर तथा जन्म दर्ता** : प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म, संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेको नाम पाउने, कसैको आमा वा बाबु तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा निजले आफूलाई हेरचाह गर्ने संरक्षक वा माथवरले राखे बमोजिमको नाम पाउने, कुनै व्यक्तिले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ र बाबु वा आमा दुवैको ठेगान नलागेको व्यक्तिले निजलाई हेरचाह गर्ने संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउने । छोरा, छोरी जन्मिएको तीन महिनाभित्र छोरा, छोरीको जन्म दर्ता गराउनु पर्ने त्यस्तो अवधिभित्र जन्म दर्ता नगराएमा जरिवाना लाग्ने व्यवस्था छ । (दफा १११, ११३)
- **नाबालकको हेरचाह र जिम्मा** (दफा ११४, ११५)

  प्रत्येक नाबालकलाई आमा बाबुले संयुक्त रूपमा हेरचाह र स्याहार सम्भार गर्नु पर्ने हुन्छ । त्यसरी हेरचाह र स्याहार सम्भार गर्दा आमा बाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्योपचार, शिक्षा, दीक्षा, खेलकूद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नु पर्ने व्यवस्था गरिएको छ । कानून बमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा वा भिन्न हुँदाका बखत नाबालक जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएकोमा सोही बमोजिम र त्यस्तो सहमति नभएकोमा निजहरूबाट जन्मिएको नाबालक देहाय बमोजिम आमा वा बाबुको जिम्मामा रहनेछ :-

  - पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मा,

- पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मा,
- उल्लिखित बाहेकको अन्य अवस्थामा बाबुको जिम्मा ।

कानून बमोजिम भिन्न भएका पति पत्नीको नाबालक छोरा छोरी भए त्यस्ता उनिहरुको पालनपोषण, शिक्षा र उपचारको व्यवस्थाको सम्बन्धमा पति पत्नी बीच कुनै सहमति भएकोमा सोही बमोजिम र त्यस्तो सहमति नभएकोमा देहाय बमोजिम हुने व्यवस्था गरिएको छ :-

- पाँच वर्ष पूरा नगरेको नाबालक भए आमाको जिम्मा,
- पाँच वर्ष वा सोभन्दा माथि दश वर्ष पूरा नभएको नाबालक भए बाबुको जिम्मा,
- दश वर्ष पूरा गरेको नाबालक भए निजले आमा, बाबुमध्ये जोसँग बस्न मञ्जुर गरेकोछ निजको जिम्मा ।

दश वर्ष उमेर पूरा गरिसकेको नाबालक बाबु वा आमा कसको जिम्मा रहने हो त्यस सम्बन्धमा निर्णय गर्नु पर्दा सम्बन्धित नाबालकको राय लिन सकिने व्यवस्था छ । साथै नावालकलाई जिम्मा लिने बाबु वा आमाको मृत्यु भएमा जीवित रहेको आमा वा बाबुले अविलम्ब त्यस्तो नाबालक आफ्नो जिम्मामा लिनु पर्ने व्यवस्था गरिएको छ । तर आमाले अर्को विवाह गरिसकेकोमा पाँच वर्ष पूरा भएको नाबालक जिम्मा लिन बाध्य हुँदैन ।

- नाबालक जिम्मा लिएको आमा वा बाबुले आफूले जिम्मा लिएको नाबालकको हेरचाह र स्याहार सम्भार गर्नु पर्ने, जिम्मा लिने आमा वा बाबुकोभन्दा जिम्मा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने त्यस्तो आमा वा बाबुले त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारका लागि त्यस्तो आमा बाबुको सहमति बमोजिमको र त्यसरी सहमति हुन नसकेमा अदालतले तोके बमोजिमको खर्च त्यस्तो नाबालकलाई उपलब्ध गराउनु पर्ने, आमाको जिम्मा रहेको नाबालकलाई बाबुसँग र बाबुको जिम्मा रहेको नाबालकलाई आमासँग समय समयमा भेट गर्न वा आमा बाबुको सहमतिमा केही अवधिको लागि साथमा रहन दिनु पर्ने व्यवस्था गरिएको छ। (दफा ११६, ११७)
- **सहमति बिना भिन्न बस्न नहुनेः** पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भए तापनि निजहरूबाट जन्मिएका छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायमै रहने । देहायका अवस्थामा बाहेक आमा वा बाबुको सहमति बिना छोरा छोरीले आमा बाबुबाट भिन्न बस्न नपाउने व्यवस्था गरिएको छः– (दफा ११९)
  - आमा बाबुबाट कानून बमोजिम अंश लिई वा नलिई छुट्टिएकोमा,
  - निजले विवाह गरेकोमा,
  - निजको उमेर कम्तीमा एक्काईस वर्ष पूरा भएकोमा, वा
  - निजले रोजगारी प्राप्त गरिसकेकोमा ।

- **आमा बाबुलाई आदर तथा सम्मान गर्नु पर्ने** : छोरा छोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नु पर्ने, छोरा छोरीले आमा बाबुलाई एकासगोलमा बसेको वा कानून बमोजिम भिन्न भइसकेको जेसुकै भए तापनि आफ्नो आर्थिक तथा सामाजिक हैसियत अनुसार आवश्यक हेरचाह, स्याहार सम्भार, औषधोपचार वा रेखदेख गर्नु पर्ने व्यवस्था गरिएको छ। (दफा १२२)

## ९. मातृक तथा पैत्रिक अख्तियारी

**आमा बाबुको सुपरीवेक्षण र नियन्त्रण रहने** : नाबालक छोरा, छोरी आमा, बाबुको सुपरीवेक्षण, निगरानी, नियन्त्रण, संरक्षण वा अख्तियारी अन्तर्गत रहने र आमा बाबुले कानून सम्मत दिएको आज्ञा, आदेश वा निर्देशनको पालना गर्नु पर्ने व्यवस्था गरिएको छ। छोरा छोरी उपरको अख्तियारी, पूरा गर्नु पर्ने जिम्मेवारी तथा पालना गर्नु पर्ने कर्तव्य आमा बाबु दुवैको सहमतिले संयुक्त रूपमा गर्नु पर्ने व्यवस्था छ। (दफा १२४, १२५)

**भेदभाव गर्न नहुने तथा विशेष विशेष हेरचाह गर्नु पर्ने :** आमा बाबुले आफ्नो छोरा, छोरीको पालनपोषण, शिक्षा तथा दीक्षा, खेलकुद, स्वास्थ्योपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा छोरा वा छोरीको आधारमा वा छोरा छोरा वा छोरी छोरी बीच कुनै किसिमले भेदभाव गर्न नपाईने व्यवस्था गरिएको छ। छोरा छोरी शारीरिक वा मानसिक रूपले अशक्त वा अपाङ्ग भएमा वा निजलाई मानव रोग प्रतिरोधात्मक क्षमता नष्ट गर्ने (एच.आई.भी.) वा हेपाटाइटिस बी जस्ता प्राणघातक रोग लागेमा आमा बाबुले त्यस्तो छोरा छोरी उपर विशेष निगरानी राखी निजलाई विशेष सहुलियत र संरक्षण प्रदान गर्नु पर्ने व्यवस्था गरिएको छ। (दफा १२७, १२८)

**नाबालकको आचार वा बानी व्यहोरामा सुधार गर्न लगाउन सक्ने**: आमा बाबुले नाबालकको शारीरिक वा मानसिक कष्ट नहुने गरी आचरण, बानी व्यहोरा तथा चरित्रमा सुधार गर्न आवश्यक ठानेमा बाबु आमाले त्यस्ता नावालकलाई उपयुक्त सम्झे बमोजिमको कुनै कार्य गरी नाबालकको आचार वा बानी व्यहोरामा सुधार गर्न लगाउन सक्ने व्यवस्था गरिएको छ। यस्तो अधिकार शिक्षा दीक्षाका सम्बन्धमा विद्यालयमा भर्ना भएका बालबालिकाको हकमा विद्यालयका प्रधानाध्यापक वा शिक्षकलाई समेत रहने व्यवस्था गरिएको छ। त्यसै गरी संरक्षक वा माथवरसँग बसेको नाबालकको हकमा संरक्षक वा माथवरले यस परिच्छेद अन्तर्गत आमा बाबुले प्रयोग गर्न पाउने मातृक तथा पैत्रिक अख्तियारी, पूरा गर्नु पर्ने जिम्मेवारी वा पालना गर्नु पर्ने कर्तव्य प्रयोग गर्न, पूरा गर्न वा पालना गर्न सक्छ। (दफा १२९,१३०, १३१)

**मातृक तथा पैत्रिक अख्तियारीमा रोक लगाउन सक्ने तथा अन्त्य गर्ने :** मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्न पाउने व्यक्तिले नाबालकका विरुद्ध देहायको कुनै काम गरेको प्रमाणित भएमा अदालतले त्यस्तो व्यक्तिलाई त्यस्तो अख्तियारी प्रयोग गर्नबाट रोक लगाउन सक्ने व्यवस्था गरिएको छ:- (दफा १३२)

- क्रूर, अमानवीय वा यातनापूर्ण सजाय दिएको वा व्यवहार गरेको,
- पटक-पटक उपेक्षा वा हेला गरेको वा दुरुपयोग गरेको,
- अनैतिक वा यौनजन्य पेशामा लगाएको,

- जीउ, ज्यान वा स्वास्थ्यमा खतरा हुन सक्ने काममा लगाएको,
- निजको हित विपरीत निजको सम्पत्ति खर्च गरी हानि, नोक्सानी गरेको वा पछि आफूले लिने मनसायले अरू कसैलाई बिक्री गरेको,
- सन्यासी, फकिर, भिक्षु, पाश्चर, नन बनाई वा यस्तै प्रकारले गृहस्थ जीवन त्याग्न बाध्य गरिएको,
- धार्मिक वा साँस्कृतिक रीतिस्थितिको पालना गर्दाको अवस्थामा बाहेक निजलाई भिक्षा माग्ने काममा लगाएको,
- कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाएको ।

छोरा छोरीको उमेर अठार वर्ष पूरा भएमा र निजले रोजगारी प्राप्त गरी भिन्न बसेमा आमा बाबुले प्रयोग गर्न पाउने मातृक तथा पैत्रिक अख्तियारी अन्त्य भएको मानिन्छ । छोरा छोरी शारीरिक वा मानसिक रूपले अशक्त भएकोमा निजले विवाह गरी भिन्न बसेको अवस्थामा बाहेक निज उपरको मातृक तथा पैत्रिक अख्तियारी अन्त्य नहुने व्यवस्था गरिएको छ । (दफा १३३)

**छ महिनाभित्र नालिस गर्न सकिने** : मातृक तथा पैत्रिक अख्तियारी सम्बन्धी कानूनी व्यवस्थाको प्रतिकूल भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्ने व्यवस्था गरिएको छ । (दफा १३४)

## १० संरक्षकत्व (Guardianship) सम्बन्धी व्यवस्था

**स्वतः संरक्षक हुने :** दश वर्ष उमेर पूरा नभएको वा त्यस्तो उमेर पुगेको भए पनि सामान्य समझमा आफूले गरेको काम र त्यसको परिणाम बुझ्न नसक्ने अवस्थामा रहेको व्यक्ति **र** दश वर्ष पूरा भई अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिको हक, हित वा संरक्षण गर्नको लागि देहायका व्यक्ति स्वतः संरक्षक हुने व्यवस्था गरिएको छ । (दफा १३६)

| | |
|---|---|
| • एकासगोलका पति वा पत्नी,<br>• बाबु वा आमा,<br>• एकासगोलका छोरा, छोरी वा विधवा बुहारी,<br>• भिन्न भएका पति वा पत्नी,<br>• भिन्न भएको छोरा, छोरी वा विधवा बुहारी, | • बाजे वा बजै,<br>• नाति वा नातिनी,<br>• दाजु, भाइ वा दिदी, बहिनी<br>• मावलीपट्टिका बाजे, बजै, मामा, माइजू । |

**अन्य कुनै व्यक्ति वा संस्था संरक्षक हुने :** स्वतः संरक्षक हुने व्यक्तिले संरक्षकत्व प्रदान नगरी अन्य व्यक्तिले संरक्षकत्व प्रदान गरेको भए त्यसरी संरक्षकत्व प्रदान गर्ने व्यक्ति नै त्यस्तो व्यक्तिको संरक्षक मानिनेछ । तर त्यस्तो संरक्षक हुने व्यक्तिले आफू संरक्षक भएको व्यहोरा अदालतबाट प्रमाणित गर्नु पर्ने हुन्छ । साथै बालबालिकाको कल्याण गर्ने तथा हक हित संरक्षण गर्ने उद्देश्यले कानून बमोजिम दर्ता भएका बाल कल्याण गृह, अनाथालय, बाल गृह वा बालमन्दिर जस्ता संस्थामा रहेका बालबालिकाको अन्य संरक्षक नभएमा त्यस्तो संस्था नै संरक्षक भएको मानिनेछ । (दफा १३७,१३८)

**अदालतले संरक्षक नियुक्त गर्न सक्ने :** कुनै व्यक्ति संरक्षक हुन नचाहेको अवस्थामा संरक्षक नियुक्ति गर्न सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिले वा सरोकारवालाले संरक्षक नियुक्त गर्न अदालतमा निवेदन दिएमा अदालतले कुनै खास व्यक्तिलाई त्यसको कारण खुलाई संरक्षक नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ । (दफा १३९)

## ११. माथवर (Curatorship)सम्बन्धी व्यवस्था :

**माथवर हुने** : नावालक वा होस ठेगानमा नरहेको व्यक्तिको कुनै संरक्षक नभएको अवस्थामा निज अठार वर्ष पूरा नभएसम्म निजको पालनपोषण, स्वास्थ्य, शिक्षा, हेरविचार तथा सम्पत्तिको संरक्षण गर्नको लागि कुनै व्यक्तिले त्यस्तो नाबालकको माथवरको हैसियतले काम गर्न सक्ने व्यवस्था गरिएको छ । साथै कसैले आफ्नो नाबालकको पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरविचारको लागि कुनै व्यक्तिलाई माथवर नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ । त्यसरी माथवर भएको व्यहोरा अदालतबाट प्रमाणीत गराउनु पर्नेछ । बाबुको मृत्यु भएको वा बेपत्ता भएको, बाबुको होस ठेगानमा नरहेको वा विदेश गएको अवस्थामा दश वर्षभन्दा कम उमेरको नाबालकको हकमा निजको अर्को विवाह गरिसकेको आमा भए पनि निज नै त्यस्तो नाबालकको माथवर हुने व्यवस्था छ । साथै संरक्षक नभएको कुनै व्यक्ति कुनै सङ्गठित संस्थाको रेखदेख, संरक्षण वा जिम्मामा रहेको भए त्यस्तो सङ्गठित संस्था त्यस्ता व्यक्तिको माथवर हुने व्यवस्था गरिएको छ । (दफा १५३,१५४,१५५,१५६, १६६ )

**माथवरको नियुक्ति** : कुनै व्यक्तिको संरक्षक नभएमा वा कुनै व्यक्तिले पनि निजको माथवरको रूपमा काम नगरेमा स्थानीय तहको सम्बन्धित वडा समितिले त्यसको विवरण खुलाई माथवर नियुक्त गर्न अदालत समक्ष निवेदन दिन सक्नेछ । त्यसरी निवेदन गर्दा स्थानीय तहको सम्बन्धित वडा समितिले माथवर हुन सक्ने सम्भावित व्यक्तिहरूको नाम, थर, ठेगाना र पेशा खुलाई माथवर नियुक्त हुन सक्ने सम्भावित व्यक्तिले माथवरको रूपमा काम गर्न दिएको मञ्जुरीको लिखत समेत पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । (दफा १५७ )

**माथवरीमा रहेको व्यक्तिको सम्पत्ति** : माथवरले आफ्नो माथवरीमा रहेको व्यक्तिको सम्पत्ति जिम्मा लिई सोको व्यवस्थापन र सञ्चालन गर्नु पर्ने, आफूले जिम्मा लिएको सम्पत्तिबाट आफ्नो माथवरीमा रहेको व्यक्तिलाई सम्भव भएसम्म निजको हैसियत अनुसार पालनपोषण तथा शिक्षा दिक्षा र औषधि उपचारको व्यवस्था गर्नु पर्ने, आफूले जिम्मा लिएको सम्पत्तिबाट प्राप्त भएको प्रतिफल माथवरीमा रहेको व्यक्तिको पालनपोषण, स्वास्थ्य तथा त्यस्तो व्यक्ति नाबालक भए शिक्षा दिक्षाको लागि पूरै

खर्च गर्न सक्ने व्यवस्था गरिएको छ । अदालतको अनुमतिले अचल सम्पत्ति खर्च गर्न सक्ने, माथवरले आफ्नो माथवरीमा रहेको व्यक्तिको सम्पत्तिको रेखदेख र संरक्षण विवेकपूर्ण र होशियारीपूर्वक गर्नु पर्ने र त्यसो नगरेको कारणबाट माथवरीमा रहेको व्यक्तिको सम्पत्ति कुनै किसिमले हानि, नोक्सानी भएकोमा सम्बन्धित माथवर जवाफदेही हुनेछ । माथवरले आफ्नो माथवरीमा रहेको व्यक्तिको अचल सम्पत्ति त्यस्तो व्यक्तिको हक मेट्ने दुराशयले गरेको बिक्री वा हक हस्तान्तरण स्वतः बदर हुने व्यवस्था गरिएको छ । (दफा १५९,१६०,१६१,१६२,१६३)

**१२. धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था :**

- कुनै व्यक्तिले अन्य व्यक्तिको छोरा वा छोरीलाई आफ्नो छोरा वा छोरीको रूपमा स्वीकार गरेको व्यक्ति धर्मपुत्र वा धर्मपुत्री मानिने व्यवस्था गरिएको छ । छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न पाईदैन तर अदालतको आदेश बमोजिम अंश लिएको, कानून बमोजिम भिन्न बसेको महिला वा पुरुषसँग छोरा छोरी सँगै नबसेको अवस्थामा भने छोरा छोरी भएपनि धर्मपुत्र वा धर्मपुत्री राख्न पाईन्छ । त्यसै गरी आफ्ना छोरा वा छोरी हुने व्यक्तिले अन्य बालबालिकालाई पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरचाहको व्यवस्था गर्न सक्ने आर्थिक हैसियत खुलाई धर्मपुत्र वा धर्मपुत्री राख्नको लागि अदालतमा निवेदन दिएमा र त्यस्तो निवेदन जाँचबुझ गरी हैसियत रहेको देखिएमा अदालतले निवेदकलाई धर्मपुत्र वा धर्मपुत्री राख्न अनुमति दिन सक्ने व्यवस्था गरिएको छ । तीन पुस्ताभित्रको नाताको व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राखेकोमा बाहेक अन्यमा धर्मपुत्र वा धर्मपुत्री हुने र धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको उमेर कम्तीमा पच्चीस वर्ष फरक हुनु पर्नेछ । धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा कानूनको रीत पुऱ्याई धर्मपुत्र वा धर्मपुत्रीको लिखत सहित सम्बन्धित अदालतमा निवेदन दिई अदालतबाट लिखत प्रमाणीकरण गराई राख्नु पर्ने नयाँ व्यवस्था गरिएको छ । (दफा १६९,१७१,१७४,१७७)

- धर्मपुत्र वा धर्मपुत्रीको हक, अधिकार, दायित्व र जिम्मेवारी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको छोरा वा छोरी सरह हुनेछ र कसैले धर्मपुत्र वा धर्मपुत्री राखिसकेपछि निजको छोरा वा छोरी जन्मिए पनि त्यस्ता धर्मपुत्र वा धर्मपुत्रीको छोरा वा छोरी सरहको हैसियतमा कुनै असर पर्दैन । धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्रीलाई समय समयमा निजको जन्म दिने बाबु आमालाई भेटघाट तथा पत्राचार गर्ने सुविधा दिनु पर्ने हुन्छ । (दफा १७८,१८३)

- **धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने** : होस ठेगानमा नभएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, वा नाबालकलाई पालनपोषण, स्वास्थ्य, शिक्षा, खेलकुद, मनोरञ्जन तथा हेरचाहको व्यवस्था गर्न सक्ने आर्थिक हैसियत नभएको व्यक्ति बाहेक देहायका कुनै व्यक्तिले बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सक्छ :- (दफा १७२)

  ✓ विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पति,

  ✓ पैंतालीस वर्ष उमेर पूरा भएकी अविवाहिता, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला,

  ✓ पैंतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष ।

- **धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन दिन नहुने** : देहायका कुनै व्यक्तिलाई कसैले पनि धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन वा दिन हुँदैनः- (दफा १७३,१७४)

    ✓ तीन पुस्ताभित्रको नाताको व्यक्ति वा पत्नीको पूर्व पति तर्फ छोरा वा छोरी भएमा बाहेक चौध वर्ष उमेर पूरा गरेको,

    ✓ एउटा मात्र छोरा वा छोरीको रूपमा रहेको,

    ✓ धर्मपुत्र वा धर्मपुत्री बदर भएकोमा बाहेक एकपटक धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिइएको,

    ✓ धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्ति भन्दा माथिल्लो नाताको,

    ✓ विदेशी नागरिकता प्राप्त गरेको गैरआवासीय नेपाली बाहेक गैरनेपाली नागरिक ।

- **सहमति लिनु पर्ने :** कसैले कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा त्यस्तो बालबालिकाको बाबु र आमा दुवै जीवित भए दुवै जनाको र बाबु र आमामध्ये कुनै एक मात्र जीवित भए जीवित बाबु वा आमाको लिखित सहमति लिनु पर्ने व्यवस्था गरिएको छ । पति र पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भएको कारण बाबु वा आमासँग बसेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा त्यस्तो बालबालिका बाबु वा आमामध्ये जोसँग निज बसेको छ सोही बाबु वा आमाको सहमति लिएर, बाबु आमा पत्ता नलागेको, जीवित नभएको वा बाबु आमा जीवित भए पनि बाबु वा आमाले अर्को विवाह गरी त्यस्तो बालबालिकालाई अन्य कुनै व्यक्ति वा संस्थाले पालनपोषण वा हेरविचार गरेको रहेछ भने यसरी पालनपोषण वा हेरविचार गर्ने व्यक्ति वा संस्थाको लिखित सहमति लिई त्यस्ता बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सकिने व्यवस्था छ । दश वर्ष नाघेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा निजको समेत लिखित सहमति लिनु पर्ने हुन्छ । (दफा १७५)

- **धर्मपुत्र वा धर्मपुत्रीको थर** : धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्ने, धर्मपुत्र वा धर्मपुत्री हुने व्यक्तिले चाहेमा निजलाई जन्माउने बाबु आमाको थर समेत प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ । (दफा १७९)

- **बाबु आमाको अंशमा दाबी गर्न नपाउने :** धर्मपुत्र वा धर्मपुत्री बदर भएकोमा बाहेक धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले आफूलाई जन्माउने बाबु आमाको अंशमा दाबी गर्न पाउँदैन तर धर्मपुत्र वा धर्मपुत्री हुँदाका बखत निजले अंश लिइसकेको भए निजले त्यस्तो सम्पत्ति समेत लिन पाउने व्यवस्था गरिएको छ । (दफा १८०)

- **धर्मपुत्र वा धर्मपुत्री राख्ने रहनेको दायित्व** : धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्रीलाई छोरा वा छोरी सरह आफ्नो इज्जत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्य, खेलकुद, मनोरञ्जन तथा उचित शिक्षाको व्यवस्था गर्ने, धर्मपुत्र वा धर्मपुत्रीको हक र हितको संरक्षण गर्ने समेतको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । त्यसै गरी धर्मपुत्र वा धर्मपुत्रीको धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिलाई आफ्नो बाबु आमा सरह इज्जत तथा क्षमता अनुसार पालनपोषण, स्वास्थ्य तथा

हेरचाहको व्यवस्था गर्ने, निजको सम्पत्तिको संरक्षण, हेरविचार तथा उचित व्यवस्थापन गर्ने र हक र हितको संरक्षण गर्ने दायित्व तोकिएको छ । (दफा १८१, १८२)

- **धर्मपुत्र वा धर्मपुत्री बदर गराउन सक्ने :** धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले आफ्नो दायित्व पूरा नगरेमा कुनै धर्मपुत्र वा धर्मपुत्रीले धर्मपुत्र वा धर्मपुत्री बदर गराउन सकिन्छ तर अंश लिइसकेको भए बदर गराउन सकिदैन । धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले देहायका कुनै अवस्थामा धर्मपुत्र वा धर्मपुत्री बदर गराउन सक्छः- (दफा १८५)

  - ✓ धर्मपुत्र वा धर्मपुत्रीले कानून बमोजिमको आफ्नो दायित्व पूरा नगरेमा,
  - ✓ धर्मपुत्र वा धर्मपुत्रीले आफूलाई घरबाट निकाला गरेमा वा पटक पटक शारीरिक वा मानसिक यातना दिएमा,
  - ✓ धर्मपुत्र वा धर्मपुत्रीले आफ्नो सम्पत्तिको दुरूपयोग गरेमा,
  - ✓ आफ्नो मञ्जुरी नलिई तीन वर्ष वा सोभन्दा बढी समयसम्म आफूलाई छाडी धर्मपुत्र वा धर्मपुत्री अलग बसेमा ।

- **एक वर्षभित्र नालिस दिन सक्नेः** धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी कानूनी व्यवस्था बमोजिम नभएको वा नगरेको कार्यबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम भए गरेको मितिले एक वर्षभित्र नालिस दिन सक्ने व्यवस्था छ । (दफा १८७)

## १३ **अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था** (दफा १८८-२०४)

कुनै विदेशीले कुनै नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा राख्नको लागि नेपाल सरकारको अनुमति लिनु पर्ने व्यवस्था छ । बाल गृहमा कम्तीमा छ महिना बसेका बाबु र आमा दुवैको मृत्यु भई कसैको संरक्षणमा नरहेको अनाथ बालबालिका र स्वेच्छाले त्यागेका बालबालिका विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन सकिने व्यवस्था गरिएको छ ।

विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पति, पैंतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेकी अविवाहित, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला वा पैंतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष विदेशीलाई नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिका धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न अनुमति दिन सकिने व्यवस्था छ । होस ठेगानमा नभएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा नेपाल वा सम्बन्धित मुलुकको अदालतबाट कसूरदार ठहरिएको विदेशीलाई त्यस्तो अनुमति दिन सकिदैन ।

## १४.अंशबण्डा सम्बन्धी व्यवस्था

- **अंशियार अंशको समान हकदार** : सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिने व्यवस्था गरिएको छ । प्रत्येक अंशियार अंशको समान हकदार हुने व्यवस्था छ । अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ । कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मिएका छोरा छोरीले त्यस्ता बाबु आमाबाट अंश पाउने व्यवस्था गरिएको छ । (दफा २०५,२०६)

- बाबुको पहिचान नभएका छोरा छोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउँछन् । प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोरा छोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउँदैनन् । सगोलमा बसेका दाजु भाइका छोरा छोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउँछन् । अंश नहुँदै पति वा बाबु आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउँछन । कसैको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउने व्यवस्था छ । कुनै व्यक्तिले पत्नी, छोरा छोरीसँग अंशबण्डा गरी भिन्न भएपछि वा त्यसरी भिन्न भएकोसँग आफ्नो अंश मिलाई सँगै बसेको अवस्थामा अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोरा छोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बाबुको अंश भागबाट मात्र अंश पाउने व्यवस्था गरिएको छ । (दफा २०८,२०९,२१०)

- **छुट्टिई भिन्न हुन सक्ने :** सगोलको सम्पत्ति भएका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले पत्नी, पति, छोरा, छोरी, बाबु र आमालाई आफ्नो इज्जत आमद अनुसार खान लाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्छ । त्यस्तो व्यवस्था पूरा गर्नु पर्ने दायित्व भएका व्यक्तिले त्यस्तो दायित्व पूरा नगरेमा अंशियारले आफ्नो अंश लिई भिन्न हुन सक्छन् । त्यसै गरी अंशियारहरू बीच आपसी सहमति भएमा वा पति, बाबु, आमा वा घरको मुख्य भई काम गर्ने व्यक्तिलाई सबै अंशियारहरू एउटै परिवारमा बस्नुभन्दा अंशबण्डा गरी अलग अलग बस्न उपयुक्त लागेमा जहिलेसुकै पनि अंशबण्डा गरी छुट्टिई भिन्न हुन सक्छन् । (दफा२११,२१२ )

- **पति वा पत्नीले अंश लिई भिन्न हुन सक्ने :** पति वा पत्नीले पत्नी वा पतिलाई घरबाट निकाला गरिदिएमा वा शारीरिक वा मानसिक यातना दिएमा जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्ने व्यवस्था गरिएको छ । (दफा २१३)

- **विधवाले अंश लिई भिन्न हुन सक्ने :** विधवाले जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्ने र निजले अर्को विवाह गरेमा अंश वापत पाएको सम्पत्ति निजको अघिल्लो पति तर्फ छोरा छोरी भएमा त्यस्ता छोरा छोरीले र नभएमा निज आफैंले लिन पाउने व्यवस्था छ । (दफा २१४)

- **अंश छोडपत्र गर्न सक्ने :** कुनै पनि अंशियारले नावालक अंशियारको अंश हक छोडपत्र गर्न पाउँदैन सो बाहेक आफ्नो अंश आंशिक रूपमा लिई वा नलिई वा अंश वापत केही नगदी वा जिन्सी मात्र लिई अंश छोडपत्र गर्न सक्छ । त्यसरी अंश छोडपत्र गर्दा कुनै अंशियारको पति, पत्नी वा उमेर पुगेका छोरा, छोरी भएमा त्यस्ता पति, पत्नी वा छोरा, छोरीको मञ्जुरी लिएमा मात्र अंश छोडपत्र

गर्न सकिने व्यवस्था छ । यसरी अंश छोडपत्र भएकोमा निजको अंश भए सरह मानिनेछ । (दफा २१५)

- **अंशबण्डा गर्दा लिखित रुपमा गर्ने :** सगोलको सम्पत्ति अंशबण्डा गर्दा सगोलको सम्पत्ति र सगोलको ऋण घटी बढी नहुने गरी अंशियारहरू बीच लिखित रूपमा बण्डापत्र गर्नु पर्छ । अंशबण्डा गर्दा असल कमसल मिलाई अंशियारहरूको मञ्जुरी बमोजिम र त्यसरी मञ्जुरी हुन नसकेमा गोला हाली बण्डा गर्नु पर्छ । अंशबण्डा गर्दा कुनै सम्पत्तिमा विवाद परेमा त्यस्तो विवाद समाप्त भएपछि अंशबण्डा गर्नु पर्छ । त्यस्तो विवाद समाधान हुन धेरै समय लाग्ने भएमा विवाद परेको सम्पत्ति बाँकी राखी अन्य सम्पत्ति बण्डा गर्न सकिन्छ । (दफा २१६)

- **अंशबण्डा नगरी सम्पत्ति दिन नपाउने :** सबै अंशियारको मञ्जुरी लिई कुनै सम्पत्ति कुनै अंशियारलाई दिन र आफ्नो अंश भागमा पर्ने हदसम्मको सम्पत्ति अन्य अंशियारको मञ्जुरी नभएपनि कुनै अंशियारलाई दिन बाहेक घरको मुख्य भई काम गर्ने व्यक्तिले सगोलको सम्पत्ति अंशबण्डा नगरी अंश नलिएका र अंशियार हुने कुनै अंशियारलाई मात्र दिन पाईदैन । (दफा २१९)

- कुनै अंशियारको अंश भागमा परेको कुनै सम्पत्ति कानून बमोजिम अंशियारको हक नपुग्ने भई निजले भोग गर्न नपाएमा त्यस बराबरको सम्पत्ति सबै अंशियारबाट समानुपातिक हिसाबमा शोधभर्ना गर्नु पर्छ । अंशियारहरू बीच आपसी सहमति भएकोमा बाहेक कुनै अंशियारले अंशबण्डाबाट प्राप्त गरेको कुनै सम्पत्ति अंशबण्डा भए पछि बिग्रे नासेको वा मन नपरेको कारण देखाई अन्य अंशियारसँग सट्टापट्टा गर्न पाईदैन । (दफा २२७,२२८)

- अंशबण्डा गर्दा कुनै अंशियारको भागमा परेको घर वा जग्गामा आउन जानको लागि बाटो वा निकास नहुने भएमा र अन्य अंशियारको जग्गाबाट निजलाई बाटो वा निकास दिन मिल्ने भएमा सम्बन्धित अंशियारले त्यस्तो घर वा जग्गामा बाटो वा निकास दिनु पर्ने गरी बण्डा गर्नु पर्छ । अंशबण्डा गर्दा साहूको मञ्जुरी नलिई कुनै अंशियारले मात्र सगोलको ऋण तिर्ने जिम्मा रहने गरी अंशबण्डा गर्न सकिदैन र त्यसो गरेको भए पनि साहूले मञ्जुर नगरे सबै अंशियारहरूलाई सगोलको ऋण बराबर भाग लाग्छ । (दफा २३१, २३२ )

- अंश नपाउने व्यक्तिले अंश पाउँ भनी नालिस गरेको ठहरेमा अदालतले मिसिलबाट बिगो खुल्न आएमा बिगो र बिगो खुल्न नआएमा निजको हैसियत विचार गरी नालिस गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्तिको रकम प्रतिवादीले भराई पाउँछ । (दफा २३३)

- फैसला बमोजिम कुनै व्यक्तिबाट अंश, रकम वा खर्च पाउने व्यक्तिले अंश, खर्च वा रकम नपाई फैसला गर्ने शुरु अदालतमा निवेदन दिएमा र पक्षहरू उही भएमा अदालतले फैसला बमोजिम यथाशक्य छिटो अंश, खर्च वा रकम भराई दिनु पर्छ । त्यस्तो अंश, खर्च वा रकम नदिएमा त्यस वापत अंश, खर्च वा रकम दिनु पर्ने व्यक्तिबाट निवेदकलाई मनासिब क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ । (दफा २३४)

- अंशबण्डा नै नभएको वा अंशबण्डा हुँदा गोश्वाराको लिखत भएको र लिखत नभए पनि हिसाब गरी दुवै पक्षले भोग गरेकोमा जहिलेसुकै, अंशबण्डामा चित्त नबुझेमा त्यस्तो बण्डा भएको मितिले तीन महिनाभित्र, सम्पत्ति लुकाए वा छिपाएको सम्बन्धमा अंशियारको जीवनकाल रहेसम्म र सो बाहेक अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालेस गर्नु पर्छ। (दफा २३५)

## १५. अपुताली सम्बन्धी व्यवस्था

- **अपुताली र अपुताली पाउने प्राथमिकताक्रम** (दफा २३७,२३८,२३९)

  अपुताली भन्नाले मृतकको ऋण, धन र सम्पत्ति सम्बन्धी दायित्व र अधिकार कानून बमोजिम हकवालामा सर्ने कार्यलाई बुझाउँछ । कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिन्छ र त्यसरी अपुताली खुला भएमा निजको नजिकको हकवालाले त्यस्तो अपुताली पाउँछ । अपुताली नजिकको हकवालाले पाउँछ । अपुताली खुला भएमा देहायको प्राथमिकताक्रम बमोजिमको हकवालाले पाउँछ र पहिलो प्राथमिकताक्रमको हकवाला भएसम्म दोस्रोले अपुताली पाउँदैन । एउटै प्राथमिकताक्रमका एकभन्दा बढी हकवाला भएमा निजहरू सबैले समानरूपमा अपुताली पाउँछन त्यस्तो प्राथमिकताक्रमको कुनै हकवालाले अपुताली लिन नचाहेमा सोही क्रमका अन्य हकवालाले र त्यस्ता क्रमका कुनै हकवालाले पनि अपुताली लिन नचाहेमा त्यसपछिको क्रमको हकवालाले अपुताली पाउँछ ।

  - सगोलको पति वा पत्नी,
  - सगोलको छोरा, छोरी, विधवा बुहारी,
  - सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा छोरी तर्फका नाति, नातिनी, नातिनी बुहारी,
  - भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा,
  - भिन्न भएका छोरातर्फका नाति, नातिनी,
  - भिन्न भएका बाजे, बज्यै,
  - सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी,
  - सगोलका काका, काकी, भतिजा, भतिजी,
  - भिन्न भएका दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी ।

- **स्याहार सम्भार गर्ने व्यक्तिले अपुताली पाउने** (दफा २४१,२४२)

  कुनै व्यक्ति नजिकको हकवाला हुँदाहुँदै आफ्नो अंश लिई टाढाको कुनै हकवालासँग बसेको अवस्थामा निजको मृत्यु भई अपुताली खुला भएमा त्यस्तो व्यक्तिको अपुताली त्यसरी सँगै बस्ने हकवालाले पाउँछ । त्यसै गरी कुनै व्यक्तिलाई नजिकको हकवालाले स्याहार सम्भार नगरी टाढाको हकवालाले स्याहार सम्भार गरेको रहेछ भने निजको अपुताली त्यसरी स्याहारसम्भार गर्ने हकवालाले पाउँछ । सगोलको हकवालाले स्याहार सम्भार नगरी कुनै व्यक्ति आफ्नो अंश लिई भिन्न बसेको हकवालासँग बस्न गएको अवस्थामा मृत्यु भएमा निजको अपुताली त्यस्ता भिन्न भएका हकवालाले पाउँछ ।

- **अपुताली स्वीकार गर्न कर नलाग्ने :** (दफा २४४)

  अपुताली पाएको व्यक्तिले त्यस्तो अपुताली स्वीकार गर्न नचाहेमा स्वीकार गर्न कर लाग्दैन, अपुताली परेकोमा अपुताली पाउने व्यक्तिले अपुताली स्वीकार नगरेमा अपुताली परेको तीन वर्षभित्र त्यस्तो कुराको जानकारी सम्बन्धित जिल्ला अदालतलाई लिखित रूपमा दिनु पर्छ र त्यसरी स्वीकार नगरेको अपुताली त्यस पछिका प्राथमिकताक्रमको अन्य हकवालामा सर्दछ । कुनै हकवालाले अपुताली स्वीकार नगरेमा पनि निजले मृतकको रीत, परम्परा अनुसार सद्गत गर्नु पर्नेछ ।

- **अपुताली नपाउने :** (दफा २५५)

  कसैले कुनै रिस इबि वा अपुताली पाउने वद्नियतले कसैको ज्यान लिएमा वा लिन लगाएमा त्यसरी ज्यान लिने वा लिन लगाउनेका हकवालाले मृतक वा निजको हकवालाको अपुताली पाउदैन ।

- **अपुताली पाउने व्यक्तिको दायित्व तथा अधिकार :** (दफा २४६,२४७)

  अपुताली पाउने व्यक्तिको मृतकको रीत परम्परा अनुसार सद्गत तथा किरिया गर्ने गराउने, मृतकले लिएको ऋण साहूलाई भुक्तानी गर्ने दायित्व तथा मृतकले दिएको ऋण तथा लगानी गरेको सम्पत्ति माथि निजको अधिकार हुन्छ । कुनै व्यक्तिको मृत्यु भई निजको सदगत तथा किरिया अपुताली पाउने व्यक्ति बाहेक अन्य व्यक्तिले गरेको भए अपुताली पाउने व्यक्तिले मृतकको सद्गत तथा किरिया गर्दा लागेको खर्च र त्यस्तो खर्चको थप पच्चीस प्रतिशत रकम त्यसरी सदगत तथा किरिया गर्ने व्यक्तिलाई दिनु पर्छ । तर मृतकको सद्गत तथा किरिया आफूले नगरी अन्य व्यक्ति मार्फत गराउन लगाएको रहेछ भने त्यसरी सद्गत तथा किरिया गर्दा लागेको वास्तविक खर्च मात्र दिन सकिन्छ । कुनै व्यक्तिको अपुताली खुला भएमा र निजका साहू भएमा त्यस्ता साहूले अपुताली पाउनेबाट ऋण तथा दायित्व भराई लिन सक्छ । तर मृतकको सम्पत्ति भन्दा बढीको ऋण तथा दायित्व अपुताली पाउने व्यक्तिले तिर्न बाध्य हुँदैन ।

- **अपुतालीको सम्पत्ति स्थानीय तहको हुने** (दफा २४८)

  कुनै व्यक्तिको अपुताली खुला भएमा र निजका हकवाला नभएमा वा भए पनि निजले त्यस्तो अपुताली स्वीकार नगरेमा मृतकको सदगत तथा किरिया गर्दा लागेको खर्च कटाई र निजका साहू भए साहूको रकम भुक्तानी गर्दा पनि सम्पत्ति बाँकी रहेकोमा त्यस्तो सम्पत्ति सम्बन्धित स्थानीय तहको हुन्छ ।

- **नेपालभित्र मृत्यु भएको विदेशीको सम्पत्तिको अपुताली** (दफा २४९)

  नेपालभित्र मृत्यु भएको कुनै विदेशीको नेपालभित्र कोही हकवाला रहेनछ तर सम्पत्ति रहेछ भने निजको सद्गत गर्ने वा हरहिसाब राख्ने व्यक्तिले त्यस्तो कुराको सूचना तुरुन्त नजिकको स्थानीय तहलाई दिनु पर्छ । यसरी स्थानीय तहले प्राप्त गरेको सम्पत्ति सार्वजनिक हितको लागि मात्र प्रयोग गर्नु पर्छ ।

- **हदम्याद** (दफा २५०)

  अपुतालीको सम्बन्धमा बेग्लै हदम्याद उल्लेख भएकोमा बाहेक अन्यमा अपुताली खुला भएको मितिले तीन वर्षभित्र नालिस गर्नु पर्छ ।

## १६. सम्पत्ति सम्बन्धी कानून

- **सम्पत्ति, त्यसको स्वरुप र वर्गिकरण** (दफा २५१,२५२,२५५)

  उपभोग गर्न, खरिद, बिक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोबार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद, वस्तु वा कार्यलाई सम्पत्ति मानिन्छ । स्वरुपका आधारमा सम्पत्तिलाई चल र अचलको रुपमा रहेको मानिन्छ । त्यसै गरी सम्पत्तिको स्वामित्व तथा त्यसको प्रयोगको स्वरुपको आधारमा सम्पत्तिलाई निजी सम्पत्ति, सगोलको सम्पत्ति, संयुक्त सम्पत्ति, सामुदायिक सम्पत्ति, सार्वजनिक सम्पत्ति, सरकारी सम्पत्ति र गुठीको सम्पत्तिको रुपमा वर्गिकरण गरिएकोछ ।

- **अचल सम्पत्ति** (दफा २५३)

  घर वा जमिन वा सोसँग जोडिएको संरचना, घर वा जमिनसँग स्थायी रूपमा आबद्ध भएको कुनै वस्तु, जमिनसँग आबद्ध रहेको खानी, ढुङ्गा वा खनिजजन्य वस्तु, प्राकृतिक स्वरूपमा रहेको पानी, भूसतह तथा भूमिगत रूपमा रहेको पानी, नदी, ताल, तलैयामा तैरने गरी स्थायी रूपमा बनाइएका घर वा अन्य संरचना, जमिनमा खडा भएको रुख, बिरुवा वा फलफूलका बोट वा त्यस्ता रुख, बिरुवा वा फलफूलका बोटमा फलेका फल वा फूलेका फूल, जमिनमा फलेको बाली, अचल सम्पत्तिबाट अलग भएको वा गरिएको बाहेक अचल सम्पत्तिसँग आबद्ध रहेको कुनै चल सम्पत्ति समेत अचल सम्पत्ति मानिन्छ ।

- **चल सम्पत्ति** (दफा २५४)

  नगद वा नगद सरह कारोबार हुने वस्तु वा विदेशी मुद्रा, सुन, चाँदी, जवाहरत, रत्न, सुनचाँदीबाट बनेका गरगहना वा बहुमूल्य पत्थर, एक ठाउँबाट अर्को ठाउँमा ओसार पसार गर्न सकिने अन्य वस्तु, ऋणपत्र, धितोपत्र, प्रतिज्ञापत्र, विनिमयपत्र, प्रतीतपत्र वा अन्य विनिमेय अधिकारपत्र वा त्यसबाट प्राप्त हुने लाभ, बौद्धिक सम्पत्ति, धितोमा रहेको हक, व्यापारिक ख्याति वा फ्रेन्चाईज वा अचल सम्पत्ति बाहेकका अन्य सम्पत्तिलाई चल सम्पत्ति मानिन्छ ।

- **निजी सम्पत्ति** (दफा २५६)

  कुनै व्यक्तिको नाममा रहेको देहायका कुनै सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति त्यस्तो व्यक्तिको निजी सम्पत्ति मानिन्छ र त्यस्तो सम्पत्ति सम्पत्तिको धनिले संहितको व्यवस्थाको अधीनमा रही आफूखुसी गर्न पाउँछ ।

  - आफ्नो ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको,
  - दान, बकस वा अपुताली स्वरूप प्राप्त गरेको,
  - चिठ्ठा वा उपहार स्वरूप प्राप्त गरेको,
  - पारिश्रमिक, उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चय कोष, बीमा वा अन्य सामाजिक सुरक्षण वापत प्राप्त गरेको,
  - बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरूप प्राप्त गरेको,
  - कानून बमोजिम मानो छुट्टिई भिन्न बसेको अवस्थामा वा त्यसरी मानो नछुट्टिए पनि खति उपति आफ्नो आफ्नो गरी खानु बस्नु गरेको अवस्थामा जुनसुकै तवरले प्राप्त गरेको,
  - महिलाले विवाह पूर्व आर्जन गरेको, प्राप्त गरेको वा विवाह हुँदाका बखत माइतीबाट प्राप्त गरेको सम्पत्ति वा त्यसबाट बढे बढाएको,
  - महिलालाई पति वा पति तर्फका सबै अंशियारहरूको मञ्जुरीले निजको एकलौटी हक हुने गरी लिखत गरी दिएको वा पति तर्फका नातेदार वा इष्टमित्रबाट प्राप्त चल वा अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति,
  - कानून बमोजिम कुनै व्यक्तिको मात्र निजी सम्पत्ति हुने उल्लेख गरेको ।

- **सगोलको सम्पत्ति** (दफा २५७)

  पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति, निजी सम्पत्ति बाहेक अंशियारको नाममा रहेको अन्य सम्पत्ति, अंशियारले सगोलको खेती, उद्योग, व्यापार,व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे बढाएको सम्पत्ति सगोलका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको भए पनि सगोलको सम्पत्ति मानिन्छ ।

कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे बढाएको सम्पत्ति पति वा पत्नीको सगोलको सम्पत्ति हुन्छ । बाबु आमा र छोरा छोरी बीच अंशबण्डा गर्ने प्रयोजनको लागि बाबु आमाले आर्जन गरेको सम्पत्ति समेत सगोलको सम्पत्ति मानिन्छ ।

- **संयुक्त सम्पत्ति** (दफा २५८)

एकासगोलका अंशियारहरू बाहेक दुई वा दुईभन्दा बढी व्यक्तिहरूको नाममा रहेको वा त्यसबाट बढे बढाएको सम्पत्ति संयुक्त सम्पत्ति मानिन्छ । संयुक्त सम्पत्तिमा कुनै व्यक्तिको हक वा हिस्सा खुलाई लिखत भएकोमा सोही बमोजिम र लिखतमा कुनै उल्लेख नभएकोमा त्यस्तो सम्पत्ति रहने व्यक्तिहरूको समान हक र हिस्सा रहेको मानिन्छ । कुनै एक व्यक्तिको भएको प्रमाणित भएमा बाहेक दुई वा दुईभन्दा बढी संधियारको सीमानामा रहेको रुख, विरुवा वा वस्तु सबै संधियारको संयुक्त सम्पत्ति मानिन्छ ।

**१७. स्वामित्व र भोगाधिकार**

- **स्वामित्व र स्वामित्ववालाको अधिकार** (दफा २६६,२६७)

कुनै पनि व्यक्तिलाई कुनै सम्पत्तिमा कानून बमोजिम हक प्राप्त भएमा त्यस्तो सम्पत्तिमा निजको स्वामित्व रहेको मानिन्छ । स्वामित्ववालालाई कानूनको अधीनमा रही देहायको अधिकार हुनेछ :-

  - सम्पत्ति उपभोग गर्न,
  - सम्पत्ति बिक्री वा अन्य तवरले कसैलाई हक हस्तान्तरण गर्न,
  - सम्पत्तिको कुनै किसिमले धितो वा बन्धकी राख्न,
  - सम्पत्तिको कुनै कारोबार गर्न,
  - सम्पत्तिबाट जुनसुकै किसिमबाट फाइदा लिन,
  - आफ्नो जग्गा जमिनमा कुनै किसिमको भौतिक संरचना निर्माण गर्न, पर्खाल वा बार लगाई घेर्न वा साँध सिमाना छुट्याउन वा कुनै सम्पत्तिको स्वरूप परिवर्तन गर्न वा कुनै पनि किसिमले सम्पत्तिको संरक्षण गर्न,
  - आफ्नो जमिन वा जमिनमुनिको भाग वा त्यसमा रहेको वस्तु वा जमिन माथिको आकाश प्रयोग गर्न,
  - सम्पत्ति कुनै तवरले नष्ट वा समाप्त गर्न,
  - सम्पत्ति प्राप्त वा सुरक्षा गर्ने सम्बन्धमा कुनै पनि किसिमले कानूनी कारबाही चलाउन ।

- **भोगाधिकार** (दफा २६८,२६९,२७०)

कसैले कुनै सम्पत्ति भोग गर्ने मनसायले कानून बमोजिम आफूसँग राखेमा त्यस्तो सम्पत्तिमा निजको भोगाधिकार रहेको मानिन्छ । स्वामित्ववालाको हैसियतले, अन्य व्यक्तिको स्वामित्वमा रहेको सम्पत्ति कानून बमोजिम प्राप्त गरेर, भोगाधिकारको सहमति लिई कुनै सम्पत्ति उपर भोगाधिकार प्राप्त गर्न सकिन्छ । असल मनसाय, शान्तिपूर्ण वा खुला रूपमा प्राप्त गरेको भोगाधिकारलाई मात्र कानूनी रूपले भोगाधिकार प्राप्त गरेको मानिन्छ । भोगाधिकार आफैंले वा प्रतिनिधि मार्फत प्राप्त गर्न सकिन्छ । असक्षम वा अर्धसक्षम व्यक्तिले संरक्षक वा माथवर मार्फत भोगाधिकार प्राप्त गर्न सक्छ ।

- **प्रतिकूल भोगाधिकार रहने** (दफा २७३)

  कुनै व्यक्तिले अर्को व्यक्तिको चल सम्पत्तिको हकमा तीन वर्ष र जमिनको हकमा तीस वर्षभन्दा बढी समयदेखि त्यस्तो सम्पत्ति वा जमिन आफ्नै सम्पत्ति वा जमिन सरह भोग गरेमा त्यस्ता सम्पत्ति वा जमिनमा निजको प्रतिकूल भोगाधिकार रहेको मानिनेछ । तर सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा जतिसुकै समयसम्म भोग गरेको भए तापनि प्रतिकूल भोगाधिकार प्राप्त हुँदैन ।

- **क्षतिपूर्ति तिर्नु पर्ने** (दफा २७४)

  कसैले कुनै सम्पत्ति जवरजस्ती, वदनियतपूर्वक वा गोप्य रूपमा भोग गरेमा त्यस्तो सम्पत्ति भोग गर्दा प्राप्त गरेको लाभ र त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ र त्यस्तो सम्पत्ति भोग गर्दा आफ्नो हेलचक्र्याइँबाट हुन पुगेको नोक्सानी वापत मनासिब क्षतिपूर्ति तिर्नु पर्ने हुन्छ । अरुको सम्पत्ति आफ्नो भोगाधिकारमा रहेको अवधिमा हराएमा वा क्षति भएमा भोगाधिकारवालाले त्यस्तो सम्पत्ति वापत सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति तिर्नु पर्छ ।

## १८ सम्पत्तिको उपभोग

- **अन्य व्यक्तिको सम्पत्ति उपभोग गर्न, प्राप्त गर्न, विगार्न वा घर कम्पाउण्डमा प्रवेश गर्न नपाईने** (दफा २७६)

  सम्पत्ति धनीको मञ्जुरी बिना अन्यले त्यस्तो सम्पत्ति त्यस्तो उपभोग गर्न पाउदैन । अन्य व्यक्तिको बाटो वा निकास बन्द गरी, आफ्नो जग्गाको साँधमा कुनै काम वा निर्माण गरी वा अन्य कुनै पनि तवरले कसैले पनि कुनै पनि व्यक्तिको सम्पत्ति बिगार्न पाईदैन । अन्य व्यक्तिको सम्पत्ति त्यस्तो सम्पत्ति धनीको मञ्जुरी बिना प्राप्त गर्न सकिदैन । त्यस्तो मन्जुरी नभए पनि नेपाल सरकारले सार्वजनिक हितको लागि कानून बमोजिम कुनै व्यक्तिको सम्पत्ति प्राप्त गर्न बाधा पर्दैन । कसैले पनि कानून बमोजिम बाहेक कुनै व्यक्तिको मञ्जुरी नलिई निजको घर कम्पाउण्डमा प्रवेश गर्न पाउँदैन ।

- **सम्पत्ति खिचोला वा अतिक्रमण** (दफा २७७)

  कसैले पनि अन्य व्यक्तिको सम्पत्ति च्यापी, मिची वा कुनै तवरले खिचोला वा अतिक्रमण गर्न हुँदैन । कसैले अन्य व्यक्तिको सम्पत्ति आफ्नो कब्जामा लिएमा निजले त्यस्तो सम्पत्ति खिचोला वा अतिकमण गरेको मानिन्छ ।

- **सुरक्षात्मक उपाय अपनाउनु पर्ने** (दफा २७८)

  कुनै व्यक्तिले आफ्नो घर वा जग्गामा कुनै काम गर्दा सँधियारको घर वा जग्गा वा सँधियारलाई कुनै किसिमले हानि, नोक्सानी नहुने वा असर नपर्ने गरी सुरक्षात्मक उपाय अपनाउनु पर्छ ।

- **घर बनाउने सम्बन्धमा** (दफा २७९)

  कसैले पनि जग्गाधनीको लिखित सहमति नलिई निजको जग्गामा घर बनाउन हुँदैन त्यस्तो सहमति नलिई कसैले अन्यको जग्गामा घर बनाएमा त्यस्तो घरको सम्बन्धमा जग्गाधनीले चाहेमा त्यस्तो घरको बजार मूल्यको पच्चीस प्रतिशतसम्म कम मूल्यमा त्यस्तो घर खरिद गर्न वा घरधनीले जग्गाको स्वामित्ववालाको मञ्जुर भएमा त्यस्तो घर भएको जग्गाको बजार मूल्यको पच्चीस प्रतिशतसम्म मूल्य थप गरी त्यस्तो जग्गा खरिद गर्न सक्छ । यसरी घर वा

जग्गा खरिद बिक्री मञ्जुरी नभएमा घर बनाउनेले त्यस्तो घर भत्काई आफ्नो मालसामान लैजानु पर्छ । घर नभत्काएमा त्यस्तो घर जग्गाधनीको हुन्छ ।

- **घर बनाउँदा जग्गा छोड्नु पर्ने** (दफा २८०,२८१,२८२,२८३)
  सँधियारको जग्गा तर्फ झ्याल वा ढोका राखी घर बनाउँदा सम्बन्धित निकायले तोकेको मापदण्ड बमोजिमको जग्गा छोड्नु पर्छ । घर बनाउँदा आफ्नो घर वा वलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झार्न पाईदैन । सँधियारको जग्गासँग जोडी सेफ्टी ट्याङ्की बनाउन पाउँदैन र आफ्नो जग्गामा सेफ्टी ट्याङ्की बनाउनु परेमा सँधियारको जग्गा तर्फ सँधियारको स्वीकृति भएकोमा बाहेक कम्तीमा सम्बन्धित निकायले तोकेको मापदण्ड बमोजिमको जग्गा छोड्नु पर्छ । आफ्नो जग्गामा इनार वा कुवा खन्दा सँधियारको जग्गाबाट कम्तीमा एक मिटर दुरी कायम हुने गरी जग्गा छोड्नु पर्छ ।

- **असर पर्ने गरी रुख बिरुवा लगाउन नहुने** (दफा २८४)
  रुख वा बिरुवा लगाउँदा अन्य व्यक्तिको घर, जग्गा वा कुनै सम्पत्तिलाई असर पर्ने गरी लगाउन हुँदैन । कुनै व्यक्तिले आफ्नो जग्गामा लगाएको रुख वा बिरुवाले अन्य व्यक्तिको घर जग्गा वा अन्य सम्पत्तिमा फैलिई असर पुऱ्याएमा त्यस्तो रुख वा बिरुवा लगाउने व्यक्तिले त्यस्तो व्यक्तिको घर, जग्गा वा सम्पत्ति नोक्सान नहुने गरी अरुलाई असर पर्ने रुख वा बिरुवाको हाँगो वा जरा काट्नु पर्छ ।

- **क्षतिपूर्ति भराई लिन सक्ने** (दफा २८५)
  कसैले अन्य व्यक्तिको सम्पत्ति उपभोग वा प्राप्त गरेको, विगारेको वा घर कम्पाउण्डमा प्रवेश गरेको, सम्पत्ति खिचोला वा अतिक्रमण गरेको, आफ्नो स्वामित्व नभएको जग्गामा घर बनाएको, घर बनाउँदा, छाड्नु पर्ने जग्गा नछाडेको वा अरुलाई असर गर्ने गरी रुख रोपेको जस्ता काम कारबाहीबाट कुनै व्यक्तिलाई क्षति हुन गएमा क्षतिबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराई लिन सक्छ ।

- **हदम्याद** (दफा २८६)
  कसैले अन्य व्यक्तिको सम्पत्ति उपभोग वा प्राप्त गरेको, विगारेको वा घर कम्पाउण्डमा प्रवेश गरेको, सम्पत्ति खिचोला वा अतिक्रमण गरेको, आफ्नो स्वामित्व नभएको जग्गामा घर बनाएको, घर बनाउँदा, छाड्नु पर्ने जग्गा नछाडेको वा अरुलाई असर गर्ने गरी रुख रोपेको जस्ता काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्नु पर्छ ।

## १९. जग्गा आवाद, भोगचलन तथा दर्ता

- कसैले पनि अन्य व्यक्तिको हक, भोग र स्वामित्वको जग्गा निजको मञ्जुरी नलिई आवाद गर्न वा भोगचलन गर्न वा गराउन हुँदैन । अन्य व्यक्तिको हकको जग्गा आफ्नो नाममा दर्ता गराउन हुँदैन । (दफा २८७,२९६)

- **नदी वा खोलाको सबै पानी प्रयोग गर्न नपाउने** (दफा २८९)
  कसैले आफ्नो जग्गामा उत्पत्ति भएको वा त्यसबाट बगेको नदी वा खोलाको सम्पूर्ण पानी तल्लो तटवर्ती जग्गाधनीले प्रयोग गर्न नपाउने, त्यस्तो नदी वा खोलामा रहेका जलचर बाँच्न नसक्ने वा पर्यावरणमा प्रतिकूल हुने गरी प्रयोग गर्न पाउँदैन ।

- **कुलो बनाउने सम्बन्धी** (दफा २८८,२९०)

  जग्गा आवाद गर्न कसैलाई अन्य व्यक्तिको जग्गाबाट कुलो बनाउनु पर्ने भई जग्गा मागेमा सम्बन्धित जग्गाधनीले उपयुक्त ठहऱ्याएको ठाउँबाट त्यस्तो व्यक्तिलाई कुलो बनाउनको लागि जग्गा दिनु पर्छ। यसरी जग्गा दिए वापत कुलो बनाउने व्यक्तिले सट्टा जग्गा, कुलो बनाई प्रयोग भएको जग्गाको प्रचलित मूल्य बमोजिमको रकम वा मनासिब क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिनु पर्छ। कसैले पनि पहिले बनाई सञ्चालनमा रहेको कुलोद्वारा सिंचित खेतमा पानी सारभूत रूपमा कम हुने गरी त्यसभन्दा माथि नयाँ कुलो बनाउन पाउँदैन।

- **कुलोको पानीको उपयोग र बाँडफाँट** (दफा २९१)

  कुलोको पानीको उपयोग र बाँडफाँट सम्बन्धमा देहाय बमोजिम हुन्छ :-

  - कुलो बनाउनको लागि जुन व्यक्तिले श्रम वा खर्च गरेको छ सोही व्यक्तिले जग्गा आवाद गर्नको लागि कुलोको पानीमा पहिलो प्राथमिकता पाउँछ।
  - परापूर्वदेखि भागबण्डा बमोजिम पानी प्रयोग गर्दै आएको ठाउँमा सबै व्यक्तिहरूले भागबण्डा अनुसार कुलोको पानी उपयोग गर्न पाउछन्।
  - कुलो बनाउनको लागि श्रम वा खर्च गरेको व्यक्तिलाई पानी पर्याप्त भएपछि वा निजलाई पानी आवश्यक नपर्ने भएमा जुनसुकै व्यक्तिको कुलो भए पनि अन्य व्यक्तिले जग्गा आवाद गर्नलाई कुलोको पानी उपयोग गर्न पाउँछ।
  - कुनै व्यक्तिको जग्गा सिंचित भई बढी भएको पानी अर्को व्यक्तिको जग्गामा बगेकोमा सम्बन्धित जग्गाधनीको अनुमति बिना पनि प्रयोग गर्न सकिन्छ र त्यस वापत कुनै दाबी लाग्दैन।

- **खोलाको साँधको जग्गा आवाद गर्ने** (दफा २९५)

  कुनै जग्गाको बीचमा नदी वा खोला पसी वारिपारी जग्गा भएमा वा कुनै जग्गालाई नदी वा खोलाले कटान गरेमा नदी वा खोलाले जग्गा छाडेपछि त्यस्तो जग्गा सम्बन्धित व्यक्तिको हुन्छ र निजले आवाद गर्न पाउँछ।

- **नामसारी दाखिल खारेज** (दफा २९७)

  कुनै जग्गाको दर्तावाला मरी आफ्नो नाउँमा जग्गा नामसारी गर्नु परेमा वा कुनै जग्गा कुनै व्यहोराले आफ्नो हक हुन आई दाखिल खारेज गर्नु परेमा सम्बन्धित व्यक्तिले त्यस्तो काम भएको पैंतीस दिनभित्र मालपोत कार्यालयमा निवेदन दिई नामसारी, दाखिल खारेज गराउनु पर्छ।

- **हदम्याद** (दफा २९८)

  जग्गा आवाद, भोगचलन तथा दर्ता सम्बन्धी काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न सक्छ।

## २०. सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्ति

- **सरकारी, सार्वजनिक र सामुदायिक सम्पत्तिको परिभाषा** (दफा ३००, ३०३)
  सार्वजनिक सम्पत्तिको स्वामित्व सम्बन्धित सार्वजनिक संस्था वा नेपाल सरकारमा रहन्छ । मालपोत कार्यालयले सरकारी निकाय वा सार्वजनिक संस्थाको नाममा रहेको सरकारी जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा त्यस्तो निकाय वा संस्था र सामुदायिक जग्गाको जग्गाधनी प्रमाणपूर्जा सम्बन्धित समुदायलाई उपलब्ध गराउनु पर्छ ।
- देहायको सम्पत्तिलाई सरकारी, सार्वजनिक र सामुदायिक सम्पत्तिको रुपमा परिभाषा गरिएकोछ :- ( दफा २९९,३००,३०१)

| ***सरकारी सम्पत्ति*** | ***सार्वजनिक सम्पत्ति*** | ***सामुदायिक सम्पत्ति*** |
|---|---|---|
| *नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको देहायको सम्पत्ति सरकारी सम्पत्ति मानिन्छ :-*<br>*- सरकारी घर, भवन वा जग्गा,*<br>*- सडक, बाटो वा रेल्वे,*<br>*- वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान,*<br>*- नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल,*<br>*- नहर, कुलो वा ऐलानी, पर्ती जग्गा,*<br>*- खनिज वा खनिज पदार्थ,*<br>*- हिमाल, भीर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा,*<br>*- सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पत्ति बाहेकको अन्य सम्पत्ति ।* | *सार्वजनिक प्रयोजनको लागि रहेका देहायको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिन्छ :-*<br>*- परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो,*<br>*- कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील,*<br>*- गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल, चिहान, मसानघाट, समाधिस्थल कब्रिस्थान रहेको जग्गा,*<br>*- पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा,*<br>*- हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा,*<br>*- सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी सम्पत्ति,*<br>*- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक सम्पत्ति भनी तोकिदिएको अन्य सम्पत्ति ।* | *कुनै समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा, त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्व रहेको अन्य सम्पत्ति सामुदायिक सम्पत्ति मानिन्छ ।* |

- **सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति आफ्नो नाममा दर्ता गर्न, कब्जा गर्न वा आवाद गर्न नहुने** : (दफा ३०५,३०६)

कसैले पनि सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति आफ्नो नाममा दर्ता गर्न वा गराउन हुँदैन । व्यक्ति विशेषको नाममा दर्ता गरे वा गराएमा त्यस्तो दर्ता स्वतः बदर हुन्छ र जग्गा दर्ता गराउनेलाई मालपोत कार्यालयले पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना हुन्छ । सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति व्यक्ति विशेषको नाममा दर्ता गरे गराएको सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयमा जोसुकैले उजुर गर्न सक्छ र उजुरी परेमा मालपोत कार्यालयले त्यस सम्बन्धमा दर्तावाला समेतलाई झिकाई आवश्यक जाँचबुझ गरी उजुरी उपर निर्णय गर्नु पर्छ । कसैले पनि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा च्यापी, मिची, घुसाई वा अन्य कुनै तवरले आफ्नो कब्जामा राख्न हुँदैन । सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा कब्जा वा आवाद गर्ने व्यक्तिलाई दश हजार रूपैयाँसम्म जरिबाना हुन्छ ।

- **संरचना बनाउन नहुने** (दफा ३०७)
  कसैले पनि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गामा निजी वा सार्वजनिक प्रयोजनको लागि कुनै संरचना बनाउन हुँदैन । सरकारी, सार्वजनिक वा सामुदायिक जग्गामा कानून विपरितका संरचना बनाउन रोक लगाउन वा बनिसकेको संरचना भत्काउने सम्बन्धमा स्थानीय तहले कुनै सहयोग माग गरेमा सम्बन्धित प्रहरी कार्यालयको सहयोग गर्नु कर्तव्य हुनेछ ।
- **सामुदायिक सम्पत्ति सार्वजनिक सम्पत्तिमा परिणत हुन सक्ने** (दफा ३०९)
  कुनै सामुदायिक सम्पत्ति सम्बन्धित समुदायले प्रयोग नगरेमा वा कुनै समुदायले सामुदायिक सम्पत्ति समुदायको काममा प्रयोग गर्न आवश्यक नभएको व्यहोरा जनाई त्यस्तो समुदायका सबै परिवारका मुख्य व्यक्तिले सहीछाप गरी सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिएमा सम्बन्धित मालपोत अधिकृतले त्यस सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो सम्पत्ति सार्वजनिक सम्पत्तिमा परिणत गर्न सक्छ ।
- **उजुरी गर्नेलाई पुरस्कार** (दफा ३१०)
  सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति दर्ता गरे वा गराएको, त्यस्तो सम्पत्ति अन्तर्गतको जग्गा कब्जा गरी उपयोग वा आवाद गरेको वा त्यस्तो जग्गामा कुनै निर्माण कार्य गरेको विषयमा जुनसुकै व्यक्तिले सम्बन्धित निकायमा उजुर गर्न सक्छ । त्यसरी परेको उजुरी साँचो ठहरिएमा सम्बन्धित निकायले त्यस्तो कार्य गर्ने व्यक्तिलाई भएको जरिबानाको आधा रकम उजुर गर्ने व्यक्तिलाई पुरस्कार वापत उपलब्ध गराउनु पर्छ ।
- **कारबाही हुने** (दफा ३११)
  कुनै कर्मचारीले जानीजानी हेलचेक्र्याइँ वा लापरवाहीसाथ सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति कुनै व्यक्तिको नाममा दर्ता गरे वा गराएमा वा सहयोग गर्नु पर्ने कर्तव्य भएको कर्मचारीले कुनै सहयोग नगरेमा त्यस्तो कर्मचारीलाई निजको सेवा, शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको अतिरिक्त कानून बमोजिम फौजदारी कसूरमा समेत कारबाही हुन्छ ।
- **हदम्याद** (दफा ३१३)
  सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति आफ्नो नाममा दर्ता गरेको, त्यस्तो सम्पत्ति कब्जा वा आवाद गरेको वा त्यस्तो सम्पत्तिमा कानून विपरित संरचना बनाएको विषयमा जहिलेसुकै र अन्य विषयमा भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले एक वर्षभित्र नालिस गर्नु पर्छ ।

## २१ गुठी

- **गुठीको स्थापना र प्रकार** (दफा ३१४,३१५)

कसैले आफ्नो हक, भोग र स्वामित्वको सम्पत्ति अन्य व्यक्ति, समूह, सर्वसाधारण, असङ्गठित वा सङ्गठित संस्था वा समुदाय (हितग्राही) को लागि अरु कसैबाट सञ्चालन र व्यवस्थापन गर्ने गरी आवश्यक बन्दोबस्त गरेकोमा गुठी स्थापना भएको मानिनेछ ।

गुठीलाई सार्वजनिक गुठी र निजी गुठीको रुपमा स्थापना गर्न सकिन्छ । कुनै खास व्यक्ति वा समूह विशेषलाई हित, लाभ वा सुविधा पुऱ्याउने उद्देश्यले राखिएको गुठीलाई निजी गुठी मानिन्छ भने देहायको उद्देश्य पूरा गर्नको लागि राखिएको गुठी सार्वजनिक गुठी मानिन्छ ।

(क) आर्थिक विकासका पूर्वाधार वा अन्य विकास सम्बन्धी कामको लागि प्रयोग हुने कोषको स्थापना, सञ्चालन तथा प्रयोग गर्ने,

(ख) निम्न आय भएका व्यक्तिहरूको सीप विकास तथा रोजगारीको अवसरको सिर्जना तथा विकासको कार्य गर्न आवश्यक कोषको स्थापना तथा सञ्चालन गर्ने,

(ग) सामाजिक कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने,

(घ) विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता सर्वसाधारणको लागि उपयोगी हुने शैक्षिक तथा प्राज्ञिक संस्थाहरू स्थापना गरी सञ्चालन गर्ने,

(ङ) अस्पताल वा स्वास्थ्य चौकी जस्ता सार्वजनिक प्रयोजनको लागि चिकित्सालय स्थापना गरी सञ्चालन गर्ने,

(च) प्राकृतिक, ऐतिहासिक वा साँस्कृतिक सम्पदाको संरक्षण वा त्यस्तो कार्यको प्रवर्द्धन गर्ने,

(छ) वन्य जन्तु, जलचर वा वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गर्ने,

(ज) विभिन्न वर्ग, समूह वा समुदायको हित संरक्षण, कल्याण वा उत्थानको लागि कार्यक्रम सञ्चालन गर्ने,

(झ) खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ञ) सेवामुखी कल्याणकारी कार्य गर्ने,

(ट) उद्दार कार्य सञ्चालन गर्ने,

(ठ) मठ, मन्दिर, गुम्बा, चैत्य, मस्जिद, गिर्जाघर वा त्यस्तै अन्य धार्मिक कृत्य गर्ने,

(ड) सार्वजनिक हितको लागि अन्य सार्वजनिक कार्यक्रमहरू सञ्चालन गर्ने ।

- **गुठी स्थापना गर्ने प्रक्रिया** (दफा ३१६,३२०)

गुठी स्थापना गर्न चाहने व्यक्तिले गुठीको लागि राखिएको सम्पत्तिको मूल्य र त्यसको विवरण, हितग्राही र निजले पाउने लाभ, सुविधा, त्यसको शर्त र हदको विवरण, कुनै खास समयावधिको लागि गुठी स्थापना गरिने भए त्यस सम्बन्धी कुरा, अन्य आवश्यक विवरणहरू खुलाई गुठीको दर्ता, सुपरीवेक्षण र खारेजीका लागि कानून बमोजिम व्यवस्था भएको अधिकारी वा सम्बन्धित मालपोत अधिकृत समक्ष निवेदन दिनु पर्छ । कसैले आफ्नो हक, भोग र स्वामित्वको सम्पत्ति मौखिक व्यवहार, आचरण वा आफ्नो शेष पछि प्रभावकारी हुने गरी दान बमोजिम गुठीको रूपमा सञ्चालन तथा व्यवस्थापन हुने व्यवस्था गरेको रहेछ भने त्यस्तो व्यवहार, आचरण वा दान बमोजिम नै गुठी स्थापना भएको मानिन्छ । कानून बमोजिम हक हस्तान्तरण हुन

रजिष्ट्रेशन पारित गर्नु पर्ने सम्पत्तिको हकमा तत्सम्बन्धी लिखत पारित भएको हुनु पर्छ । निजी गुठी सञ्चालन गरेको जानकारी सम्बन्धित पञ्जिकाधिकारीलाई दिई दर्ता नगरी कन पनि निजी गुठी सञ्चालन गर्न सकिन्छ । गुठी संस्थापकले आफूले गुठीको लागि छुट्याएको सम्पत्ति गुठी स्थापना भएको तीन महिनाभित्र गुठी सञ्चालकलाई कानून बमोजिम हस्तान्तरण गर्नु पर्छ ।

- **गुठी सम्पत्तिको सञ्चालन र व्यवस्थापन** (दफा ३२२,३२३)

  गुठी सञ्चालकले गुठीको नामको सम्पत्ति संस्थापना पत्रमा उल्लेख भएको शर्त तथा बन्देजको अधीनमा रही सञ्चालन र व्यवस्थापन गर्नु पर्छ । संस्थापनापत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक अचल सम्पत्ति वा त्यसको कुनै अंश सम्बन्धित पञ्जिकाधिकारीको पूर्व स्वीकृति बिना बिक्री गर्न, बन्धकी दिन वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न पाईदैन । गुठी सञ्चालकले आफ्नो क्षमता तथा विवेक इमानदारीपूर्वक प्रयोग गरी सम्पत्तिको हानि, नोक्सानी नहुने गरी उपयुक्त ढङ्गबाट गुठी सम्पत्तिको सञ्चालन र व्यवस्थापन गर्नु पर्छ ।

- **गुठी सञ्चालकको नियुक्ति, अधिकार र कर्तव्य** (दफा ३२४)

  गुठी सम्पत्तिको सञ्चालन, व्यवस्थापन, संरक्षण, हेरविचार गर्न तथा त्यस्तो सम्पत्तिबाट प्राप्त लाभ हितग्राहीको लागि प्रयोग गर्न वा त्यसको उपयुक्त प्रबन्ध गर्न गुठी सञ्चालकको नियुक्ति गर्नु पर्नेछ । संस्थापनापत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक गुठी सञ्चालकको नियुक्ति गुठी संस्थापकले गर्नेछ । गुठी सञ्चालक नियुक्त नभएकोमा वा हुन नसकेमा गुठी संस्थापक नै गुठी सञ्चालक भएको मानिनेछ ।

- **गुठी सञ्चालकको अयोग्यता** (दफा ३२५)

  करार गर्न अयोग्य भएको, आफ्नो जिम्मामा रहेको सम्पत्ति हिनामिना गरेको, भ्रष्टाचारको कसूरमा अदालतबाट दोषी ठहरिएको, नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको, गुठी सञ्चालन भएको सम्पत्तिको आफू मात्र हितग्राही भएको व्यक्ति गुठी सञ्चालक हुन सक्दैन ।

- **गुठी सञ्चालन** (दफा ३३१,३३२)

  एकभन्दा बढी गुठी सञ्चालक रहेको गुठीमा संस्थापनापत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक सम्भव भएसम्म गुठी सञ्चालकहरू सबैको सर्वसम्मत निर्णयद्वारा, सर्वसम्मत कायम हुन नसकेमा तत्काल कायम रहेका गुठी सञ्चालकहरूको बहुमतद्वारा र सो पनि सम्भव नभएमा उमेरको हिसाबले ज्येष्ठ गुठी सञ्चालकको निर्णय बमोजिम गुठी सञ्चालन गर्नु पर्छ । गुठी सञ्चालकले गुठी संस्थापनापत्रमा उल्लेख भए बमोजिम गुठीको उद्देश्य कार्यान्वयन गर्नु पर्नेछ र त्यसरी गुठीको उद्देश्य कार्यान्वयन गर्दा निजले आफ्नो क्षमता, विवेक र इमान्दारीपूर्वक कार्य सम्पादन गर्नु पर्नेछ ।

- **गुठीको सम्पत्तिको अभिलेख तथा संरक्षण** (दफा ३३३,३३४,३३९,३४०)

  गुठी सञ्चालकले गुठीको सम्पत्तिको फाँटबारी तयार गरी अभिलेख अद्यावधिक राख्नु पर्छ । सार्वजनिक गुठीको हकमा प्रत्येक वर्ष त्यस्तो अभिलेखको एक प्रति पञ्जिकाधिकारी समक्ष दाखिला गर्नु पर्छ । गुठी सञ्चालकले गुठीको सम्पत्ति सम्भार तथा संरक्षण गर्नु पर्नेछ र त्यस्तो प्रयोजनको लागि कुनै किसिमको कानूनी कारबाही गर्नु पर्ने भए वा कुनै सार्वजनिक अधिकारी समक्ष कुनै किसिमको रीत पुर्‍याउनु पर्ने भए त्यस्तो समेत गर्न सक्छ । गुठीको सम्पत्ति संरक्षण वा सम्भार गर्दा गुठी सञ्चालकले आफ्नै सम्पत्ति सरह उचित र मनासिब हेरविचार तथा गुठी सम्पत्तिको अभिवृद्धि हुने काम गर्नु पर्छ ।

गुठी सम्पत्तिको लिखत, कागजात तथा प्रमाण गुठी संस्थापनापत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक सुरक्षित राख्ने जिम्मा गुठी सञ्चालकको हुन्छ र सार्वजनिक गुठीको हकमा त्यस्तो लिखतको प्रतिलिपि गुठी सञ्चालकले पञ्जिकाधिकारी समक्ष दाखिला गर्नु पर्छ । गुठी सम्पत्ति संरक्षण गर्ने, गुठीको उद्देश्य कार्यान्वयन गर्ने वा हितग्राहीको हित संरक्षण गर्ने सिलसिलामा गुठी सञ्चालकले आफ्नो निजी वा अरू कसैको सम्पत्ति प्रयोग गरेको रहेछ भने त्यस्तो सम्पत्ति वापतको रकम गुठी सम्पत्तिबाट शोधभर्ना लिन पाउनेछ ।

- **गुठीको लेखा** (दफा ३३७)

  गुठी सञ्चालकले गुठी सम्पत्तिको हिसाब स्पष्ट र वास्तविक रूपमा देखिने गरी लेखा राख्नु पर्नेछ र लेखापरीक्षण गराउनु पर्छ ।

- **गुठीको उल्लङ्घन** (दफा ३३८)

  गुठी सञ्चालकले पूरा गर्नु पर्ने दायित्व पूरा नगरेमा निजले गुठी उल्लङ्घन गरेको मानिन्छ र गुठीको उल्लङ्घन भएमा त्यसबाट गुठीको सम्पत्ति वा हितग्राहीलाई हुन गएको हानि, नोक्सानी वापत त्यसरी गुठी उल्लङ्घन गर्ने गुठी सञ्चालक जिम्मेवार भई त्यस वापतको दायित्व निजले व्यहोर्नु पर्छ । २०७५ साल भदौ १ गते भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम संस्थापना भई सञ्चालन हुँदै आएका गुठीको सम्बन्धमा गुठीको दानपत्र, शिलापत्र वा त्यस्तो गुठी राख्ने लिखत बमोजिमको काम नगरेमा, गुठी राख्ने वा निजका सन्तान वा हकवालाले गुठीको दानपत्र शिलापत्र समेतका लिखत बमोजिमको काम चलाई भोग चलन गर्न पाउने शेष बाँकी बाहेक गुठीको जग्गा बेचबिखन गरेमा, दान दातव्य दिएमा वा धितो बन्धक राखेमा, वा गुठीको चल सम्पत्ति गुठीको कामका लागि चलन व्यवहार गर्दा मनासिब तवरले खिए घटेकोमा बाहेक गुठियारले हिनामिना गरेमा गुठी उल्लङ्घन गरेको मानिन्छ । यसरी गुठीको उल्लङ्घन गरेमा संहिता प्रारम्भ हुँदाका बखत कायम रहेको कानून बमोजिम कारबाही हुनेछ ।

- **गुठी सञ्चालकले गर्न नहुने काम** (दफा ३४२)

  गुठी सञ्चालकले आफ्नो निजी सम्पत्ति र गुठी सम्पत्ति बीच आर्थिक कारोबार गर्न वा आफ्नो सम्पत्ति र गुठी सम्पत्तिलाई मिसाउन हुँदैन । यस्तो कार्य गरेमा गुठी सम्पत्तिमा पुग्न गएको क्षति वापत निजले क्षतिपूर्ति दिनु पर्छ । संस्थापनापत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक गुठी सञ्चालकले देहायको काम गर्न वा गराउन हुँदैन :-

  - गुठीको सम्पत्ति गुठीको उद्देश्य पूरा गर्न बाहेक अन्य कुनै किसिमले प्रयोग गर्न,
  - गुठीको सम्पत्ति गुठीको उद्देश्य पूरा गर्न बाहेक आफू वा अरू कसैलाई मुनाफा हुने कुनै काममा प्रयोग गर्न वा लगाउन,
  - अर्को गुठी सञ्चालक वा अन्य कसैलाई गुठी सञ्चालकको जिम्मेवारी वा दायित्व प्रत्यायोजन वा सुम्पन,
  - एकभन्दा बढी गुठी सञ्चालक भएकोमा एक्लैले गुठी सम्बन्धी कुनै काम गर्न,
  - गुठी सञ्चालक भए वापत निजले कुनै किसिमको पारिश्रमिक, भत्ता वा सुविधा प्राप्त गर्न,
  - गुठी सञ्चालक बहाल रहेको वा गुठी सञ्चालकबाट अवकाश प्राप्त गरेको कम्तीमा तीन वर्ष व्यतीत नभई आफू सञ्चालक रहेको गुठीको सम्पत्ति खरिद गर्न वा त्यस्तो सम्पत्ति कुनै किसिमले धितो, बन्धक, लिज वा भाडामा लिन ।

- **गुठी सम्पत्तिको स्वामित्व** (दफा ३४५)

गुठी सम्पत्ति दर्ता स्रेस्तामा गुठी जनाई संस्थापनापत्रमा उल्लेख भए बमोजिमको व्यक्तिको नाममा रहन्छ र संस्थापनापत्रमा स्वामित्व रहने व्यक्ति उल्लेख नभएकोमा हितग्राही व्यक्तिको नाममा रहनेछ । सार्वजनिक गुठीको हकमा त्यस्तो गुठीको सम्पत्ति सञ्चालन तथा व्यवस्थापन गर्न छुट्टै सङ्गठित संस्था खडा गर्नु पर्ने व्यवस्था संस्थापनापत्रमा भएकोमा त्यस्तो सम्पत्ति त्यसरी खडा भएको सङ्गठित संस्थाको नाममा रहनेछ ।

- **संवत् २०७५ साल भदौ १ गते अगावै स्थापना भएको गुठी सञ्चालन सम्बन्धी व्यवस्था** (दफा ३५०)

संवत् २०७५ साल भदौ १ गते भन्दा अघि नै तत्काल प्रचलित कानून बमोजिम संस्थापना भई सञ्चालन हुँदै आएका गुठीलाई तीन वर्षभित्र दर्ता गरी वा त्यस्तो गुठी सञ्चालन हुँदै आएको जानकारी पञ्जिकाधिकारीलाई गराई अभिलेख राख्नु पर्छ । त्यस्तो गुठीलाई यस संहिताको गुठी सम्बन्धी व्यवस्थाले असर नपार्ने व्यवस्था संहितामा रहेको छ । त्यस्तो गुठी संस्थापना गर्ने दानपत्र, शिलापत्र, संस्थापनापत्र वा अन्य कुनै लिखतमा लेखिए बमोजिम वा रीत, परम्परा वा अभ्यास बमोजिम गुठी सञ्चालन गर्न सकिनेछ । यस्तो गुठी **जुन** उद्देश्य र प्रयोजनका लागि संस्थापना भएको थियो सोही उद्देश्य र प्रयोजनका लागि पूर्ववत रूपमा व्यवस्थापन र सञ्चालन गर्नु पर्नेछ र सोही बमोजिमको उद्देश्य र प्रयोजन पूरा गरी बाँकी रहेको सम्पत्ति वा आम्दानी भोग चलन गर्न वा धितो बन्धक राख्न, गुठीको उद्देश्य र प्रयोजनमा प्रतिकूल असर नपर्ने गरी गुठीको सम्पत्ति खरिद बिक्रि गर्न सकिनेछ । सरकारी जग्गा प्राप्त गरी कुनै खास प्रयोजनका लागि उपदफा (१) बमोजिमको गुठी संस्थापना वा सञ्चालन गरेको भए त्यस्तो जग्गा जुन प्रयोजनका लागि गुठी सञ्चालन भएको थियो त्यस्तो उद्देश्य र प्रयोजन पूरा गर्न प्रयोग गर्नु पर्छ । त्यस्तो जग्गा गुठी राख्ने वा निजका सन्तान वा हकवालाले भोगचलन गर्न पाउने छैन ।

कसैले गुठीको उद्देश्य र प्रयोजन पूरा नगरेमा जुन व्यक्तिले त्यस्तो उद्देश्य र प्रयोजन पूरा गरेको छ सोही व्यक्तिले त्यस्तो जग्गा भोग चलन गर्न पाउनेछ । कुनै लिखत नभई कसैले निरन्तर रूपमा सोह्र वर्ष वा सोभन्दा बढी अवधि देखि गुठी सञ्चालन गर्दै आएको रहेछ भने त्यस्तो गुठीको उद्देश्य र प्रयोजन पूरा गरी त्यसको सम्पत्ति निजले भोग चलन गर्न सक्नेछ । यस प्रकारको गुठी सम्बन्धी अन्य व्यवस्था गुठी संस्थापना पत्र, शिलापत्र, दानपत्रमा लेखिए बमोजिम वा त्यस्तो गुठी सञ्चालन सम्बन्धी परम्परा र अभ्यास बमोजिम हुनेछ ।

- **हदम्याद** (दफा ३५१)

गुठीको सम्पत्ति हिनामिना गरेको, गुठीको सम्पत्तिसँग सम्बन्धित कुनै लिखत जालसाजी वा किर्ते गरेको, गुठीको सम्पत्ति मासे खाएको, सञ्चालकले गुठी संस्थापनापत्रको शर्त विपरीत फाइदा लिएको, गुठीको सम्पत्ति वा सोको मूल्य वा आय सञ्चालक वा अन्य व्यक्तिबाट फिर्ता गराउनु परेको विषयमा कुनै हदम्याद लाग्दैन र सो बाहेक अन्य विषयमा नालिस गर्नु पर्ने कारण भएको मितिले छ महिनाभित्र नालिस गर्न सकिन्छ ।

## २२. फलोपभोग (Usufruct)

- **फलोपभोगको व्यवस्था भएको मानिने** (दफा ३५२,३५४)

कसैले आफ्नो हक र स्वामित्वमा रहेको सम्पत्ति, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभ, आम्दानी वा सुविधा अर्को व्यक्तिले प्रयोग गर्न सक्ने गरी निःशुल्क रूपमा दिएकोमा फलोपभोगको व्यवस्था भएको

मानिनेछ । अचल सम्पत्ति फलोपभोग गरी दिँदा लिखत गरी दिनु पर्छ । त्यसरी फलोपभोग दिंदा एकासगोलको अंशियारको सहमति लिनु पर्छ ।

- **फलोपभोगमा पाएको सम्पत्तिको प्रयोग** (दफा ३५५)

फलोपभोग गर्न सम्पत्ति प्राप्त गर्ने व्यक्ति (फलोपभोगी) त्यस्तो सम्पत्ति, त्यसबाट प्राप्त वा आर्जन हुने प्रतिफल, लाभ, आम्दानी वा सुविधा र त्यसबाट बढे बढाएको प्रतिफल, लाभ, आम्दानी वा सुविधा आफ्नो सम्पत्ति सरह प्रयोग गर्न पाउँछ । फलोपभोग अन्तर्गतको सम्पत्ति स्वामित्ववालालाई जानकारी गराई फलोपभोग कायम रहने अवधिकोसम्मको लागि बहाल, लिज वा बन्धकीमा दिन सकिन्छ । फलोपभोगीले फलोपभोग अन्तर्गत प्राप्त गरेको सम्पत्तिको हानि, नोक्सानी गर्न वा गराउनु हुँदैन । त्यस्तो सम्पत्ति उचित र मनासिब तवरले मर्मत सम्भार तथा हेरविचार गर्नु पर्नेछ ।

- **फलोपभोगको व्यवस्था बहाल रहने अवधि** (दफा ३६३)

फलोपभोगको व्यवस्था करारमा उल्लेख भएको अवधिसम्मको लागि बहाल रहनेछ । करारमा उल्लेख भएकोमा बाहेक कुनै प्राकृतिक व्यक्ति फलोपभोगी भएमा निजको मृत्यु भएको वा फलोपभोगको व्यवस्था भएको उनन्पचास वर्ष पूरा भएकोमध्ये जुन पहिले हुन्छ त्यस्तो अवधि र कुनै कानूनी व्यक्ति फलोपभोगी भएमा त्यस्तो व्यक्ति विघटन भएको वा फलोपभोगको व्यवस्था भएको उनन्तीस वर्ष पूरा भएकोमध्ये जुन पहिले हुन्छ त्यस्तो अवधिभन्दा बढी फलोपभोगको व्यवस्था बहाल रहदैन ।

## २३ सुविधाभार (Servitude) सम्बन्धी व्यवस्था

**सुविधाभारको व्यवस्था भएको मानिने** (दफा ३६८)

कसैको हक, स्वामित्व वा भोगचलनमा रहेको कुनै अचल सम्पत्ति वा त्यसको कुनै अंश अर्को सम्पत्तिको धनीले भोगचलन वा प्रयोग गर्न पाउने भएकोमा सुविधाभारको व्यवस्था भएको मानिनेछ । करार, अचल सम्पत्ति रहेको ठाउँको प्रकृति, प्रथा वा परापूर्वकालदेखि चलिआएको अभ्यास बमोजिम सुविधाभारको व्यवस्था कायम हुन्छ ।

**भोगचलन वा प्रयोग गर्न दिनु पर्ने** (दफा ३७१)

कुनै जग्गामा कसैको हक, स्वामित्व वा भोगचलन भए पनि परापूर्वदेखि सार्वजनिक वा सामुदायिक रूपमा हिँडी आएको बाटो, पशु निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पानीघाट, पोखरी, सार्वजनिक सडक, ढल, घोडेटो वा मूल बाटो, पाटी, पौवा, अन्त्यष्टीस्थल, मठ, मन्दिर, गुम्बा, चैत्य, मस्जिद, ईदगाह, कर्वला, कब्रिस्तान वा गिर्जाघर, सामुदायिक विद्यालय, अस्पताल वा त्यस्तै प्रकारका सार्वजनिकस्थल जुन प्रयोजनको लागि राखिएको हो सोही बमोजिम सम्बन्धित व्यक्तिलाई प्रयोग गर्न दिनु पर्नेछ ।

**बाटोको सुविधाभार प्राप्त गर्ने** (दफा ३७३)

पहिले बाटोको निकास भएको घर जग्गामा पछि विपद् परी बाटो विनाश भएमा त्यस्तो घर जग्गामा आउन जानको लागि पहिलेदेखि बाटो प्रयोग गरिरहेको व्यक्तिले सार्वजनिक मार्गसम्म पुग्ने मनासिब बाटोको सुविधाभार पाउँछ । त्यस्तो बाटोको सुविधाभार जुन दिशाबाट सार्वजनिक बाटोमा पुग्न सबभन्दा नजिक हुन्छ सोही दिशाको घर वा जग्गाको स्वामित्ववालासँग त्यस्तो सुविधाभार माग गर्न सक्नेछ । बाटो वा निकासको व्यवस्था नगरी घर वा जग्गा हस्तान्तरण गर्न हुँदैन ।

**आधारभूत सेवा विस्तार गर्न पाउने** (दफा ३७५)

कुनै व्यक्तिको घरमा ढल निकास, खानेपानी, विद्युत सेवा, ग्याँस, टेलिफोन जस्ता आधारभूत सेवा उपलब्ध गराउन निजको आफ्नै जग्गाबाट वा सार्वजनिक, सरकारी वा सामुदायिक जग्गाबाट सम्भव नहुने भएमा निजले सँधियारको जग्गाबाट त्यस्तो जग्गाको स्वामित्ववालालाई हानि, नोक्सानी नहुने गरी पाइप वा लाइन लैजान पाउँछ ।

**नदी वा खोला वा नदी वा खोलाको किनार प्रयोग गर्न सक्ने** (दफा ३७६,३७७)

व्यक्तिको निजी सम्पत्ति अन्तर्गत रहेको वा निजी सम्पत्तिबाट उत्पत्ति भएको नदी, खोला वा त्यसको किनाराको दुवै तर्फको चार मिटरसम्मको चौडाइ क्षेत्रमा जुनसुकै व्यक्तिले हिँडडुल गर्न वा त्यस्तो नदी वा खोलामा जल परिवहन गर्न वा डुङ्गा चलाउन वा माछा मार्ने काम गर्न सक्छ । बाह्रै महिना पानीको बहाव नभएको स-साना खोल्सामा भने त्यस्तो कार्य गर्न पाइदैन । कुनै नदी वा खोलालाई डाइभर्सन गरेको, त्यसमा रिजर्भभ्वायरको निर्माण गरेको वा त्यसमा कुनै कारणले बाँध बाधेकोमा त्यस्तो डाइभर्सन, रिजर्भभ्यायर वा बाँधसम्म जान आउनको लागि मानिस र पशु हिड्न सक्ने मनासिब निकास सम्बन्धित जग्गाको स्वामित्ववालाले दिनु पर्छ । त्यस्तो निकास मार्ग एकभन्दा बढी जग्गाको स्वामित्ववालाको जग्गाबाट कायम गर्न सकिने अवस्थामा प्राविधिक दृष्टिकोणले सम्भाव्य भएको सबभन्दा नजिकको जग्गाबाट निकास मार्ग कायम गर्नु पर्छ ।

**प्राकृतिक रूपमा रहेको पानीको बहाव रोक्न नहुने** (दफा ३७८)

प्रत्येक घर वा जग्गाको स्वामित्ववालाले आफ्नो घर वा जग्गाबाट निकास हुने वर्षाको पानीको व्यवस्थापन आफैँले गर्नु पर्नेछ । त्यस्तो व्यवस्था नभएकोमा प्राकृतिक रूपमा वर्षाको पानी जता तर्फ बग्दछ सोही बमोजिम बग्न दिनु पर्छ । तर कुलो बनाई, भल नियन्त्रण वा बगेको पानी अन्य कुनै किसिमबाट डाइभर्सन गरी वा मानवीय हस्तक्षेपबाट तल्लो पट्टिको जग्गामा प्रतिकूल असर पर्ने गरी बगाउन पाइदैन ।

**खोला, नदी वा पोखरीको पानी प्रयोग गर्न सक्ने** (दफा ३७९)

कसैको जग्गामा उत्पत्ति भएको वा सोबाट बगेको खोला, नदी वा पोखरीको पानी सम्बन्धित धनीलाई पुगेपछि खानेपानी वा  सिंचाईको प्रयोजनको लागि जोसुकैले पनि प्रयोग गर्न सक्छ । त्यसरी प्रयोग गर्दा सँधियारले प्राथमिकता पाउँछ ।

**खेती गर्नको लागि बाटो वा निकास दिनु पर्ने** (दफा ३८०)

कुनै व्यक्तिको खेती गर्ने जग्गामा मानिस वा खेती गर्नको लागि प्रयोग हुने जनावर आउने जाने बाटो वा निकास रहेनछ र निजलाई त्यस्तो बाटो वा निकास चाहिने भएमा सम्बन्धित जग्गाको स्वामित्ववालाले त्यस्तो व्यक्तिलाई बाटो वा निकासको सुविधा दिनु पर्नेछ । यस्तो बाटो वा निकास प्रयोग गर्ने व्यक्तिले बाटो वा निकास दिने व्यक्तिको जग्गाको बाली वा अन्य सम्पत्ति हानि, नोक्सानी नहुने गरी बाटो वा निकास प्रयोग गर्नु पर्छ ।

**सुविधाभार क्षतिपूर्ति दिनु पर्ने** (दफा ३८१)

सुविधाभारमा कुनै व्यक्तिको घर वा जग्गा प्रयोग गर्दा कसैलाई कुनै किसिमको हानि, नोक्सानी हुन गएमा त्यस्तो व्यक्तिले सम्बन्धित घर वा जग्गाधनीलाई मनासिब क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

**हदम्याद** (दफा ३८२)

सुविधाभार सम्बन्धी व्यवस्थाबाट मर्का पर्न जाने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न सक्छ ।

## २४ घर बहाल

- **घर बहाल र वहाल अवधि** (दफा ३८३,३८५)

  कसैले आफ्नो हक, भोग वा स्वामित्वमा रहेको घर रकम लिने गरी निश्चित समयको लागि कुनै व्यक्तिलाई उपयोग गर्न दिएकोमा बहालमा दिएको मानिनेछ । व्यापारिक प्रयोजनका लागि घर बहाल दिएकोमा बहाल अवधि सम्झौतामा उल्लेख गरे बमोजिम र सो बाहेक अन्य प्रयोजनको लागि घर बहालको अवधि पाँच वर्षमा नबढाई सम्झौतामा उल्लेख गरे बमोजिम हुन्छ ।

- **सम्झौता गर्नु पर्ने** (दफा ३८६)

  घर बहालमा दिँदा बहालमा लिने व्यक्तिसँग लिखित सम्झौता गरी एक एक प्रति बहालमा लिने दिने व्यक्तिले राख्नु पर्छ । मासिक बीस हजार रूपैयाँसम्मको घर बहालमा लिने दिने सम्बन्धमा भने त्यस्तो सम्झौता गर्नु अनिवार्य मानिदैन ।

- **घर बहालमा दिने घरधनीको दायित्व** (दफा ३८९)

  घर बहालमा दिने घरधनीले बहालमा बस्नेलाई सम्झौता बमोजिम घर उपयोग गर्न दिने, सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बहालमा दिएको घरमा उपलब्ध भएसम्म पानी तथा विजुलीको आपूर्ति र ढल निकास तथा सरसफाइको व्यवस्था गर्ने, बहालमा बस्नेलाई त्यस्तो घरमा बस्ने अन्य व्यक्तिबाट असुरक्षा, हैरानी वा अशान्ति हुनबाट रोक्ने, सम्झौतामा उल्लिखित अन्य कुराहरू पालना गर्नु पर्छ ।

- **घर बहालमा लिने व्यक्तिको दायित्व** (दफा ३९०)

  घर बहालमा लिने व्यक्तिले घरधनीलाई बहालको रकम निर्धारित समयमै भुक्तानी गर्ने, बहालमा लिएको घर आफ्नो घर सरह मानी सरसफाइ, उचित र मनासिब तवरले हेरचाह, संरक्षण तथा सुरक्षा गर्ने, आफू बहालमा रहेको घरका अन्य व्यक्ति वा छिमेकीलाई अशान्ति, हैरानी वा असुरक्षा हुने जस्ता कुनै काम नगर्ने र सम्झौतामा उल्लिखित अन्य कुराहरू पालन गर्नु पर्छ ।

- **बहाल बुझाउने तरिका र प्रक्रिया** (दफा ३९१)

  घर बहाल बुझाउने सम्बन्धमा सम्झौतामा तरिका र प्रक्रिया उल्लेख नभएकोमा बहालमा लिने व्यक्तिले प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र घरधनीलाई बहाल बुझाउनु पर्छ । सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बहालमा दिएको घरको कानून बमोजिम लाग्ने कर लगायत अन्य दस्तुर बुझाउनु पर्ने दायित्व घरधनीको हुन्छ ।

- **संरचना हेरफेर गर्न नहुने** (दफा ३९६)

  सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक घर बहालमा लिने व्यक्तिले घर धनीको लिखित स्वीकृति बिना बहालमा लिएको घरको कुनै संरचना भत्काउन, हटाउन, बिगार्न वा घरमा कुनै भाग

थप गर्न वा अन्य कुनै किसिमले हेरफेर गर्न पाउँदैन । बहालमा लिने व्यक्तिले घरधनीको पूर्वस्वीकृति विना जुन प्रयोजनको लागि घर बहालमा लिएको हो त्यस्तो प्रयोजन बाहेक अन्य कामको लागि घर प्रयोग गर्न पाउदैन ।

- **बहालमा लिएको घर छाड्न सक्ने वा बहालबाट हटाउने** (दफा ४००, ४०१)

बहालमा लिने व्यक्तिले घरधनीले आफ्नो दायित्व पूरा नगरेमा, जुन प्रयोजनको लागि घर बहालमा लिएको हो त्यस्तो कामको लागि निजलाई घर नचाहिने भएमा, घरधनीले सम्झौता विपरीत कुनै काम गरेको अवस्थामा कम्तीमा पैंतीस दिन अगावै घरधनीलाई लिखित रूपमा सूचना दिई घर बहालको अवधि समाप्त नहुँदै बहालमा लिएको घर छाड्न सक्छ । देहायका कुनै अवस्थामा घरधनीले बहालमा लिने व्यक्तिलाई घरबाट हटाउन सक्नेछ :-

- बहालमा बस्ने व्यक्तिले आफ्नो दायित्व पूरा नगरेमा,
- बहालमा बस्ने व्यक्तिले बहालमा लिएको घरभित्र कानूनले निषेध गरेको कसूरजन्य कुनै कियाकलाप गरेमा,
- घर धनी आफैंलाई घर आवश्यक भएमा,
- घरबाट मानिस हटाई घरको मर्मत सम्भार गर्नु परेमा,
- प्राविधिक तथा स्वास्थ्यका दृष्टिले बहालमा दिएको घरमा मानिस बसोबास गर्न उपयुक्त नदेखिएमा,
- घर बहालको अवधि समाप्त भएमा,
- बहालमा बस्ने व्यक्तिले सम्झौता वा यस परिच्छेद विपरीत कुनै काम गरेमा ।

- **घर खाली गराउन सक्ने** (दफा ४०४)

घर लिने कुनै व्यक्ति बिना सूचना तीन महिना वा सोभन्दा बढी अवधिसम्म बहाल रकम नबुझाई बेपत्ता भएमा र निजलाई सार्वजनिक रूपमा सूचना गर्दा वा निजको ठेगानामा पत्राचार गर्दा पनि फेला नपरेमा वा फेला परे पनि निज वा निजका कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा घरधनीले स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा त्यस्तो व्यहोराको निवेदन दिनु पर्छ । सूचनाको अवधिभित्र त्यस्तो व्यक्ति उपस्थित नभएमा सम्बन्धित वडा कार्यालयले बहालमा रहेको घर खोली मालसामान आफ्नो वा कुनै मानिसको जिम्मा रहने गरी घर खाली गराउन सक्छ । बेपत्ता भएको मानिस छ महिनाभित्र फर्की आएमा वा आफ्नो कुनै प्रतिनिधि पठाएमा सम्बन्धित वडा कार्यालयले बहाल वापतको बाँकी रकम लिई मालसामान निजलाई फिर्ता दिनु पर्छ । स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन परेको एक महिनाभित्र पनि त्यस्तो कार्यालयले कुनै कारबाही नगरेमा सम्बन्धित घरधनी आफैंले सम्वन्धित वडा कार्यालय र नजिकको प्रहरी कार्यालयमा निवेदन दिई प्रहरी कर्मचारी र कम्तीमा दुईजना स्थानीय व्यक्तिलाई साक्षी राखी लिखत खडा गरी घर खोली निजको मालसामान प्रहरीको जिम्मा दिनु पर्छ ।

**हदम्याद** (दफा ४०५)

घर बहाल सम्बन्धमा भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्छ ।

## २५ दान बकस

- **दान र बकस** (दफा ४०६)

कसैले आफ्नो हक र स्वामित्वको सम्पत्ति कुनै व्यक्तिलाई वा धार्मिक, सामाजिक, सार्वजनिक वा सामुदायिक कार्यको लागि निःशुल्क रूपमा दिने कार्यलाई दान मानिन्छ । कुनै व्यक्तिले आफूलाई पालनपोषण गरी वा अन्य तवरले रिझाए वापत वा पारिवारिक स्नेह वा अनुरागको कारण आफ्नो हक र स्वामित्व पुग्ने सम्पत्ति इनाम, पुरस्कार वा बक्सिसको रूपमा त्यस्तो व्यक्तिलाई निःशुल्क रूपमा दिने कार्यलाई बकस मानिनेछ । यसरी दान वा बकस दिँदा दान वा वकस दिनासाथ वा कुनै निश्चित अवधि पछि वा दान वा वकसपत्र दिने व्यक्तिको मृत्यु पछि प्रभावकारी हुने गरी दान वा बकस दिन सकिनेछ । दान वा वकस दिने व्यक्तिको मृत्यु पछि मात्र दान वा बकस प्रभावकारी हुने भएमा निजले शेष पछिको दान वा शेषपछिको बकस दिएको मानिन्छ ।

- **उद्घोषण गरी सम्पत्ति दान दिन सक्ने** (दफा ४०७)

कुनै खास कामको लागि आयोजना गरिएको सार्वजनिक समारोहमा कसैले त्यस्तो कामको निमित्त खास रकम वा सम्पत्ति दान दिन लिखित वा सार्वजनिक रूपमा उद्घोषण गरी त्यस्तो रकम वा सम्पत्ति दान दिन सक्छ । यसरी दान दिएको सम्पत्ति हस्तान्तरण नगरेमा कुनै नालिस गर्न सकिदैन ।

- **शेषपछिको बकसपत्र संशोधन वा रद्द गराउन सक्ने** (दफा ४१०)

शेषपछिको बकसपत्र गर्ने व्यक्तिले चाहेमा जुनसुकै बखत सम्बन्धित अधिकारी समक्ष आफैँ उपस्थित भई निवेदन दिई आफूले गरेको शेषपछिको बकसपत्रका शर्त संशोधन वा बकसपत्र रद्द गर्न सक्छ । एकपटक शेषपछिको बकसपत्र गरिदिएको सम्पत्ति त्यस्तो शेषपछिको बकसपत्र रद्द नगराई सोही सम्पत्ति अर्को व्यक्तिलाई शेषपछिको बकसपत्र गरी दिन सकिदैन ।

- **शेषपछिको बकसपत्र बमोजिमको सम्पत्ति नपाउने** (दफा ४११)

शेषपछिको बकसपत्र प्रभावकारी नहुँदै त्यस्तो शेषपछिको बकसपत्र पाउनेले शेष पछिको बकसपत्र दिने व्यक्तिका विरुद्ध कुनै फौजदारी कसूर गरेको ठहरेमा निजले शेष पछिको बकसपत्र बमोजिम सम्पत्ति प्राप्त गर्न सक्दैन ।

- **हदम्याद** (दफा ४१२)

आफूले दान वा बकस पाएको कुरामा आफ्नो हक पुगेको मितिले र दिन नहुने दान वा बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले दुई वर्षभित्र तथा अन्य भए गरेको काम, कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले एक वर्षभित्र नालिस गर्न सक्छ ।

## २६ सम्पत्तिको हस्तान्तरण तथा प्राप्ति

- **सम्पत्ति हस्तान्तरण** (दफा ४१३,४१४,४३०)

आफ्नो हक र स्वामित्वमा रहेको सम्पत्ति कानूनको रीत पुऱ्याई लिखत गरी अन्य व्यक्तिलाई बिक्री, दान, बकस वा अन्य कुनै तवरले हस्तान्तरण गर्न सकिन्छ । करार गर्न असक्षम व्यक्ति बाहेक अन्य

जुनसुकै व्यक्तिले आफ्नो हक र स्वामित्वको सम्पत्ति एक वा एकभन्दा बढी व्यक्तिलाई अलग अलग वा संयुक्त रूपमा हस्तान्तरण गर्न सक्छ । सम्पत्ति हस्तान्तरण गर्दा तत्काल वा शेष पछि हक हुने गरी हस्तान्तरण गर्न पाइन्छ । एक लाख रुपैयाँसम्मको नगद वा कुनै चल सम्पत्ति दान वा वकस गर्दा लिखत गर्न आवश्यक पर्दैन त्यसै गरी चल सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्छ । झुक्यानमा पारी वा लिखतमा उल्लिखित व्यहोरा भन्दा फरक पारी सम्पत्ति दिएकोमा बाहेक कुनै व्यक्तिले कसैबाट कुनै सम्पत्ति खरिद गरी लिइसकेपछि त्यस्तो सम्पत्ति बिग्रेको, नासेको वा कमसल भएको भनि दाबी गर्न पाउँदैन ।

- **संयुक्त वा सँगोलको सम्पत्ति हस्तान्तरणमा मन्जुरी लिनु पर्ने** (दफा ४१८,४१९,४२०)

आफ्नो निजी सम्पत्ति कसैको मञ्जुरी नलिई अरु व्यक्तिलाई हस्तान्तरण गर्न सकिन्छ । संयुक्त सम्पत्ति बिक्रीगरी हस्तान्तरण गर्नु पर्दा त्यस्तो सम्पत्तिका सबै स्वामित्ववालाहरूको मञ्जुरीले हस्तान्तरण गर्न सकिन्छ । सबै स्वामित्ववालाहरूको मञ्जुरी नभएमा पनि कुनै स्वामित्ववालाले आफ्नो हक वा हिस्साको सम्पत्ति हस्तान्तरण गर्न पाउँछ । अंशियारको सगोलको सम्पत्ति सगोलका अंशियारको लिखित मञ्जुरी नलिई अरुलाई हस्तान्तरण गर्न पाइदैन । सगोलको सम्पत्ति हस्तान्तरण गर्दा सगोलका अंशियार लिखतमा साक्षी बसेको भए निजको मञ्जुरी लिएको मानिन्छ । तर घरको मुख्य व्यक्तिले घर व्यवहारको लागि चल सम्पत्तिमा सबै र अचल सम्पत्तिमा आधासम्म कसैको मञ्जुरी नलिइकन सगोलको सम्पत्ति बिक्री गर्न सक्छ ।

- **अर्काको सम्पत्ति हस्तान्तरण गर्न नहुने** (दफा ४२१)

कसैले पनि अर्काको हक र स्वामित्वको सम्पत्ति अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाउँदैन त्यस्तो कार्य गरेमा त्यस्तो लिखत वा कारोबार बदर हुन्छ ।

- **दोहोरो पारी सम्पत्ति हस्तान्तरण गर्न नहुने** (दफा ४२२)

कसैले पनि एउटा व्यक्तिलाई हस्तान्तरण गरिसकेको सम्पत्ति दोहोरो पारी अन्य व्यक्तिलाई हस्तान्तरण गर्न हुँदैन । त्यसरी हस्तान्तरण गरेमा अचल सम्पत्ति हस्तान्तरण गरेको भए पहिले रजिष्ट्रेशन पारित भएको लिखतले कानूनी मान्यता पाउछ र चल सम्पत्ति हस्तान्तरण गरेको भए जुन व्यक्तिले पहिले सम्पत्ति प्राप्त गर्दछ सोही हस्तान्तरण मान्य हुन्छ ।

- **सम्पत्ति भोग गर्न नपाए रकम वा क्षतिपूर्ति पाउने** (दफा ४२४)

कसैले सम्पत्ति बिक्री गरी हस्तान्तरण गरेकोमा त्यस्तो हस्तान्तरण कुनै व्यहोराले कच्चा भई खरिदकर्ताले पूरै वा आंशिक रूपमा सम्पत्ति भोग गर्न नपाएमा त्यसरी भोग गर्न नपाए जति सम्पत्तिको खरिदकर्ताले तिरेको रकम, त्यस्तो रकमको वार्षिक दश प्रतिशतका दरले हुने ब्याज र सम्पत्ति हस्तान्तरण गर्दा रजिष्ट्रेशन दस्तुर वा अन्य रकम तिरेको भए त्यस्तो रकम समेत खरिदकर्ताले त्यसरी सम्पत्ति हस्तान्तरण गर्ने व्यक्तिबाट कपाली सरह भराई लिन पाउनेछ ।

- **शेषपछि हक हुने गरी हस्तान्तरण गरेको सम्पत्तिको दाखिल खारेज** (दफा ४२९ )

कसैले आफ्नो शेषपछि हक हुने गरी कुनै व्यक्तिलाई आफ्नो सम्पत्ति हस्तान्तरण गरेकोमा र त्यसरी सम्पत्ति हस्तान्तरण गर्ने व्यक्तिको मृत्यु भएमा निजको मृत्यु भएको मितिले छ महिनाभित्र सम्पत्ति

पाउने व्यक्तिले त्यस्तो सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराउनको लागि मृत्यु दर्ताको प्रमाणपत्र लगायतका अन्य प्रमाण सहित सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्छ ।

- **सम्पत्ति सट्टापट्टा गर्न सकिने** (दफा ४३१)

  आफ्नो नाममा रहेको सम्पत्ति केही रकम थप गरी वा नगरी अर्को व्यक्तिको सम्पत्तिसँग सट्टापट्टा गर्न सक्नेछ । त्यसरी सम्पत्ति सट्टापट्टा गर्दा कानून बमोजिम लिखत गर्नु पर्छ ।

- **विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाइने, विदेशीलाई कुनै अंश वा अपुताली प्राप्त भएमा नेपाली नागरिकलाई विक्री वा हस्तान्तरण गर्नु पर्ने** (दफा ४३२,४३३)

  कसैले पनि नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न पाउँदैन । नेपाल सरकारको पूर्व स्वीकृति नलिई विदेशीलाई कुनै अचल सम्पत्ति हस्तान्तरण गरेमा सो सम्बन्धी लिखत स्वतः बदर भई त्यस्तो सम्पत्ति नेपाल सरकारको हुन्छ  र त्यस्तो अचल सम्पत्ति प्राप्त गर्दा परेको साहूको थैली कपाली सरह हुन्छ ।

- **हदम्याद** (दफा ४३४)

  सम्पत्ति हस्तान्तरण सम्बन्धमा नालिस गर्ने छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम अन्य अवस्थामा सम्पत्ति हस्तान्तरण तथा प्राप्ति सम्बन्धी काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न पर्छ ।

## २७ अचल सम्पत्तिको बन्धकी

- **बन्धकी, भोगबन्धकी, दृष्टिबन्धकी** (दफा ४३५)

  साहूसँग ऋण लिए वापत कसैले आफ्नो हक, स्वामित्व वा भोगको अचल सम्पत्ति वा त्यसको कुनै अंश लिखत भएको मिति वा निश्चित समयावधि पश्चात् भोग गर्न पाउने गरी साहूलाई भोग गर्न दिएकोमा त्यस्तो सम्पत्ति **बन्धकी**मा दिएको मानिन्छ । बन्धकीमा दिएको सम्पत्ति साहूले ऋण दिँदाकै बखत वा कुनै निश्चित समयावधि पछि भोग गर्न पाउने व्यवस्था भएकोमा **भोगबन्धकीमा** दिएको मानिन्छ । बन्धकीमा दिएको सम्पत्ति ऋण चुक्ता गर्न साहू असामीले निर्धारण गरेको भाखाभित्र असामीले ऋण चुक्ता नगरेको अवस्थामा भोग गर्न पाउने व्यवस्था भएकोमा **दृष्टिबन्धकी** दिएको मानिन्छ । बन्धकी दिँदा कानून बमोजिम  लिखत गरेर दिनु पर्छ ।

- **बन्धकी लिएको सम्पत्तिको भोगचलन र हेर विचार** (दफा ४३७, ४४२,४४३)

  भोग बन्धकी लिएको सम्पत्ति त्यस सम्बन्धी लिखत भएको मिति वा लिखतमा छुट्टै मिति तय भएकोमा त्यसरी तय भएको मितिबाट र दृष्टिबन्धकीमा लिएको सम्पत्ति असामीले ऋण तिर्नु पर्ने भाखा नाघेको मितिले दुई वर्षभित्र भोगचलन गर्नु पर्छ । यस्तो अवधिभित्र कुनै कारणवश साहूले त्यस्तो सम्पत्ति भोगचलन गर्न नसक्ने भएमा वा असामीले कुनै किसिमले भोगचलन गर्न नदिएमा त्यस्तो सम्पत्ति भोगचलनको लागि चलन चलाई पाउन कानून बमोजिम नालिस गर्न सकिन्छ । साहूले भोगचलन नगरेकोमा वा भोगचलनको लागि चलन चलाई पाउन नालिस नगरेकोमा त्यस्तो बन्धकी स्वतः निष्क्रिय हुन्छ । बन्धकीको लिखत निष्क्रिय भएमा त्यस सम्बन्धी लिखत कपाली सरह हुन्छ । भोगबन्धकी लिएको सम्पत्ति दश वर्षभन्दा बढी अवधि भोगचलन गर्न पाईदैन । सम्पत्ति दृष्टिबन्धकी दिँदा वा लिँदा पाँच वर्षभन्दा बढीको भाखा राख्न सकिदैन ।

- **ब्याज, शुल्क वा दस्तुर लिन नपाउने** (दफा ४४१)

  साहूले कुनै सम्पत्ति भोग बन्धकी लिई ऋण दिएकोमा त्यस्तो ऋण वापत ऋणीसँग कुनै किसिमको ब्याज, दस्तुर वा शुल्क लिन पाउँदैन । दृष्टिबन्धकी लिएको सम्पत्तिमा साहूको भोग कायम भएपछि साहूले त्यस्तो ऋण वापत कुनै किसिमको ब्याज, दस्तुर वा शुल्क लिन पाउदैन ।

- **बन्धकीमा दिएको सम्पत्ति जुनसुकै बखत फिर्ता लिन सक्नेः** (दफा ४४४)

  भोग बन्धकीमा दिएको सम्पत्ति भए साहूबाट लिएको ऋण र दृष्टिबन्धक दिएको सम्पत्ति भए त्यसमा कुनै ब्याज लाग्ने भए सो समेत साहूलाई बुझाई असामीले जुनसुकै बखत आफ्नो सम्पत्ति फिर्ता लिन सक्नेछ ।

- **बन्धकीमा लिएको सम्पत्ति लखबन्धकी दिन सक्ने** (दफा ४४५)

  कसैले बन्धकीमा लिएको सम्पत्ति वा त्यसको कुनै अंश त्यस सम्बन्धी लिखतमा उल्लेख भएको रकम बराबर वा त्यसभन्दा कम रकम लिई अन्य कसैलाई पुनः बन्धकीमा दिन सक्नेछ र त्यसरी पुनः बन्धकीमा दिएकोमा लख बन्धकी दिएको मानिन्छ । बन्धकीमा लिएको सम्पत्तिमा भोगाधिकार कायम नभई लखबन्धकी दिन सकिदैन ।

- **बन्धकीमा दिएको सम्पत्ति हानि, नोक्सानी भएमा साहू जवाफदेही हुने** (दफा ४४९)

  बन्धकी लिएको सम्पत्तिमा साहूको भोगाधिकार कायम भएपछि त्यस्तो सम्पत्ति कुनै किसिमले हानि, नोक्सानी भएमा साहू नै जवाफदेही हुन्छ र बन्धकीमा लिएको सम्पत्ति हानि, नोक्सानी भएकोमा साहूले त्यस्तो सम्पत्ति आफ्नै खर्चमा मर्मत सम्भार गरी पहिलेकै अवस्थामा ल्याउनु पर्नेछ ।

- **विदेशीलाई बन्धकी दिन नसकिने** (दफा ४५१)

  नेपाल सरकारको पूर्व स्वीकृति विना कसैले पनि गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति बाहेक अन्य विदेशी व्यक्तिलाई अचल सम्पत्ति बन्धकी दिन पाउदैन ।

- **दोहोरो बन्धकी दिन वा हस्तान्तरण गर्न नसकिने** (दफा ४५२)

  एक पटक बन्धकी दिएको सम्पत्ति दोहोरो पारी अर्को व्यक्तिलाई बन्धकी दिन वा हस्तान्तरण गर्न सकिदैन र दोहोरो पारी बन्धकी दिएकोमा अघिल्लो मितिमा रजिष्ट्रेशन पारित भएको लिखतले मान्यता पाउनेछ र पछिल्लो लिखत स्वतः बदर हुन्छ । जानीजानी दोहोरो पारी लिखत गरी लिने साहूको रकम भूस हुन्छ र थाहा नपाई लिएको भए कपाली सरह हुन्छ । दोहोरो लिखत गरिदिनेलाई पछिल्लो लिखतको बिगो देखिए एक लाख रुपैयाँभन्दा बढी नहुने गरी त्यस्तो विगो बमोजिम, त्यस्तो बिगो नदेखिए अघिल्लो लिखत बमोजिम र त्यस्तो विगो पनि नदेखिए पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- **हदम्याद** (दफा ४५३)

  बन्धकी सम्बन्धी नालिस गर्ने सम्बन्धमा छुट्टै हदम्याद तोकिएको सोही बमोजिम र नतोकिएको विषयमा मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले एक वर्षभित्र नालिस गर्न पर्छ ।

२८. **अचल सम्पत्तिको हकसफा**

- **हकसफा गरेको मानिने** (दफा ४५४)

  कसैले आफ्नो हक, भोग र स्वामित्वको कुनै अचल सम्पत्ति अन्य व्यक्तिलाई कुनै किसिमले हक हस्तान्तरण गरी दिएकोमा त्यस्तो सम्पत्तिको सन्धिसर्पन पर्ने व्यक्तिले यस परिच्छेद बमोजिम निखनी लिएमा हकसफा गरेको मानिनेछ ।

- **हकवालाले हकसफा गरी लिन सक्ने** (दफा ४५५)

  कसैले आफ्नो अचल सम्पत्ति बिक्री गरेकोमा त्यस्तो सम्पत्तिमा सन्धिसर्पन पर्ने हकवालाले त्यस्तो सम्पत्ति खरिद गर्ने व्यक्तिले तिरेको रकम र लिखत पारित गर्दा लागेको दस्तुर निजलाई बुझाई त्यस्तो सम्पत्ति हकसफा गरी लिन सक्छ । यसरी हकसफा गरी लिन चाहने हकवाला एकभन्दा बढी भएमा सबैभन्दा नजिकको हकवालाले, त्यस्तो हकवाला एकभन्दा बढी भएमा सबभन्दा बढी सन्धिसर्पन पर्ने हकवालाले र त्यस्तो हकवाला पनि एकभन्दा बढी भएमा समान अनुपातमा सबै हकवालाहरूले त्यस्तो सम्पत्ति हकसफा गरी लिन सक्छन् । नजिकको हकवालाले त्यस्तो सम्पत्ति हकसफा गरी नलिएमा प्राथमिकताक्रमको आधारमा सबैभन्दा नजिकको हकवालाले त्यस्तो सम्पत्ति हकसफा गरी लिन सक्छ । सन्धिसर्पन पर्ने हकवाला नभएमा वा भए पनि निजले हक सफा गरी नलिएमा र त्यस्तो सम्पत्तिमा मोहि भएमा निजले त्यस्तो सम्पत्ति हकसफा गरी लिन सक्छ ।

- **बिक्री गरेको घर हकसफा गरी लिन सक्ने** (दफा ४५७)

  एउटै घरको भिन्नभिन्न हिस्साको भिन्न भिन्न धनी भएको अवस्थामा त्यस्तो घरको कुनै हिस्साको धनीले आफ्नो हिस्सा जति कसैलाई बिक्री गरी दिएकोमा अर्को हिस्साको धनीले त्यस्तो हिस्सा हकसफा गरी लिन चाहेमा त्यस्तो धनीले खरिदकर्ताले तिरेको रकम र लिखत पारित गर्दाका बखत भुक्तानी गरेको दस्तुर निजलाई बुझाई त्यस्तो घर हकसफा गरी लिन सक्छ । यसरी हकसफा गरी लिँदा देहायको व्यक्तिले देहाय बमोजिम प्राथमिकता पाउँछ । संयुक्त आवास सम्बन्धी प्रावधान अन्तर्गत बनेको घर वा घरको भागमा भने हकसफा गर्न पाईदैन ।

  - अर्को हिस्साको धनी हकवाला भएमा त्यस्तो हकवालाले र एकभन्दा बढी हकवाला भएमा सबभन्दा नजिकको हकवालाले,
  - अर्को हिस्साको धनी हकवाला बाहेकको अन्य व्यक्ति भएमा सन्धिसर्पन पर्ने वा त्यस्तो हिस्सासँग जोडिएको हिस्साको धनीले ।

- **दान वा बकसमा दिएको घर हक सफा गर्न पाउने** (दफा ४५८)

  कसैले कुनै व्यहोराले आफ्नो हक छाडी एउटै घरको आधा वा त्यसको कुनै अंश वा त्यस्तो घरले चर्चेको जग्गा, लगापात दान, बकस गरी दिएकोमा त्यसरी दान, बकस पाउनेले त्यस्तो घर वा जग्गा अर्को व्यक्तिलाई कुनै व्यहोराले हक हस्तान्तरण गरी दिएछ भने त्यस्तो दान, बकस गरिदिने व्यक्ति वा निजको सोही ठाउँमा बस्ने हकवालाले त्यस्तो हक सफा गरी लिन चाहेमा त्यस्तो घर वा त्यसको कुनै अंश वा त्यस्तो घरले चर्चेको जग्गा, लगापात हक सफा गरी लिन पाउँछ । कसैले कुनै व्यक्तिबाट एउटै घरको आधा वा त्यसको कुनै अंश वा त्यस्तो घरले चर्चेको जग्गा वा लगापात दान, बकस पाएकोमा जसबाट आफूले दान बकस पाएको हो त्यस्तो व्यक्तिले त्यस्तो घर वा जग्गाको बाँकी अर्को व्यक्तिलाई पुनः दान बकस गरिदिएको अवस्थामा त्यसरी पहिले दान बकस पाउनेले वा

निजको हकवालाले त्यस्तो बाँकी हक सफा गरी लिन सक्छ । यसरी हकसफा गरी लिँदा दान, बकस गर्दा मूल्य अङ्क खुलेकोमा त्यस्तो मूल्य बराबरको रकम र मूल्य अङ्क नखुलेकोमा प्रचलित बजार मूल्य बराबरको रकम र लिखत पारित गर्दा लागेको दस्तुर साहूलाई चुक्ता गर्नु पर्नेछ । यसरी हकसफा गरी  लिन चाहने हकवाला एकभन्दा बढी भएमा सबैभन्दा नजिकको हकवाला र नजिकका हकवाला पनि एकभन्दा बढी भएमा सबैभन्दा बढी मर्का पर्ने हकवालाले हक सफा गरी लिन सक्नेछ ।

- **हकसफा गर्दाको कार्यविधि** (दफा ४६०)

  अचल सम्पत्ति हकसफा गर्न चाहने व्यक्तिले त्यस्तो सम्पत्ति हस्तान्तरण गर्दा पारित भएको लिखतमा सम्पत्तिको मूल्य उल्लेख भएकोमा त्यस्तो मूल्य, मूल्य उल्लेख नभएकोमा प्रचलित बजार मूल्य बरावरको रकम र लिखत पारित गर्दा लागेको दस्तुर समेत धरौटी राखी त्यस्तो लिखत पारित गर्ने कार्यालयमा उजुरी दिनु पर्छ । यसरी उजुरी प्राप्त भएमा लिखत पारित गर्ने कार्यालयले उजुरीकर्तालाई तारेखमा राखी हकसफा गरी दिनु पर्छ ।  हकसफा नहुने निर्णय भई उजुरवालालाई रकम फिर्ता दिँदा धरौटी राखेको रकमको अढाई प्रतिशत रकम कट्टा हुन्छ । हकसफा गरी पाउँ भनी निवेदन दिने व्यक्तिले पछि कुनै कारणले निखन्न नचाहेमा वा तारेख छाडेमा निजले राखेको धरौटी रकमको तीन प्रतिशत जरिबाना गरी धरौटी रकमबाट कटाई असुल उपर गरिन्छ ।

- **हदम्याद** (दफा ४६२)

  अचल सम्पत्तिको हकसफा सम्बन्धी काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले लिखत पारित भएको मितिले छ महिनासम्ममा थाहा पाएको मितिले पैँतीस दिनभित्र नालिस दिन सक्नेछ । मोहीको हकमा जग्गाधनीले निखन्न पाउने मिति समाप्त भएको मितिले पैँतीस दिनभित्र नालेस दिन सक्नेछ ।

## २९. लिखत पारित सम्बन्धी व्यवस्था

- **पारित गराउनु पर्ने लिखत** (दफा ४६४)

  देहायका लिखत गर्दा त्यस्तो लिखत सम्बन्धित कार्यालयबाट पारित गराउनु पर्छ । पारित नगराएमा त्यस्तो लिखतले कानूनी मान्यता पाउदैन । लिखत गर्ने व्यक्तिले चाहेमा सो बाहेकका अन्य लिखत पनि पारित गराउन सकिन्छ ।

| | |
|---|---|
| ○ कुनै पनि व्यहोराले अचल सम्पत्ति हस्तान्तरण गरी दिएको लिखत,<br>○ भोग, दृष्टि वा लखबन्धकी लेखिदिएको लिखत,<br>○ अचल सम्पत्तिको शेषपछिको दान वा बकसपत्र,<br>○ अचल सम्पत्ति सट्टापट्टा गरेको लिखत,<br>○ अंशबण्डा वा अंश छोडपत्रको लिखत, | ○ मानो छुट्टिएको वा मानो जोडिएको लिखत,<br>○ गुठी स्थापना गरेको लिखत,<br>○ मासिक एक लाख रूपैयाँभन्दा बढी घर बहाल लिनु दिनु गरेको लिखत,<br>○ अचल सम्पत्ति फलोपभोग भएको लिखत,<br>○ कानून बमोजिम पारित गर्नु पर्ने अन्य लिखत । |

- **लिखत पारित गर्दाको दस्तुर र दस्तुर बुझाउने दायित्व** (दफा ४६८,४६९)

  लिखत पारित गराउँदा कानून बमोजिमको दस्तुर लाग्छ । त्यसरी लाग्ने दस्तुर देहायका व्यक्तिले बुझाउनु पर्छ :-

- सम्पत्ति हस्तान्तरण वा बन्धकी सम्बन्धी लिखत भए लिखत गरी लिनेले,
- अंशबण्डा, अंश छोडपत्र, मानो छुट्टिएको वा जोडिएको लिखत भए समान हिस्सामा सबै अंशियारले,
- सम्पत्ति सट्टापट्टा सम्बन्धी लिखत भए लिखत लिने दिने दुवैले,
- शेषपछिको बकसपत्र भए दिनेले,
- घरबहाल भए घरबहालमा दिनेले,
- गुठी संस्थापना गरेको लिखत भए संस्थापना गर्नेले,
- अन्य लिखत भए लिने दिने दुवैले ।

- **अघिल्लो मितिमा पारित भएको लिखत मान्य हुने** (दफा ४७२)

  एउटै विषयमा एकभन्दा बढी लिखत पारित भएकोमा अघिल्लो मितिमा पारित भएको लिखत मान्य हुन्छ ।

- **हदम्याद** (दफा ४७३)

  मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले एक वर्षभित्र नालिस गर्न पर्छ । अर्को इलाकाको कार्यालयबाट लिखत पारित भएकोमा सम्बन्धित कार्यालयमा त्यस्तो लिखतको प्रति प्राप्त भएको मितिले एक वर्षभित्र नालिस गर्न सकिन्छ ।

**३०. लेनदेन व्यवहार सम्बन्धी व्यवस्था**

- **लेनदेन गर्दा लिखत गर्नु पर्ने** (दफा ४७४,४७६,४७७,४७८)

  दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीच कुनै शर्त राखी कुनै रकम वा वस्तु लिनु दिनु गरेमा निजहरूबीच लेनदेन भएको मानिन्छ । यसरी लेनदेन भएकोमा रकम वा वस्तु लिनेले रकम वा वस्तु दिनेलाई त्यस्तो रकम वा वस्तु फिर्ता गर्नु पर्नेछ । कानून बमोजिम लिखत नगरी लेनदेन गर्न हुँदैन । साहूले ऋणीबाट वार्षिक दश प्रतिशतभन्दा बढी नहुने गरी लिखतमा लेखिए बमोजिमको ब्याज लिन पाउँछ लेनदेन गर्दा लेनदेन व्यवहारको प्रकृति बमोजिम देहायका कुराहरू खुलाउनु पर्छ :-

| | |
|---|---|
| ○ लेनदेन गर्ने व्यक्तिहरूको नाम, थर, उमेर, ठेगाना तथा बाबु, आमा, बाजे, बजैको नाम, विवाहित व्यक्तिले भए पति, पत्नीको नाम,<br>○ लेनदेनको परिमाण,<br>○ वस्तु लेनदेन गरेकोमा त्यस्तो वस्तुको मूल्य,<br>○ वस्तु निश्चित समय पछि फिर्ता गर्ने गरी सापटी, पैंचो वा अन्य तवरले लिनु दिनु गरेको भए त्यस्तो व्यहोरा,<br>○ कुनै वस्तु सट्टा पट्टा गरेको भए त्यस्तो व्यहोरा, | ○ लेनदेन गरेको रकम बुझाउने मिति,<br>○ लेनदेन गर्दा ब्याज लिने, दिने भए ब्याजको दर,<br>○ लेनदेनको रकम निर्धारित समयमा नबुझाए वा लिखत बमोजिमको अन्य शर्त पूरा नगरेमा लेनदेन बमोजिमको रकम साहूले ऋणीको सम्पत्तिबाट असुल गरी लिन पाउने कुरा,<br>○ लिखत गरिएको ठाउँ,<br>○ लिखत तयार गरिएको मिति,<br>○ लेनदेनको प्रकृति बमोजिम खुलाउनु पर्ने अन्य आवश्यक कुराहरू । |

**ब्याजको ब्याज नपाउने** (दफा ४८०)

साहूले ऋणीबाट ब्याजको ब्याज लिन पाउँदैन । साहूले ऋणीबाट ब्याजको ब्याज लिएको रहेछ भने साँवामा कट्टी हुनेछ र साँवा चुक्ता भईसकेको रहेछ भने त्यस्तो ब्याज फिर्ता गर्नु पर्छ । साहूले ऋणीबाट साँवाभन्दा बढी ब्याज लिन पाउँदैन ।

- **घरसारमा भएको लिखतको अवधि** (दफा ४८४)
  घरसारमा भएको लिखतको अवधि बढीमा दश वर्षको हुन्छ । दश वर्षको अवधिभित्र ऋणीले साहूलाई साँवा वा ब्याजमध्ये केही रकम बुझाएमा वा साँवा ब्याज बुझाउनको लागि लिखतको अवधि थप गरेमा त्यसरी साँवा वा ब्याज बुझाएको वा अवधि थप गरेको मितिले अर्को दश वर्षको अवधि थप हुन्छ ।

- **सगोलको सम्पत्तिबाट रकम भराई लिन नपाउने** (दफा ४८६)
  लेनदेनको लिखतमा घरको मुख्य व्यक्तिको सहीछाप नभएकोमा घरको मुख्य भई काम गर्ने व्यक्तिले त्यस्तो रकम तिरिदिएमा बाहेक सगोलको सम्पत्तिमा ऋणीको हक नपुगेसम्म साहूले त्यस्तो सम्पत्तिबाट आफ्नो रकम भराई लिन पाउँदैन । यस्तो अवस्था परी कुनै व्यक्तिले ऋणीसँग रकम लिन नसक्ने भएमा दश वर्षभित्र साहूले ऋणी उपर नालिस गरी आफ्नो हक कायम गरी राख्नु पर्छ र सगोलको सम्पत्तिमा निजको हक पुगेपछि साहूले निजबाट कानून बमोजिम आफ्नो रकम भराई लिन पाउँछ ।

- **मञ्जुरी नलिई चल सम्पत्ति सट्टा पट्टा गर्न नहुने** (दफा ४८७)
  आफ्नो निजी सम्पत्ति बाहेक एकासगोलका उमेर पुगेका व्यक्तिले घरको मुख्य व्यक्तिको मञ्जुरी नलिई संगोलको कुनै सम्पत्ति सट्टा पट्टा गर्न हुँदैन । त्यस्तो मन्जुरी नलिई सम्पत्ति सट्टापट्टा गरेमा घरको मुख्य भई काम गर्ने व्यक्तिले मञ्जुर नगरे त्यस्तो सम्पत्ति सट्टापट्टा गरेको मान्य हुँदैन ।

- **लेनदेन गरेको देखिएमा रकम भराई दिने** (दफा ४८८)
  लेनदेनको लिखत नगरे पनि कुनै लिखत, बैङ्किङ्ग कारोबार, विनिमेय अधिकारपत्र, चेक, भौचरबाट वा बही खातामा लेखिएको व्यहोराबाट कुनै व्यक्तिसँग लेनदेन भएको कुरा देखिन आएमा अदालतले त्यस्तो लिखत, बैङ्किङ्ग कारोबार, विनिमेय अधिकारपत्र, चेक, भौचरबाट वा बही खातामा लेखिएको आधारमा नालिस गर्ने व्यक्तिलाई ऋणीबाट त्यस्तो रकम भराई दिन सक्छ ।

- **घरसारको लिखत हराएमा वा काबू बाहिरको परिस्थिति परेमा स्थानीय तहमा निवेदन दिने** (दफा ४८९)
  घरसारमा भएको लिखत हराएमा वा काबू बाहिरको परिस्थिति परी नासिएमा साहूले सोही व्यहोरा खुलाई लिखत हराएको वा काबू बाहिरको परिस्थिति परेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्छ । निवेदन परेमा स्थानीय तहले लिखत गरिदिने व्यक्ति जीवित भए निजलाई र नभए निजको नजिकको हकवालालाई सात दिनभित्र झिकाई निजले मञ्जुर गरे साबिक बमोजिमको लिखत तयार गराई त्यस्तो लिखत प्रमाणित गरी निवेदन दिने व्यक्तिलाई दिनु पर्छ । यसरी लिखत गरिदिने व्यक्तिले अर्को लिखत गरी दिन मञ्जुर नगरेमा साहूले त्यस्तो म्याद नाघेको पैंतीस दिनभित्र लिखत हराएको वा काबू बाहिरको परिस्थिति परेको प्रमाण देखाई नालिस गरी आफ्नो हक कायम गर्नु पर्छ ।

- **लेनदेन गरेको वस्तु कच्चा भएमा फिर्ता गर्नु पर्ने** (दफा ४९०)

लिखतमा अन्यथा व्यवस्था भएकोमा बाहेक मूल्य राखी लेनदेन भएको कुनै वस्तु लिखतमा लेखिए बमोजिम नभई वा कुनै किसिमले कच्चा भई त्यस्तो वस्तु निजले भोग गर्न नसक्ने भएमा लेनदेन भएको मितिले पैंतीस दिनभित्र वस्तु दिने व्यक्तिलाई त्यस्तो कुराको सूचना गर्नु पर्छ। त्यसरी सूचना प्राप्त भएमा र निजको कुरा मनासिब देखिएमा वस्तु दिनेसँग त्यस्तै प्रकारको अन्य वस्तु भए त्यस्तो वस्तु सट्टापट्टा गरिदिनु पर्छ र नभएमा आफ्नो वस्तु फिर्ता लिई त्यस्तो लेनदेनको सम्बन्धमा भएको लिखत फट्टा (निष्कृय) गरी दिनु पर्छ।

- **यथास्थितिमा वस्तु फिर्ता गर्नु पर्ने** (दफा ४९१)

  कसैले कुनै व्यक्तिको स्वामित्व वा भोगमा रहेको वस्तु कुनै खास कामको लागि भाडा तिर्ने वा नतिर्ने वा सापटी वा पैंचो जुनसुकै शर्तमा लिए पनि त्यस्तो कार्य सम्पन्न भएपछि आफूले जुन प्रकार, परिमाण र गुणस्तरको वस्तु लिएको हो सोही प्रकार, परिमाण र गुणस्तरको वस्तु स्वामित्व वा भोगवालालाई फिर्ता गर्नु पर्छ। यसरी लिएको वस्तु हराएमा, नासिएमा, फुटेमा, बिग्रेमा वा अन्य कुनै किसिमले क्षति भएमा लिखतमा अन्यथा भएकोमा बाहेक वस्तु लिनेले त्यस्तै किसिमको अन्य वस्तुको व्यवस्था गरी स्वामित्व वा भोगवालालाई फिर्ता गर्नु पर्छ। त्यस्तै वस्तु पाउन सकिने अवस्था नभएमा त्यस्तो वस्तुको प्रचलित बजार मूल्य बराबरको रकम स्वामित्व वा भोगवालालाई बुझाउनु पर्छ।

- **हदम्याद** (दफा ४९२)

  असक्षम वा अर्धसक्षम व्यक्तिको सम्पत्ति आफ्नो गराउन, हिनामिना वा नोक्सान गर्न वा बिगार्न लेनदेन गरेको वा ब्याजको ब्याज लिएको वा ब्याजमा दश प्रतिशत भन्दा बढी लिएको विषयमा नालिस गर्न हदम्याद लाग्छैन। सो बाहेक अन्य विषयमा भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले नालिस गर्न छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम र लिखतमा अवधि उल्लेख भएकोमा सो अवधि नाघेको मिति र लिखत नभएको वा अन्य अवस्थामा मुद्दा गर्नु पर्ने कारण परेको मितिले एक वर्षभित्र नालिस गर्नु पर्छ।

## ३१. करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्था

- **करार भएको मानिने** (दफा ५०४)

  दुई वा दुई भन्दा बढी व्यक्तिहरूबीच कुनै काम गर्न वा नगर्नका लागि कानून बमोजिम कार्यान्वयन गर्न सकिने कुनै सम्झौता भएमा करार भएको मानिन्छ। प्रयोजनको लागि एक व्यक्तिले अर्को व्यक्ति समक्ष करार गर्न राखेको प्रस्तावमा त्यसरी प्रस्तावित व्यक्तिले स्वीकृति जनाएपछि करार भएको मानिन्छ। करार भएपछि करारका पक्षहरूबीच वाध्यात्मक कानूनी सम्बन्ध कायम हुन्छ।

- **कानून बमोजिम कार्यान्वयन हुने करार** (दफा ५०५)

  देहायका शर्तहरू पूरा गरी सम्पन्न भएको करार कानून बमोजिम कार्यान्वयन हुन सक्ने गरी करार भएको मानिन्छ :-

  - करार गर्ने व्यक्तिले आफूलाई बन्धनकारी बनाउन व्यक्त गरेको सहमति,
  - करार गर्ने व्यक्तिको करार गर्न सक्ने सक्षमता वा योग्यता,
  - दायित्व सृजना गर्ने निश्चित विषय,
  - कानूनसम्मत दायित्व।

- **करार गर्न सक्षम व्यक्ति** (दफा ५०६)

  नाबालक, होस ठेगानमा नभएको व्यक्ति बाहेक अरू जुनसुकै व्यक्ति करार गर्न सक्षम मानिन्छन् । यद्यपि कानून बमोजिम कुनै खास करार गर्न असक्षम मानिएको व्यक्ति त्यस्तो करार गर्न सक्षम भएको मानिदैन । असक्षम वा अर्धसक्षम व्यक्तिका तर्फबाट करार गर्नु पर्दा निजको संरक्षक वा माथवरले करार गर्न सक्छ ।

- **बदर हुने करार** (दफा ५१७)

  कानून बमोजिम मान्य नहुने करारलाई बदर हुने करार मानिन्छ । बदर हुने करार प्रारम्भदेखि नै अमान्य हुन्छ र यसबाट कुनै कानूनी परिणाम र पक्षहरूको हक र दायित्व सृजना हुँदैन । देहायका करार बदर हुन्छन :-

  - निश्चित अवस्थामा बाहेक कानूनले निषेध नगरेको पेशा, व्यापार वा व्यवसाय गर्नबाट कसैलाई रोक लगाइएको करार,
  - कानूनले निषेध गरेको विवाह बाहेक अन्य विवाहमा रोक लगाइएको करार,
  - सर्वसाधारणले उपभोग गरिरहेको सुविधा कसैलाई उपभोग गर्नबाट रोक लगाइएको करार,
  - कसैले पाएको कानूनी अधिकार कुनै अदालतबाट प्रचलन गराई पाउनबाट रोक लगाइएको करार,
  - कानूनको विरुद्धमा भएको वा प्रचलित कानूनले निषेध गरेको कुरामा भएको करार,
  - अनैतिक उद्देश्यको लागि वा सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) वा हितको विरुद्धमा भएको करार,
  - करार भएको विषयवस्तु करार गर्ने पक्षहरूलाई स्पष्ट रूपमा यकिन वा थाहा नभएबाट पूरा गर्न नसकिने अवस्थामा भएको करार,
  - करार गर्दाकै अवस्थामा पूरा गर्न असम्भव भएको करार वा काल्पनिक करार,
  - करारको विषयवस्तुको मनासिब अर्थ दिन नसक्ने भई अस्पष्ट रहेको करार,
  - करार गर्न अयोग्य व्यक्तिबाट भएको करार,
  - गैरकानूनी उद्देश्य भएको करार,
  - करारको अत्यावश्यक तथ्यको विषयमा करार गर्दाका बखत करारका दुवै पक्षहरूको भूलबाट भएको करार ।

- **बदर गराउन सकिने करार** (दफा ५१८)

  करारका पक्षको प्रयासमा अदालतबाट बदर घोषित गराउन सकिने करारलाई बदर गर्न सकिने करार भनिन्छ । बदर गराउन सकिने करार बदर हुनुभन्दा अघिसम्म कानून बमोजिमको करार सरह नै कार्यान्वयन हुन्छ । करार अदालतबाट बदर भएकोमा बदर हुनुभन्दा अघि त्यस्तो करार बमोजिम भए गरेको कामलाई असर पर्ने छैन । करार बदर भएको कारणले मात्र निर्दोष तेस्रो पक्षको कानूनसम्मत हक वा हितमा प्रतिकूल असर पर्ने छैन । देहाय बमोजिम भएको करार त्यस्तो करारबाट मर्का पर्ने व्यक्तिले अदालतबाट बदर गराउन सक्छ :-

  - करकापबाट भएको करार,
  - अनुचित प्रभावबाट भएको करार,
  - जालसाजबाट भएको करार,
  - झुक्याई गराएको करार ।

- **कार्यान्वयन नहुने करार** (दफा ५१९)

  अदालतबाट कार्यान्वयन गराउन नसकिने करारलाई कार्यान्वयन नहुने करार मानिन्छ । कानूनको रीत पुऱ्याई करार सम्पन्न भएको भए तापनि देहायको करार अदालतबाट कार्यान्वयन हुन सक्दैन :-

  - कानून बमोजिम लिखित रूपमा हुनु पर्ने करार लिखित रूपमा नभएकोमा,
  - कानून बमोजिम कुनै खास औपचारिकता, कार्यविधि पूरा गरी गर्नु पर्ने वा कुनै निकायमा दर्ता गर्नु पर्ने व्यवस्था भएको करार त्यस्तो औपचारिकता, कार्यविधि पूरा नभई भएको वा दर्ता नभएकोमा,
  - अर्को व्यक्तिको तर्फबाट करार भएकोमा त्यस्तो व्यक्तिले अख्तियारी नदिएको विषयमा वा दिएको अख्तियारी नाघी करार गरेकोमा ।

- **हदम्याद** (दफा ५२०)

  बदर हुने करारको हकमा जहिलेसुकै, बदर गराउन सकिने करारको हकमा करार बदर गराउन पर्ने कारण उत्पन्न भएको मितिले एक वर्ष र अन्य करारको हकमा मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले दुई वर्षभित्र नालिस गर्न सकिन्छ ।

३२. **करारको परिपालना सम्बन्धी व्यवस्था**

- **करार बमोजिमको दायित्व पूरा गर्नु पर्ने** (दफा ५२१,५२३,५२४)

  करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको आ-आफ्नो दायित्व पूरा गर्नु पर्छ । करार पूरा गर्ने समय र तरिका करारमा उल्लेख भएकोमा सोही समयभित्र र तरिका बमोजिम करार पूरा गर्नु पर्छ । करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहेनछ तर त्यस्तो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिन्छ । कुनै काम पूरा गर्न करारमा कुनै निश्चित ठाउँ तोकिएको रहेछ भने त्यस्तो काम सोही ठाउँमा पूरा गर्नु पर्छ । करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै वस्तु दिने वा बुझाउने ठाउँ करारमा तोकिएको रहेनछ भने त्यस्तो वस्तु रहेको ठाउँमा नै वस्तु बुझाउने गरी करार भएको मानिन्छ । निश्चित ठाउँ करारमा तोकिएको रहेनछ तर त्यस्तो काम कुनै खास ठाउँमा मात्र गर्न सकिने वा चलन व्यवहार वा त्यस्तो कामको प्रकृति अनुसार कुनै खास ठाउँमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने त्यस्तो काम सोही ठाउँमा गर्ने गरी करार भएको मानिन्छ ।

- **करार पूरा गर्नु नपर्ने अवस्था** (दफा ५२७)

  देहायका कुनै अवस्थामा करार बमोजिमको काम गर्न वा करारको परिपालना गर्न आवश्यक पर्दैन **:-**

  - करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,
  - बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,
  - अर्को पक्षले करार उल्लङ्घन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,
  - यस भागको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,
  - परिस्थितिमा आधारभूत परिवर्तन भएमा

## ३३. करारको उल्लङ्घन र उपचार सम्बन्धी व्यवस्था

- **करार उल्लङ्घन गरेको मानिने** (दफा ५३५)

  करारको कुनै पक्षले करार बमोजिमको दायित्व पूरा नगरेमा, करार बमोजिम आफूले गर्नु पर्ने काम निजले नगर्ने कुराको सूचना अर्को पक्षलाई दिएमा वा पक्षको काम कारबाही र आचरणबाट निज करार बमोजिमको काम गर्न असमर्थ देखिएमा निजले करार उल्लङ्घन गरेको मानिन्छ । एक पक्षले करार उल्लङ्घन गरेकोमा, निजको काम कारबाही वा आचरणबाट निजले सारभूत रूपमा करारको पालना नगरेको देखिएमा वा पक्षको आचरण वा काम कारबाहीबाट सारभूत रूपमा करार उल्लङ्घन भएको देखिएमा अर्को पक्षले त्यस्तो पक्षलाई सूचना दिई त्यस्तो करार रद्द गर्न सक्छ । यसरी करार रद्द भएकोमा यसरी करार रद्द गर्ने पक्ष करारको परिपालना गर्न बाध्य हुँदैन ।

- **करार उल्लङ्घन भएमा त्यसको क्षतिपूर्ति** (दफा ५३७)

  करार उल्लङ्घन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लङ्घनबाट भएको वास्तविक हानि, नोक्सानी वा करार गर्दाको अवस्थामा त्यस्तो हानि, नोक्सानी हुन सक्छ भनी करारका पक्षहरूलाई जानकारी भई निर्धारण गरेको हानि, नोक्सानी त्यसरी करार उल्लङ्घन गर्ने पक्षबाट भराई लिन पाउँछ । क्षतिपूर्ति वापत कुनै निश्चित रकम पाउने भनी करार हुँदाका बखत पूर्वानुमान गरी करार भएकोमा सोही बमोजिमको रकममा ननाध्ने गरी मर्का पर्ने पक्षले अर्को पक्षबाट मनासिब रकम भराई लिन पाउँछ । क्षतिपूर्ति पाउने व्यवस्था करारमा नभएकोमा त्यस्तो क्षतिपूर्ति दाबी गर्ने पक्षले करारको उल्लङ्घनबाट प्रत्यक्ष र वास्तविक रूपमा भएको हानि, नोक्सानी वा करार उल्लङ्घन वा क्षतिपूर्ति वापत मनासिब रकम भराई लिन पाउँछ ।

- **करार रद्द वा बदर भएमा त्यसको परिणाम** (दफा ५३८)

  करार गर्ने कुनै पक्षले अर्को पक्षबाट करार बमोजिम केही नगद, जिन्सी वा सेवाका अन्य कुनै लाभ लिई सकेपछि वा करार बमोजिमका दायित्व आंशिक रूपमा पूरा गरी सकेपछि पक्षहरूको सहमतिबाट करार रद्द भई यस भाग वा अन्य कानून बमोजिम करार परिपालना गर्नु नपर्ने भएमा, कानून बमोजिम करार बदर भएमा वा बदर घोषित भएमा वा यस भाग बमोजिम करार अमान्य वा रद्द भएमा त्यसरी दिएको नगद, जिन्सी वा सेवा करार बहाल रहेको दिनसम्मको हिसाब मिलान गरी नगद, जिन्सी वा सेवा फिर्ता गर्नु पर्छ । नगद वा जिन्सी बाहेक अन्य कुनै सेवा वा लाभ दिएको भए त्यस्तो सेवा वा लाभ दिए वापत मनासिब रकम त्यस्तो सेवा वा लाभ लिने पक्षले अर्को पक्षलाई दिनु पर्छ ।

- **करारको परिपालनाको अनुपातमा रकम भराउने** (दफा ५३९)

  कुनै पक्षले करार उल्लङ्घन गरेको वा अन्य कुनै कारणबाट करार अन्त्य भएकोमा मर्का पर्ने पक्षले आफूले गरेको काम वा करारको परिपालना गरेको अनुपातमा अर्को पक्षसँग करार बमोजिमको रकम दाबी गर्न सक्छ ।

- **करारको यथावत परिपालना** (दफा ५४०)

  करार उल्लङ्घन भएको कारणबाट मर्का पर्ने पक्षलाई पुग्न गएको वास्तविक हानि, नोक्सानी वापत नगद क्षतिपूर्ति मनासिब र पर्याप्त नहुने भएमा त्यसरी मर्का पर्न गएको पक्षले क्षतिपूर्तिको सट्टा

करारको यथावत परिपालनाको दाबी गर्न सक्छ । तर देहायका कुनै अवस्थामा करारको यथावत परिपालनाको दाबी गर्न सकिदैन :-

- करार उल्लङ्घन वापतको क्षतिपूर्ति नगद नै पर्याप्त हुने भएमा,
- करार बमोजिमको काम भए नभएको कुरा अदालतले सुपरीवेक्षण गर्न नसक्ने भएमा,
- व्यक्तिगत दक्षता, सीप वा ज्ञानको सेवा उपलब्ध गराउने गरी करार गरिएको भएमा,
- यथावत् रूपमा करार पूरा गर्न सक्ने अवस्था नभएमा,
- करार उल्लङ्घन गर्ने पक्षले नै यथावत रूपमा करारको परिपालना गराई पाउने दाबी लिएकोमा ।

## ३४. वस्तु विक्री करार सम्बन्धी व्यवस्था

- **वस्तु गुणस्तरयुक्त रहेको मानिने** (दफा ५५१)

करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक बिक्री भएको वा बिक्री हुने वस्तु सन्तोषप्रद गुणस्तरयुक्त (सेटिस्फेक्टोरी क्वालिटी) भएको मानिन्छ । कुनै खास प्रयोजनका लागि बिक्री भएको वा बिक्री हुने कुनै खास वस्तु सो प्रयोजनको लागि उपयुक्त भएमा त्यसरी बिक्री भएको वा हुने वस्तु सन्तोषप्रद गुणस्तरयुक्त रहेको मानिन्छ । करारमा नै त्यस्तो वस्तुको खोट उल्लेख भएकोमा वा क्रेतालाई त्यस्तो करार हुनु अगावै वा वस्तु हेर्दा नै सो कुरा थाहा भई सकेकोमा त्यस्ता वस्तु सन्तोषप्रद गुणस्तरयुक्त नभएको वा नरहेको मानिदैन । कुनै खास वस्तुको गुणस्तर करारमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा त्यस्तो वस्तु प्रचलित स्तर (स्टान्डर्ड) अनुसारको गुणस्तरयुक्त हुनु पर्नेछ । करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक बिक्री भएको वा बिक्री हुने वस्तु खास गुणस्तरयुक्त छ भनी बिक्रेताले वारेण्टी दिएको मानिने छैन ।

- **फरक गुणस्तरयुक्त वस्तु स्वीकार वा इन्कार गर्न सक्ने** (दफा ५५२)

करारमा उल्लेख गरिएको भन्दा फरक गुणस्तरयुक्त वस्तु क्रेताले बिक्रेतालाई बुझाउन ल्याएमा क्रेताले त्यस्ता सम्पूर्ण वस्तु स्वीकार गरी बुझिलिने, सम्पूर्ण वस्तु बुझिलिन इन्कार गर्ने वा त्यसको कुनै अंश स्वीकार गरी बाँकी वस्तु इन्कार गर्न सक्छ । कुनै वस्तु सम्पूर्ण रूपमा वा त्यसको कुनै अंश इन्कार गरेकोमा क्रेताले त्यस्तो वस्तुको सट्टामा अर्को वस्तु बुझाउन वा त्यस्तो वस्तुको गुणस्तर सुधार गर्न सकिने रहेछ भने गुणस्तर सुधार गर्न बिक्रेतालाई सूचना दिन सक्छ । त्यसरी सूचना दिइएकोमा बिक्रेताले क्रेताले दिएको सूचना बमोजिम वा आपसमा निर्धारण गरिएको सहमति बमोजिम त्यस्ता वस्तुको सट्टामा अर्को वस्तु बुझाउनु वा त्यसको गुणस्तर सुधार गर्नु पर्छ ।

## ३५ जमानत सम्बन्धी करार

- कुनै एक व्यक्तिले लिएको ऋण वा कबुल गरेको दायित्व चुक्ता नगरेमा वा पूरा नगरेमा तेस्रो पक्षले चुक्ता वा पूरा गरिदिने गरी करार भएकोमा जमानत सम्बन्धी करार भएको मानिन्छ । यसरी तेस्रो पक्षले जमानत दिएकोमा ऋण तिर्नु पर्ने व्यक्तिले नतिरेमा वा पूरा गर्नु पर्ने दायित्व पूरा नगरेमा करार बमोजिमका शर्त त्यस्तो ऋण वा दायित्व जमानत (ग्यारेण्टी) दिने व्यक्तिले पूरा गरिदिनु पर्छ । (दफा ५६३)
- **जमानत दिने व्यक्तिको दायित्व** (दफा ५६४)

करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक जमानत दिने व्यक्तिको दायित्व देहाय बमोजिम हुन्छ । कुनै ऋण वा दायित्व वापत कुनै सुरक्षण र जमानत दुवै दिएको रहेछ भने त्यसरी दिएको सुरक्षणले खामेको हदसम्म जमानत दिने व्यक्तिको दायित्व हुँदैन ।

- दायित्व पूरा गर्नु पर्ने व्यक्तिले त्यस्तो दायित्व पूरा गर्न नसकेको बखतदेखि नै जमानत दिने व्यक्तिको दायित्व सृजना हुने,
- जमानत दिने व्यक्तिको दायित्व ऋण तिर्नु पर्ने वा दायित्व पूरा गर्नु पर्ने व्यक्ति सरह हुने र तिर्नु वा पूरा गर्नु पर्ने दायित्वबाट निज मुक्त नभएसम्म जमानत दिने व्यक्ति जिम्मेवार रहने,
- कानूनको परिचालनबाट ऋण तिर्नु पर्ने वा दायित्व पूरा गर्नु पर्ने व्यक्ति दायित्वबाट मुक्त हुँदैमा जमानत दिने व्यक्तिको दायित्व समाप्त नहुने ।

- **जमानत दिने व्यक्ति दायित्वबाट मुक्त हुने अवस्था** (दफा ५६५)

करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका अवस्थामा देहायको हदसम्म जमानत दिने व्यक्ति आफ्नो दायित्वबाट मुक्त हुन्छ । करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक साहूले जमानत दिने व्यक्ति उपर समयमा कानूनी कारबाही नचलाएको वा असूल गर्नु पर्ने रकम असूल गर्ने प्रयास नगरेको कारणबाट मात्र जमानत दिने व्यक्ति आफ्नो दायित्वबाट मुक्त हुँदैन । दुई वा दुईभन्दा बढी जमानत दिने व्यक्ति भएकोमा साहूले जमानत दिने कुनै एक व्यक्तिलाई दायित्वबाट छुटकारा दिएकोमा जमानत दिने अन्य व्यक्तिहरू आफ्नो हिस्साको दायित्वबाट मुक्त हुने छैनन् । करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन दायित्व पूरा गर्ने सम्बन्धमा जमानत सम्बन्धी करार भएको हो त्यस्तो दायित्व सृजना गर्ने करारका सम्बन्धमा पक्षहरूबीच कुनै विवाद उत्पन्न भएको कारणले मात्र जमानत सम्बन्धी करार बमोजिमको दायित्व पूरा गर्नबाट जमानत दिने व्यक्ति मुक्त हुने छैन ।

- ऋण तिर्नु पर्ने वा दायित्व पूरा गर्नु पर्ने व्यक्तिले जमानत दिने व्यक्तिको सहमति बिना करारमा तात्विक असर पर्ने गरी करारका शर्तहरू हेरफेर गरेमा त्यस्तो हेरफेर पछि हुने कारोबारमा,
- जुन विषयमा जमानत दिइएको हो त्यस्तो दायित्वबाट त्यस्तो पूरा गर्नु पर्ने व्यक्ति मुक्त हुने गरी करार भएमा,
- साहूको काम कारबाहीले ऋण तिर्नु पर्ने वा दायित्व पूरा गर्नु पर्ने व्यक्ति मुक्त हुने भएमा वा ऋण मिनाहा भएमा,
- साहूले ऋणीबाट लिनु पर्ने रकमभन्दा कम रकम लिई दायित्व मुक्त गर्ने वा निजलाई ऋण चुक्ता गर्न थप समय दिने वा मुद्दा नचलाउने गरी सहमति भएमा,
- साहूको कुनै काम कारबाहीबाट जमानत दिने व्यक्तिको ऋण तिर्नु पर्ने वा दायित्व पूरा गर्नु पर्ने व्यक्ति उपरको कानूनी उपचारमा प्रतिकूल असर परेमा,
- ऋणीबाट लिएको कुनै सुरक्षण साहूले हराएमा, बिगारेमा वा ऋणीलाई त्यस्तो फिर्ता दिएमा त्यस्तो सुरक्षणको मूल्य बराबरको हदसम्म,
- साहूलाई करार बमोजिम तिर्नु पर्ने रकम वा पूरा गर्नु पर्ने दायित्व त्यस्तो तिर्नु वा पूरा गर्नु पर्ने व्यक्तिले जुन हदसम्म तिरेको छ वा पूरा भएको छ त्यस्तो हदसम्म ।

## ३६ नासो सम्बन्धी करार

एक व्यक्तिले अर्को व्यक्तिलाई कुनै वस्तु आफूलाई नै फिर्ता दिने वा निजले अह्राए बमोजिम अरु कसैलाई हस्तान्तरण वा बिक्री गर्ने गरी कुनै वस्तु राख्न दिएकोमा नासो सम्बन्धी करार भएको मानिन्छ । करार गर्दा पच्चीस हजार रूपैयाँभन्दा बढी मूल्य पर्ने वस्तु नासो राखेको भए लिखत गर्नु पर्छ । नासो लिने व्यक्तिले नासो राख्न दिएको वस्तु प्राप्त गरेपछि नासो लिने दिने काम पूरा भएको मानिन्छ । कुनै वस्तु पहिलेदेखि कुनै व्यक्ति वा निजले अख्तियारी दिएको व्यक्तिले आफ्नो जिम्मा वा कब्जामा लिई राखेकोमा त्यस्तो वस्तु निजले नासो सरह लिएको मानिन्छ । नासो लिने व्यक्तिले नासो लिएको वस्तु करारमा उल्लेख भएका शर्त बमोजिम र त्यसरी शर्त उल्लेख नभएकोमा निजको आफ्नै वस्तु सरह मनासिब हेरविचार तथा सुरक्षा गर्नु पर्छ । त्यसरी हेरविचार तथा सुरक्षा गर्दा गर्दै पनि नासो लिइएको वस्तु हराएमा, चोरिएमा, बिग्रिएमा, नासिएमा, घटेमा वा त्यस्तो वस्तुमा विपद् परी नासिएमा नासो लिने व्यक्तिले त्यस्तो वस्तु फिर्ता बुझाउनु पर्दैन । नासो लिने व्यक्तिले नासो लिएको वस्तु करार बमोजिम प्रयोग गर्ने अधिकार नभई प्रयोग गरेमा वा करारका शर्त विपरीत प्रयोग गरेमा त्यस्तो प्रयोगबाट नासो लिएको वस्तु बिग्रेमा, हानि, नोक्सानी भएमा, नासिएमा, घटेमा वा नोक्सानी भएमा नासो लिने व्यक्तिले नासो दिने व्यक्तिलाई त्यसको क्षतिपूर्ति दिनु पर्छ । (दफा ५७५,५७६,५७८)

## ३७ धितो वा धरौट सम्बन्धी करार

- कुनै व्यक्तिले कसैलाई ऋण दिँदा त्यस्तो ऋणको सुरक्षण वापत धितो लिएकोमा धितो सम्बन्धी करार र कसैले कुनै व्यक्तिलाई कुनै काम गराउँदा त्यस्तो काम पूरा गर्ने जमानतका लागि कुनै वस्तु धरौट लिएकोमा धरौट सम्बन्धी करार भएको मानिन्छ । कुनै ऋण दिँदा धितो लिइएको भए त्यस्तो ऋण र त्यसको ब्याज र कुनै काम पूरा गर्न धरौट लिएको भए त्यस्तो कामसँग सम्बन्धित अन्य खर्च तथा धितो वा धरौट दिइएको वस्तु हेरचाह गर्नमा लागेको खर्च समेतको लागि धितो वा धरौट सम्बन्धी करार गर्न सकिन्छ । जुन ऋणको लागि धितो राखिएको हो सो ऋण चुक्ता भएपछि वा जुन कामको लागि धरौट लिएको हो सो काम सम्पन्न भएपछि त्यस्तो धितो वा धरौट सो धितो वा धरौट राख्ने व्यक्तिलाई फिर्ता गर्नु पर्छ । (दफा ५८५,५८६)
- कुनै वस्तु धितो राखी ऋण लिएकोमा त्यस्तो ऋण लिने व्यक्तिले निर्धारित समयभित्र ऋण वा त्यसको ब्याज भए त्यस्तो समेत चुक्ता नगरेमा धितो लिने व्यक्तिले कानून बमोजिम कारबाही चलाई ऋण वापत असूल उपर हुनु पर्ने रकम त्यसरी राखिएको धितो प्रचलित बजार मूल्य अनुसार बिक्री वा लिलाम गरी असूल उपर गर्ने वा त्यसरी बिक्री वा लिलाम हुन नसके कानूनको अधीनमा रही त्यस्तो धितो आफ्नो स्वामित्वमा सार्न सक्छ । त्यस्तो धितोबाट नपुग भएसम्मको रकम ऋणीको अरू सम्पत्तिबाट भराई लिन पाउछ । कुनै वस्तु धरौट लिई कुनै काम गर्न जिम्मा दिएकोमा त्यस्तो काम निर्धारित समयमा पूरा नगरेमा वा नभएमा धरौटी रहेको वस्तुबाट त्यस्तो काम पूरा गराउन वा त्यस्तो काम पूरा गराउन लागेको खर्च असूल उपर गरी लिन सकिन्छ । धरौट रहेको वस्तुबाट काम पूरा नहुने भएमा त्यस्तो नपुग भएसम्मको रकम धरौट दिने व्यक्तिको अरू सम्पत्तिबाट भराई लिन सकिन्छ । (दफा ५८७)

## ३८. एजेन्सी सम्बन्धी करार

- कुनै व्यक्तिले आफ्नो व्यक्तिगत दक्षतासँग सम्बन्धित विषयमा बाहेक आफ्नो तर्फबाट कुनै काम गर्न, प्रतिनिधि (एजेन्ट) भई व्यवसाय सञ्चालन गर्न, तेस्रो व्यक्तिसँग कुनै कारोबार गर्न, त्यस्तो व्यक्ति समक्ष आफ्नो प्रतिनिधित्व गर्न वा प्रतिनिधि नियुक्त गर्ने व्यक्ति (मुख्य व्यक्ति) र तेस्रो व्यक्ति बीच कुनै किसिमको कानूनी सम्बन्ध स्थापित गर्न कसैलाई प्रतिनिधि नियुक्त गर्न सक्छ र यसरी प्रतिनिधि नियुक्त गरेकोमा एजेन्सी सम्बन्धी करार भएको मानिन्छ । (दफा ५९१)
- कुनै व्यक्तिले कानून बमोजिम आफू नै उपस्थित भई गर्नु पर्ने काम बाहेकको अन्य काम आफूले गर्न सक्ने काम कानूनको अधीनमा रही प्रतिनिधि मार्फत गर्न वा गराउन सक्छ । प्रतिनिधि मार्फत भए गरेको करार वा प्रतिनिधिबाट भए गरेको काम कारबाही सम्बन्धित व्यक्तिले गरेको मानिन्छ र त्यस्तो काम कारबाहीबाट उत्पन्न दायित्व मुख्य व्यक्तिले गरेको करार वा कार्य सरह मानी कार्यान्वयन हुन्छ । (दफा ५९२)
- कुनै व्यापार, व्यवसाय वा कारोबारको प्रकृति अनुसार उपप्रतिनिधि नियुक्त गर्नु पर्ने वा एजेन्सी सम्बन्धी करारको व्यवस्था वा प्रचलन अनुसार उपप्रतिनिधि नियुक्त गर्न सकिने भए करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रतिनिधिले मुख्य व्यक्तिको स्वीकृति लिई उपप्रतिनिधि नियुक्त गर्न सक्छ । यसरी उपप्रतिनिधि नियुक्त भएकोमा सो कुरा मुख्य व्यक्तिलाई जानकारी गराउनु पर्नेछ । (दफा ५९३)

## ३९ ढुवानी सम्बन्धी करार

- एक ठाउँबाट अर्को ठाउँमा कुनै वस्तु ढुवानी गर्ने सम्बन्धमा करार भएकोमा ढुवानी सम्बन्धी करार भएको मानिन्छ । वस्तु ढुवानी गर्दा वस्तुको धनीले ढुवानीकर्तालाई वस्तु बुझाएका बखत दिइने रसिद वा भरपाईलाई ढुवानीकर्ता र वस्तुको धनी बीच करार भएको प्रमाण मानिनेछ । (दफा ६०२)
- ढुवानीको लागि वस्तुको धनीसँग बुझिलिएको वस्तु सही अवस्थामा ढुवानी गरी निर्धारित स्थानमा पुऱ्याउने दायित्व ढुवानीकर्ताको हुन्छ । ढुवानीको लागि वस्तुको धनीसँग बुझिलिएको वस्तु हराएमा, नासिएमा, टुटे फुटेमा, बिग्रिएमा वा हानि, नोक्सानी भएमा वा अन्य कुनै किसिमबाट सही अवस्थामा निर्धारित स्थानमा नपुगेमा ढुवानीकर्ता जवाफदेही हुन्छ । (दफा ६०३)
- ढुवानीकर्ताले करारमा उल्लेख भएको समयभित्र र करारमा ढुवानी गरिसक्नु पर्ने समय उल्लेख नभएकोमा मनासिब समयभित्र वस्तु ढुवानी गरी वस्तुको धनी, निजको प्रतिनिधि वा निजले तोकेको व्यक्तिलाई बुझाउनु पर्छ ।
- कुनै वस्तु एकभन्दा बढी ढुवानीकर्ताले वा एकभन्दा बढी ढुवानी साधनबाट ढुवानी गर्नु परेमा करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन ढुवानीकर्तालाई वस्तुको धनीले वस्तु बुझाएको हो सोही ढुवानीकर्ता जिम्मेवार हुन्छ । ढुवानी गर्ने व्यक्तिले विपद् वा दुर्घटनामा परेको अवस्थामा बाहेक वस्तु ढुवानी गरी सम्बन्धित व्यक्तिलाई बुझाउनु अघि नै चोरिएमा, हराएमा, नासिएमा वा नष्ट भएमा ढुवानीकर्ता जिम्मेवार हुन्छ । (दफा ६०४)

## ४० लिज करार सम्बन्धी व्यवस्था

- कुनै व्यक्तिले आफ्नो हक र स्वामित्वमा रहेको कुनै वस्तु अर्को व्यक्तिलाई नियमित बहाल पाउने शर्तमा कुनै निश्चित अवधिका लागि भोगचलन गर्न र त्यसबाट प्राप्त हुने लाभ प्रयोग गर्न दिने गरी करार भएकोमा लिज करार भएको मानिन्छ। भोगचलन गर्दा नष्ट हुने वा उपभोग्य वस्तुलाई लिजमा दिन सकिदैन। लिज करार भएकोमा त्यस्तो करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक लिजदाताले लिज प्राप्तकर्तालाई देहायको कुरा सुनिश्चित गराउनु पर्छ :- (दफा ६१०)
    - कुनै निश्चित वस्तु करार बमोजिम भोगचलनका लागि हस्तान्तरण गर्ने,
    - त्यसरी हस्तान्तरण गरेको वस्तु हस्तान्तरण गर्दाका बखत भोगचलन वा प्रयोग गर्न सकिने गरी चालु हालतमा राख्ने,
    - हस्तान्तरण भएको वस्तु शान्तिपूर्वक तथा निर्वाध रूपमा भोगचलन वा प्रयोग गर्न सकिने व्यवस्था गर्ने।
- लिज लिने व्यक्तिले लिज करार बहाल रहने अवधिभर स्वामित्ववालाको स्वीकृति बिना लिजमा दिएको वस्तुको मौलिक स्वरूपमा परिवर्तन गर्न पाउँदैन। (दफा ६११)
- लिज प्राप्तकर्ताले लिजमा लिएको वस्तु असल नियतले विवेकपूर्ण ढङ्गबाट आफ्नै स्वामित्वको वस्तु सरह भोगचलन र प्रयोग गर्न पर्छ। (दफा ६१२)

## ४१ हायर पर्चेज करार सम्बन्धी व्यवस्था

- वस्तुको धनीले कुनै व्यक्तिलाई आवधिक रूपमा किस्ताबन्दीमा रकम भुक्तानी गर्ने गरी भाडामा दिएको वस्तुमा भाडामा लिने व्यक्तिको भोगचलनको अधिकार हुने, करारको शर्त बमोजिम भाडामा दिएको वस्तु भाडामा लिने व्यक्तिले खरिद गर्न सक्ने, अन्तिम किस्ताबन्दी रकम भुक्तानी गरेपछि त्यस्तो वस्तुको स्वामित्व भाडामा लिने व्यक्तिलाई हस्तान्तरण हुने, त्यसरी स्वामित्व हस्तान्तरण हुनुभन्दा अगाडि कुनै पनि बखत भाडामा लिने व्यक्तिले करार अन्त्य गर्न सक्ने शर्तमा कसैले कुनै वस्तु कुनै व्यक्तिलाई भाडामा दिएकोमा हायर पर्चेज करार भएको मानिन्छ। हायर पर्चेज करार करार लिखित रूपमा गर्नु पर्छ। (दफा ६२४)
- हायर पर्चेज करारमा वस्तु र त्यसको संक्षिप्त विवरण, हायर पर्चेज मूल्य, नगदी मूल्य, करार प्रारम्भ भएको मानिने मिति, भाडामा लिने व्यक्तिले वस्तुको धनीलाई भुक्तानी गर्नु पर्ने किस्ताबन्दी रकम र त्यसको सङ्ख्या, प्रत्येक किस्ताबन्दी रकम बुझाउनु पर्ने मिति तथा भुक्तानी गर्नु पर्ने तरिका र त्यस्तो रकम भुक्तानी गर्नु पर्ने व्यक्ति र ठाउँ उल्लेख गर्नु पर्छ। (दफा ६२५)
- हायर पर्चेज करार बमोजिम भाडामा लिएको वस्तुको स्थिति स्वामित्व हस्तान्तरण नभएसम्म नासो सरह हुन्छ। भाडामा लिने व्यक्तिले त्यस्तो वस्तुलाई आफ्नो स्वामित्वमा रहेको वस्तु सरह मनासिब हेरविचार र सम्भार गर्नु पर्छ। त्यसरी हेरविचार र सम्भार नगरेको कारणबाट त्यस्तो हानि, नोक्सानी भएमा त्यस उपर भाडामा लिने व्यक्ति जिम्मेवार हुन्छ। (दफा ६२९)

## ४२ घरेलु सहायक सम्बन्धी व्यवस्था

घरेलु सहायकको रूपमा कसैलाई काममा लगाउँदा काममा लगाउनेले देहायका शर्तहरू पालना गर्नु पर्छ। घरेलु सहायकको रूपमा कसैलाई काम लगाएको मितिले एक महिनाभित्र सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिलाई लिखित रूपमा जानकारी गराउनु सकिन्छ :-(दफा ६४४)

- ज्याला मजुरी मासिक वा वार्षिक रूपमा निर्धारण गरी भुक्तानी गर्नु पर्ने,
- काम लगाउनेको हैसियत अनुसार बिहान, दिउँसो र बेलुकी तीन पटक खान तथा मौसम अनुसार लगाउने कपडा दिनु पर्ने,
- आफ्नो हैसियत अनुसार उपयुक्त आवास, शौचालय तथा स्नानघर प्रयोग गर्ने सुविधा दिनु पर्ने,
- अठार वर्षभन्दा कम उमेरको भए निजले चाहेमा घर व्यवहारको काम हेरी उपयुक्त समयमा अध्ययनको व्यवस्था गर्नु पर्ने,
- बिरामी भएमा निजको स्वास्थ्योपचारको व्यवस्था गर्नु पर्ने,
- बिरामी हुँदाका बखत काममा नलगाउने र अन्य अवस्थामा निजको उमेर, क्षमता वा अवस्थाले गर्न नसक्ने काम नलगाउने,
- मृत्यु भएमा निजको सदगत तथा सामान्य काज किरियाको लागि लाग्ने खर्च व्यहोर्नु पर्ने,
- अमानवीय, अपमानजन्य व्यवहार घरेलु हिंसा नगर्ने,
- घरेलु सहायकसँग आफूले मञ्जुर गरेका अन्य शर्त पालना गर्नु पर्ने ।

## ४३ अप्रत्यक्ष वा अर्धकरार सम्बन्धी व्यवस्था

- **मृतकको सद्गत गर्दाको खर्च हकदारले शोधभर्ना गर्नु पर्ने** (दफा ६५५)

  कुनै व्यक्तिको मृत्यु भई निजको रीत, परम्परा तथा संस्कार अनुसार गर्नु पर्ने सद्गत मृतकको हकदार वा नजिकको नातेदारको जानकारी बिना अन्य कुनै व्यक्तिले गरी त्यसरी सद्गत गर्दा लागेको खर्च त्यस्तो व्यक्तिले दाबी गरेमा मृतकको नजिकको हकदार र निज नभए नातेदारले त्यस्तो खर्च निजलाई शोधभर्ना गर्नु पर्छ ।

- **अशक्त व्यक्तिलाई पालनपोषण गरेको खर्च आफन्तले व्यहोर्नु पर्ने** (दफा ६५६)

  होस ठेगानमा नरहेको, शारीरिक रूपमा विकलाङ्ग वा आफ्नो आर्जन नभएको कुनै असहाय नाबालकको पालनपोषण वा हेरविचार गर्ने दायित्व भएको व्यक्तिले त्यस्तो व्यक्तिलाई पालनपोषण गर्न इन्कार गरी अन्य कुनै व्यक्तिले पालनपोषण वा हेरविचार गरेमा निजले त्यस्तो दायित्व भएको व्यक्तिबाट त्यस वापतको खर्च शोधभर्ना दाबी गर्न सक्छ ।

- **उपचारको खर्च सोधभर्ना गर्नुपर्ने** (दफा ६५७)

  कुनै व्यक्ति दुर्घटनामा परी वा अन्य कुनै कारणले गम्भीर बिमारी भएमा निजको एकासगोलको हकदार, नातेदार वा आफन्त बाहेक अन्य कसैले स्वेच्छाले उपचार गरे वा गराएकोमा त्यसरी उपचार गर्दा लागेको खर्च हकदार, नातेदार वा आफन्तले त्यसरी उपचार गर्ने वा गराउने व्यक्तिलाई शोधभर्ना गर्नु पर्छ ।

- **काम अनुसारको पारिश्रमिक दिनु पर्ने** (दफा ६६०)

  कुनै व्यक्तिले अर्को व्यक्तिलाई कुनै वस्तु दिएकोमा वा कुनै काम लगाएकोमा त्यस्तो वस्तु वा सेवा अनुसारको मूल्य वा काम अनुसारको पारिश्रमिक दिनु पर्छ ।

- **वस्तु वा सेवा प्राप्त गर्ने व्यक्तिबाट भराउने** (दफा ६६१)

  कसैले कानून बमोजिम करार गर्न अयोग्य व्यक्ति वा त्यस्तो व्यक्तिको पालनपोषण गर्न जिम्मेवारी भएको कुनै व्यक्तिलाई कुनै वस्तु वा सेवा उपलब्ध गराएकोमा त्यस्तो वस्तु वा सेवाको मूल्य त्यस्तो वस्तु वा सेवा प्राप्त गर्ने व्यक्तिबाट भराउन सक्छ ।

- **नासो सरह राख्नु पर्ने** (दफा ६६२)

कानून बमोजिम राख्न पाउने अरूको सम्पत्ति कसैले कुनै किसिमले आफ्नो कब्जामा राखेकोमा त्यस्तो सम्पत्ति निजले नासो सरह राख्नु पर्छ ।

## ४४. अनुचित सम्वृद्धि (अनजष्ट इन्रिचमेन्ट) भएको मानिने

- कुनै व्यक्तिले कानूनसम्मत काम गर्नु पर्ने वा दायित्व पूरा गरिदिनु पर्ने कारण बिना कसैले कसैबाट कुनै लाभ वा सुविधा प्राप्त गरेमा त्यसरी लाभ वा सुविधा प्राप्त गर्ने व्यक्तिले अनुचित सम्वृद्धि प्राप्त गरेको मानिन्छ । निजको सम्पत्तिमा वृद्धि वा दायित्वमा कमी भएमा, निजले अर्काको सेवा प्राप्त गरेमा वा कसैलाई काम गराएमा वा निजको लागि अर्काको सम्पत्ति प्रयोग भएमा त्यस्तो अनुचित सम्वृद्धि प्राप्त गरेको मानिन्छ । देहायको अवस्थामा बाहेक कसैले कुनै किसिमले कुनै वस्तु, सेवा, लाभ वा सुविधा प्राप्त गरेमा पनि अनुचित सम्वृद्धि प्राप्त गरेको मानिन्छ :- ( दफा ६६४)
    - कानून वा करार बमोजिम कुनै व्यक्तिबाट कुनै वस्तु, सेवा, लाभ वा सुविधा प्राप्त गर्न सक्ने भएमा,
    - जुन व्यक्तिबाट कुनै वस्तु, सेवा, लाभ वा सुविधा प्राप्त गरेको हो त्यस्तो व्यक्तिले फिर्ता वा शोधभर्ना नमाग्ने गरी स्वतन्त्र सहमतिबाट प्राप्त गरेको भएमा ।

- कसैले आफूले लिन नहुने कुनै वस्तु भूलवश लिएमा वा प्राप्त गरेमा निजले जसबाट त्यस्तो वस्तु लिएको वा प्राप्त गरेको हो सो निजलाई नै फिर्ता गर्नु पर्छ । (दफा ६६५)
- कसैले भूलवश आफू कसैप्रति ऋणी रहेको ठानी कसैलाई तिर्नु नपर्ने कुनै ऋण रकम तिरेकोमा निजले त्यस्तो ऋण तिर्नु नपर्ने कुरा प्रमाणित गरेमा त्यस्तो रकम प्राप्त गर्ने व्यक्तिले निजलाई त्यस्तो रकम फिर्ता गर्नु पर्छ । (दफा ६६६)
- कसैले आफ्नो दाबी नपुग्ने कुनै रकम वा वस्तु कसैबाट बदनियतपूर्वक प्राप्त गरेमा निजले त्यस्तो रकम वा वस्तु र त्यस्तो रकम वा वस्तु प्राप्त गरेको दिनदेखि फिर्ता गरेको दिनसम्म त्यस्तो रकममा कानून बमोजिम लाग्ने ब्याज वा त्यस्तो वस्तुबाट प्राप्त गरेको लाभ वा प्रतिफल समेत फिर्ता गर्नु पर्छ । त्यसरी प्राप्त गरेको रकम वा वस्तुको कारणवश हानि, नोक्सानी भएमा त्यस वापतको क्षतिपूर्ति समेत निजले बुझाउनु पर्छ । (दफा ६६७)
- **भेट्टाएको वस्तु प्रहरीलाई सूचना दिने** (दफा ६७०)
  कसैले कुनै वस्तु कुनै किसिमले भेट्टाएकोमा त्यसको यथार्थ विवरण सहित प्रहरीलाई सूचना दिई त्यस्तो वस्तु सम्बन्धित धनी फेला नपरेसम्म आफैँसँग सुरक्षित राख्न सक्नेछ । त्यसरी राखिएको वस्तु तीन वर्षसम्ममा पनि कसैले दाबी गर्न नआएमा त्यस्तो वस्तु भेट्टाउने व्यक्तिको हुनेछ ।

## ४५ दुष्कृति (टर्टस्) सम्बन्धी व्यवस्था

- कसैले आफ्नो वा यस परिच्छेद बमोजिम आफैँले दायित्व वहन गर्नु पर्ने अरू कसैको त्रुटि, हेलचेक्रयाइँ वा लापरवाही जेसुकैबाट भए तापनि गरेको कुनै काम (कमिसन) वा अकर्मण्यता (ओमिशन) बाट कसैको जीउ, ज्यान वा सम्पत्ति वा कानून बमोजिम संरक्षित हक वा हितमा कुनै किसिमले हानि, नोक्सानी पुऱ्याउनु हुँदैन । काम वा अकर्मण्यताका सम्बन्धमा पक्षहरू बीच कुनै पूर्व करार सम्बन्ध भएको रहेनछ भने त्यस्तो काम वा हेलचेक्र्याइँको परिणाम

स्वरूप उत्पन्न हानि, नोक्सानीलाई दुष्कृति गरेको मानिन्छ । दुष्कृति गरेकोमा त्यस्तो कार्य गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्छ । (दफा ६७२)

- **आमा, बाबुले दायित्व व्यहोर्नु पर्ने** (दफा ६७३)
  चौध वर्ष उमेर पूरा नभएको नाबालकले गरेको दुष्कृति वापत निजसँग बसेको आमा बाबु, आमा वा बाबु नभए निज उपर मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्छ ।
- **संरक्षक वा माथवरले दायित्व व्यहोर्नु पर्ने** (दफा ६७४)
  होस ठेगानमा नरहेको व्यक्तिले गरेको हानि, नोक्सानी वापत निजको संरक्षक वा माथवर जवाफदेही हुनेछ र सोही बमोजिम निजले दायित्व व्यहोर्नु पर्छ ।
- **काम लगाउने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने** (दफा ६७५)
  आफूले काममा लगाएको घरेलु सहायक, अन्य कामदार वा कर्मचारीले त्यस्तो कामको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैलाई हानि, नोक्सानी भएमा त्यसरी काममा लगाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यसको दायित्व व्यर्होनु पर्छ । तर कामदार वा कर्मचारीको हेलचेक्र्याइँ वा वदनियतले गरेको काम वापतको दायित्व त्यस्तो कामदार वा कर्मचारीले व्यर्होनु पर्छ ।
- **पशुले गरेको हानि, नोक्सानी वापत पशु धनीले दायित्व व्यहोर्नु पर्ने** (दफा ६७६)
  आफूले पालेको वा आफ्नो नियन्त्रणमा रहेको पशुले कसैलाई पुऱ्याएको हानि, नोक्सानी त्यस्तो पशु धनीले दायित्व ब्यहोर्नु पर्नेछ । त्यस्तो पशुको स्वभावअनुसार पशु धनीले पर्याप्त सुरक्षात्मक उपाय अपनाई उपयुक्त तरिकाले नियन्त्रण राखेको अवस्थामा हानि, नोक्सानी गरेकोमा वा हानि, नोक्सानी पुगेको व्यक्तिकै काम, त्रुटि वा हेलचेक्र्याइँबाट हानि, नोक्सानी भएकोमा पशु धनीले दायित्व व्यहोर्नु पर्दैन ।
- **घर भत्किई हानि, नोक्सानी भएकोमा घर धनीले दायित्व व्यर्होनु पर्ने** (दफा ६७७)
  कुनै घर निर्माण गर्दाका बखत वा निर्माण गरिसकेको जेसुकै भए तापनि त्यस्तो घर पूरा वा आंशिक रूपमा भत्किई वा त्यसको कुनै अंशले कसैलाई कुनै किसिमको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर धनीले दायित्व व्यहोर्नु पर्छ ।
- **सम्पत्ति धनीले दायित्व व्यहोर्नु पर्ने** (दफा ६७८)
  देहायको कुनै कारणबाट कसैलाई हानि, नोक्सानी भएमा सम्बन्धित सम्पत्ति धनीले दायित्व व्यहोर्नु पर्छ :-
  - कुनै मेशिन, उपकरण वा यन्त्रलाई त्यसको प्रकृति अनुसार उपयुक्त ढङ्गबाट सुरक्षाका उपायहरू नअपनाएको कारणले विस्फोटन भएमा,
  - कुनै प्रज्वलनशील वा विस्फोटक पदार्थलाई त्यसको प्रकृति अनुसार उपयुक्त ढङ्गबाट सुरक्षाका उपायहरू नअपनाएको कारणबाट त्यसमा आगलागी भएमा वा सो विस्फोटन भएमा,
  - कुनै औद्योगिक प्रतिष्ठानले निर्धारित मापदण्ड विपरीत हुने गरी अत्याधिक धुँवा, ध्वनि पैदा गरेकोमा,
  - विपद्को कारणले वा कुनै तेस्रो व्यक्तिको कामले बाहेक कुनै राजमार्ग, सडक, गल्ली, बाटोमा रुख ढलेको वा ढालेकोमा,

- निर्धारित मापदण्ड विपरीत हुने गरी उपयुक्त ढङ्गबाट पूर्व सावधानीका उपायहरू नअपनाई खुला रूपमा नहर, कुलो, पाइप वा ढलबाट दूषित, विषालु वा सरुवा रोग लाग्ने पदार्थ निष्काशन भएमा ।

- **घरको मुलीले दायित्व व्यहोर्न पर्ने** (दफा ६७९)
  कुनै घरबाट कुनै किसिमको फोहोर मैला वा वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहोर्नु पर्छ ।

- **अनधिकृत प्रवेशको दायित्व व्यहोर्नु पर्ने** (दफा ६८०)
  कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्छ ।

- **दायित्व वापत क्षतिपूर्ति व्यहोर्नु पर्ने** (दफा ६८२)
  दुष्कृति वापतको दायित्व व्यहोर्नु पर्दा दृष्कृति गर्नेले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ । तर कुनै व्यक्तिको आफ्नै समेतको अकर्मण्यता, त्रुटि, लापरबाही वा हेल्चेक्र्याइँको कारणबाट कुनै दुष्कृति भएको रहेछ भने त्यस्तो क्षतिपूर्तिको मात्रा कम हुनेछ । क्षतिपूर्ति वास्तविक रूपमा हानि, नोक्सानी भएको विषयमा सीमित रहेको हुनु पर्नेछ र काल्पनिक वा अवास्तविक क्षतिपूर्ति व्यहोर्नु पर्दैन ।

- **छुट्टै व्यवस्था भएकोमा दायित्व व्यहोर्नु नपर्ने** (दफा ६८३)
  दुष्कृतिलाई कानून बमोजिम फौजदारी कसूर मानिएको वा त्यस्तो दुष्कृतिका सम्बन्धमा कानूनमा छुट्टै व्यवस्था वा छुट्टै कानूनी उपचारको व्यवस्था भएकोमा दुष्कृतिको दायित्व व्यहोर्नु पर्ने छैन । दायित्व व्यहोर्नु पर्ने दुष्कृति त्यस्तो दुष्कृति गरेको भनिएको व्यक्तिको हेलचेक्र्याइँ, लापरवाही, त्रुटि वा अकर्मण्यताको परिणामबाट नभई अन्य कुनै कारणबाट भएको हो भन्ने प्रमाणित गरेमा त्यस्तो दृष्कृति वापत व्यहोर्नु पर्ने दायित्वबाट निजले फुर्सद पाउनेछ ।

- **हदम्याद** (दफा ६८४)
  दुष्कृतिका सम्बन्धी कामबाट मर्का पर्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्छ ।

## ४६. निजी अन्तरराष्ट्रिय कानून सम्बन्धी व्यवस्था

- कुनै विदेशी व्यक्ति वेपत्ता भएको वा निजको मृत्यु भएको कुरा अनुमान गर्नु पर्दा त्यस्तो व्यक्तिको नागरिकता रहेको मुलुकको कानून बमोजिम निर्धारण गरिन्छ । त्यस्तो व्यक्तिको नागरिकता यकिन हुन नसकेमा निजको सामान्य बसोबास रहेको मुलुकको कानून र त्यस्तो बसोबास पनि यकिन हुन नसकेमा निज वेपत्ता हुनु वा निजको मृत्यु भएको अनुमान गर्नुभन्दा तत्काल अघि बसोबास गरेको मुलुकको कानून बमोजिम निर्धारण गरिन्छ । (दफा ६९४)
- नेपालभित्र बसोबास गर्ने विदेशीको सम्पत्तिमा अपुताली परी निजको हकवाला निर्धारण गर्नु पर्दा त्यस्तो विदेशीको नागरिकता रहेको मुलुकको कानून बमोजिम र त्यसरी नागरिकता पहिचान हुन नसकेमा जुन मुलुकमा निजको सामान्य बसोबास रहेको छ सोही मुलुकको र त्यस्तो बसोबास पनि यकिन हुन नसकेमा तत्काल निजले बसोबास गरेको मुलुकको कानून बमोजिम हकवाला निर्धारण गरिनेछ । (दफा ६९५)

- नेपालमा कुनै विदेशी व्यक्तिको मुत्यु भएको कारणले अपुताली खुला भई नेपालमा रहेको निजको सम्पत्तिको हकवाला र त्यसको प्राथमिकताक्रम निर्धारण गर्नु पर्दा त्यस्तो व्यक्ति मृत्यु हुँदाका बखत निजको नागरिकता कायम रहेको मुलुकको कानून बमोजिम निर्धारण गरिन्छ । यसरी कानून यकिन हुन नसकेमा निजको मृत्यु हुँदाका बखत कायम रहेको निजको सामान्य बसोबास रहेको मुलुकको कानून बमोजिम र त्यस्तो मुलक पनि यकिन हुन नसकेमा नेपाल कानून बमोजिम निर्धारण हुन्छ ।
- **नेपालको अदालतलाई कारबाही र किनारा गर्ने क्षेत्राधिकार हुने :-** (दफा ७१८)
    - ✓ नेपालभित्र बसोबास गर्ने विदेशीहरूबीच वा विदेशी र नेपाली नागरिक बीच नियमित भएका विषय,
    - ✓ नेपालमा बसोबास गर्ने विदेशी प्रतिवादी भएको मुद्दाको विषय,
    - ✓ मृत्यु हुँदाका बखत नेपालमा सम्पत्ति भई नेपालमा बसोबास गर्ने विदेशीको अपुतालीको विषय,
    - ✓ नेपाली नागरिक र विदेशी बीच विदेशमा लेनदेन व्यवहार वा कारोबार भएकोमा त्यसको भुक्तानी नेपालभित्र हुने विषय,
    - ✓ विदेशीहरूबीच वा विदेशी र नेपाली नागरिक बीच नेपालभित्र रहेको सम्पत्ति सम्बन्धी विषय,
    - ✓ नेपालभित्र सम्पन्न वा नेपालमा परिपालन हुने विदेशी व्यक्तिहरूबीच वा कम्तीमा एक पक्ष नेपालको नागरिक वा सङ्गठित संस्था पक्ष रहेको करार सम्बन्धी विषय,
    - ✓ पक्ष वा विपक्ष दुवै नेपाली नागरिक भएको वा नेपालमा सामान्य बसोबास भएका विदेशी रहेको नेपाल बाहिर भएको दुष्कृति, अर्धकरार वा अनुचित सम्वृद्धि सम्बन्धी विषय ।

# देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को सारसंक्षेप

## देवानी मुद्दाको प्रकृति र स्वरुप

१. **देवानी मुद्दाः** "देवानी मुद्दा" भन्नाले कानून बमोजिम फौजदारी मुद्दाको रूपमा परिभाषित गरिए बाहेकका कानूनी हक, दायित्व, हैसियत, पद, पारिवारिक सम्बन्ध वा सम्पत्ति सम्बन्धी मुद्दा सम्झनु पर्छ र सो शब्दले देहायको विषय र सोसँग सम्बन्धित मुद्दा समेतलाई जनाउँछ :-

| | |
|---|---|
| ● नाता कायम वा सम्बन्ध विच्छेद,<br>● दस्तुर, पारिश्रमिक, तलब, भत्ता वा ज्याला,<br>● अंश, अपुताली, दान बकस, संरक्षक, माथवर, मातृक तथा पैत्रिक अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री,<br>● कुनै करार, अर्धकरार वा अनुचित सम्वृद्धि अन्तर्गतको कुनै हक वा दाबी, | ● दुष्कृति, अर्धदुष्कृति वा त्रुटिपूर्ण उत्पादन सम्बन्धी हक वा दाबी,<br>● सुविधाभार,<br>● क्षतिपूति<br>● देवानी प्रकृतिको अन्य कुनै विषय |

२. **छुट्टै कानूनमा लेखिएको कुरामा असर नपर्ने** : विषय विषयमा छुट्टा छुट्टै बनेका कानूनमा लेखिएका कार्यविधिका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ र त्यस्तो विषयमा यस ऐनको व्यवस्थाले कुनै असर पार्ने छैन । कुनै कानूनमा नलेखिएको कार्यविधिको विषयमा संहितामा लेखिए बमोजिम हुनेछ ।

३. **सुनुवाई खुला इजलासमा हुने** : कानूनमा अन्यथा व्यवस्था भएकोमा वा मुद्दाका पक्षले दिएको निवेदनका आधारमा अदालतले अन्यथा आदेश गरेकोमा बाहेक मुद्दाको कारबाही, सुनुवाई र किनारा खुला इजलासमा हुनेछ ।

४. **हक बेहकको प्रश्न तथा कानूनी हैसियत सम्बन्धी विवाद अदालतबाट मात्र निरुपण हुने** : कुनै व्यक्तिको हक भएको वा नभएको प्रश्न उत्पन्न भएमा त्यस्तो प्रश्नको निरुपण नियमित अदालतबाट मात्र हुनेछ । कुनै व्यक्तिको नाता कायम, सम्बन्ध विच्छेद वा कानूनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र निरुपण हुनेछ ।

५. **फिराद दाबी गर्ने हकदैया हुनु पर्ने** : अदालतमा फिरादपत्र दायर गर्न चाहने व्यक्तिले कुनै दाबी लिन निजमा अधिकार रहेको वा त्यस्तो दाबीको सम्बन्धमा निजको कानूनसम्मत हित वा सरोकार रहेको व्यहोरा फिरादपत्रमा उल्लेख गरी निजको हकदैया रहेको कुरा देखाउनु पर्नेछ ।

६. **मिलापत्र वा मेलमिलाप गर्ने मौका दिनु पर्ने** : अदालतले कुनै पनि मुद्दाको फैसला गर्नु अघि त्यस्तो मुद्दामा मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गर्न पक्षहरूलाई अवसर दिनु पर्नेछ । त्यसरी बमोजिम अवसर दिँदा पक्षहरू मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाउन मञ्जुर भएमा जुनसुकै तहमा रहेको मुद्दा भए पनि मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गराउन सकिनेछ ।

७. **पुनरावेदनको अधिकार हुने** : कुनै अदालतले शुरु कारबाही सुनुवाई गरी फैसला वा अन्तिम आदेश र किनारा गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई पुनरावेदन सुन्ने सम्बन्धित अदालतमा कानून बमोजिम पुनरावेदन गर्ने अधिकार हुनेछ ।

## अदालतको अधिकार क्षेत्र

८. **जिल्ला अदालतलाई अधिकार क्षेत्र हुने** : मुद्दाको विषयवस्तुको प्रकृतिले स्थलगत रूपमा जाँचबुझ गर्नु पर्ने अवस्था भएको कुनै पनि अचल सम्पत्ति सम्बन्धी विषय, सुविधाभार, कुलो, साँध सम्बन्धी मुद्दा र

फिरादपत्रबाट घर, जग्गा वा सम्पत्ति जाँच्नु पर्ने देखिएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार त्यस्तो घर, जग्गा वा सम्पत्ति रहेको जिल्लाको जिल्ला अदालतलाई हुनेछ ।

तर अंश मुद्दा बादी वा प्रतिबादी रहेको जिल्लामध्ये जुन जिल्ला अदालतमा फिरादपत्र दायर हुन्छ सोही जिल्ला अदालतलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार हुनेछ ।

९. **विदेशमा भएको कारोबार सम्बन्धी मुद्दाको अधिकारक्षेत्र** : विदेशमा भएको लेनदेन व्यवहार वा करार सम्बन्धी विषयमा नेपालको कुनै अदालतमा मुद्दा दायर गर्न सक्ने गरी त्यस्तो व्यवहार सम्बन्धी लिखत वा करारमा उल्लेख भएकोमा बादी वा प्रतिबादी बसोबास गरेको जिल्लाको जिल्ला अदालतलाई त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार हुनेछ ।

## लिखत तयार गर्ने कार्यविधि सम्बन्धी व्यवस्था

१०. **लिखत** : "लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छ :-

- घर व्यवहारमा हुने सबै किसिमका लेनदेन व्यवहार, सम्पत्ति हस्तान्तरण वा धितो बन्धक दिने गरी भएको लिखत,
- धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी लिखत,
- करार,
- अख्तियार दिएको लिखत, अख्तियारनामा, मञ्जुरीनामा वा त्यस्तै प्रकृतिका अन्य कागज,
- सरकारी कार्यालय वा सङ्गठित संस्थामा पेश हुने कुनै पनि लिखत,
- अदालतमा पेश हुने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र, दरखास्त लगायत जुनसुकै किसिमको लिखत,
- सरकारी कार्यालय वा सङ्गठित संस्थाबाट जारी हुने लिखत,
- कानूनी हक वा दायित्व सृजना गर्ने वा नगर्ने अन्य कुनै लिखत ।

११. **लिखत तयार गर्दा रीत पुऱ्याउनु पर्ने** : लिखत तयार गर्दा जुन विषयको लिखत तयार गरिने हो सो विषय स्पष्ट रूपमा खुलाई त्यसमा कुनै अशुद्धि र केरमेट नहुने गरी छापी, टाइप गरी वा हातले लेखी तयार गर्नु पर्नेछ र त्यस्तो लिखतसँग सम्बन्धित कारणीले सहीछाप गर्नु पर्नेछ । लिखतमा कुनै रकम उल्लेख गर्नु पर्दा अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्छ र रकम खुलाउँदा अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको व्यहोरा मान्य हुनेछ ।

१२. **सहीछाप गर्दा पुऱ्याउनु पर्ने रीत** : लिखतमा सहीछाप गर्दा वा गराउँदा लेख्न जान्नेले आफ्नो पूरा नाम, थर, वतन लेखी हस्ताक्षर गर्नु पर्नेछ र लेख्न नजान्ने व्यक्तिले ल्याप्चे सहीछाप गर्नु पर्नेछ ।

तर देहायका लिखतमा सहीछाप गर्दा दुवै हातको बुढी औंलाको ल्याप्चे सहीछाप र लेख्न जान्नेले आफ्नो हस्ताक्षर गरेको कुरा प्रमाणित हुने गरी सहीछाप गरेको हुनु पर्नेछ :-

- आफ्नो हक छाडी दिएको वा धितो बन्धक राखेको सम्पत्तिसँग सम्बन्धित लिखत,
- सरकारी कार्यालय वा सङ्गठित संस्थामा दिइने मञ्जुरीनामा वा अख्तियारनामा,
- सट्टापट्टापत्र, अंशियारबीच हुने बण्डापत्र, अंश छोडपत्र वा अंश बुझेको भरपाईको लिखत,
- मानो छुट्टिएको वा मानो जोडिएको लिखत,
- धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी लिखत,
- ऋण फिर्ता बुझाउँदा वा ऋण दिँदा लिखतको पीठमा दरपीठ नगरी छुट्टै गरिदिएको भरपाई,
- ऋण दिए लिएको भोगबन्धकी, दृष्टिबन्धकी, लखबन्धकी समेतका लिखत, भाखापत्र, जमानीपत्र, कबुलियतनामा,
- नासो धरौट लिए दिएको करार,
- कपाली तमसुकको लिखत ।

१३. **ल्याप्चे सहीछाप गर्दा पुर्‍याउनु पर्ने रीत** : लिखतमा ल्याप्चे सहीछाप गर्दा वा गराउँदा त्यस्तो ल्याप्चे सहीछाप गर्ने व्यक्तिको दाहिने हातको बुढी औंलाको ल्याप्चे सहीछाप लगाउनु पर्नेछ । कसैको दाहिने हातको बुढी औंला नभएमा वा भएमा पनि शङ्ख चक्रको रेखा स्पष्ट नदेखिएमा बायाँ हातको बुढी औंलाको, दुवै हातको बुढी औंला नभएमा वा भएमा पनि शङ्ख चक्रको रेखा स्पष्ट नदेखिएमा दायाँ वा बायाँ हातको रेखा स्पष्ट देखिएको अरु कुनै एक औंलाको ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

कुनै कारणीको दुबै हातको बुढी औंला नभएमा वा भएमा पनि शङ्ख चक्रको रेखा स्पष्ट नदेखिएमा रेखा स्पष्ट देखिएका दुवै हातका अन्य कुनै एक एक औंलाको ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

१४. **विशेष अवस्थामा रहेका व्यक्तिको तर्फबाट लिखत गर्दाको कार्यविधि** : दृष्टिविहीन, बोलाई सम्बन्धी अपाङ्गता भएका, नाबालक वा होस ठेगानमा नभएका व्यक्तिको तर्फबाट कुनै लिखत गराउँदा त्यस्तो व्यक्तिको संरक्षक वा माथवर भए निजलाई समेत रोहबरमा राखी निजले व्यक्त वा सङ्केत गरे बमोजिम लिखत तयार गरी त्यस्तो लिखतमा संरक्षक वा माथवरको समेत सहीछाप गराउनु पर्नेछ । लेख्न पढ्न नसक्ने व्यक्तिलाई लिखतमा सहिछाप गराउँदा त्यस्तो व्यक्तिले चाहेमा निजले रोजेको व्यक्तिको रोहबरमा गराउनु पर्नेछ र त्यसरी रोहबरमा रहने व्यक्तिको निजले रोजेको व्यहोरा समेत सोही लिखतमा जनाई सहिछाप गराउनु पर्नेछ ।

१५. **लिखत प्रमाणित गराउनु पर्नेः** हस्ताक्षर वा ल्याप्चे सहीछाप गर्नु पर्ने पचास हजार रुपैयाँभन्दा बढी रकमको वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो रकममा नघट्ने गरी निर्धारण गरेको रकमभन्दा बढी रकमको नेपालभित्र घरसारमा तयार भएको लिखत सम्बन्धित पक्षहरू स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयमा उपस्थित भई सक्कल लिखतको शिरमा त्यस्तो कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ र त्यसरी प्रमाणित गर्दा लिखतमा लिखतका कारणीहरूलाई प्रमाणित गर्ने कार्यालयले सहीछाप गराउनु पर्नेछ । लिखत प्रमाणित गर्दा स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले बढीमा दुई सय रुपैयाँसम्म दस्तुर लिन सक्नेछ ।

१६. **लिखतमा पहिचानको विवरण उल्लेख हुनु पर्ने :** लिखत तयार गर्दा लिखतसँग सम्बन्धित मुख्य कारणीको बाबु, आमा, बाजे, बज्यै र आफ्नो सहित तीन पुस्ते विवरण, पति वा पत्नीको नाम, नागरिकता नम्बर, उमेर नागरिकता जारी भएको मिति र जिल्ला, निजको स्थायी बसोबासको ठेगाना तथा अस्थायी बसोबास गरेकोमा त्यस्तो ठेगाना समेत र विदेशी नागरिक भए निजको नागरिकताको विवरण, राहदानी नम्बर, राहदानी जारी गर्ने मुलुक र राहदानी जारी भएको मिति तथा निजको ठेगाना, इमेल ठेगाना, फोन नम्बर आदि पहिचान खुल्ने गरी लिखत तयार गर्नु पर्नेछ ।

१७. **लिखत तयार गर्दा साक्षी राख्नु पर्नेः** कानून बमोजिम साक्षी राखी तयार गर्नु पर्ने लिखतमा करार गर्न योग्य कम्तीमा दुई जना व्यक्ति साक्षी राखी निजहरूको रोहबरमा लिखत बमोजिमको काम, कारोबार भएको व्यहोरा उल्लेख गर्नु पर्नेछ । लिखत तयार गर्दा लिखतको मुख्य व्यहोरा उल्लेख गरेपछि त्यसको अन्त्यमा त्यस्तो लिखत तयार भएको ठाउँ र मिति उल्लेख गर्नु पर्नेछ ।

**हदम्याद सम्बन्धी व्यवस्था**

१८. **हदम्याद :** कुनै अदालतमा फिरादपत्र दायर गर्न कानून बमोजिम कुनै निश्चित समयावधि तोकिएकोमा त्यस्तो समयावधिलाई हदम्यादको व्यवस्था भएको मानिनेछ । कानूनमा हदम्यादको व्यवस्था भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो हदम्यादभित्र अदालतमा फिरादपत्र दायर गर्नु पर्नेछ ।

१९. **हदम्यादको व्यवस्था नभएकोमा फिराद गर्न सकिने** : कुनै विषयमा फिरादपत्र दायर गर्ने सम्बन्धमा कानूनमा कुनै हदम्याद उल्लेख नभएको भए फिराद गर्नु पर्ने कारण परेको मितिले छ महिनाभित्र फिराद गर्न सकिन्छ ।

२०. **थाहा पाएको मितिले फिराद गर्नु पर्ने** : धोका, कीर्ते, जालसाजी वा षड्यन्त्रको फलस्वरुप वा त्यस्तै अन्य कुनै कारण परी वा गोप्य रूपमा कुनै काम भई थाहा पाउन सक्ने स्थिति नभई कसैको हदम्याद गुज्रन गएकोमा निजले त्यस्तो कुरा थाहा पाएको मितिले नब्बे दिनभित्र सोही व्यहोरा उल्लेख गरी फिराद दायर गर्न आएमा अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नु पर्नेछ ।

२१. **नाबालक वा होस ठेगानमा नरहेको व्यक्तिको हदम्याद प्रारम्भ हुने** : फिरादपत्र गर्नु पर्ने कुनै व्यक्ति नाबालक भएमा निज बालिग भएको दिनदेखि र फिराद गर्नु पर्ने व्यक्ति हदम्याद प्रारम्भ हुनुभन्दा अघि

नै होस ठेगानमा नरहेमा निजको होस ठेगानमा आएको दिनदेखि निजको हकमा हदम्याद प्रारम्भ भएको मानिनेछ ।

त्यसैगरी हदम्याद प्रारम्भ भएपछि कुनै व्यक्तिको होस ठेगानमा नरहेमा हदम्याद प्रारम्भ र अन्त्य हुँदा जति अवधि निजको होस ठेगानमा नरहेको अवस्था रहन्छ त्यति नै अवधि गणना गरी हुन आउने समय (बढीमा पन्ध्र दिन) भित्र फिरादपत्र दिन सकिनेछ ।

२२. **हकवालाको हदम्याद प्रारम्भ हुने** : फिरादपत्र गर्नु पर्ने नाबालक वा होस ठेगानमा नरहेको व्यक्ति बालिग वा होस ठेगानमा रहेको अवस्था नहुँदै निजको मृत्यु भएमा निजको मृत्यु भएको मितिले हदम्यादभित्र निजको हकवालाले फिराद गर्न पाउनेछ ।

२३. **संरक्षक वा माथवरले फिराद गर्न पाउने** : दफा ५२ वा ५३ मा जुनसुकै कुरा लेखिएको भए तापनि नाबालक वा होस ठेगानमा नरहेको व्यक्तिको हकमा कानून बमोजिम निजको संरक्षक वा माथवर भए त्यस्तो संरक्षक वा माथवरले यस परिच्छेद बमोजिम कानूनको हदम्यादभित्र फिराद गर्न पाउनेछ ।

२४. **विदेशमा भएको कारोबारको हदम्याद** : विदेशमा भएको कुनै काम, कारबाही वा कारोबारको सम्बन्धमा कानून वा करार बमोजिम नेपालको कुनै अदालतमा फिरादपत्र लाग्ने व्यवस्था भएकोमा त्यस्तो काम, कारबाही वा कारोबार नेपालभित्र नै भए गरे सरह मानी फिराद गर्न सकिनेछ ।

२५. **हदम्याद नगुज्रने** : कसैको देहाय बमोजिमको काबु बाहिरको परिस्थिति उत्पन्न भई हदम्यादभित्र फिरादपत्र दर्ता गर्न नसकी हदम्याद गुज्रेको कुरा उल्लेख गरी निजले देहायको अवधिभित्र फिरादपत्र दर्ता गर्न ल्याएमा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नु पर्नेछ :-

- फिरादपत्र दर्ता गर्नु पर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफैँ किरिया वा शोकवरण गरी बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,
- फिराद दर्ता गर्नु पर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटाको म्याद बाहेक साठी दिन,
- खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,
- फिराद दर्ता गर्नु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,
- भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद् परेको भए त्यस्तो विपद् परेको मितिले बाटोको म्याद बाहेक दश दिन,
- कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई वा अचानक कुनै कडा रोग लागेको कारण हिँडडुल गर्न नसकेकोले अस्पतालमा भर्ना भई उपचाररत रहनु परेको अवस्थामा त्यसरी भर्ना भएको मितिले बाटोका म्याद बाहेक पन्ध्र दिन ।

**अदालती शुल्क सम्बन्धी व्यवस्था**

२६. **अदालती शुल्क लाग्ने** : अदालतमा फिरादपत्र वा पुनरावेदनपत्र दिँदा वा अदालतमा कुनै प्रतिदाबी लिँदा अदालती शुल्क (कोर्ट फी) लाग्नेछ । तर देहायका कुनै अवस्थामा न्यायाधीशले कारण सहितको पर्चा खडा गरी पूर्ण वा आंशिक रूपमा अदालती शुल्क पछि लिने गरी फिरादपत्र, पुनरावेदनपत्र, प्रतिदाबी दर्ता गर्ने वा मुद्दा पुनरावलोकन वा दोहोऱ्याई हेर्ने आदेश दिन सक्नेछ :-

- अदालती शुल्क तिर्नु पर्ने व्यक्तिले आफ्नो आर्थिक अवस्था अत्यन्त कमजोर भई लाग्ने अदालती शुल्क पूर्ण वा आंशिक रूपमा बुझाउन असमर्थ भएको कारण जनाई अदालतमा दिएको निवेदन जाँचबुझ गर्दा विश्वास गर्नु पर्ने कुनै मनासिब आधार भएमा,

- अदालती शुल्क तिर्नु पर्ने व्यक्तिको मुद्दा परेको सम्पत्ति बाहेक अन्य सम्पत्ति केही नभई अदालती शुल्क दाखिल गर्न असमर्थ छ भनी सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएमा वा त्यस्तो व्यक्तिको सोही व्यहोराको निवेदन अदालतमा परी जाँचबुझ गर्दा विश्वास गर्नु पर्ने मनासिब आधार भएमा ।

२७. **अदालती शुल्कको दर** : फिरादपत्र दिँदा देहाय बमोजिमको दरले अदालती शुल्क लाग्नेछ :-

- पहिलो पच्चीस हजार रुपैयाँसम्मको लागि पाँच सय रुपैयाँ,
- पचास हजार रुपैयाँसम्म भएमा दोस्रो पच्चीस हजारसम्मको लागि सयकडा पाँचका दरले,
- एक लाख रुपैयाँसम्म भए तेस्रो पचास हजार रुपैयाँसम्मको लागि सयकडा तीन दशमलब पाँचका दरले,
- पाँच लाख रुपैयाँसम्म भए चौथो चार लाख रुपैयाँसम्मको लागि सयकडा दुईका दरले,
- पच्चीस लाख रुपैयाँसम्म भए पाँचौं बीस लाख रुपैयाँसम्मको लागि सयकडा एक दशमलब पाँचका दरले,
- पच्चीस लाख रुपैयाँभन्दा माथि जतिसुकै भएपनि बढी अङ्क जतिको लागि सयकडा एकका दरले ।

२८. **एकमुष्ट अदालती शुल्क लाग्ने** :

- देहायका कुनै विषय र सोसँग सम्बन्धित मुद्दामा एकमुष्ट पाँच सय रुपैयाँ अदालती शुल्क लाग्नेछ:-

(क) जग्गाको दर्ता, नामसारी वा त्यस्तो दर्ता वा नामसारी बदर,

(ख) रसिद तथा भरपाईको दाबी,

(ग) लिखत, भाखापत्र, जमानीपत्र, कबुलियत भरपाई आदि फट्टाको माग दाबी,

(घ) घर वा जग्गामा बसेकोलाई उठाई वा उठ्न नपर्ने माग दाबी,

(ङ) बाँध, पैनी वा कुलो बनाउन वा त्यसबाट पानी ल्याउन दिएन वा रोलक्रम मिची पानी लगाएको दाबी,

(च) निकास, झ्याल वा ढोका खुला वा बन्द, झ्याल, ढोका वा कौशी राख्ने, थप्ने वा बन्द गर्ने माग दाबी,

(छ) कुनै काम नगर्नु वा नगराउनु वा कुनै काम गर्न लगाउन निषेधाज्ञा वा आदेशात्मक आदेश जारीको माग दाबी वा त्यस्तो आदेशको बदर,

(ज) कुनै व्यक्तिको पूर्ण सक्षमता, अर्ध सक्षमता वा असक्षमता निर्धारण,

(झ) सम्बन्ध विच्छेद,

(ञ) नाता कायम,

(ट) कुनै व्यक्तिको मृत्युको सम्बन्धमा न्यायिक घोषणाको माग वा न्यायिक घोषणा बदर वा सोको संशोधन सम्बन्धी माग दाबी,

(ठ) दामासाहीको कारबाही प्रारम्भ गर्ने वा नगर्ने माग दाबी,

(ड) गुठी सञ्चालक नियुक्ति वा बदर,

(ढ) संरक्षक नियुक्ति वा बदर,

(ण) माथवरको नियुक्ति वा बदर,

(त) फलोपभोगको दाबी वा बदर,

तर मूल्य उल्लेख भएकोमा मूल्यका आधारमा अदालती शुल्क लाग्नेछ ।

(थ) सुविधाभारको दाबी वा बदर ।

- देहायका मुद्दामा एक हजार रुपैयाँ अदालती शुल्क लाग्नेछ :-
  - (क) अंश लाग्ने सम्पत्तिमा अंशको भाग यकिन गरी वा दिलाई दिने माग दाबी,
  - (ख) लिखत वा कागज बदर ।
- माथि उल्लिखित बाहेक बिगो नखुलेको अन्य कुनै करारका सम्बन्धमा पर्न आउने विवादमा एकमुष्ट दुई हजार पाँच सय रुपैयाँ अदालती शुल्क लाग्नेछ ।

२९. **पुनरावेदन गर्दा लाग्ने अदालती शुल्क** : मूल्य वा बिगो खुलेको मुद्दामा जुनसुकै तहमा पुनरावेदन गर्दा जुन हदसम्म चित्त नबुझी पुनरावेदन गर्ने हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको सयकडा पन्ध्रको दरले थप र बिगो नखुलेको अंश मुद्दामा जुनसुकै तहमा पुनरावेदन दिँदा फिरादपत्र दर्ता गर्दा लागे सरहको अदालती शुल्क लाग्नेछ ।

३०. **अदालती शुल्क नगदमा दाखिला गर्नु पर्ने** : (१) यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक अदालती शुल्क नगदमा दाखिला गर्नु पर्नेछ तर एक लाख रुपैयाँभन्दा बढी भएमा बढीमा एक वर्षसम्मको लागि बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम “क” वर्गको ईजाजतपत्र प्राप्त बैङ्कको बैङ्क जमानत पेश गर्न सकिनेछ ।

३१. **घटी अदालती शुल्क लिए वा बुझाए बापत जरिबाना हुने** : कसैले घटी अदालती शुल्क बुझाउने मनसायले मूल्य वा बिगो घटाएको पाइएमा अदालतले त्यस्तो पक्षलाई घटाएको अदालती शुल्कको पन्ध्र प्रतिशत जरिबाना गरी नपुग अदालती शुल्क दाखिला गर्न लगाउनु पर्नेछ ।

## फिराद सम्बन्धी व्यवस्था

३२. **एकपटक मात्र फिरादपत्र दिनु पर्ने** : कुनै व्यक्तिले एकै विषयमा कुनै व्यक्ति उपर एक अदालतमा फिरादपत्र दिई सकेपछि त्यही विषयमा त्यस्तो अदालत वा अन्य कुनै अदालतमा त्यस्तो व्यक्ति उपर अर्को फिराद दिन सक्ने छैन ।

३३. **फिरादपत्र हदम्यादभित्र दायर गर्नु पर्ने** : फिरादपत्र दिँदा आफ्नो दाबी सहित कानून बमोजिम तोकिएको हदम्यादभित्र अदालतमा फिरादपत्र दिनु पर्नेछ ।

३४. **सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा जोसुकैले फिरादपत्र दिन सक्ने** : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हक, हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा अदालतको अनुमति लिई जुनसुकै व्यक्तिले फिरादपत्र दिन सक्नेछ ।

३५. **हक कायम गराउन फिरादपत्र दिन सक्ने** : अदालतबाट कुनै मुद्दा डिसमिस, खारेज वा अन्य तरिकाले फैसला भएको वा कानून बमोजिम मिलापत्र गरिएको कारणबाट तेस्रो पक्षको हक समेत प्रभावित भएको रहेछ भने त्यस्तो व्यक्तिले थाहा पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो फैसला वा मिलापत्र बदर गराई आफ्नो हक कायम गराई माग्न फिरादपत्र दिन सक्नेछ ।

३६. **सङ्गठित संस्थाको तर्फबाट फिरादपत्र दिन सक्ने** : सङ्गठित संस्थाको तर्फबाट फिरादपत्र वा प्रतिउत्तरपत्र दिनु पर्दा फिरादपत्र वा प्रतिउत्तरपत्र दायर गर्ने प्रयोजनको लागि त्यस्तो संस्थाको सम्बन्धित कानून, विधान वा नियम बमोजिम अधिकार प्राप्त सञ्चालक, सञ्चालक समिति वा व्यवस्थापन समिति वा त्यस्तो हैसियतका समितिको निर्णयबाट अधिकार प्राप्त प्राकृतिक व्यक्तिले सोही कुरा फिरादपत्र वा प्रतिउत्तरपत्रमा उल्लेख गरी फिरादपत्र वा प्रतिउत्तरपत्र दिन सक्नेछ ।

३७. **फिराद दाबी स्पष्ट हुनु पर्ने** : फिरादपत्र दिँदा बादीले कुन विषयमा के कस्तो दाबी गरेको हो र त्यस्तो दाबी कुन कुन आधार र प्रमाण बमोजिम गरिएको हो सोकुरा किटानीसाथ फिरादपत्रमा खुलाउनु पर्नेछ ।

३८. **फिराद दस्तुर** : फिरादपत्र दिँदा दुई सय रुपैयाँ फिराद दस्तुर लाग्नेछ ।

## म्याद तामेली सम्बन्धी व्यवस्था

३९.	**बादी आफैँले म्याद बुझाउन सक्ने** : बादीले प्रतिबादीलाई आफैँले वा निजको कानून व्यवसायी मार्फत म्याद बुझाउन चाही सो कुरा फिरादपत्रमा उल्लेख गरेको भए बादीले वा निजको कानून व्यवसायीले फिरादपत्र दर्ता भएको मितिले बाटोको म्याद बाहेक तीन दिनभित्र आफैँले वा कानून व्यवसायी मार्फत प्रतिबादीलाई म्याद बुझाउन सक्नेछ । बादी वा निजको कानून व्यवसायीले प्रतिबादीलाई म्याद बुझाउन ल्याएमा र प्रतिबादीले त्यस्तो म्याद बुझिलिनु पर्नेछ र त्यसरी बुझी लिएकोमा रीतपूर्वक म्याद बुझाएको मानिनेछ ।

४०.	**म्याद तामेल गर्न असहयोग गर्ने वा बाधा विरोध गर्ने व्यक्तिलाई सजाय हुने** : म्याद तामेल गर्न सहयोग गर्नु पर्ने व्यक्तिले सहयोग नगरेमा म्याद सूचना तामेल गर्न बाधा विरोध गरेमा , टाँसेको म्याल च्यातेमा उप्काएमा वा झुटा व्यहोरा खडा गरी म्याद तामेल गरेमा त्यसरी सहयोग नगर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद सजाय हुन सक्छ ।

४१.	**वारेस वा कानून व्यवसायीलाई म्याद तामेल गर्न सकिने** : कुनै व्यक्तिलाई तामेल गर्नु पर्ने म्याद बुझिलिन निजबाट कानून बमोजिम वारिस वा कानून व्यवसायी नियुक्त भएको रहेछ भने त्यस्तो म्याद सो वारिस वा कानून व्यवसायीलाई तामेल गर्न सकिनेछ ।

**प्रतिउत्तर सम्बन्धी व्यवस्था**

४२.	**प्रतिउत्तरपत्र पेश गर्नु पर्ने** : प्रतिबादीलाई म्याद तामेल भएको मितिले एक्काईस दिनभित्र प्रतिबादीले सम्बन्धित अदालतमा प्रतिउत्तरपत्र पेश गर्नु पर्नेछ । प्रतिउत्तरपत्र पेश गर्दा प्रतिबादीले बादी विरुद्ध कुनै दाबी लिन चाहेमा त्यस्तो दाबी लिन सक्नेछ ।

४३.	**प्रतिउत्तरपत्र दस्तुर :** प्रतिउत्तरपत्र पेश गर्दा दुई सय रुपैयाँ दस्तुर लाग्नेछ ।

**प्रारम्भिक सुनुवाई सम्बन्धी व्यवस्थाः**

४४.	**प्रारम्भिक सुनुवाई गर्नु पर्नेः** प्रतिवादीले प्रतिउत्तरपत्रमा देहायको कुनै कुराको जिकिर लिएमा अदालतले सो विषयमा प्रारम्भिक सुनुवाई गरी त्यस्तो जिकिरको विषयमा टुङ्गो लगाउनु पर्नेछः

- बादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको,
- फिरादपत्र हदम्यादभित्र दायर नभएको,
- जुन अदालतमा फिरादपत्र दर्ता भएको छ सोही अदालतलाई फिराद दाबीका सम्बन्धमा कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र नभएको ।

**तारिख सम्बन्धी व्यवस्था**

४५.	**तारिखमा नबस्न सक्ने :** अदालतले बादी र प्रतिबादी दुवै पक्षको प्रमाण बुझी सकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमति लिई तारिखमा नबस्न पनि सक्नेछ ।

४६.	**तारिखमा हाजिर हुनुपर्ने व्यक्ति थुनामा परेमा जानकारी गराउनु पर्ने** : तारिख तोकिएको दिन अदालतमा हाजिर हुनु पर्ने व्यक्ति कारणवस थुनामा परी उपस्थित हुन नसकेमा निजले कुन मुद्दामा आफू थुनिएको हो त्यसको जानकारी निज आफैँले वा निजको एकासगोलको परिवारको सदस्य, कानून व्यवसायी वा वारिसले त्यस्तो अदालतलाई दिनु पर्नेछ ।

४७.	**पुनरावेदन तहको मुद्दामा तारिखमा नराखी कारबाही हुन सक्ने** : अदालतले अन्यथा आदेश दिएकोमा बाहेक पुनरावेदन तहको मुद्दामा पक्षलाई तारिखमा नराखी मुद्दाको कारबाही, सुनुवाई र किनारा हुन सक्नेछ ।

**वारिस सम्बन्धी व्यवस्था**

४८.	**वारिस हुने व्यक्तिको योग्यता** : देहायको योग्यता पुगेको व्यक्ति वारिस हुन सक्नेछ :-

- कानून बमोजिम करार गर्न योग्य,

- फैसला बमोजिम सरकारी बिगो, फैसला कार्यान्वयन गरे बापत अदालतलाई तिर्नु पर्ने कुनै दस्तुर, अदालती शुल्क  वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको,
- कीर्ते, जालसाजी वा भ्रष्टाचार वा नैतिक पतन देखिने कसूरमा सजाय नपाएको ।

तर यस खण्डमा लेखिएको कुनै कुराले एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्न बाधा पुऱ्याउने छैन ।

४९. **<u>एकभन्दा बढी मुद्दा वा व्यक्तिको वारिस हुन सक्ने</u>** : एउटै व्यक्ति एकै पटक एकभन्दा बढी मुद्दाको वारिस हुन वा एउटै मुद्दामा एकभन्दा बढी व्यक्तिहरूबाट निज वारिस नियुक्त हुन सक्नेछ ।

तर कुनै मुद्दामा एकै पटक एउटै व्यक्ति पक्ष र विपक्ष दुवैको वारिस नियुक्त हुन सक्ने छैन ।

५०. **<u>पक्ष वारिस हुन सक्ने</u>** : कुनै मुद्दामा एउटै पक्षका दुई वा सोभन्दा बढी व्यक्ति बादी वा प्रतिबादी भएकोमा त्यस्ता व्यक्तिहरूमध्ये कुनै एक व्यक्तिलाई सोही मुद्दामा वारिस नियुक्त गर्न सकिनेछ ।

५१. **<u>वारिस परिवर्तन गर्न वा आफै मुद्दा सकार गर्न सक्ने</u>** :  मुद्दाको पक्षले चाहेमा आफूले दिएको अख्तियारनामा जुनसुकै बखत बदर गरी अर्को वारिस नियुक्त गर्न वा निवेदन दिई आफैंले मुद्दा सकार गर्न सक्नेछ । त्यसरी अर्को वारिस नियुक्त भएकोमा वा पक्ष आफैले मुद्दा सकार गरेमा अदालतले वारिस नियुक्त गरिएको अख्तियारनामा वा मुद्दा सकार गर्न दिएको निवेदन मिसिल संलग्न राखी त्यसको अभिलेख समेत राख्नु पर्नेछ ।

५२. **<u>अधिकृत वारिस सम्बन्धी व्यवस्था</u>** : कसैले आफ्नो तर्फबाट कुनै मुद्दा किटान गरी वा नगरी फिराद गर्न, प्रतिउत्तरपत्र दर्ता गर्न, फिराद दाबी फिर्ता गर्न, मिलापत्र गर्न वा अन्य कानूनी काम कारबाहीका लागि अख्तियारनामाको कागज लेखी कुनै व्यक्तिलाई अधिकृत वारिस नियुक्त गर्न सक्नेछ । त्यसरी अधिकृत वारेस नियुक्त गर्दा नेपालभित्र भए कुनै जिल्ला अदालतको न्यायाधीश र नेपाल बाहिर भए कुनै नेपाली राजदूत वा महावाणिज्यदूतको रोहबरमा वारिस नियुक्ति गर्ने व्यक्तिले अख्तियारनामामा सहीछाप गरी सो अख्तियारनामा निजबाट प्रमाणित गराउनु पर्नेछ ।

**<u>लिखित प्रमाण परीक्षण सम्बन्धी व्यवस्था</u>**

५३. **<u>प्रमाण सम्बन्धी लिखत पेश गर्नु पर्ने</u>** :  बादीले फिरादपत्रमा उल्लेखित दाबी र प्रतिबादीले प्रतिउत्तरपत्रमा उल्लेख गरेको जिकिरसँग सम्बन्धित लिखित प्रमाणको सक्कल र त्यसको प्रतिलिपि फिरादपत्र वा प्रतिउत्तरपत्रसँगै पेश गर्नु पर्नेछ ।

तर नेपाल सरकार बादी वा प्रतिबादी भएको मुद्दामा फिरादपत्र वा प्रतिउत्तरपत्र साथ लिखित प्रमाण तत्काल पेश गर्न नसक्ने भएमा त्यसको कारण खुलाई कुन कार्यालयमा त्यस्तो प्रमाण रहेको छ सोकुरा फिरादपत्र वा प्रतिउत्तरपत्रमा उल्लेख गरेमा अदालतले त्यस्तो प्रमाण सम्बन्धित कार्यालयबाट आफैं झिकाई बुझ्न सक्नेछ । अदालतले तोकेको अवधिभित्र कुनै व्यक्ति वा संस्थाले त्यस्तो प्रमाण पेश नगरेमा त्यस्तो व्यक्ति वा संस्थाको प्रमुख पदाधिकारीलाई अदालतले एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

**<u>साक्षी परीक्षण सम्बन्धी व्यवस्था</u>**

५४. **<u>पक्षले साक्षी उपस्थित गराउनु पर्ने</u>** : मुद्दाका पक्षले प्रमाणको रूपमा उल्लेख गरेका साक्षीलाई साक्षी परीक्षणका लागि अदालतद्वारा तोकिएको तारिखका दिन आफैंले उपस्थित गराउनु पर्नेछ ।

५५. **<u>श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी परीक्षण गर्न सक्ने</u>** : अति वृद्ध अवस्था, शारीरिक अशक्तता, अस्वस्थता वा नेपाल बाहिर रहे बसेको कारण कुनै साक्षी अदालतमा उपस्थित हुन नसक्ने कारण देखाई त्यस्तो साक्षीको श्रव्य-दृश्य सम्वादको माध्यमबाट परीक्षण हुने मुद्दाको कुनै पक्षले अदालतमा निवेदन दिएमा त्यस्तो व्यहोरा अदालतलाई मनासिब लागेमा अदालतले त्यस्ता साक्षीको श्रव्यदृश्य संवादको माध्यमबाट परीक्षण गर्न आदेश दिएमा सम्बन्धित पक्षले श्रव्य-दृश्य सम्वादबाट साक्षी परीक्षण गर्नको लागि अदालतबाट तोकिएको दिन र ठाउँमा त्यस्ता साक्षीलाई उपस्थित गराउनु पर्नेछ । त्यसरी साक्षी परीक्षण गर्दा वा गराउँदा लागेको खर्च श्रव्य-दृश्य सम्वाद  मार्फत साक्षी परीक्षण गराउन निवेदन दिने पक्षले व्यहोर्नु पर्नेछ ।

५६. **<u>बन्द सवाल गर्न सक्ने</u>** : मुद्दामा साक्षी रहेका व्यक्ति अर्को जिल्लाको वासिन्दा भई निजको शारीरिक अवस्थाको कारणले निजलाई मुद्दा रहेको अदालतमा उपस्थित गराई बकपत्र गराउन नसकिने कुरा

उल्लेख गरी बन्द सवाल मार्फत परीक्षण गराउन सम्बन्धित पक्षले अदालत समक्ष निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा अदालतले बन्द सवाल मार्फत साक्षी परीक्षण गराउन आदेश दिन सक्नेछ ।

**मुद्दाको सुनुवाई तथा फैसला सम्बन्धी व्यवस्था**

५७. **मिलापत्र गर्न मौका दिनु पर्ने** : पक्षहरूले अदालतमा विचाराधीन रहेको मुद्दा जुनसुकै तहमा पनि मिलापत्र गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी अदालतमा संयुक्त निवेदन दिन सक्नेछन् । त्यसरी मिलापत्रको लागि निवेदन दिएमा अदालतले त्यस्तो निवेदनको व्यहोरा, त्यसको मतलब र परिणाम सम्बन्धित पक्षहरूलाई सुनाउनु पर्नेछ ।

५८. **मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न सक्ने** : पक्षहरूले चाहेमा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको मुद्दाको मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न संयुक्त रूपमा त्यस्तो अदालतमा निवेदन दिन सक्नेछन् । त्यसरी निवेदन दिएकोमा मेलमिलापबाट विवादको समाधान हुन उपयुक्त देखिएमा मुद्दा हेर्ने न्यायाधीशले त्यस्तो मुद्दा मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न आदेश दिनेछ ।

५९. **मिलापत्र वा मेलमिलाप हुन नसक्ने** : नेपाल सरकार बादी भई चलेको मुद्दा र सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी मुद्दा पक्षहरू बीच मिलापत्र हुन वा मेलमिलापको माध्यमबाट समाधान हुन सक्ने छैन ।

**पुनरावेदन सम्बन्धी व्यवस्था**

६०. **निर्धारित अवधिभित्र पुनरावेदन गर्न सक्ने** : शुरु मुद्दा हेर्ने अदालतले गरेको फैसला उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले तीस दिनभित्र सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्न सक्नेछ । पुनरावेदन गर्दा मुद्दा फैसला गर्ने अदालत मार्फत पनि पुनरावेदनपत्र दर्ता गर्न सकिनेछ ।

६१. **पुनरावेदन लाग्न नसक्ने अवस्था** : देहायका कुनै अवस्थामा पुनरावेदन गर्न सकिने छैन :-

(क) कानून बमोजिम म्याद प्राप्त वा तामेल भएपछि प्रतिउत्तरपत्र नदिई वा प्रतिवाद नगरी म्याद गुजारेको भएमा,

(ख) मुद्दामा मिलापत्र गरेको भएमा,

(ग) दाबी फिर्ता लिएको भएमा,

(घ) फिराद डिसमिस भएकोमा,

तर बेरीतपूर्वक फिराद डिसमिस भएकोमा पुनरावेदन गर्न सकिनेछ ।

**म्याद तथा तारिख थमाउने सम्बन्धी व्यवस्था**

६२. **म्याद वा तारिख गुजार्न नहुने** : कसैले पनि कुनै मुद्दाको सम्बन्धमा अदालतबाट दिएको म्याद वा तारिख गुजार्न हुँदैन ।

६३. **गुज्रेको म्याद वा तारिख थमाउन सक्ने** : कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थिति उत्पन्न भई तोकिएको म्याद वा तारिखका दिन अदालतमा उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेकोमा गुजार्ने पक्षले म्यादको हकमा पन्ध्र दिनसम्म एकपटक र तारिखको हकमा बढीमा दुईपटक एक्काईस दिनसम्म थमाउन सक्नेछ ।

६४. **गुज्रिएको म्याद वा तारिख थामिने अवस्था** : कसैले देहाय बमोजिमको काबू बाहिरको परिस्थिति उत्पन्न भई म्याद वा तारिख गुज्रिएको कुरा उल्लेख गरी देहाय बमोजिमको अवधिभित्र थमाउन सम्बन्धित अदालतमा निवेदन दिएमा अदालतले त्यस्तो गुज्रेको म्याद वा तारिख थमाउने आदेश दिनेछ :-

- म्याद वा तारिखमा हाजिर हुनु पर्ने व्यक्तिको कोही मरी निजको समुदायमा रहेको रित परम्परा अनुसार आफैँ किरिया वा शोकवरण गरी बस्नु परेको कारणबाट म्याद वा तारिख गुज्रिएको भए त्यसरी मृत्यु भएको मितिले बाटोको म्याद बाहेक एक्काईस दिन,
- म्याद वा तारिखमा हाजिर हुनु पर्ने महिला सुत्केरी भएको कारण म्याद वा तारिख गुज्रिएको भए निज सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक पैंतालीस दिन,
- बाढी, पहिरो, हिमपात, बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन बन्द भएको कारण म्याद वा तारिख गुज्रिएको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन खुलेको मितिले बाटोको म्याद बाहेक सात दिन,
- म्याद वा तारिखमा हाजिर हुनु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको कारण म्याद वा तारिख गुज्रिएको भए अपहरण वा शरीर बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक दश दिन,
- भूकम्प, ज्वालामुखी आदि जस्ता विपद् परेको कारण म्याद वा तारिख गुज्रिएको भए त्यस्तो विपद् भएका मितिले बाटोको म्याद बाहेक दश दिन ।
- कुनै दुर्घटनाको कारण अचेत भई वा अचानक कुनै गम्भीर रोगको कारण हिँडडुल गर्न नसक्ने भई अस्पतालमा भर्ना भई उपचार गर्नु परेको अवस्थामा त्यस्तो कारण परेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन ।

६५. **<u>मुद्दा सकार गर्ने</u>** : कुनै अदालतमा मुद्दाको कारबाही चलिरहेको अवस्थामा त्यस्तो मुद्दाको फैसला नहुँदै मुद्दाको कुनै पक्षको मृत्यु भएमा वा होस ठेगानमा नरही वा निज वेपत्ता भै अदालतबाट तोकिएको म्याद वा तारिख गुज्रेमा त्यसरी मृत्यु भएको, होस ठेगानमा नरहेको वा वेपत्ता भएको मितिले बाटोको म्याद बाहेक एक्काईस दिनभित्र म्याद वा तारिख थमाई मुद्दा सकार गरी पाउन निजको संरक्षक वा निज नभएमा नजिकको हकवालाले अदालत समक्ष निवेदन दिन सक्नेछ ।

## फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था

६६. **<u>सम्बन्धित जिल्ला अदालतले फैसला वा आदेश कार्यान्वयन गर्ने</u>** : कुनै मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भएपनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन फिरादपत्र वा उजुरी दायर भएको जिल्ला अदालतले गर्नेछ ।

**<u>मिलापत्र वा मेलमिलाप गर्न मौका दिनु पर्ने</u>** : पक्षहरूले मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसलाको कार्यान्वयन गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी अदालतमा संयुक्त निवेदन दिएमा अदालतले मनासिब अवधि तोकी पक्षहरूलाई मिलापत्र वा मेलमिलापको माध्यमद्वारा फैसला कार्यान्वयन गर्न अवसर दिनु पर्नेछ ।

६७. **<u>चलन चलाउँदा लाग्ने खर्च पक्षले व्यहोर्नु पर्ने:</u>** फैसला बमोजिम अदालतले चलन चलाई दिए बापत चलन चलाउने सम्पत्तिको बिगो खुलेको भए बिगोको तीन प्रतिशत र बिगो नखुलेको भए एक हजार रुपैयाँ चलन पाउनेले डोर खटाउनुअघि अदालतमा दाखिला गर्नु पर्नेछ । चलन चलाउँदा लागेको वास्तविक खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

६८. **<u>अंश छुट्याउने कार्यविधि</u>** :

- फैसला बमोजिम अंश दिने वा फाँटवारी बमोजिमको सम्पत्ति जिम्मा राख्ने अंशियार, निजका प्रतिनिधि वा एकाघरका उमेर पूरा गरेका अन्य व्यक्तिले फाँटवारी बमोजिमको बण्डा गर्नु पर्ने सम्पत्ति देखाउनु पर्नेछ । अंश दिने वा सम्पत्ति जिम्मा राख्ने व्यक्ति अदालतमा हाजिर नभएमा वा हाजिर भए पनि बण्डा गर्नु पर्ने सम्पत्ति नदेखाएमा अदालतले स्थानीय तहको सदस्य वा प्रतिनिधि र कम्तीमा दुई जना व्यक्ति साक्षी राखी कुनै सम्पत्ति बन्द गरेको भए सो खुला गरी फाँटवारी बमोजिम अंश बण्डा गरिदिनु पर्नेछ ।

- धेरै अंशियार भएको कारणले बण्डा गर्नु पर्ने सम्पत्ति बण्डा गर्दा सबै अंशियारले समान रूपमा उपभोग गर्न नमिल्ने वा त्यस्तो सम्पत्ति बण्डा गर्दा घर, जग्गा वा जिन्सी सम्पत्तिको रुप परिवर्तन भई प्रयोग गर्न नमिल्ने भएमा त्यस्तो सम्पत्तिको अंशियारहरू बीचको

सहमतिले कुनै मूल्य कायम भएमा त्यस्तो मूल्यमा र मूल्यमा सहमति नभएमा पञ्चकिर्ती मूल्यमा कुनै अंशियारले लिन सक्ने गरी बण्डा गर्नु पर्नेछ ।

- अंश बण्डा छुट्याउन अंश पाउने व्यक्ति बीच बण्डा गर्नु पर्ने सम्पत्तिका विषयमा सहमति कायम हुन नसकेमा अदालतले त्यस्तो सम्पत्ति नरम गरम मिलाई गोला हाली बण्डा छुट्याई दिनु पर्नेछ ।
- कसैले फाँटवारीमा उल्लेख भएको आफ्नो जिम्माको सम्पत्ति नदेखाएमा वा दाखिला नगरेमा सो नदेखाएको वा दाखिला नगरेको सम्पत्तिको बिगोको सयकडा पाँच प्रतिशत जरिबाना गर्नु पर्नेछ ।
- अंशबण्डा गरी छुट्याई दिँदा त्यसरी बण्डा छुट्याईएको सम्पत्तिको दुई दशमलव पाँच प्रतिशतका दरले दस्तुर लाग्नेछ ।

६९. **फैसला कार्यान्वयन गराई दिए बापत लाग्ने दस्तुर** : यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक फैसला बमोजिम अदालतले कुनै रकम दिलाई दिए बापत सो रकम पाउने व्यक्तिबाट सयकडा पाँचका दरले दस्तुर लिनु पर्नेछ ।

७०. **उजुर गर्न सक्ने** : फैसला कार्यान्वयनको सिलसिलामा सम्बन्धित कर्मचारीले गरेको काम कारबाही उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अदालतका न्यायाधीश समक्ष पन्ध्र दिनभित्र उजुर गर्न सक्नेछ ।

७१. **नाबालक, अशक्त तथा वेपत्ता भएको व्यक्तिको तर्फबाट मुद्दा गर्न सक्ने** : कानून बमोजिम उमेर नपुगेको नाबालक, उमेर पुगेको भएपनि वृद्धावस्थाको कारणले अशक्त भएको, दृष्टिविहीन, बोलाई सम्बन्धी अपाङ्गता भएकोबोल्न नसक्ने, होस ठेगानमा नरहेको वा वेपत्ता भएको व्यक्ति वा निज आफैँले नसकेको अवस्थामा त्यस्तो व्यक्तिको तर्फबाट संरक्षक वा माथवरले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र दिन अनुमतिको लागि अदालत समक्ष छुट्टै निवेदन दिनु पर्नेछ ।

७२. **पक्ष वा साक्षीको परिचय गोप्य राख्न सक्ने** : कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल हुन सक्ने देखिएमा त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न सम्बन्धित पक्षले अदालतलाई अनुरोध गरेमा अदालतले त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन, निजको बाबु आमाको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्नेछ ।

७३. **निवेदन दस्तुर** : यस ऐनमा अन्यथा उल्लेख भएकोमा बाहेक अदालतमा कुनै निवेदनपत्र दिँदा दश रुपैयाँ दस्तुर लाग्नेछ ।